# नेपाल व्यापार एकीकृत रणनीति, २०८०

## (२०७९/८० - २०८४/८५)




नेपाल सरकार

**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# नेपाल व्यापार एकीकृत रणनीति, २०८०

## (२०७९/८० - २०८४/८५)

नेपाल सरकार

**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**

सिंहदरबार, काठमाडौं

प्रकाशक :

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोनः +९७७ ०१ ४२११४५५
इमेलः info@moics.gov.np
वेबसाइटः www.moics.gov.np

प्रकाशन वर्ष : २०८० असार

सर्वाधिकार © : उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सुरक्षित

लेआउट डिजाइन : चिरन घिमिरे

युरोपियन युनियन नेपाल व्यापार तथा लगानी प्रवर्द्धन कार्यक्रमको सहयोगमा प्रकाशित

# विषयसूची


| | | |
|---|---|---|
| १. | परिचय | १ |
| २. | अन्तर्राष्ट्रिय बजारमा व्यापार एकीकरणको लागि समष्टिगत आर्थिक तथा विकास नीतिको सामञ्जस्यता | ४ |
| ३. | संघीयता, विकासशील राष्ट्रमा स्तरोन्नति र आर्थिक कूटनीतिका विषयलाई व्यापारिक क्षमता अभिवृद्धि गर्न अवलम्बन गर्नुपर्ने उपायको खोजी | ६ |
| ४. | श्रम, महिला सशक्तीकरण र सामाजिक समावेशीकरण | १० |
| ५. | व्यापारिक पूर्वाधार विकास र व्यापार सहजीकरण | १४ |
| ६. | खाद्य गुणस्तर र बिरुवा स्वास्थ्य  तथा औद्योगिक वस्तुको गुणस्तर पूर्वाधार, मापदण्ड र कार्यान्वयनको अवस्था | १८ |
| ७. | लगानीको लागि सहयोगी नियामकीय वातावरण | २५ |
| ८. | चौथो र पाँचौं पुस्ताको औद्योगिक अवधारणाको प्रयोग | २९ |
| ९. | निर्यात प्राथमिकताका वस्तुको विकास | ३२ |
| १०. | नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयन, अनुगमन तथा मूल्यांकन | ४८ |
| ११. | नेपाल व्यापार एकीकृत रणनीति, २०८० को रणनीतिक खाका | ५२ |
| १२. | नेपाल व्यापार एकीकृत रणनीति, २०८० को कार्यान्वयन खाका | ५४ |

मा. रमेश रिजाल
मन्त्री
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

नेपाल सरकार

सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं.: +९७७–१–४२००५२५
फ्याक्स नं.: +९७७–१–४२०००५२


पत्र संख्या:
चलानी नं.:



# सन्देश

आर्थिक समृद्धि प्राप्तिमा महत्त्वपूर्ण भूमिका खेल्ने व्यापार क्षेत्रले अर्थतन्त्रलाई चलायमान बनाउँदै सबल आर्थिक क्षेत्र निर्माण, रोजगारी सिर्जना, उपभोक्ता हित संरक्षण, राजस्व अभिवृद्धि मार्फत मुलुकको गरिबी निवारण तथा आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याउँछ। नेपालको पन्ध्रौं योजनाको दीर्घकालीन सोच अनुसार सन् २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकास लक्ष्य तथा सन् २०२६ सम्ममा अति कम विकसित मुलुकको श्रेणीबाट स्तरोन्नती हुने लगायतका लक्ष्य प्राप्तिमा व्यापार क्षेत्रको भूमिका उल्लेखनीय रहने देखिन्छ।

नेपालले आफ्नो योजनावद्ध विकासको शुरुवात देखि नै व्यापारको विकास र विस्तारलाई उच्च प्राथमिकता दिँदै आएको छ। बहुपक्षीय, क्षेत्रिय तथा द्विपक्षीय व्यापार प्रणालीमा आवद्ध हुँदै विश्वव्यापीकरण तथा आर्थिक उदारीकरणबाट प्राप्त हुन सक्ने लाभहरूलाई हासिल गर्न उपयुक्त प्रयासहरू गर्दै आएको छ। नेपालले विश्व व्यापार संगठनको सदस्यता लिएपश्चात सोका नीति, नियम र सम्झौताको पालना गर्दै स्वतन्त्र, खुला, पारदर्शी र पूर्वानुमानयोग्य व्यापार पद्धतिप्रतिको प्रतिवद्धता अनुसार नीतिगत, कानूनी तथा संस्थागत सुधार गर्दै आएको छ। यसै सिलसिलामा आन्तरिक उत्पादकत्व एवम् प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै निर्यात प्रवर्द्धन मार्फत् अन्तर्राष्ट्रिय व्यापार अभिवृद्धिको लागि नेपाल व्यापार एकीकृत रणनीति, २०८० तर्जुमा गरिएको छ।

यस रणनीतिको सफल कार्यान्वयनबाट हालको व्यापार असन्तुलनमा न्यूनीकरण हुने, बाह्य क्षेत्र स्थायित्व हुनुका साथै द्रुततर आर्थिक विकास मार्फत कूल ग्राहस्थ उत्पादनमा व्यापार क्षेत्रको योगदान बढ्न गई मुलुकको समृद्धि र गरिबी निवारणमा समेत योगदान पुग्ने अपेक्षा गरिएको छ। नेपाल व्यापार एकीकृत रणनीतिको कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कनमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको समन्वयकारी भूमिका रहने भएतापनि यसको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवाला सबै सरकारी, निजी क्षेत्र तथा विकास साझेदारको संलग्नता रहनुका साथै आपसी सहयोग, समन्वय तथा सहकार्यको अपरिहार्यता रहेको छ।

मुलुकले अङ्गालेको संघीय शासन प्रणाली अनुसार व्यापार प्रवर्द्धनमा समेत सबै तहका सरकारहरूले आ-आफ्नो निर्दिष्ट भूमिका विकास तथा विस्तार गर्दै जानुपर्ने आवश्यकता देखिएको छ। यस रणनीतिको समयबद्ध कार्यान्वयनका लागि निजी क्षेत्र लगायत सबै सरोकारवालाको सार्थक सहभागिता एवम् सहयोगको अपेक्षा समेत गरेको छु। अन्त्यमा, यस रणनीति तर्जुमामा योगदान दिनुहुने सबै महानुभावहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

..............................
रमेश रिजाल
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री

२०८० असार ३

मुख्य सचिव

काठमाडौं, नेपाल

# सन्देश

मुलुकको आर्थिक विकासका लागि व्यापारको महत्त्वपूर्ण भूमिका हुन्छ। तसर्थ, नेपालको तुलनात्मक लाभ भएका र प्रतिस्पर्धी क्षमता भएका वस्तु तथा सेवाहरूको उत्पादन, उत्पादकत्व तथा निर्यात वृद्धि गर्ने प्रमुख उद्देश्य लिई नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले नेपाल व्यापार एकीकृत रणनीति, २०८० तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

मुलुकमा हालसम्म व्यापार क्षेत्रले अपेक्षित प्राथमिकता पाउन नसक्नु, अन्तर निकाय समन्वयको कमी र अन्य क्षेत्रसँगको कमजोर आबद्धताको कारण नेपालले आर्थिक उदारीकरण, विश्व व्यापार संगठनको सदस्यता तथा अन्य क्षेत्रीय व्यापार प्रदत्त अवसरबाट पूर्ण लाभ लिन सकेको छैन। अर्कोतर्फ मुलुकभित्र रहेको प्राकृतिक स्रोत साधनको प्रचुरता, वातावरणीय तथा जैविक विविधता, सांस्कृतिक सम्पन्नताका कारण नेपालमा प्रतिस्पर्धी वस्तु तथा सेवा निर्यातका प्रशस्त सम्भावनाहरू रहेका छन्। उपर्युक्त सम्भावनाहरूको अधिकतम् उपयोग मुलुकको समृद्धि तथा सर्वाङ्गीण विकासका लागि आवश्यक छ। यसबाट समस्त नेपाली जनता र खास गरेर महिला तथा सीमान्तकृत वर्गको आर्थिक समृद्धि हासिल गर्न सकिन्छ।

यस सन्दर्भमा हालै नेपाल सरकारले स्वीकृत गरेको रणनीतिले व्यापार तथा लगानीसम्बन्धी निकायहरूबीचको समन्वय र सहकार्य बढाउने, क्षेत्रगत नीतिहरूबीच सामञ्जस्यता कायम गर्ने, उद्योग तथा व्यापार सम्बद्ध पूर्वाधार विकास र संस्थागत सुदृढीकरण गरी उत्पादन तथा उत्पादकत्व बढाउने, आर्थिक कूटनितिको माध्यमबाट निर्यात वृद्धि गर्ने लक्ष्यसहित विभिन्न रणनीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्नेछ। तीनै तहका सरकारहरू, निजी क्षेत्र र विकास साझेदारको सामूहिक प्रयासबाट यो रणनीतिको प्रभावकारी कार्यान्वयन गर्न सकिएमा स्वदेशी उत्पादन तथा उत्पादकत्व वृद्धि, निर्यात प्रवर्द्धन, व्यापार घाटा न्यूनीकरण र रोजगारी सिर्जना भई दिगो विकासका लक्ष्य हासिल गर्नसमेत महत्त्वपूर्ण योगदान पुग्ने देख्दछु।

नेपाल सन् २०२६ मा अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुन गइरहेको सन्दर्भमा सहज र दिगो स्तरोन्नतिका लागिसमेत नेपाल सरकार मुलुकमा उद्योग, व्यापार लगानीसम्बन्धी अनुकूल वातावरण सिर्जना गर्न प्रतिबद्ध रहेकाले उक्त लक्ष्य प्राप्तिमा प्रस्तुत नेपाल व्यापार एकीकृत रणनीति, २०८० कोसेढुङ्गा साबित हुने विश्वास लिएको छु। साथै, यो रणनीति कार्यान्वयनमा सबै सरोकारवालाहरूको सहयोग तथा सक्रिय सहभागिताको अपेक्षा गरेको छु।

२०८० जेठ २८

(शंकरदास बैरागी)

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. न.:-

## प्राक्कथन

अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तु तथा सेवाको निर्वाध पहुँचका निम्ति नेपालले सन् २००४ मा विश्व व्यापार संगठनको सदस्यता लिनुका साथै थुप्रै क्षेत्रीय र द्विपक्षीय व्यापार सम्झौता तथा व्यवस्थाहरुसँग आवद्धता जनाएको हो। बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय व्यापार सम्झौतामार्फत सिर्जित अवसरहरुको अधिकतम् उपयोग गर्ने सन्दर्भमा नेपालले आफ्ना व्यापार तथा व्यापार सम्बद्ध नीतिहरुमा समसामयिक परिमार्जन गर्दै आएको छ। यसै क्रममा व्यापार क्षेत्रको एकीकृत रणनीतिको यो चौथो शृंखलाको रूपमा *नेपाल व्यापार एकीकृत रणनीति, २०८०* प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ।

विश्व व्यापार प्रणालीमा आएको परिवर्तन, कोभिड-१९ ले व्यापार क्षेत्रमा पारेको प्रभाव, मुलुकले अवलम्वन गरेको संघीय शासन प्रणाली एवम् सन् २०२६ मा अतिकम विकसित मुलुकको श्रेणीबाट विकासोन्मुख मुलुकमा स्तरोन्नति हुने पृष्ठभूमिमा यो रणनीति तर्जुमा गरिएको छ। यस रणनीतिले सुदृढ बाह्य क्षेत्र स्थायित्वको सोच लिएको र यसका लागि वस्तु तथा सेवा विकास तथा व्यापारका लागि उत्तम पारिस्थितिकीय प्रणाली निर्माण गर्ने, प्रतिस्पर्धात्मक क्षमताको सुधार गर्ने र आर्थिक संकट झेल्न सक्ने गरी बजार विविधीकरण गर्ने ध्येय लिएको छ। त्यसै गरी यस रणनीतिमा व्यापारका लागि सहयोगी वातावरण निर्माण, व्यापार-सहयोगी पूर्वाधार, संरचना, प्रक्रिया र नियामकीय वातावरण र व्यापार सुशासनमा सुधार तथा प्रतिस्पर्धी वस्तु तथा सेवाको विकास र निर्यात बजार विस्तार गर्ने तीनवटा रणनीतिक स्तरम्भ र सो अन्तर्गत १३ वटा रणनीति र १८३ क्रियाकलाप समेटिएका छन्।

यस रणनीति तर्जुमाको क्रममा नेपाल सरकारका पूर्व सचिव श्री रामेश्वर खनालले नेतृत्व गरेको विज्ञ समूहमा रहेका डा. डिल्लीराम शर्मा, श्री रोमी मानन्धर, डा. पुष्प शर्मा, श्री नविन दाहाल, श्री अक्षित पौडेल, श्री अनुप उप्रेती, डा. मोना श्रेष्ठ अधिकारी, श्री रोजन बज्राचार्य, श्री अनुपराज उप्रेती, श्री आइनेस एसुदेरोलाई धन्यवाद दिन चाहान्छु। रणनीति तर्जुमामा आवश्यक सहयोग पुऱ्याउने इयू नेपाल, व्यापार तथा लगानी कार्यक्रमका श्री शिवराज भट्ट तथा अन्य कर्मचारीहरु धन्यवादका पात्र हुनुहुन्छ। साथै पुर्ववर्ति सहकर्मी सचिवज्यूहरु श्री दिनेश भट्टराई, गणेश प्रसाद पाण्डेय तथा तोयम रायालाई पनि उहाँहरुको योगदानको लागि धन्यवाद दिन्न चाहान्छु। यस मन्त्रालयको बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखामा कार्यरत सह सचिव श्री गोविन्द बहादुर कार्की लगायत महाशाखा अन्तर्गतका सबै कर्मचारीलाई समेत रणनीति तर्जुमा कार्यमा सक्रिय सहभागिताका लागि धन्यवाद ज्ञापन गर्दछु।

यस रणनीतिको प्रभावकारी कार्यान्वयनले नेपालको निर्यात वृद्धि भै समग्र व्यापार क्षेत्रको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छु। रणनीतिको सफल एवम् प्रभावकारी कार्यान्वयन सरोकारवालाहरुको सहकार्य र समन्वयमा निर्भर रहने हुंदा सम्बन्धित सरकारी निकाय, निजी क्षेत्र तथा विकास साझेदारलाई यस रणनीति कार्यान्वयनमा सहयोगको लागि हार्दिक अनुरोध गर्दछु।

मधुकुमार मरासिनी
सचिव

२०८० जेठ २८

# १. परिचय

विगतका वर्षहरूमा नेपालको अन्तर्राष्ट्रिय बजार पहुँच क्षमतामा सुधार आएको छ। ग्लोबल इनेब्लिङ ट्रेड रिपोर्ट, २०१६ अनुसार १३६ देशमध्ये नेपालको वैदेशिक बजार पहुँच सूचकांक १ रहेको थियो। त्यसैगरी, सन् २०११ पछिको पाँच वर्षको अवधिमा गन्तव्य बजारमा सुविधाको मार्जिन (margin of preference) ६७.९ बाट बढेर ८९.९ पुगेको छ। नेपाली निर्यातको व्यापार-भारित भन्सार महसुल दर क्रमशः घटेको छ। वैदेशिक बजार पहुँचमा सुधार हुनुमा सामान्यतया अनुकूल द्विपक्षीय तथा बहुपक्षीय व्यापार सम्झौता र अतिकम विकसित राष्ट्रको रूपमा प्राप्त सुविधा रहेका छन्।

तर नेपालको निर्यात क्षमता भने सन्तोषजनक रहेको छैन। निर्यात-मूल्य सूचकको आधारमा समान राष्ट्रहरूसँग तुलना गर्दा नेपालको सूचक करिब स्थिर रहेको छ। निर्यात-परिमाण सूचक त घटेको छ, जबकि लाओसको सूचक दश गुणाले बढेको छ। कुल अन्तर्राष्ट्रिय व्यापार र कुल गार्हस्थ उत्पादनको अनुपातमा मापन गरिएको व्यापार खुलापन एक दशकको अवधिमा १० प्रतिशत बढेर सन् २०२० मा ४०.६५ प्रतिशत पुगेको छ। नेपालको निर्यात बजार प्रवेश सूचक सन् २००० मा ३.०३ रहेकोमा सन् २०१७ मा ३.५५ मात्र पुगेको छ। यो सूचक नेपालले निर्यात गर्ने वस्तु जति देशमा निर्यात गर्छ त्यसको संख्यालाई त्यस्तो वस्तु आयात गर्ने सबै मुलुकको संख्याले भाग गरेर गणना गरिन्छ। यसले नेपालको सम्भावित निर्यात बजारमा प्रवेश गर्ने क्षमता कमजोर रहेको देखाउँछ।

### निर्यात मूल्य सूचक

| मुलुक | सन् २००० | सन् २००५ | सन् २०१० | सन् २०१५ | सन् २०२० |
|---|---|---|---|---|---|
| बंगलादेश | १००.०० | १४५.५२ | ३००.४३ | ५०६.७९ | ५२५.५९ |
| कम्बोडिया | १००.०० | २२२.५० | ३७०.१६ | ६१४.८० | १,२३८.९८ |
| लाओस | १००.०० | १६७.४४ | ५२८.७१ | १,११६.०२ | १,८५१.२७ |
| नेपाल | १००.०० | १०७.३७ | १०६.४४ | ८९.६४ | ११०६.४६ |
| रुवान्डा | १००.०० | २३५.१३ | ५६०.८९ | १,२८६.८४ | २,६५५.६३ |
| श्रीलंका | १००.०० | ११६.८८ | १५८.४१ | १९४.२२ | १८६.०३ |
| भियतनाम | १००.०० | २२४.०० | ४९८.७७ | १,११९.०० | १,९५२.१२ |

स्रोतः वर्ल्ड डेभलपमेन्ट इन्डेक्स, २०२०

नेपालको निर्यात गन्तव्य धेरै लामो समयदेखि करिब यथावत् रहेको छ। कुल निर्यातको ८० प्रतिशत हिस्सा भारततर्फ निर्यात हुन्छ र विगत पाँच वर्षमा यो वार्षिक ३४ प्रतिशतले वृद्धि भएको छ। २०४६ सालअघि नेपालको वस्तु तथा सेवाको वार्षिक कुल निर्यात कुल गार्हस्थ उत्पादनको तुलनामा सरदर १० प्रतिशतभन्दा कम रहन्थ्यो र आयात समेत कम थियो। तथापि, चालु खाता घाटा भने कुल गार्हस्थ उत्पादनको ८ प्रतिशतसम्म पुगेको थियो। २०४८ सालको आर्थिक उदारीकरणपछि निर्यात वृद्धि हुन थाल्यो र २०५३ सालतिर कुल गार्हस्थ उत्पादनको २.६३ प्रतिशतसम्म पुग्यो। पछिल्ला वर्षमा निर्यात नगण्य मात्रामा वृद्धि भयो, तर आयात उच्च दरले बढेको छ।

आवधिक योजना निर्माणको प्रारम्भदेखि नै वाणिज्य नीतिको प्रमुख पक्ष निर्यात वृद्धि रहँदै आएको छ। २०४८ सालसम्म अलग्गै वाणिज्य नीति थिएन। पहिलो वाणिज्य नीति, २०४९ ले खुलापनको अवधारणा आत्मसात् गऱ्यो र व्यापारका धेरै अवरोध हटाउने काम गऱ्यो। २०६५ सालमा वाणिज्य नीति, २०४९ को तुलनामा अझै फराकिलो सोच सहित दोस्रो वाणिज्य नीति ल्याइयो। वाणिज्य नीति, २०६५ मा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्नसक्ने गरी अनुकूल वातावरण सिर्जना गर्ने, निर्यात अभिवृद्धि गरी व्यापार घाटा कम गर्ने, आय र रोजगारीका अवसर वृद्धि गर्ने तथा आन्तरिक र बाह्य व्यापारबीच अन्तरसम्बन्ध स्थापना गर्ने मूल रणनीति रहेका थिए। यस नीति कार्यान्वयनबाट व्यापार सहजीकरण, भन्सार पूर्वाधार तथा प्रक्रिया र गुणस्तरका मापदण्ड विकास र कार्यान्वयनमा उल्लेख्य सुधार भयो। पहिलो पटक व्यापार सहजीकरण गर्ने ध्येयले व्यापारिक सडक सञ्जालका आयोजना कार्यान्वयनमा आए। तर अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादनको पहिचान निर्माण गर्ने, आन्तरिक आपूर्ति श्रृंखला सुदृढ गर्ने र व्यापार सहयोगी अन्य पूर्वाधार निर्माण गर्ने काम त्यति हुन सकेन। केही उल्लेख्य काम भए तापनि समष्टिगत लक्ष्यहरू हासिल हुन सकेनन्। व्यापार घाटा र चालु खाता घाटा बढ्दै गयो। २०७२ सालमा तेस्रो वाणिज्य नीति जारी भयो। मूलतः यस नीतिको उद्धेश्य अतिकम विकसित राष्ट्रलाई प्राप्त हुने सुविधाको लाभ लिने, व्यापार घाटा कम गर्न क्षेत्रगत नीतिमा तादात्म्य कायम गर्ने, सेवा व्यापारमा जोड दिने, बौद्धिक सम्पत्तिको रक्षा गर्ने र आवश्यक संरक्षण गर्ने रहेको थियो।

वाणिज्य नीतिको साथै विश्व व्यापार संगठनमा प्रवेश गर्ने तयारीसँगै नेपालले सन् २००३ मा नेपाल व्यापार तथा प्रतिस्पर्धात्मक क्षमता अध्ययन गर्‍यो र यसका आधारमा एकीकृत व्यापार रणनीति तर्जुमा भयो। सन् २०१० मा यस रणनीतिको मूल्यांकन गर्दा कार्यसम्पादन सन्तोषजनक पाइएन। यसका निम्न प्रमुख कारण पहिचान गरेको देखिन्छः (१) कार्यान्वयनको लागि पर्याप्त मानव स्रोत र वित्तको अभाव, (२) प्रस्तावित क्रियाकलाप आवधिक योजना र मध्यमकालीन खर्च संरचनामा समावेश नहुनु, (३) व्यापारको लागि सहयोग यथार्थमा प्राप्त नहुनु र (४) कमजोर अन्तर-निकाय समन्वय रहनु। वाणिज्य नीति, २०६५ को लगत्तै सन् २०१० मा नेपाल व्यापार एकीकृत रणनीति जारी भयो। यस रणनीतिले वाणिज्य नीतिले पहिचान गरेका भन्दा थप नौवटा वस्तु तथा सेवाको निर्यात बढाउन सकिने भनेर पहिचान गर्‍यो।

नेपाल व्यापार एकीकृत रणनीति, २०१० केही महत्वाकांक्षी थियो। खासगरी व्यापारजन्य तथा भन्सार पूर्वाधारमा सुधार, व्यापार सहजीकरण, गुणस्तर मापदण्डको तर्जुमा र कार्यान्वयन जस्ता विषयमा देखिने काम भए। तर समष्टिगत आर्थिक लक्ष्यहरू हासिल हुन सकेनन्। ६ वर्षपछि सन् २०१० को रणनीति परिमार्जन गरेर बढी यथार्थपरक हुनेगरी नेपाल व्यापार एकीकृत रणनीति २०१६ जारी भयो। विगत छ वर्षको अवधिमा सो रणनीतिले पहिचान गरेका वस्तुको निर्यात वृद्धि दर नेपालको समग्र निर्यात वृद्धि दरभन्दा कम रहेको देखिन्छ। रणनीतिले प्रस्ताव गरेका कतिपय महत्वपूर्ण क्रियाकलाप अधुरो रहेका छन्। कतिपय नयाँ विषय सतहमा आएका छन्।

यस पृष्ठभूमिमा नयाँ व्यापार एकीकृत रणनीति तर्जुमा गरिएको छ। विकसित केही नवीन पृष्ठभूमिलाई यो रणनीति तर्जुमा गर्दा ध्यान दिइएको छ।

(क) सोधनान्तर घाटा लगातार बढ्दै गएको, विदेशी मुद्राको संचिति घटेको र चालु खाता घाटा उच्च रहेको छ।

(ख) विगत दुई वर्षमा समग्र निर्यातको वृद्धि भए तापनि व्यापार एकीकृत रणनीतिले पहिचान गरेका वस्तु तथा सेवाको निर्यात वृद्धि दर कमजोर छ।

(ग) नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुने निर्णयसँगै सन् २०२६ पछि नेपालले अतिकम विकसित राष्ट्रको हैसियतले अन्तर्राष्ट्रिय व्यापारमा पाइरहेको सुविधा कटौती हुँदैछ।

(घ) मुलुक संघीय शासन पद्धतिमा गएकाले आन्तरिक आपूर्ति तथा मूल्य श्रृंखला निर्माणमा नयाँ अवसर सिर्जना भएको छ।

(ङ) व्यापारले गरिबी निवारण र समावेशी विकासमा सहयोग गर्ने पर्याप्त दृष्टान्त रहेको सन्दर्भमा रणनीतिलाई लैंगिक सशक्तीकरण र सामाजिक समावेशीकरणको अवधारणा अनुरूप परिमार्जन गर्नुपर्ने भएको छ।

प्रस्तुत नेपाल व्यापार एकीकृत रणनीति, २०८० मा निम्न विषयमा अध्ययन तथा विश्लेषण गरिएको छ।

(१) अन्तर्राष्ट्रिय व्यापार विस्तार र विश्व बजारसँग व्यापार एकीकरणको लागि समष्टिगत आर्थिक तथा विकास नीतिको दृष्टिकोण र सुधारको समीक्षा।

(२) संघीयता, विकासशील राष्ट्रमा स्तरोन्नति र आर्थिक कूटनीतिका विषयलाई व्यापारिक क्षमता अभिवृद्धि गर्न अवलम्बन गर्नुपर्ने उपायको खोजी।

(३) व्यापारमा प्रतिस्पर्धात्मक क्षमता निर्माण र व्यापारबाट हुने लाभको समन्यायिक वितरणको लागि श्रम, सामाजिक समावेशिता र विपन्नको लागि बजारसँग सम्बन्धित विषय र गर्नुपर्ने सुधार।

(४) व्यापारिक पूर्वाधार विकास र व्यापार सहजीकरणको विद्यमान अवस्था र गर्नुपर्ने सुधार।

(५) नेपालका व्यापार साझेदार मुलुकका खाद्य तथा बाली गुणस्तर सम्बन्धी मापदण्डको सन्दर्भमा नेपाली उत्पादनलाई ती बजारमा प्रवेश गर्न र प्रतिस्पर्धी हुन सहज बनाउन गर्नुपर्ने सुधार।

(६) औद्योगिक उत्पादनको गुणस्तर मापन गर्ने पूर्वाधारमा सुधार र गुणस्तर सम्बन्धी मापदण्ड परिपालना सुनिश्चित गर्न आवश्यक नीति तथा संस्थागत सुधारका विषय।

(७) वैदेशिक लगानी प्रवर्द्धनको लागि असल नियामकीय वातावरण, लगानी सहजीकरण, सुशासन र बौद्धिक सम्पत्तिको रक्षा सम्बन्धी सुधारका विषय।

(८) उत्पादन तथा व्यापारको लागत न्यूनीकरण गर्न र उत्पादित वस्तुको गुणस्तर तथा आपूर्तिमा नियमितताको लागि चौथो र पाँचौं पुस्ताका औद्योगिक प्रविधि-उद्योग ४.० र उद्योग ५.० को उपयोगको सम्भावना, गर्नुपर्ने तयारी र सुझाव।

(९) अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नसक्ने वस्तुको पहिचान तथा उदीयमान वस्तुको विकासका उपाय।

(१०) अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नसक्ने सेवाको पहिचान तथा सेवा क्षेत्रको विकासको लागि गर्नुपर्ने कार्य।

(११) रणनीति कार्यान्वयनको संयन्त्र तथा विधि।

यस रणनीतिको कार्यान्वयन गर्न आवश्यक बजेटको अनुमान गरिएको छ। आन्तरिक स्रोत मात्र पर्याप्त नहुने भएकाले यस रणनीति कार्यान्वयन गर्न व्यापार क्षेत्रगत अवधारणाका आधारमा वैदेशिक सहायता परिचालन गर्ने सुझाव समेत प्रस्तुत गरिएको छ।

# २. अन्तर्राष्ट्रिय बजारमा व्यापार एकीकरणको लागि समष्टिगत आर्थिक तथा विकास नीतिको सामञ्जस्यता

व्यापार प्रवर्धनको लागि समष्टिगत आर्थिक तथा विकास नीति सहयोगी हुनुपर्दछ। खासगरी मौद्रिक नीति, वित्त नीति, कृषि, पशुपालन र वन तथा वातावरण व्यवस्थापन सम्बन्धी नीति व्यापार सहयोगी हुन आवश्यक हुन्छ। व्यापारको लागि श्रम, औद्योगिक प्रवर्द्धन, वैदेशिक लगानी प्रवर्द्धन, बौद्धिक सम्पत्तिको संरक्षण, गुणस्तर मापदण्ड र कार्यान्वयन सम्बन्धी नीति महत्वपूर्ण हुन्छन्। यी विषयको विश्लेषण सम्बन्धित खण्डमा गरिएको छ। यस खण्डमा मौद्रिक, वित्त, कृषि र वन नीतिको समीक्षा र सुधारका विषय केलाउने प्रयत्न गरिएको छ।

नेपालको मौद्रिक नीतिमा अन्तर्निहित सीमा भए तापनि यसले निर्यात क्षेत्रलाई सहयोग गर्न लचकता अपनाएको देखिन्छ। कच्चा पदार्थको आयातको भुक्तानीमा सरलीकरण, परिवर्त्य मुद्रामा ऋण लिन पाउने सुविधा, विदेशमा हुने व्यावसायिक कारोबारको लागि सटही सुविधा र निर्यातमूलक उद्योगको लागि विशेष पुनर्कर्जाको सुविधा मौद्रिक नीतिको विशेषता रहेका छन्। निर्यातको लागि दुई वर्षसम्मको अग्रिम भुक्तानी प्रमाणपत्र जारी गर्ने र निर्यात ढिला भएमा एक वर्ष थप गर्न सकिने व्यवस्था समेत रहेको छ।

मौद्रिक नीतिले थप केही विषयलाई सम्बोधन गर्दा निर्यात व्यवसायलाई थप प्रोत्साहन हुनसक्छ। हाल निर्यात व्यवसायले विदेशमा सोरुम राख्नुपर्दा वा कुनै व्यावसायिक उपस्थिति जनाउनुपर्दा त्यसमा लाग्ने खर्चको लागि निर्यात आम्दानीको ५ प्रतिशतसम्म विदेशी मुद्रा विदेशमा राख्न पाउने प्रबन्ध छ। खासगरी सूचना प्रविधि सेवाको निर्यातमा संलग्न व्यवसायलाई विदेशमा रहने मुकामको लागि अलि बढी नै रकम आवश्यक पर्ने र नेपाल आइसकेको विदेशी मुद्रा लैजान नसकिने भएकोले सेवा बिक्री नै बाहिरबाट देखाउने गरेको पाइन्छ। यसमा शर्त सहित लचकता अपनाउनु उपयुक्त हुन्छ।

निर्यातमूलक उद्योग वा सेवा व्यवसायले उधारोमा वा पछि भुक्तानी हुने गरी कच्चा पदार्थ वा मेसिनरी सामान आयात गर्न पाउने सुविधा रहेको छ। तर यसको म्याद पर्याप्त नभएको देखिन्छ। छिमेकी मुलुकको उदाहरण समेत हेर्दा यस्तो म्याद केही लामो अवधिको गर्दा निर्यात व्यवसायीलाई सहयोग पुग्न सक्छ।

नेपालबाट सूचना प्रविधि सेवा निर्यात गर्ने व्यवसायले कतिपय कामको लागि विदेशमा स्थायी इकाई राख्नुपर्ने हुन्छ। त्यस्तो वैदेशिक इकाईमा आवश्यक पुँजीगत सामान, उपकरण नेपालबाट प्रतीत पत्र खोलेर खरिद गर्न सकिने प्रावधान छैन। सम्बन्धित नियामकीय निकायको सिफारिसमा वैदेशिक इकाईको लागि खरिद गरिने वस्तुको भुक्तानी नेपालबाट गर्न सकिने प्रबन्ध गर्ने हो भने खासगरी सूचना प्रविधि सेवा व्यवसायले निर्यात वृद्धि गर्न सक्छन्।

निर्यात वित्तको लागि हाल नियमित बैंकिङ प्रणाली बाहेक विशिष्ट प्रबन्ध छैन। विगतमा एक्जिम बैंक स्थापना गर्ने विषय उठे तापनि स्थापना हुन सकेन। एक्जिम बैंक स्थापना गर्न नसके पनि विद्यमान संस्थागत प्रणालीको प्रयोग गरी निर्यात प्रवर्द्धन गर्ने ध्येयले निर्यात वित्त सम्बन्धी विशिष्ट प्रबन्ध गर्नु आवश्यक देखिन्छ।

वित्त नीतिमा सार्वजनिक खर्च र कर सम्बन्धी व्यवस्था निर्यात प्रवर्द्धनको लागि सहयोगी छन्। सार्वजनिक खर्चतर्फ मूल समस्या कार्यान्वयनमा रहेको छ। निर्यात सम्बन्धी व्यापारिक पूर्वाधार विकास पर्याप्त हुन सकेको छैन। विशेष आर्थिक क्षेत्र र निर्यात प्रशोधनको क्षेत्र स्थापना र सञ्चालनको गति धिमा छ। व्यापारिक लागत कम गर्न व्यापार-सहयोगी पूर्वाधारमा लगानी वृद्धि गर्न तथा कार्यान्वयन क्षमता सुदृढ तुल्याउन आवश्यक छ। उच्च निर्यात वृद्धिदर भएका अन्य मुलुकको तुलनामा निर्यातमा नगद प्रोत्साहनको दायरा र रकम न्यून रहेको छ।

आयकरको दर कम गरेमा नेपाल बाहिर आधार बनाएर काम गरिरहेका कतिपय सूचना प्रविधि सम्बन्धी व्यवसायले आफ्नो आधार नेपालमा सार्नसक्ने सम्भावना रहेको छ। सबै प्रकृतिका निर्यात व्यवसायलाई निर्यात आम्दानीमा लाग्ने आयकर समष्टिगत रूपमा आगामी पाँच वर्षको लागि १० प्रतिशतभन्दा कम राख्न सकियो भने व्यवसायीलाई निर्यात वृद्धि गर्न प्रोत्साहन मिल्नेछ। व्यवसाय वृद्धि हुँदा सिर्जना हुने नयाँ रोजगारीको कारण संस्थागत आयकर कम गर्दाको राजस्व क्षति रोजगारी वृद्धिबाट थप हुने आयकरले पूर्ति गर्छ।

निर्यातमा प्रयोग हुने कच्चा पदार्थ आयात गर्दा लाग्ने भन्सार महसुल लगायतका अन्य राजस्व निर्यात गरेपछि फिर्ता हुन्छ। त्यसकारण कच्चा पदार्थमा लाग्ने भन्सार दर निर्यातमूलक उद्योगको लागि त्यति चिन्ताको विषय होइन। यसमा कर फिर्ता सम्बन्धी केही प्रक्रियागत सरलीकरण

गरेर व्यावसायिक लागत निश्चित रूपमा कम गर्न सकिन्छ । तर उद्योगले स्वदेशी खपतको लागि आयात गर्ने कच्चा पदार्थमा लाग्ने भन्सार महसुल र त्यस्तो कच्चा पदार्थ प्रयोग भएर उत्पादन भएको अन्तिम वस्तुमा लाग्ने भन्सार महसुल समान भए वा कच्चा पदार्थमा अलिकति कम भए पनि स्वदेशी उत्पादकले विदेशी वस्तुसँग मूल्यमा प्रतिस्पर्धा गर्न गाह्रो हुन्छ । स्वदेशी उद्योग प्रतिस्पर्धी भए बिस्तारै क्षमता विस्तार गर्छन् र लागतमा आकारको लाभ (इकोनोमी अफ स्केल) मिल्छ । क्रमशः यस्ता उद्योगले उत्पादन गरेका वस्तु अन्तर्राष्ट्रिय बजारमा पनि प्रतिस्पर्धी हुन सक्छन् र मुलुकको निर्यात बढ्न सक्छ । तसर्थ कच्चा पदार्थ र अन्तिम वस्तुबीचको भन्सार महसुल अन्तर कम्तीमा १० प्रतिशतसम्म राख्न आवश्यक देखिन्छ । खासगरी साना तथा मझौला उद्योगलाई सहयोग पुगोस् भनेर कानूनमा प्रबन्ध गरिएको निर्धारित दर (फ्ल्याट रेट) मा महसुल फिर्ता गर्ने प्रबन्ध कार्यान्वयनमा ल्याएमा व्यवसायको लागत घटाउन सहयोग पुग्छ । कर प्रणालीको सुधारको चरणमा मूल्य अभिवृद्धि कर प्रणालीलाई प्रभावकारी बनाउँदै लैजाने र अन्तःशुल्क लाग्ने वस्तुको संख्या घटाउने नीति लिइएको थियो । पछिल्ला वर्षमा अन्तःशुल्क लाग्ने वस्तुको संख्यामा व्यापक बढोत्तरी भएर करिब १,४०० पुगेको छ । निर्यातमा अन्तःशुल्क फिर्ता हुने भएकोले यो हटाउँदा वा घटाउँदा निर्यात हुने वस्तुलाई कुनै लाभ हुँदैन भन्न सकिन्छ । यो सरल विश्लेषण हो । अन्तःशुल्क भार कम हुँदा स्वदेशी बजारको लागि मूल्य घट्न सक्छ । आन्तरिक बजार विस्तार हुन सक्छ र उद्योगले उत्पादन क्षमता बढाउन सक्छन् । यसबाट आकारको लाभ मिल्दछ र केही समयपछि आन्तरिक खपतको लागि उत्पादन गरिरहेका उद्योगले बाह्य बजार विस्तार समेत गर्न सक्छन् । आन्तरिक खपतका उत्पादनमा लाग्ने अन्तःशुल्क राजस्वको हिस्सा त्यति ठूलो पनि छैन । सरकारलाई खासै राजस्व क्षति हुँदैन तर औद्योगिक विस्तारमा भने राम्रो सहयोग पुग्न सक्छ । त्यसैले आन्तरिक उत्पादनका वस्तुमा अन्तःशुल्क हटाउने नीति लिनु उपयुक्त हुन्छ । आयातित त्यस्ता वस्तुको हकमा भन्सार महसुलमा घटाइएको अन्तःशुल्क समायोजन गर्न सकिन्छ । यस्तो नीतिले तत्काल आयात प्रतिस्थापनमा सहयोग पुग्छ भने दीर्घकालमा निर्यात बढाउन सहयोग पुग्छ ।

कृषि क्षेत्रको समष्टिगत, उपज विशेष, खेती प्रणाली र कृषि बजारीकरण सम्बन्धी नीति निर्यात प्रवर्द्धन लक्षित देखिन्छन् । यी नीतिमा सामयिक सुधार गर्दै लैजानु पर्छ । समस्या नीतिमा नभई कार्यान्वयनमा रहेको देखिन्छ ।

यसैगरी वन सम्बन्धी नीतिले वन स्रोतको दिगो उपयोग गरी निर्यात प्रवर्द्धन गर्ने कुरालाई जोड दिएको छ । कार्यान्वयन पक्षमा कमजोरी छन् । वन नीतिमा खासगरी निर्यातमुखी पूर्वाधार विकास र खनिजको उत्खननमा सहयोगी दृष्टिकोणको कमी रहेको देखिन्छ । कतिपय अवस्थामा शासकीय क्षमताको अभावले समेत कार्यान्वयन सम्बन्धी कार्य रोकिएका छन् ।

# ३. संघीयता, विकासशील राष्ट्रमा स्तरोन्नति र आर्थिक कूटनीतिका विषयलाई व्यापारिक क्षमता अभिवृद्धि गर्न अवलम्बन गर्नुपर्ने उपायको खोजी

**यस खण्डमा मूलत:तीन विषयको विश्लेषण गरिएको छ। (१) व्यापार क्षमता विस्तार गर्न संघीय शासन पद्धतिको उपयोग, (२) अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति हुँदा व्यापार सुविधामा आउने ह्रासको न्यूनीकरण र नयाँ अवसरको उपयोग र (३) व्यापार तथा लगानी प्रवर्द्धनको लागि आर्थिक कूटनीति सुदृढीकरण।**

## व्यापार सहयोगी वातावरण निर्माण गर्न संघीय शासन पद्धति

नेपालको संविधानले औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय तथा वैदेशिक लगानीका आयोजनाको सम्बन्धमा प्रदेश-प्रदेश र प्रदेश-संघबीच समन्वय स्थापित गरी आर्थिक विकासलाई गति दिने राज्यको नीति रहने उल्लेख गरेको छ। संघीयताको पहिलो पाँच वर्षको अवधिमा प्रादेशिक तहबाट औद्योगिक तथा व्यापारिक वातावरण निर्माण गर्न उल्लेख्य काम भएन। तर स्थानीय तहको कार्यसम्पादन कतिपय स्थानमा राम्रो देखियो। बजार पूर्वाधार सुधारमा कतिपय स्थानीय तहले राम्रो काम गरे। लगानी तथा पर्यटन प्रवर्द्धन गर्न संघ र प्रदेशले मात्र नभई केही स्थानीय तहले समेत लगानी सम्मेलन आयोजना गरेका छन्।

वर्तमान संविधानले संघलाई जस्तै प्रदेश र स्थानीय तहलाई राज्यशक्तिको प्रयोग गर्ने अधिकार दिएको छ। प्रदेश र स्थानीय तहको कार्यक्षेत्र र अधिकार संविधानले निर्धारण गरेको छ। त्यसैगरी सहयोग र सहकार्य गर्नुपर्ने विषय समेत संविधानले तोकेको छ। कृषिको विकास, वनको संरक्षण र उपयोग, खानी तथा खनिज पदार्थको उपयोग लगायतका प्राकृतिक स्रोतको उपयोग सम्बन्धमा निर्णय गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने अधिकार तल्लो तहका सरकारलाई दिएको छ।

मूल्य तथा आपूर्ति श्रृंखलाको प्राथमिक तहमा कार्यकुशलता ल्याउन सक्ने र प्राथमिक उत्पादकलाई मूल्य श्रृंखलाको लाभ दिलाउन सक्ने अवस्थामा स्थानीय तह रहेका छन्। अनुकूल पूर्वाधार निर्माण गर्ने र गुणस्तर मापदण्ड कार्यान्वयन गराउने दायित्व स्थानीय तहमा रहेको छ र वित्तीय स्रोतको समेत अभाव छैन। प्रत्येक वर्ष संघ र प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानको रकम बढ्दो छ। स्थानीय तहको राजस्व आधार समेत विस्तार हुँदै गइरहेको छ। प्रदेश र स्थानीय तह मिलेर आन्तरिक आपूर्ति तथा मूल्य श्रृंखला विकास गर्न, मूल्य श्रृंखलामा सिर्जना हुने लाभको न्यायोचित हिस्सा प्राथमिक उत्पादकको पक्षमा पार्न सक्छन्। मूलतः प्रदेश तथा स्थानीय तहले प्राप्त अधिकार, उपलब्ध वित्तीय स्रोत र साधनको आधारमा व्यापार प्रवर्द्धन र आपूर्ति श्रृंखला सुदृढीकरण गर्न निम्न काम गर्न सक्छन्।

(१) वस्तु विकास गर्न तथा प्राथमिक उत्पादकले उत्पादन गरेका वस्तुको बजार मूल्य जोखिम न्यूनीकरण गर्ने,

(२) प्राथमिक उत्पादकलाई वस्तुको गुणस्तर वा स्वच्छता सम्बन्धी मापदण्ड पालना गर्न सक्षम बनाउने,

(३) उत्पादनको प्रारम्भिक विन्दुदेखि पहिलो तहको बजारसम्म सडक सञ्जालको विस्तार गर्ने,

(४) मूल्य श्रृंखला विकास गर्ने,

(५) व्यापार-सहयोगी पूर्वाधार विकास तथा निर्माण गर्ने,

(६) पर्यटन पूर्वाधार विकास तथा निर्माण गर्ने,

(७) आतिथ्य व्यवसाय जस्तै चमेनागृह, होटेल, रेष्टुरेन्टको खाद्य पदार्थ र सेवाको गुणस्तरको नियमन गर्ने,

(८) कृषिजन्य वस्तु र साना खाद्य प्रशोधन उद्योगमा स्वच्छताको मापदण्ड लागू गर्ने र कार्यान्वयनको अनुगमन गर्ने,

(९) प्राथमिक उत्पादकको पहुँचमा अत्यावश्यक बजार सूचना नियमित रूपमा प्रवाह गर्ने,

(१०) साना उद्यमी, व्यवसायी, किसान, श्रमिक र वनस्रोत प्रशोधनमा काम गर्ने व्यक्तिको उत्पादकत्व अभिवृद्धि तथा सीप विकास गर्ने,

(११) खाद्यान्न तथा नगदे बाली, पशुपालन, वनस्रोत र स्थानीय कच्चा पदार्थमा आधारित वस्तु विकास गर्न तथा 'एक गाउँ एक उत्पादन' जस्ता कार्यक्रम सञ्चालन गरी वस्तु उत्पादनमा विशिष्टता हासिल गर्ने ।

पहिलो पाँच वर्षमा प्रदेश तथा स्थानीय तहले यी सबै काम गर्न नसके तापनि प्राथमिकता निर्धारण गरी मूल्य तथा आपूर्ति श्रृंखला विकास गर्ने, व्यापार सहयोगी पूर्वाधारमध्ये वस्तु संकलन केन्द्र तथा थोक बजार विकास गर्ने, वस्तु उत्पादनमा विशिष्टता हासिल गर्ने र खाद्य स्वच्छता कायम गर्ने जस्ता कार्य गर्न सक्छन् ।

## अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति

संयुक्त राष्ट्र संघको विकास नीति सम्बन्धी समितिले सिफारिस गरे बमोजिम सन् २०२१ मा संयुक्त राष्ट्र संघको महासभाले नेपाल सन् २०२६ मा अतिकम विकसित राष्ट्रबाट विकासशील मुलुकमा स्तरोन्नति गर्ने प्रस्ताव पारित गरेको छ । नेपालले स्तरोन्नति हुनको लागि पूरा गर्नुपर्ने तीनवटा शर्तमध्ये प्रतिव्यक्ति आयको शर्त पूरा गरेको छैन तर विगतका लगातार दुई पुनरावलोकनमा आर्थिक जोखिम सूचक र मानव पुँजी सूचक सम्बन्धी दुईवटा शर्त पूरा गरेको र तेस्रो पटक समेत ती दुई शर्त पूरा गरेकोले स्तरोन्नतिको लागि छानिएको हो । स्तरोन्नतिसँगै अतिकम विकसित राष्ट्रको हैसियतले नेपालले पाएका सहुलियत तथा विशेष सुविधा गुम्ने छन् ।

स्तरोन्नति आफैमा विकासका उपलब्धिको कोशेढुंगा तथा गर्व गर्ने विषय हो । तर वित्तीय सहुलियतका केही विषयका अतिरिक्त मूल रूपमा नेपाललाई प्राप्त भैरहेको अन्तर्राष्ट्रिय बजार पहुँच र व्यापार सहुलियतमा प्राप्त अवसर गुम्नेछ । साथै, प्राप्त हुनसक्ने केही अवसर पनि गुम्ने छन् । जस्तै विश्व व्यापार संगठनको सेवा व्यापार सम्बन्धी सामान्य सम्झौता र साफ्टाको सेवा व्यापार सम्बन्धी सम्झौतामा रहेका विशेष र पृथक् व्यवहार सम्बन्धी प्रावधान अहिले लागू भैसकेका छैनन् । यी सम्झौता प्रारम्भ हुँदा नेपाल स्तरोन्नति भैसकेको हुने हुँदा सेवा व्यापारमा प्राप्त हुनसक्ने लाभ गुम्नेछ ।

स्तरोन्नति भएपछि व्यापारजन्य बौद्धिक सम्पत्ति सम्बन्धी सुविधा हट्नेछ । युरोपेली बजारमा हतियार बाहेकका सबै वस्तु शून्य भन्सार सुविधामा निर्यात गर्न पाइरहेको सुविधा गुम्नेछ । उत्पत्ति सम्बन्धी नियममा प्राप्त सरल प्रावधान हट्नेछ ।

नेपालको दुई-तिहाइभन्दा बढी व्यापार हुने मुलुक भारतले द्विपक्षीय सम्झौता अन्तर्गत विशेष सहुलियत प्रदान गरेको छ । उत्पत्तिको परिभाषा बमोजिम नेपालमा उत्पादित सबै वस्तु भारतले शून्य भन्सारमा आयात गर्छ । यथार्थमा नेपालको लागि भारतीय बजार खुला रहेको छ । द्विपक्षीय सम्झौता अन्तर्गत प्राप्त यस्तो सहुलियत नेपाल अतिकम विकसित राष्ट्र भएको कारणले भारतले प्रदान गरेको नभई मित्रवत् छिमेकी सम्बन्धको कारण हो । स्तरोन्नति पश्चात् समेत ठूलो बजारबाट पाएको यस्तो सहुलियत निरन्तर हुने भएकाले केही अध्ययनले स्तरोन्नतिबाट नेपालको निर्यात व्यापारमा सामान्य प्रभाव मात्र पर्ने निष्कर्ष निकालेका छन् । तर भारत बाहेकका केही बजारमा नेपालले अतिकम विकसित राष्ट्रको सहुलियत प्रयोग गरेर निर्यात गरिरहेका वस्तुमा भने निश्चित रूपमा उल्लेख्य प्रभाव पर्नेछ ।

भारत बाहेक नेपालका मुख्य निर्यात बजार संयुक्त राज्य अमेरिका, युरोपियन युनियन (इयु), संयुक्त अधिराज्य र टुर्किए हुन् । चीनमा नेपालको निर्यात नगण्य छ । तथापि सम्भावनाको हिसाबले नेपालको लागि चीन महत्वपूर्ण बजार हो । त्यसकारण, अतिकम विकसित राष्ट्रको हैसियतले यी बजारमा नेपालले पाएको व्यापार सहुलियत, यी बजारमा नेपालले गरेको निर्यात, नेपालले उपयोग गरेको सहुलियत र स्तरोन्नति पश्चात् निर्यातमा पर्ने प्रभावका बारेमा गहन अध्ययन हुन जरुरी छ ।

इयुले व्यापार सहुलियतको लागि तीनवटा प्रबन्ध गरेको छः स्ट्यान्डर्ड सौविध्य प्रणाली (जिएसपी), जिएसपी+ र हतियार बाहेक सबथोक (इबिए) । नेपालले अन्य अतिकम विकसित राष्ट्रले प्राप्त गरेसरह इयुबाट इबिए सुविधा प्राप्त गरेको छ । इयु नेपालको तेस्रो ठूलो निर्यात गन्तव्य हो । सन् २०२० अघि पाँच वर्षको अवधिमा नेपालले वार्षिक सरदर ६.९ करोड अमेरिकी डलर बराबरको निर्यात इयुमा गरेको थियो, जुन कुल निर्यातको ८.५ प्रतिशत हो । निर्यातको ८० प्रतिशतभन्दा बढी अंश इबिए सुविधा अन्तर्गत रहेको थियो । स्तरोन्नति भएपछि समेत इयुले सन् २०२९ सम्म नेपाललाई यो सहुलियत दिने भएको हुँदा त्यसपछि भने सहुलियतको अभावमा इयुमा भएको निर्यातमा करिब १९ प्रतिशत ह्रास आउनसक्ने अनुमान गरिएको छ । तर नेपालले जिएसपी+ का शर्त पूरा गर्न सकेको खण्डमा नेपालको इयुतर्फ हुने निर्यातमा खासै ह्रास नहुने अनुमान छ । नेपाल स्ट्यान्डर्ड जिएसपीको लागि मात्र योग्य भएमा नेपालले इयुतर्फ निर्यात गरिरहेका वस्तुमध्ये करिब ४० प्रतिशत वस्तुमा ५ देखि ७.९ प्रतिशत, ३५ प्रतिशत वस्तुमा ८ देखि ९.९ प्रतिशत र केही सीमित वस्तुमा १०.० प्रतिशत माथिको भन्सार महसुल लाग्नेछ । इबिएको तुलनामा स्ट्यान्डर्ड जिएसपी वा जिएसपी+ मा उत्पत्तिका नियम कडा हुनेछन् ।

नेपालको चार प्रतिशत जति निर्यात हुने गन्तव्य तुर्कियेमा इयुको जस्तै इबिए सहुलियत अन्तर्गत निर्यात भइरहेको छ। तुर्कियेबाट इयुको जस्तै जिएसपी+ को सहुलियत पाउन नेपालले २७ वटा अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गरेको हुनुपर्छ।

करिब चार प्रतिशत जति निर्यात हुने संयुक्त अधिराज्यमा नेपालले स्तरोन्नति पछि इयुको जस्तै अवस्था सामना गर्नुपर्ने हुन्छ। स्तरोन्नति पश्चात् नेपाल जिएसपी जेनरल फ्रेमवर्क वा जिएसपी इन्हान्स्ड फ्रेमवर्कको लागि योग्य हुनसक्ने भएकाले यसको लागि प्रयत्न गर्नुपर्दछ।

संयुक्त राज्य अमेरिकाले नेपाल सहित ४४ देशलाई ५,१०० वस्तुमा शून्य महसुलमा बजार प्रवेश दिएको छ। सन् २०१५ को भूकम्पपछि व्यापार सहजीकरण तथा व्यापार कार्यान्वयन ऐन, २०१५ को प्रावधान बमोजिम सन् २०२५ सम्मको लागि ७७ वटा वस्तुमा महसुल रहित बजार प्रवेश दिएको छ। तर यसको लागि उत्पत्तिको नियम अन्तर्गत कम्तीमा ३५ प्रतिशत स्थानीय मूल्य अभिवृद्धि भएको हुनुपर्दछ। अमेरिका नेपालको दोस्रो ठूलो निर्यात बजार हो। तर नेपालले अमेरिकाबाट पाएको दुवै सुविधा अन्तर्गतको निर्यात नगण्य छ। यसको प्रमुख कारण नेपालको निर्यात क्षमता रहेका गार्मेन्ट र जुत्तामा भन्सार महसुल सहुलियत नरहेको र केही वस्तुमा भन्सार महसुल लगभग शून्य भएकाले अरू मुलुकसँग नेपालले प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ। स्तरोन्नति पछि अमेरिकाको लाभग्राही विकासशील मुलुकलाई गरिएको विशेष सहुलियत कार्यक्रम अन्तर्गत नेपालले सुविधा पाउन सक्ने भए तापनि हाल प्राप्त सहुलियत गुम्ने छन्। यसबाट स्तरोन्नति पछि नेपालको अमेरिकातर्फको करिब तीन प्रतिशत निर्यात प्रभावित हुने अनुमान छ।

चीनले दौत्य सम्बन्ध भएका अतिकम विकसित राष्ट्रबाट आयात गर्ने करिब ९७ प्रतिशत वस्तुमा शून्य भन्सार महसुल सुविधा दिएको छ। यसको लागि ४० प्रतिशत स्थानीय मूल्य अभिवृद्धि भएको प्रमाणित गर्नुपर्ने हुन्छ। नेपालको लागि चीन सानो निर्यात बजार तथा नेपालबाट निर्यात हुने ३६ प्रतिशत वस्तुले मात्र शून्य भन्सार सहुलियत पाएको भए तापनि स्तरोन्नतिपछि चीनमा हुने निर्यात प्रभावित हुन्छ। स्तरोन्नति भएपछि इयु वा अरू ठूला व्यापार साझेदारले जस्तो विशिष्ट प्रबन्ध चीनले गरेको छैन। तसर्थ, चीनसँग अति सौविध्यप्राप्त मुलुकको प्रणाली अन्तर्गत व्यापार गर्नुपर्ने हुन्छ वा सहुलियत सहितको द्विपक्षीय व्यापार सन्धि गर्नुपर्ने हुन्छ।

साफ्टा अन्तर्गत अतिकम विकसित राष्ट्रको लागि विशेष प्रावधान गरिएको छ। अतिकम विकसित राष्ट्रले उत्पत्तिको नियम र निर्यात गरिएको वस्तुमा लाग्ने भन्सार महसुलमा सहुलियत पाउँछन्। साफ्टा सदस्य राष्ट्रमध्ये भारत बाहेक अन्य मुलुकसँग नेपालको व्यापार न्यून रहेको तथा भारतले नेपाललाई द्विपक्षीय सम्झौताबाट साफ्टाभन्दा बढी सहुलियत प्रदान गरेको हुँदा नेपालले साफ्टाको सुविधा खासै प्रयोग गरेको छैन।

माथि उल्लेख गरिएका विषयका अतिरिक्त विश्व व्यापार संगठनका निर्णय र प्रावधान बमोजिम पाइएका केही सुविधा गुम्नेछन्। अनुदान र प्रतिरोधी उपाय (सब्सिडी एण्ड काउन्टर भेलिङ मिजर) सम्बन्धी सम्झौता अन्तर्गत निर्यातमा अनुदान दिने वा आयात नियन्त्रण गर्न अतिरिक्त शुल्क लगाउन पाउने अधिकार कटौती हुन सक्छन्। निर्यात वृद्धि गर्न नगद प्रोत्साहन दिने वा विशेष आर्थिक क्षेत्रका उद्योगले गरेको निर्यातमा सहुलियत दिने कार्यक्रम प्रभावित हुन सक्छन्। त्यसैगरी व्यापारजन्य बौद्धिक सम्पत्ति सम्बन्धी सम्झौताले अतिकम विकसित राष्ट्रलाई दिएको सुविधा समेत सन् २०३४ पछि गुम्न सक्छ। सेवा व्यापारको हकमा प्राप्त सुविधाको उपयोग गर्न नसकेको हुँदा त्यति फरक पर्ने देखिँदैन।

उपरोक्त पृष्ठभूमिमा नेपालले मुख्यतः इयु, तुर्किए र संयुक्त अधिराज्यसँग जिएसपी वा जिएसपी+ को सुविधा लिन प्रयत्न गर्नुपर्दछ। यसको लागि केही महासन्धि अनुमोदन गर्नुपर्ने तथा नेपाल पक्ष भएका महासन्धिको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने हुन्छ। संयुक्त राज्य अमेरिकासँग अहिले भैरहेको फ्रेमवर्क सम्झौताको सट्टा नयाँ द्विपक्षीय व्यापार सम्झौता गर्नु उपयुक्त हुन्छ। चीन लगायतका अन्य प्रमुख व्यापार साझेदार मुलुकहरूसँग द्विपक्षीय व्यापार सम्झौताका लागि अगाडि बढ्नुपर्दछ। स्तरोन्नति पश्चात् समेत माल्दिभ्सले साफ्टामा अतिकम विकसित राष्ट्रको हैसियतले पाइरहेको व्यापारजन्य सुविधा निरन्तर पाइरहेको हुँदा नेपालले पनि स्तरोन्नति हुन गइरहेका बंगलादेश र भुटानसँग मिलेर यस्तो सुविधा निरन्तरताको लागि पहल गर्नुपर्दछ। नेपालले क्षेत्रीय स्वतन्त्र व्यापार सम्झौतामा समेत जोड दिनुपर्दछ।

## आर्थिक कूटनीति

नेपालको आर्थिक कूटनीतिको रणनीतिक दृष्टिकोण स्पष्ट नभएको टिप्पणी हुने गरेको छ। आर्थिक कूटनीति कमजोर हुनुमा दक्ष जनशक्तिको अभाव, व्यापार वार्ता गर्ने सीपको कमी, प्रत्यक्ष रूपमा व्यापार र लगानीमा काम गर्ने सरकारी निकायबीच समन्वयको अभाव, मूल मुद्दामा जानकारी तथा समझदारीको अभाव प्रमुख कारण रहेका छन्।

मुख्य निर्यात गन्तव्य मुलुकमा राजनीतिक आधारमा राजदूतको नियुक्ति हुने गरेको छ। यसरी नियुक्त हुने राजदूतमा राजनीतिक मुद्दामा जानकारी हुनसक्ने भए तापनि व्यापार तथा आर्थिक मुद्दामा पर्याप्त दखल नभएको देखिन्छ। नेपालले चार मुलुकका सात स्थानमा महावाणिज्यदूतावास

स्थापना गरेको छ। साउदी अरबको जेद्दा बाहेक अरू सबैको प्राथमिक दायित्व व्यापार सहजीकरण गर्नु हो। भारत, चीन र संयुक्त राज्य अमेरिकास्थित राजदूतावासमा आर्थिक मामिला हेर्ने अधिकारी समेत रहने व्यवस्था रहेको छ। तर महावाणिज्यदूतावास र राजदूतावासबीच नै समन्वयको अभाव रहने गरेको बताइन्छ। तसर्थ, आर्थिक कूटनीतिमा संस्थागत कमजोरी समेत छन्।

नेपालले ३५ देशमा ५३ जना अवैतनिक वाणिज्यदूत नियुक्त गरेको छ। उनीहरूको नियुक्तिको आधार के हो र जिम्मेवारी कसरी निर्वाह गरेका छन् भन्ने विषयमा स्पष्टता देखिँदैन। परराष्ट्र मन्त्रालय र अवैतनिक वाणिज्यदूतबीच नियमित सम्पर्क र संवादको अभाव छ। विभिन्न मुलुकले नेपालमा समेत अवैतनिक वाणिज्यदूत नियुक्त गर्ने गरेका छन्, जसलाई नेपाल सरकारले मान्यता र कूटनीतिक पहिचान दिएको छ। तर उनीहरूबाट नेपालको निर्यात वृद्धि गर्न वा आर्थिक हित प्रवर्द्धन गर्न सहयोग परिचालन गर्ने प्रयत्न भएको देखिँदैन। विदेशी मुलुकका नेपालस्थित अवैतनिक वाणिज्यदूतले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वा अन्य आर्थिक निकायलाई आफ्ना आर्थिक तथा व्यापारिक विषयका जानकारी दिने वा समन्वय गर्ने गरेका छैनन्।

विभिन्न मुलुकमा द्विपक्षीय र क्षेत्रीय व्यापार संगठन रहेका छन्। आर्थिक कूटनीतिका सन्दर्भमा यस्ता संगठनको भूमिका र जिम्मेवारी स्पष्ट छैन। द्विपक्षीय व्यापारिक संघ संगठनसँग सहकार्यको विधि वा मञ्चको अभाव छ।

आर्थिक कूटनीति सञ्चालन गर्न विदेशस्थित नेपाली नियोगलाई प्राप्त हुने बजेट पर्याप्त छैन। यसैले नियोगले राष्ट्रिय दिवस मनाउने खर्च बाहेक व्यापार तथा पर्यटन प्रवर्द्धन गर्न वा लगानी आकर्षण गर्न प्रभावकारी रूपमा कार्यक्रम गर्न नसकेको देखिन्छ।

विदेशमा रहेका नेपालीको संख्या ठूलो छ तर उनीहरूको सहयोग परिचालन गरी नेपालको आर्थिक हित प्रवर्द्धन गर्ने कार्यक्रम खासै हुन सकेको देखिँदैन।

नेपालको आर्थिक कूटनीति प्रभावकारी तुल्याउन मूलतः निम्न काम गर्नु आवश्यक देखिन्छ।

(१) स्पष्ट र उद्देश्यमूलक आर्थिक कूटनीति रणनीति तर्जुमा गर्न आवश्यक छ। मुख्य व्यापारिक वा आर्थिक साझेदार मुलुकको हकमा मूल रणनीति अन्तर्गत रहेर देशगत रणनीति निर्माण गर्नुपर्छ। विगतमा यस्तो रणनीति तर्जुमा गरिएको तर सार्वजनिक गरेको पाइँदैन तथा धेरै सरोकारवालालाई यस्तो रणनीति छ भन्ने थाहा समेत छैन।

(२) आर्थिक कूटनीति सञ्चालन गर्ने संस्थागत संरचनामा परिवर्तन आवश्यक छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र परराष्ट्र मन्त्रालयबीच सम्पर्क र संवादको स्थायी संरचना हुनु आवश्यक छ। विदेशस्थित नेपाली नियोग, महावाणिज्यदूत, नेपालका मानार्थ वाणिज्यदूत, अन्य मुलुकका मानार्थ वाणिज्यदूत, नेपाली डायस्पोरा र निर्यातकर्ताबीच निरन्तर संवादको संयन्त्र र विधि विकास गर्नु आवश्यक छ।

(३) सबै नेपाली नियोगको प्रमुख ध्येय नेपालको आर्थिक तथा व्यापारिक हित प्रवर्द्धन गर्ने हुनुपर्छ। त्यसको लागि व्यापारिक तथा बजार सूचना संकलन र विश्लेषण गरेर नेपाली निर्यातकर्तालाई जानकारी गराउने व्यवस्था गर्नु आवश्यक छ।

(४) परराष्ट्र मन्त्रालयको मानवस्रोत विकास र व्यवस्थापन गर्दा लगानी, व्यापार, आर्थिक हितका विषयमा निरन्तर दक्षता अभिवृद्धिको विषयमा ध्यान दिनुपर्दछ। व्यापारिक तथा आर्थिक विषयमा वार्ता गर्ने सीप मात्र होइन विषयगत ज्ञानमा पारङ्गत हुनु आवश्यक छ।

(५) व्यापार वृद्धि गर्न वैदेशिक लगानीको ठूलो भूमिका रहन्छ। वैदेशिक लगानी आप्रवाह अनुसार अन्तर्राष्ट्रिय व्यापार वृद्धि हुन्छ। लगानी आकर्षित गर्न नेपालले लगानी आउन सक्ने मुलुकसँग द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता र दोहोरो कर उन्मुक्ति सम्झौता गर्नु आवश्यक छ। यस्ता सम्झौताले लगानीकर्ताको मनोबल बढाउँछ तथा वित्तीय लगानीको सुरक्षाको अनुभूति प्रदान गर्दछ।

(६) नेपाली नियोगमा कुशल अधिकारीको पदस्थापना र पर्याप्त बजेटको व्यवस्था मात्र होइन कार्यसम्पादन लक्ष्य समेत तोक्नुपर्दछ तथा यसको नियमित अनुगमन गर्नुपर्दछ र उत्तरदायित्व खोज्नुपर्दछ।

(७) विदेशमा मानार्थ वाणिज्यदूत नियुक्त गर्ने विधि तथा आधार स्पष्ट र पारदर्शी हुनुपर्दछ। उनीहरूलाई आर्थिक कूटनीति र व्यापार प्रवर्द्धनको लक्ष्य सहित कार्य विवरण तोक्नुपर्दछ र यसको नियमित अनुगमन हुनुपर्दछ। मानार्थ वाणिज्यदूत नियुक्तिमा अनिवार्य रूपमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको परामर्श लिने व्यवस्था हुनुपर्दछ।

(८) विदेशमा रहेका नेपालीलाई प्रभावकारी ढंगले नेपालको निर्यात प्रवर्द्धन र विदेशी लगानी आकर्षण गर्ने कार्यमा संलग्न गराउने रणनीति अवलम्बन गर्नु आवश्यक छ। नेपालका विदेशस्थित कूटनीतिक नियोग र ती मुलुकमा रहेका नेपाली डायस्पोरा तथा नेपालीसँग समन्वय गरेर काम गर्ने संरचना तयार गर्नुपर्दछ।

# ४. श्रम, महिला सशक्तीकरण र सामाजिक समावेशीकरण

**यस खण्डमा मूलतः दुई विषयको विश्लेषण गरिएको छः (१) अन्तर्राष्ट्रिय व्यापारको सन्दर्भमा श्रम बजार र (२) व्यापारमा महिला र सामाजिक समावेशीकरण।**

## अन्तर्राष्ट्रिय व्यापारको सन्दर्भमा श्रम बजार

श्रम सम्बन्धी विषय अन्तर्राष्ट्रिय व्यापारमा कूटनीतिक अस्त्रको रूपमा वा आयात रोक्ने र आफ्नो उद्योगको संरक्षण गर्ने दृष्टिकोणबाट समेत उठाउने गरिएको देखिन्छ। कतिपयले श्रमिकको मानव अधिकारको अवस्था हेर्नुपर्ने महत्वपूर्ण विषय हो भन्ने गर्छन्। विश्व व्यापार संगठनका सम्झौतामा श्रमको विषय पर्दैन र यो विषय विश्व व्यापार संगठनभित्र विवादमा आउँदैन। तर केही मुलुक, खासगरी इयुले विकासशील राष्ट्रलाई प्रदान गर्ने व्यापार सहुलियतमा श्रम सम्बन्धी शर्त राखेका छन्। अन्तर्राष्ट्रिय व्यापारमा निजी मापदण्ड र उपभोक्ता सचेतना समूहले अन्तर्राष्ट्रिय व्यापारका वस्तुको उत्पादनमा श्रमको प्रयोग उपयुक्त ढंगले गरिएको छ छैन भनी खोजीनीति गर्छन्। नेपालको गलैंचा उद्योग यस्तै प्रश्न उठेको कारण प्रभावित भएको दृष्टान्त छ। त्यसकारण श्रमको दक्षता र उत्पादकत्व मात्र होइन, श्रमिकलाई गर्ने व्यवहार, श्रमिकको भलाइ जस्ता विषय व्यापारमा प्रतिस्पर्धाको लागि बिर्सन नमिल्ने विषय हुन्।

नेपालमा कुल रोजगारीको एक-तिहाइ जति मात्र औपचारिक क्षेत्रमा रहेको छ। श्रमिकको ठूलो हिस्सा अनौपचारिक क्षेत्रमा संलग्न छ। प्रत्येक वर्ष करिब पाँच लाख व्यक्ति श्रम बजारमा प्रवेश गर्छन्, जसको ठूलो हिस्सा वैदेशिक रोजगारीमा जान्छ। नेपालको श्रम उत्पादकत्व विश्वमै कमजोर छ। उत्पादकत्व अभिवृद्धि गर्न सीप विकास गर्नुपर्दछ। सरकारले सीप विकास गर्ने नीति लिएको छ, कानून र संस्थाको व्यवस्था पनि छ तर सञ्चालन गरिने सीप विकास कार्यक्रम र बजारमा सीपको आवश्यकताको बीचमा तालमेल छैन।

नेपालको निर्यातका मुख्य वस्तु उद्योग, कृषि तथा वनबाट आउँछन्। कृषि र वन स्रोतको उत्पादनमा काम गर्ने अधिकांश श्रमिकको रोजगारी अनौपचारिक छ। यिनीहरूको काम गर्ने प्रविधि समेत परम्परागत छ। किसानले ज्यादै कम प्राविधिक सहयोग पाउँछन्। बाली भित्र्याउने, संकलन गर्ने, ढुवानी र भण्डारण गर्ने उपयुक्त सीप नभएको हुनाले धेरै क्षति हुने गरेको छ।

घरेलु तथा साना उद्यममा श्रम उत्पादकत्व कमजोर छ। केही निर्यातजन्य उद्योगले श्रम उत्पादकत्वमा उल्लेख्य सुधार गरेका छन्, श्रमिकको भलाइ र औद्योगिक सम्बन्धलाई ध्यान दिएका छन्। तर यो व्यापक रूपमा छैन। सेवा क्षेत्रमा पनि अनौपचारिक रोजगारी व्यापक छ र समष्टिगत रूपमा श्रम दक्षता कमजोर छ।

त्यसकारण, चौथो र पाँचौं पुस्ताका औद्योगिक प्रविधिलाई समेत प्रयोग गरेर श्रम उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नु, दक्ष श्रमिकलाई टिकाइराख्नु, अनौपचारिक रोजगारीलाई औपचारिक क्षेत्रमा लैजानु, श्रमिकको हक सुनिश्चित गर्नु र पर्याप्त सामाजिक सुरक्षा दिनु अन्तर्राष्ट्रिय व्यापारमा प्रतिस्पर्धी बन्नको लागि अनिवार्य शर्त भएका छन्।

नेपालको संविधानले रोजगारीको अधिकारलाई मौलिक अधिकारको रूपमा स्वीकार गरेको सन्दर्भमा रोजगारीको अधिकारको लागि कानून बनेको छ। रोजगारीमा पहुँचको लागि सूचना सेवाको प्रबन्ध छ। राष्ट्रिय रोजगार नीतिले नेपाली श्रमशक्तिलाई उत्पादक बनाउने र सम्मानजनक र सुरक्षित रोजगारी दिन सक्षम रोजगार बजार निर्माण गर्ने विषयलाई प्राथमिकता दिएको छ। श्रम ऐन, २०७४ ले श्रमिकको अधिकार, भलाइ, सुविधा, औद्योगिक सम्बन्ध, कार्यस्थल सुरक्षा र सामाजिक सुरक्षाको बारेमा राम्रो प्रबन्ध गरेको छ। निरीक्षण, नियमन र श्रम परीक्षणको लागि संस्थागत प्रबन्ध गरिएको छ।

व्यापारमा प्रतिस्पर्धी हुन र गुणस्तरयुक्त वस्तु तथा सेवाको उत्पादन गर्न श्रमिकको उत्पादकत्वमा निरन्तर सुधार हुनुपर्दछ। उत्पादकत्व बढाउन श्रमिकको सीप वृद्धि गर्ने कार्यक्रम निरन्तर रूपमा सञ्चालन गर्ने होइन प्रविधिको प्रयोगमा समेत जोड दिन आवश्यक छ। बजारको आवश्यकता र सीप अभिवृद्धि सम्बन्धी तालिममा तादात्म्य मिलाउन जरुरी छ।

श्रम उत्पादकत्वलाई प्रभावित गर्ने अर्को प्रमुख विषय सामाजिक सुरक्षा भएकोले औपचारिक क्षेत्रमा जस्तै अनौपचारिक क्षेत्रका श्रमिकलाई पनि सामाजिक सुरक्षा उपलब्ध गराउनु आवश्यक छ, अनौपचारिक श्रम बजारलाई क्रमशः औपचारिक स्वरूप दिन आवश्यक छ।



© क्याप्टेन रीता प्याकुरेल

केही मुलुकले सहुलियतयुक्त बजार प्रवेशको लागि श्रम सुधारका विषयलाई प्रधानता दिएको हुनाले भविष्यमा त्यस्तो बजारमा सहज पहुँचको लागि अवरोध नहोस् भनेर उनीहरूले जोड दिने गरेका श्रम सम्बन्धी शर्त खासगरी अन्तर्राष्ट्रिय श्रम संगठनका महत्वपूर्ण अभिसन्धि अनुमोदन गर्ने दिशामा सोच्नु आवश्यक देखिन्छ।

## व्यापारमा महिला र सामाजिक समावेशीकरण

लैंगिक समानता महत्वपूर्ण मानव अधिकार हो। महिलाको सशक्तीकरण गरियो भने दिगो आर्थिक वृद्धि र विकास गर्न सकिन्छ भन्ने विषय प्रमाणित भएको छ। व्यापारले महिलाको जीवनमा सुधार ल्याउँछ र परिवर्तित व्यापारको परिवर्तित प्रकृतिले महिलासामु नयाँ अवसर सिर्जना समेत गर्छ। विकासशील राष्ट्रमा समावेशी आर्थिक विकास गर्न महिला उद्यमशीलता प्रमुख तत्व भएको अध्ययनले देखाएको छ।

नेपालको व्यापार नीति लैंगिक-निरपेक्ष जस्तो देखिए तापनि यथार्थमा यसको असर महिला र पुरुषलाई भिन्न किसिमले पर्छ। साधारणतया समष्टिगत आर्थिक र व्यापार नीति संरचनागत अवरोधले श्रम बजारमा प्रवेश गर्ने सामर्थ्य र प्रतिफलमा हिस्साको हिसाबले महिला विभेदमा पर्छन् भन्ने कुरा हेक्का राख्दैनन्।

नेपालमा यस सहस्राब्दीको प्रारम्भदेखि सेवा र स्रोतमा महिलाको पहुँच बढाउन कानूनी र नीतिगत सुधार भएका छन्। महिलाको आर्थिक क्षमताको पूर्ण उपयोग गर्न अझै उल्लेख्य अवरोध छन्। नेपालले सन् १९९१ मा महिलामाथि सबै विभेदको अन्त्य गर्ने महासन्धिलाई अनुमोदन गऱ्यो र सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्ने प्रण गरेको छ। महिला विकास सूचकमा निश्चित रूपमा सुधार भएको छ र आ.व. २०८०/८१ सम्ममा सूचक ०.८९७ बाट बढाएर ०.९९ पुऱ्याउने लक्ष्य लिएको छ।

नेपालमा संस्थागत रोजगारीको ३७.३ प्रतिशत हिस्सा महिलाको छ। महिलाको सबैभन्दा बढी हिस्सा (५६.८ प्रतिशत) मानव स्वास्थ्य र समाज सेवाको क्षेत्रमा छ। त्यसपछि ४४.८ प्रतिशत हिस्सा वित्तीय तथा बीमा क्षेत्रमा छ। तर औपचारिक क्षेत्रमा महिलाको उपस्थिति ३० प्रतिशत मात्र छ। महिलाको स्वामित्वमा २६.८ प्रतिशत व्यवसाय छन् भने व्यस्थापकीय नेतृत्व २९.६ प्रतिशत संस्थामा छ। तर महिलाले नेतृत्व लिएका संस्था साधारणतया साना प्रकृतिका छन्। महिलाको आर्थिक सशक्तीकरण गर्न नीति राम्रो भए तापनि कार्यान्वयन कमजोर छ। स्रोत र सेवामा पहुँच तथा निर्णय प्रक्रियामा महिलाको प्रतिनिधित्व कमजोर छ। त्यसैगरी व्यापार सम्बन्धी विषयमा महिला उद्यमीको ज्ञान र क्षमता कमजोर छ।

व्यावसायिक प्रणालीमा कामदार, उपभोक्ता र उद्यमीको भूमिकामा महिला हुन्छन् । यी प्रत्येक भूमिकामा व्यावसायिक प्रणालीबाट सिर्जना हुने लाभमा उनीहरूको हिस्सा कम हुन्छ भने प्रणाली समस्याग्रस्त हुँदा पहिलो र तत्काल दुष्प्रभाव महिलामाथि नै पर्दछ । खासगरी श्रमप्रधान निर्यातमुखी उद्योगमा महिला कामदारको संख्या उल्लेख्य बढी भएको पाइन्छ । उद्योगले प्रतिस्पर्धी क्षमता निर्माण गर्न तुलनात्मक रूपमा सस्तो ज्यालामा काम गराउन सकिने देखेर महिलालाई काम दिन्छन् । तर दिगो प्रतिस्पर्धी क्षमताको लागि लैंगिक असमानता अन्त्य गर्ने गरी क्षमता विकास गर्नुपर्छ र महिलालाई व्यापार सम्बन्धी नीतिबाट लाभ लिन सक्षम तुल्याउनुपर्दछ ।

विश्व व्यापार संगठनका सम्झौतामा महिला वा लैंगिक विषयमा केही उल्लेख गरिएको छैन । तर बेला बेलामा यो विषयमा मन्त्रिस्तरीय सम्मेलनमा चर्चा हुने गरेको छ । ब्युनर्स आइर्समा भएको एघारौं मन्त्रिस्तरीय सम्मेलनमा महिला सहभागिताको बारेमा पहिलो पटक खुला रूपमा कुरा भएर महिला र व्यापार ब्युनर्स आइर्स घोषणापत्र जारी भएको थियो । त्यसैको अनुसरण गर्दै व्यापार र महिला विषयमा विश्व व्यापार संगठनमा अनौपचारिक कार्यसमूह स्थापना भएको थियो र हाल यो सक्रिय छ । यस सम्बन्धमा लैंगिकमैत्री नीति निर्माण, विश्व व्यापार संगठनमा लैंगिक दृष्टि, अनुसन्धान र विश्लेषणको काम र व्यापारको लागि सहयोग स्तम्भ सहितको कार्ययोजना निर्माण भएको छ । विश्व व्यापार संगठनको बाह्रौं मन्त्रिस्तरीय सम्मेलनको उपलब्धिमा व्यापार र महिलाको क्षेत्रमा थप कार्य गर्नुपर्ने विषय उल्लेख भएको छ ।

व्यापार नीतिमा लैंगिक दृष्टिबाट विश्लेषण गर्ने प्रयत्न गरियो भने महिलालाई पर्ने प्रभाव देख्न सकिन्छ । अंगोला, भुटान, केपभर्डे, गाम्बिया, लेसोथो, रुवान्डा र उरुग्वेमा गरिएको व्यापार र व्यापार सम्बन्धी नीतिको लैंगिक प्रभाव बारेको अध्ययनले नीति निर्माणको लागि महत्वपूर्ण सिकाइ प्रदान गरेको छ । विकसित राष्ट्रको आर्थिक सहयोग तथा विकास संगठन (ओइसिडी) ले व्यापार र व्यापार नीतिले महिलामा पार्ने प्रभावको विश्लेषण गर्ने खाका निर्माण गरेको छ । सो खाकाका तीनवटा पक्ष छन्ः पहिलो, महिलाको रोजगारी, ज्याला र रोजगारीका अन्य विषयमा व्यापारले पार्ने प्रभावको मापन । दोस्रो, महिलाको स्वामित्वको व्यवसायले व्यापारमा महिला सहभागिता र महिला उद्यमशीलतामा विद्यमान अवरोधको मूल्यांकन । तेस्रो, व्यापार नीतिको उपभोक्ता र खासगरी महिलामाथि मूल्य सम्बन्धी प्रभावको मापन । सो खाकाले व्यापार नीतिलाई लैंगिक मैत्री बनाउन हेर्नुपर्ने विषयको सूची समेत तय गरेको छ ।

यो रणनीति तर्जुमा गर्दा सरोकारवालासँग भएका छलफलमा व्यापारले नकारात्मक प्रभाव पारेका साना किसान, साना व्यापारी, महिला आदिको मुद्दा उठेका छन्, जसलाई यस रणनीतिले सम्बोधन गर्ने प्रयास गरेको छ ।

क्षेत्रीय व्यापार सम्झौतामा मानव अधिकार, दिगो विकासको सामाजिक पक्ष र संकटमा पर्न सक्ने समूहको चर्चा गरेर अप्रत्यक्ष रूपमा लैंगिक विषयलाई पनि सम्बोधन गर्ने प्रयत्न हुन थालेको छ । सन् २०२० मा क्यानडा, चिली र न्युजिल्याण्डका व्यापारसँग सम्बन्धित मन्त्रीले वैशविक व्यापार र लैंगिक प्रबन्धमा हस्ताक्षर गरेका छन् र समावेशी व्यापार कार्यसमूह स्थापना गरेका छन् । कार्यसमूहमा मेक्सिको, कोलम्बिया र पेरू पनि संलग्न भएका छन् । विश्व व्यापार संगठनमा क्षेत्रीय व्यापार सम्झौतामा लैंगिक प्रावधानको अनुगमन गर्न तथ्यांक-आधार (डेटाबेस) विकास प्रारम्भ गरिएको छ ।

व्यवसायीको रूपमा महिला र पुरुषले भोग्ने चुनौती र अवरोध फरक हुन्छन् अथवा समान प्रकृतिको अवरोधको प्रभाव महिला र पुरुषलाई फरक किसिमले पर्दछ । अर्थतन्त्रमा लैंगिक असमानता हटाउन नेपालमा विगत एक दशकमा प्रगति भएको छ । राष्ट्रिय आर्थिक गणना २०७५ र नेपाल श्रमशक्ति सर्वेक्षण २०७४/७५ मा लैंगिक सूचना खुल्ने गरी तथ्यांक संकलन र प्रशोधन गरिएको छ । तथापि, महिलाको आर्थिक सहभागिता सम्बन्धी विविध तथ्यांक उपलब्ध गराउन थप कार्य गर्नु आवश्यक छ ।

समावेशी व्यापार नीतिको दिशामा औद्योगिक नीति २०६७ ले महिला उद्यमीको लागि विशेष प्रबन्ध गरेको थियो । औद्योगिक व्यवसाय ऐन, २०७६ ले महिला उद्यमीलाई उद्योग तथा सम्पत्ति दर्ता शुल्क र आयकरमा थप सुविधा दिएको छ । औद्योगिक क्षेत्रमा महिला उद्यमीलाई प्राथमिकता दिइएको छ । नेपाल व्यापार एकीकृत रणनीति २०७३ ले प्राथमिकताका वस्तु तय गर्ने क्रममा लैंगिक प्रभाव समेत हेरेको थियो । जडीबुटी, चिया, गलैंचा, पश्मिना जस्ता वस्तुबाट सिर्जना हुने लाभको उच्च हिस्सा महिलामा जान्छ । पर्यटनको प्रभाव महिलामा मध्यम छ ।

विभिन्न अध्ययनले व्यवसायमा महिलालाई बढी अवरोध भएको देखाएको छ । कर्जामा न्यून पहुँच हुनु, बजार सञ्जाल असहयोगी हुनु, जमिनको स्वामित्व कम हुनु, प्रविधि र कच्चा पदार्थमा पहुँच कम हुनु प्रमुख समस्याको रूपमा रहेका छन् । महिलामा जोखिम बहन गर्ने सामर्थ्य कम हुनु, आधुनिक प्रविधिमा पहुँच नहुनु, वैयक्तिक सुरक्षा न्यून हुनु, यौनजन्य हिंसा हुनु, आन्तरिक र बाह्य बजारमा कडा प्रतिस्पर्धा हुनु, आत्मविश्वासको कमी हुनु, वर्गीकृत तथ्यांकको अभावमा महिलाबाट सञ्चालित व्यवसाय पहिचान गर्न कठिन हुनु र सामाजिक तथा सांस्कृतिक अवरोध रहनु थप समस्याका रूपमा रहेका छन् ।

धेरै महिलालाई व्यापार सम्बन्धी नियमको जानकारी हुँदैन । सानो आकार, सीमित क्षमता र निर्यात प्रक्रियाको बारेमा जानकारी नहुनाले महिला आफ्ना उत्पादन निर्यात गर्न सक्दैनन् । निर्यात गर्ने महिलाको हिस्सा न्यून रहेको र उनीहरूको पहुँच सामान्यतया क्षेत्रीय बजारसम्म मात्र रहेको छ ।

व्यापारमा महिला सहभागिता वृद्धि गर्न र व्यापारबाट हुने लाभमा महिलाको हिस्सा बढाउन सामन्यतयाः निम्न कार्य गर्नुपर्ने देखिन्छ ।

(१) व्यापार, लगानी, लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीतिमा सामञ्जस्य कायम गर्ने,

(२) व्यापारमा संलग्न हुँदा महिला तथा सीमान्तकृत समुदायले सामना गर्नुपरेका समस्या तथा चुनौतीको बारेमा अनुसन्धान गर्ने, अनुसन्धानमा आधारित सुझावको आधारमा संघीय तथा प्रदेशको बजेटमा कार्यक्रम समावेश गर्ने,

(३) व्यापार सम्बन्धी नीति, कानून, निर्देशन र कार्यविधिबारेमा महिला सशक्तीकरणको क्षेत्रमा काम गर्ने सामाजिक संस्थाको सहकार्यमा संघीय सरकारका निकायले महिला र विभेदमा परेका वर्गसम्म सूचना सम्प्रेषण गर्ने तथा सूचना प्रवाहको क्षमता वृद्धि गर्ने,

(४) व्यापारको लागि महिला सशक्तीकरण र सामाजिक समावेशीकरण सम्बन्धी वर्गीकृत तथ्यांक उत्पादन तथा वितरणलाई प्रभावकारी बनाउने,

(५) यस रणनीतिमा पहिचान गरिएका कम्तीमा दुई क्षेत्रमा प्रत्येक वर्ष महिला सशक्तीकरण र सामाजिक समावेशीकरण मूल्यांकन गर्ने तथा प्राथमिकता दिइएका वस्तु तथा सेवामा महिला सशक्तीकरण तथा सामाजिक समावेशीकरण मापन गर्ने स्पष्ट सूचक निर्माण गर्ने,

(६) नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयन इकाईमा महिला सशक्तीकरण तथा सामाजिक समावेशीकरण कक्ष स्थापना गरेर सबै क्रियाकलापमा सामाजिक समावेशीकरणको दृष्टिकोणले परीक्षण गर्ने प्रणाली स्थापित गर्ने ।

# ५. व्यापारिक पूर्वाधार विकास र व्यापार सहजीकरण

व्यापारिक पूर्वाधारले आपूर्ति श्रृंखलामा पर्ने सबै क्रियाकलाप जस्तै, यातायात, ग्राहक सेवा, मौज्दात व्यवस्थापन, सूचना प्रवाह, गोदाम व्यवस्थापन, सामग्री ओसारपसार, खरिद र प्याकेजिङसँग सम्बन्धित पूर्वाधारलाई समेट्दछ। पछिल्ला वर्षहरूमा सूचना प्रविधिको विकास, सेवाको एकीकरण, विश्वव्यापीकरण, कानूनी अनिवार्यता लगायतका कारणले व्यापारिक पूर्वाधार उद्योग फस्टाएको देखिन्छ।

उत्पादन सञ्जालसँग जोडिन व्यापारिक पूर्वाधार महत्वपूर्ण हुन्छ। नेपालमा विगतमा तर्जुमा तथा कार्यान्वयन गरिएका व्यापार एकीकरण सम्बन्धी रणनीति तथा निर्यात प्रवर्द्धन नीतिले असल व्यापारिक पूर्वाधारको अभावमा अपेक्षित रूपमा नतिजा ल्याउन सकेनन्। भौगोलिक कारणले नेपालमा निर्यात लागतको ठूलो हिस्सा यातायात तथा व्यापार पूर्वाधारजन्य लागत पर्दछ। उच्च व्यापार पूर्वाधार लागतले गर्दा नेपाली वस्तुको प्रतिस्पर्धात्मक क्षमता कमजोर भएको छ। कमजोर व्यापार पूर्वाधारको कारण आन्तरिक आपूर्ति श्रृंखला ज्यादै कमजोर रहेको छ र कतिपय स्वदेशी वस्तुले आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न सकेका छैनन्।

पछिल्ला वर्षमा नेपालले भन्सार कार्यविधि, व्यापारिक पूर्वाधार, गुणस्तर, ढुवानीको ट्याकिङ प्रणाली र सामान डेलिभरीमा राम्रो प्रगति गरेको छ। १६७ मुलुकमध्ये नेपाल लजिस्टिक्स पर्फर्मेन्स इन्डेक्समा १० स्थान उक्लेर ११४औं स्थानमा पुगेको छ। तथापि कृषि र वनजन्य उत्पादनका व्यापारीले आन्तरिक सामान ओसारपसारमा धेरै समस्या भोग्नुपरेको छ।

लजिस्टिक्स खर्च उत्पादक र उपभोक्ताको लागि लागत भए तापनि यसले राष्ट्रिय उत्पादनमा समेत योगदान गर्दछ। सुदृढ यातायात प्रणालीले लजिस्टिक्स विकास गर्न सहयोग पुग्दछ र लगानी आकर्षित गर्न सकिन्छ। उत्पादन बजारमा पुग्न नसकेमा न्यून श्रम लागत वा प्राकृतिक स्रोतको लाभ समेत उपयोग गर्न सकिँदैन। नेपालको राष्ट्रिय उत्पादनमा लजिस्टिक्स क्षेत्रको योगदान ७.२ प्रतिशत रहेको र यो वैश्विक औसतभन्दा ११.८ प्रतिशतले कम हो। एसिया प्रशान्त मुलुकमा यस्तो योगदान १२.६ प्रतिशत रहेको छ। यो योगदानमा टेलिकम सेवा समावेश गरिएको छ। यदि टेलिकम सेवा हटाउने हो भने अन्य पूर्वाधार क्षेत्रको योगदान ६ प्रतिशत मात्र रहेको छ।

यदि अन्तर्राष्ट्रिय वा क्षेत्रीय योगदानसरह नेपालमा पनि लजिस्टिक्स क्षेत्रको योगदान कुल गार्हस्थ उत्पादनमा १२ प्रतिशत पुऱ्याउने हो भने उत्पादनमूलक र अन्य उद्योगको विस्तारमा उल्लेख्य सहयोग पुग्न सक्दछ। साथै, अर्धदक्ष तथा अदक्ष रोजगारी सिर्जना गर्न तथा गरिबी निवारण र महिला सशक्तीकरणमा समेत सहयोग पुग्न सक्छ।

नेपालमा लजिस्टिक्सको अवस्था समीक्षा निम्न उपक्षेत्र अनुसार गर्नुपर्ने हुन्छ।

रणनीतिक सडक सञ्जाल र स्थानीय सडक सञ्जाल गरेर समेत २०७८ चैतसम्म नेपालमा ३३,८७१ किलोमिटर सडक रहेको छ। यसमध्ये ५० प्रतिशत कालोपत्रे छ भने २४ प्रतिशत सडक ग्राभेल र २६ प्रतिशत धुले सडक रहेको छ। हुम्ला बाहेक सबै जिल्ला सदरमुकामसम्म सडक पहुँच पुगेको छ।

मुलुकभरि ५३ वटा विमानस्थल रहेका छन्। ३४ वटा सञ्चालनमा रहेको र १५ वटामा मात्र नियमित व्यापारिक उडान हुने गरेको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले सन् २०२१ मा १४ लाख ६० हजार अन्तर्राष्ट्रिय यात्रु र ३७ लाख ७ हजार आन्तरिक यात्रुलाई सेवा दिएको थियो। साथै, सो विमानस्थलले उक्त वर्ष २९,५१४ टन अन्तर्राष्ट्रिय कार्गो र २४४ टन आन्तरिक कार्गो ह्यान्डल गरेको थियो। सो विमानस्थलबाट २६ वटा अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीले एसिया तथा युरोपका २३ गन्तव्यमा उडान भर्ने गरेका छन्। भैरहवा र पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न भएका छन्। पर्यटकीयस्थल नजिक भएकोले यी दुई नयाँ अन्तर्राष्ट्रिय विमानस्थलले त्रिभुवन विमानस्थलको भार केही हदसम्म कम गर्नेछन्।

कार्गोको लागि ठूला विमानको प्रयोग गर्न नसिकने भएकाले आन्तरिक ढुवानीको लागि हवाईसेवाको प्रयोग सीमित रहेको छ। त्यसैले मानवीय सहायताका सामग्री ढुवानी गर्न मात्र वायुसेवाको प्रयोग हुने गरेको छ।

त्रिभुवन विमानस्थलले निर्यात व्यापारको १५.३ प्रतिशत हिस्सा ओगट्छ। कोलकता वा विशाखापटनम बन्दरगाह प्रयोग गरेर नेपालको ५.६ प्रतिशत निर्यात हुने गरेको छ। त्रिभुवन विमानस्थल प्रयोग गरेर हुने निर्यातको ६० प्रतिशत अंश गलैंचा, तयारी पोशाक र पश्मिनाले ओगट्छ।



© श्यामसन फिल्म प्रोडक्सन

चोभार सुक्खा बन्दरगाह

सामान ढुवानीको लागि रक्सौल-सिर्सिया रेलमार्ग मात्र सञ्चालनमा रहेको छ। ६ कि.मि. लामो यस रेल्वे लाइनले रक्सौललाई वीरगन्ज नजिकको सिर्सिया सुक्खा बन्दरगाहसँग जोड्छ। भारत सरकारको सहयोगमा यात्रु सेवाको लागि २८ कि.मि. लामो जयनगर-जनकपुर रेलमार्ग र रेल्वे यात्रु तथा सामान ढुवानीको लागि १८.६ कि.मि. लामो जोगबनी-विराटनगर दुईवटा रेल्वे लाइन निर्माण सम्पन्न भएको छ। काठमाडौंको चोभार सुक्खा बन्दरगाहसम्म जोड्ने गरी भारत सरकारको सहयोगमा रेल्वे ल्याउने योजना रहेको छ। नेपाल र चीन सरकारबीच चीनको सिगात्सेसम्म आएको रेलमार्गलाई केरुङसम्म ल्याएपछि काठमाडौंसम्म विस्तार गर्ने गरी पूर्व सम्भाव्यता अध्ययन भएको छ। केरुङदेखि काठमाडौंसम्मको रेल्वेको अनुमानित लम्बाइ ७२ कि.मि. छ। १,०५६ कि.मि. लामो पूर्व-पश्चिम विद्युतीय रेलमार्गको केही खण्डको कार्य प्रारम्भ भएको र केही खण्डको वातावारणीय अध्ययन भएको छ। यो रेलमार्ग निर्माण भएपछि आन्तरिक ढुवानी सहज हुनेछ।

नेपालका प्रधानमन्त्रीको भारत भ्रमणका बेला करिब पाँच वर्ष पहिले आन्तरिक जलमार्गबाट भारतलाई जोड्ने सहमति भएको थियो। भारतले अहिले गंगा नदीमा राष्ट्रिय जलमार्ग-१ विकास गर्दैछ। नेपाल-भारतबीचको पारवहन सन्धि नवीकरण गर्दा भारतीय जलमार्गको प्रयोग गर्न दिने गरी नेपालले प्रस्ताव गरेको छ। यस सम्बन्धी सम्झौता भएपछि नेपालले तेस्रो मुलुकसँग गर्ने व्यापारमा भारतको सहिबगंज वा कालुघाटबाट कोलकाता/हल्दिया बन्दरगाहसम्म जलमार्ग प्रयोग गर्न सक्ने छ।

मुलुकमा अहिले ७ वटा सुक्खा बन्दरगाह र एकीकृत भन्सार जाँच चौकी सञ्चालनमा छन्। भैरहवा, नेपालगन्ज र रसुवागढीमा एकीकृत जाँच चौकी निर्माण भइरहेका छन्।

व्यापारिक सामानको आन्तरिक ओसारपसार र आयात निर्यातको लागि ढुवानी सेवा प्रदायक रहेका छन्। कार्गो एजेन्ट, भन्सार एजेन्ट जस्ता निकायले व्यापार सहजीकरण गर्न सहयोग पुऱ्याउने गरेका छन्। २८ ट्रक यातायात व्यवसायीको महासंघका अनुसार नेपालमा सामान ढुवानीको लागि ६० हजार ट्रक सञ्चालनमा छन्। आलु, फलफूल, मरमसला, तरकारी जस्ता चाँडो नास हुने कृषि उपजलाई भण्डारण गर्न मुलुकभर ५० वटा शीतभण्डार रहेका छन् जसको प्रति भण्डार क्षमता सरदर ३ हजार मेट्रिक टन रहेको छ। शीतभण्डार करिब ५० प्रतिशतको क्षमतामा मात्र सञ्चालन हुनसकेको देखिन्छ। नेपाल सरकारले कृषि उद्यमको रूपमा स्थापना हुने शीतभण्डारलाई पुँजीगत खर्चको ७० प्रतिशतसम्म र विद्युत् महसुलमा ५० प्रतिशत अनुदानको व्यवस्था गरेको छ।

नेपालले १६ मुलुकसँग व्यापार तथा पारवहन सम्झौता गरेको छ। खासगरी भारत, चीन, बंगलादेश र संयुक्त राज्य अमेरिकासँग समय समयमा बैठक हुने गरेको छ। तर बाँकी मुलुकसँग भने सम्झौता कार्यान्वयनको अनुगमन, पुनरावलोकन वा परिवर्तित आर्थिक सन्दर्भमा सम्झौताको समीक्षा गर्ने कार्य भएको छैन। त्यसैगरी नेपालले क्षेत्रीय व्यापार तथा पारवहन सम्झौताको उपयोग गरेर व्यापार विस्तार गर्न सकेको छैन।

नेपालले तेस्रो मुलुकसँग गर्ने व्यापारको लागि भारतीय बन्दरगाह प्रयोग गर्दा भारतसँगको पारवहन सन्धि लागू हुन्छ भने भारतसँग हुने व्यापारमा भारतसँगको व्यापार सन्धि लागू हुन्छ। भारतीय ट्रकको प्रयोग गरेर नेपालभित्र आउने सामानको लागि नेपालको सालबसाली आर्थिक ऐनले प्रबन्ध गरेको छ। सो अनुसार भारतीय ट्रकले ४८ घण्टाभित्रमा रित्तो फिर्ता गएमा कुनै शुल्क नतिरी नेपाली भूमिमा चल्न सक्छन्। नेपाली ट्रक भने काठमाडौंस्थित भारतीय राजदूतावासको स्वीकृति लिएर मात्र भारतीय भूमिमा प्रवेश गर्न सक्छन्।

बंगलादेशसँग हुने व्यापारको लागि काकडभिट्टा-पानीट्यांकी-फूलबारी-बंगलाबन्ध मार्ग प्रयोग हुने व्यवस्था छ। उत्तरमा रसुवागढी र तातोपानी नाकाबाट चिनियाँ भन्सार विन्दुसम्म नेपाली ट्रकले प्रवेश पाउँछन्। नेपाल-चीनबीच सम्पन्न पारवहन यातायात सम्झौता बमोजिम चीनका चारवटा सामुद्रिक बन्दरगाह र तीनवटा सुक्खा बन्दरगाह प्रयोग गरेर नेपालले चीन हुँदै तेस्रो मुलुकसँग व्यापार गर्न पाउने गरी पारवहन यातायात प्रोटोकलमा हस्ताक्षर भएको छ। तर हालसम्म दुवै पक्षबीच आवश्यक वार्ता तथा गृहकार्य हुन नसकेकाले चिनियाँ पारवहन मार्ग प्रयोग गरी व्यापान हुन सकेको छैन।

हाल भारतको कोलकता र विशाखापटनम बन्दरगाहबाट छुटेको नेपाली कार्गो रेल सिधै नेपालको वीरगन्ज सीमामा आइपुग्ने व्यवस्थाको लागि विद्युतीय कार्गो ट्र्याकिङ प्रणाली परीक्षणको रूपमा कार्यान्वयनमा आएको छ। अहिले भारतले रेल्वेबाट मात्र यस्तो ट्रान्ससीपमेन्ट सुविधा दिएकोले भारतीय बन्दरगाहबाट ट्रकबाट नेपाल आउने कार्गोमा समेत लागू गर्नुपर्ने देखिन्छ। बंगलादेश, भुटान, भारत र नेपालबीच मोटर भेहिकल्स सम्झौता भएको छ। तर भुटानले अनुमोदन नगरेको कारण सम्झौता बमोजिमको कार्य हुन सकेको छैन।

भन्सार विन्दुबाट मालसामानको ओसारपसारमा हुने विलम्ब कम गरी व्यापार सहजीकरण गर्न विश्व व्यापार संगठनको व्यापार सहजीकरण सम्झौतामा उल्लिखित केही मापदण्ड कार्यान्वयन भएका छन्। कतिपय मापदण्डको पालनाको लागि प्रस्तावित भन्सार ऐनमा प्रबन्ध गरिएको छ। प्रस्तावित विधेयक दुई वर्षभन्दा बढी समयदेखि संसद्मा अड्किएकाले व्यापार सहजीकरणमा अपेक्षित प्रगति हुन सकेको छैन। व्यापार सहजीकरणको लागि सूचना प्रविधि प्रणाली र भौतिक पूर्वाधारमा भने उल्लेख्य प्रगति भएको छ। नेपाल भन्सार स्वचालित प्रणाली सबै भन्सारमा लागू गरिएको छ र सबै किसिमका सेवा एकद्वार प्रणालीद्वारा प्रदान गर्ने कार्यमा प्रगति भएको छ। यातायात, भन्सार र सुक्खा बन्दरगाहका भौतिक पूर्वाधारमा सुधार भएको छ। तर अझै पनि गोदाम र शीतभण्डारको कमीले गर्दा आयात निर्यातमा अवरोध रहेको छ।

व्यापार सहजीकरणमा देहायका चुनौती रहेका छन्।

- **कागजात आवश्यकता र तयारीमा लाग्ने समय:** कतिपय निर्यातमा आवश्यक कागजातको संख्या अत्यधिक छ। जसले गर्दा कागजात सम्बन्धी कामको लागि धेरै समय लाग्ने गरेको छ। नेपाल र भारतबीचमा सूचना प्रविधिमा आधारित प्रणाली भएकाले विद्युतीय माध्यमबाट कागजात पठाउने कार्य सम्भव भए तापनि व्यवहारमा अझै पनि भौतिक रूपमा कागजात प्रयोग हुने गरेको छ।
- **महसुल तथा करको भुक्तानी:** भन्सार नाकामा महसुल तथा शुल्क भुक्तानी अझै पनि विद्युतीय माध्यमबाट हुन सकेको छैन। कतिपय भन्सार नाकाबाट बैंक टाढा रहेका छन्।
- **सामान क्लियरेन्समा विलम्ब:** अझै पनि करिब ६० प्रतिशत कार्गोको भौतिक परीक्षण हुने गरेको छ। कृषिजन्य वस्तु र खाद्य पदार्थको हकमा भन्सार विन्दुमै उपयुक्त प्रयोगशाला नहुँदा समय लाग्ने गरेको छ। एकीकृत जाँच चौकी बाहेकका भन्सार नाकामा गुणस्तरीय पूर्वाधार नभएकोले समेत क्लियरेन्समा ढिलाइ हुने गरेको छ।
- **व्यापार पूर्वाधार (लजिस्टिक्स) को अपर्याप्तता:** भन्सार विन्दुमा पर्याप्त गोदाम र उपयुक्त ह्यान्डलिङ सुविधाको अभाव छ। लजिस्टिक्स सेवा समष्टिगत रूपमा विकास हुन सकेको छैन। कतिपय वस्तु छरिएर उत्पादन हुने हुँदा तिनको संकलन, भण्डारण, ग्रेडिङ, प्राथमिक प्रशोधन, उपयुक्त भण्डारण र बजारसम्मको ढुवानी व्यवस्था कमजोर रहेका छन्। ढुवानी व्यवसाय खण्डित र ससानो स्वामित्वमा रहेकाले लागत बढ्न गएको छ।

व्यापार लजिस्टिक्स सुधारको लागि मुख्यतया निम्न कार्य गर्नुपर्ने देखिन्छ।

(१) व्यापारिक पूर्वाधार सुधार तथा निर्माणलाई व्यवस्थित बनाउन एउटा गुरुयोजना निर्माण गर्नुपर्ने

(२) व्यापारिक पूर्वाधारको लागि मापदण्ड निर्माण गर्नुपर्ने

(३) यातायात बाहेकका अन्य व्यापार पूर्वाधारको अवस्था कमजोर रहेकोले गैरयातायात व्यापार पूर्वाधारको स्वरूपमा स्पष्टता हुनुपर्ने

(४) विद्युतीय व्यापारलाई सहयोग पुग्नेगरी हुलाक सेवाको विकास र लजिस्टिक्स सेवा प्रदायकको क्षमता अभिवृद्धिमा ध्यान दिनुपर्ने।



**आरती स्टिल उद्योग**

# ६. खाद्य गुणस्तर र बिरूवा स्वास्थ्य तथा औद्योगिक वस्तुको गुणस्तर पूर्वाधार, मापदण्ड र कार्यान्वयनको अवस्था

**यस खण्डमा खाद्यान्न तथा कृषिजन्य वस्तु र औद्योगिक वस्तुको गुणस्तर पूर्वाधार, मापदण्ड र कार्यान्वयनको अवस्थाको बारेमा विश्लेषण गरिएको छ।**

## खाद्यान्न तथा कृषिजन्य वस्तुको गुणस्तर पूर्वाधार, मापदण्ड र कार्यान्वयनको अवस्था

**खाद्य स्वच्छता तथा बिरुवा स्वास्थ्य कार्यान्वयन गर्ने निकाय**

खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग खाद्य तथा दाना पदार्थको स्वच्छता सम्बन्धी मापदण्ड लागू गर्ने निकाय हो। खाद्य ऐन, २०२३ र दाना पदार्थ ऐन, २०३३ कार्यान्वयनको जिम्मेवारीको अतिरिक्त यस विभागले राष्ट्रिय कोडेक्स समितिको सचिवालय र नेपालको लागि एसपिएस सोधपुछ केन्द्रको समेत कार्य गर्दछ। सन् २०१३ देखि राष्ट्रिय कोडेक्स समितिले चारवटा प्राविधिक समिति बनाएर मासु तथा मासुजन्य पदार्थ, विषादी अवशेष, चिया, कफी, मसला र खाद्य वस्तु आयात निर्यात निरीक्षण तथा प्रमाणीकरणका मापदण्डमा सामञ्जस्यता कायम गर्ने कार्य गरिरहेको छ। प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्रले बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४, बिरुवा संरक्षण ऐन, २०६४ र जीवनाशक विषादी ऐन, २०७६ कार्यान्वयन गर्दछ। यो केन्द्र राष्ट्रिय बिरुवा संरक्षण संगठनको सचिवालय हो र अन्तर्राष्ट्रिय संगठनको सम्पर्क केन्द्र पनि हो। यो नेपालको लागि रोटरड्याम महासन्धि बमोजिम तोकिएको जीवनाशक विषादी राष्ट्रिय प्राधिकार समेत हो। पशु सेवा विभागले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ कार्यान्वयन गर्दछ र यो विश्व पशु स्वास्थ्य संगठनको सम्पर्क केन्द्र पनि हो।

नेपालको खाद्य स्वच्छता तथा बिरुवा स्वास्थ्य प्रणाली पूर्ण रूपमा विकसित भइसकेको छैन। खाद्य नियन्त्रण मूलतः गुणस्तर मापदण्डमा मात्र केन्द्रित छ र खाद्य स्वच्छतामा त्यति ध्यान पुग्न सकेको छैन। सबै खाद्य स्वच्छताको प्रतिमान परीक्षण र प्रमाणीकरण गर्ने सामर्थ्य विकास भएको छैन। स्वच्छता तथा बिरुवा स्वास्थ्य सम्बन्धी निकाय र प्रयोगशालामा छिटो छिटो कर्मचारी सरुवा, शत्रुजीव बेलैमा पहिचानको कमी तथा जीवनाशक विषादीको जथाभावी प्रयोग नियन्त्रण गर्न प्राविधिक क्षमताको अभाव लगायतका समस्याहरू छन्। मुलुकको खाद्य स्वच्छता तथा बिरुवा स्वास्थ्य प्रणालीको क्षमता विश्लेषण नियमित रूपमा हुने गरेको नभए तापनि विश्व बैंक लगायत केही अन्तर्राष्ट्रिय संस्थाले क्षमता वृद्धिको लागि पूर्वाधार विकास र तालिममा सहयोग गर्ने गरेका छन्।

**स्वच्छता तथा बिरुवा स्वास्थ्य प्रणालीका कमजोरी**

विश्व व्यापार संगठनले निर्धारण गरेका स्वच्छता तथा बिरुवा स्वास्थ्य सम्बन्धी मापदण्डको पूर्ण पालना सम्बन्धमा निम्न कमजोरी रहेका छन्।

- पशु स्वास्थ्य, जीवनाशक विषादी, शत्रुजीव र खाद्य स्वच्छता सम्बन्धी सम्पूर्ण मापदण्डको अपूरो कार्यान्वयन
- नियमन सहितको औपचारिक व्यापारमा सरिक हुन निजी क्षेत्रलाई प्रोत्साहनको कमी
- सरकारी संयन्त्र तथा संलग्न कर्मचारीमा स्वच्छता तथा बिरुवा स्वास्थ्य मापदण्डको कार्यान्वयन तथा अनुगमन गर्ने क्षमताको कमी
- उच्च जोखिमयुक्त रोग, शत्रुजीव र स्वच्छता सम्बन्धी जोखिमका सूचना संग्रह, विश्लेषण र जानकारी प्रवाह गर्ने वैज्ञानिक प्रणालीको अभाव
- खाद्य नियन्त्रण अत्यधिक मात्रामा गुणस्तर केन्द्रित रहेको तर खाद्य स्वच्छतामा पर्याप्त ध्यान नपुगेको
- स्वच्छता तथा बिरुवा स्वास्थ्य सम्बन्धी निकाय र प्रयोगशालामा कर्मचारीको छिटो छिटो सरुवा
- आयात निरीक्षण प्रोटोकलको अभाव
- बिरुवा क्वारेन्टिन र प्रवेश पश्चात् क्वारेन्टिनको लागि प्रयोगशालाको कमी
- जीवनाशक विषादीको अवशेष, पशु औषधीका अवशेष, धातु तथा अन्य प्रदूषण र विकारको परीक्षण गर्ने क्षमताको कमी

**स्वच्छता तथा बिरुवा स्वास्थ्य सम्बन्धी कानूनी कार्यान्वयनको समीक्षा**

विश्व व्यापार संगठनमा प्रवेश पश्चात् वैश्विक आवश्यकता बमोजिम पुरानो कानूनी व्यवस्थालाई पूर्ण रूपमा परिमार्जन गरी बिरुवा संरक्षण ऐन, २०६४ र बिरुवा संरक्षण नियमावली, २०६६ कार्यान्वयनमा आएको छ। नेपालले आधिकारिक रूपमा १८ बालीमा लाग्ने २५४ शत्रुजीवको पहिचान गरेको छ। शत्रुजीव व्यवस्थापन सम्बन्धी ३३ राष्ट्रिय मापदण्ड र आन्तरिक क्वारेन्टिन निर्देशिका तयार भएको छ। साथै, ४४ वटा अन्तर्राष्ट्रिय मापदण्डमध्ये १८ वटा राष्ट्रिय मापदण्ड निर्माण गरिएको छ। सुन्तला जातका फलफूल लगाइएका क्षेत्रमा शत्रुजीव मुक्त बनाउन सर्वेक्षण र निगरानी कार्यक्रम सञ्चालन भएको छ। विकास साझेदारको सहयोगमा ६ वटा जडीबुटी र ६ वटा कृषि उपजमा निगरानी गरिएको छ।

खाद्य ऐन, २०२३ र खाद्य नियमावली २०२७ ले खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागलाई प्रमाणीकरण, निरीक्षण र निगरानी गर्ने अधिकार दिएको छ। हालसम्म १३५ किसिमका खाद्य पदार्थको मापदण्ड तयार भएका छन्। यी मापदण्ड बढी मात्रामा गुणस्तरमा केन्द्रित रहेका छन् भने स्वच्छतामा त्यति ध्यान दिइएको देखिँदैन। केन्द्रीय खाद्य प्रयोगशालाले १०१ वटा खाद्य गुणस्तर प्रतिमान परीक्षण गर्नसक्ने प्रमाणीकरण पाएको छ तर खाद्य स्वच्छता सम्बन्धी त्यस्तो प्रमाणीकरण छैन। खाद्य स्वच्छता सम्बन्धी नीतिगत र कानूनी संरचना कमजोर रहेको छ।

पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र नियमावली, २०५६ ले पशु स्वास्थ्य र मासुजन्य पदार्थको स्वच्छता प्रवर्द्धन र अनुगमन गर्ने अधिकार पशु सेवा विभाग अन्तर्गतका निकायलाई दिएको छ। पशु आहारा उत्पादन र मासु प्रशोधन गर्ने व्यवसायीले यस विभागबाट स्वीकृति लिएर मात्र काम गर्न सक्छन्। पशुको ओसारपसार गर्दा एक ठाउँबाट अर्को ठाउँमा रोग नसरोस् भनेर मुलुकभित्र ४ वटा र सीमा नाकामा २५ वटा जाँच चौकी स्थापना गरिएको छ।

संघीय शासन पद्धति अवलम्बन गरे पश्चात् बिरुवा, पशु तथा खाद्य क्वारेन्टिन संघीय सरकारको अधिकार क्षेत्रभित्र रहेको छ। तर प्रदेश सरकार वा स्थानीय सरकारले पशु तथा खाद्य स्वच्छता, गुणस्तर, प्रविधि र पोषणका विषयमा आफ्नो क्षेत्राधिकारभित्र कानून तर्जुमा र लागू गर्न सक्छन्। खासगरी होटेल तथा रेस्टुराँको वर्गीकरण, निरीक्षण र खाद्य स्वच्छता सम्बन्धी जनचेतना कार्यक्रम स्थानीय सरकारले सञ्चालन गर्नुपर्ने हुन्छ।

खाद्य स्वच्छता तथा बिरुवा स्वास्थ्य प्रवर्द्धन र जोखिम नियन्त्रणको लागि निजी क्षेत्रको भूमिका अहम् हुन्छ। खाद्य स्वच्छता तथा बिरुवा स्वास्थ्य सम्बन्धी जानकारीको अभाव, प्राविधिक सहयोग र प्रयोगशालाको न्यून पहुँच भएको हुँदा साना किसान तथा उत्पादक मारमा परेका छन्। साना किसानले उत्पादन गर्ने कतिपय जैविक उत्पादनले बजारमा राम्रो मूल्य पाउन र अन्तर्राष्ट्रिय बजारमा समेत स्थान पाउन सक्छन्। तर उनीहरूको उत्पादनको 'जैविक प्रमाणपत्र' दिने संस्थागत प्रबन्धको अभाव छ।

## व्यापार साझेदार मुलुकसँग खाद्य स्वच्छता तथा बिरुवा स्वास्थ्य सम्बन्धी मापदण्डको तुलनात्मक अवस्था

नेपालका मुख्य व्यापारिक साझेदार मुलुक भारत, चीन र बंगलादेशबीच खाद्य स्वच्छता तथा बिरुवा स्वास्थ्यका मापदण्डबीच सामञ्जस्य हुन सकेको छैन। खासगरी स्वच्छता, गुणस्तर वा शत्रुजीव मुक्त भनी दिइने प्रमाणपत्र परस्पर स्वीकार्य हुनको लागि द्विपक्षीय वा बहुपक्षीय सम्झौता हुन सकेको छैन। गुणस्तर पूर्वाधारको सामर्थ्यमा विश्वास दिलाउन नसकिएकाले परस्पर पहिचान सम्झौता हुन नसकेको देखिन्छ। कतिपय भारतीय र चिनियाँ कम्पनीले आफ्नै स्वैच्छिक मापदण्डलाई आधार बनाउने गरेका छन् र नेपाली निर्यातकर्ताले सो मापदण्ड पूरा गर्न नसक्दा वस्तु निर्यात गर्न समस्या परेको देखिन्छ।

ससानो परिमाणमा उत्पादन भएका कृषिजन्य वा वनजन्य उत्पादनको संग्रह गरेर एकै किसिमको गुणस्तर कायम गर्नु सजिलो कार्य होइन। तसर्थ, ठूलो बजारमा ठूलो परिमाणमा वस्तुको कारोबार हुने भएकाले समान गुणस्तरका वस्तु आपूर्ति गर्न कतिपय अवस्थामा नेपाली निर्यातकर्तालाई गाह्रो हुन्छ।

विकसित मुलुकले उत्पत्तिको पहिचान (ट्रेसेबिलिटी), स्वच्छताको प्रमाणपत्र, जीवनाशक-विषादीको अवशेषको सीमा, शत्रुजीव मुक्त उत्पादन, स्वीकार्य विधिबाट शत्रुजीव वा रोग मुक्त गरिएको, मान्यता प्राप्त प्रयोगशालाबाट परीक्षण, असल उत्पादन अभ्यास लगायतका विषयलाई हेर्ने हुनाले यी विषय पूरा गर्न नेपाली निर्यातकर्तालाई कतिपय अवस्थामा गाह्रो छ। वस्तुको मात्र नभई प्याकेजिङ सामग्रीको स्वच्छता पनि महत्वपूर्ण मानिन्छ। हामीले ट्रेसेबिलिटीको प्रणाली शुरू गरेका छैनौं। तथापि, हालै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले इलाममा उत्पादन

हुने अर्थोडक्स चियाको ट्रेसेबिलिटी सफ्टवयर निर्माण गरिरहेको छ। वस्तुको स्वच्छतामा केही हदसम्म ध्यान दिए तापनि प्याकेजिङ सामग्रीको स्वच्छतामा ध्यान पुग्न सकेको छैन।

**खाद्य स्वच्छता तथा बिरुवा स्वास्थ्य सम्बन्धी गर्नुपर्ने कार्यहरू**

- काठमाडौं र वीरगञ्ज एकीकृत जाँच चौकीका स्वच्छता तथा बिरुवा स्वास्थ्य, क्वारेन्टिन सुविधा र प्रयोगशालाको स्तरोन्नति गर्न आवश्यक रहेको
- कीर्तिपुरस्थित सुक्खा बन्दरगाहमा प्रवेश पश्चात्को क्वारेन्टिन तथा फ्युमिगेसन स्टेशनलाई मिथाइल ब्रोमाइड उपचार हुनेगरी तत्काल सञ्चालनमा ल्याउनु आवश्यक रहेको
- नेपालगन्ज, भैरहवा, वीरगन्ज, विराटनगर र काकडभिट्टा सीमानाकामा प्रवेश पश्चात्को क्वारेन्टिन र बिरुवा स्वास्थ्य परीक्षण सुविधा निर्माण गर्न आवश्यक रहेको
- अन्तर्राष्ट्रिय मापदण्ड, कोडेक्स, अन्तर्राष्ट्रिय बिरुवा संरक्षण महासन्धि र पशु स्वास्थ्य सम्बन्धी अन्तर्राष्ट्रिय संगठनका मापदण्ड समय समयमा अद्यावधिक गरिने हुँदा सो अनुरूप नेपालका कानून तथा कार्यविधि संशोधन गर्नुपर्ने
- स्वच्छता तथा बिरुवा स्वास्थ्य सम्बन्धी निकायको प्रणाली, पूर्वाधार र मानवस्रोत विकासमा ध्यान दिनु आवश्यक रहेको
- अन्तर्राष्ट्रिय व्यापारको लागि आवश्यक स्वच्छता तथा बिरुवा स्वास्थ्य सम्बन्धी कतिपय प्रोटोकल विकास गर्न बाँकी रहेकाले प्रोटोकल विकास गर्नुपर्ने
- वीरगन्ज एकीकृत जाँच चौकीमा निर्माण गरिएको क्वारेन्टिन ब्लकमा तीनै किसिमका क्वारेन्टिन सेवा दिन साँघुरो रहेकाले क्वारेन्टिन ब्लक विस्तारको काम तुरुन्त शुरू गर्नुपर्ने
- बिरुवा र पशु सम्बन्धी प्रयोगशालाको क्षमता र स्तर सीमित रहेको तथा मान्यता प्राप्त प्रयोगशाला नभएको हुँदा धेरै किसिमका वस्तुको गुणस्तर तथा स्वच्छताको प्रमाणीकरण गर्ने क्षमता विस्तार गर्नुको साथै खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका प्रयोगशालालाई सबै प्रतिमानको प्रमाणीकरण गर्नसक्ने हैसियतमा पुऱ्याउनु आवश्यक रहेको
- प्राथमिकताप्राप्त बालीको सर्वेक्षण तथा निगरानी प्रभावकारी बनाई राष्ट्रिय बिरुवा स्वच्छता डेटाबेस तयार गर्न र शत्रुजीव जोखिम विश्लेषण गर्न विद्युतीय माध्यमबाट सूचना सम्प्रेषण गर्ने क्षमता विकास गर्नु आवश्यक रहेको
- स्वच्छता तथा बिरुवा स्वास्थ्य र गुणस्तर सम्बन्धी विषयमा भारत र चीनका राष्ट्रिय बिरुवा संरक्षण संगठनसँग नियमित बैठक गर्नुपर्ने
- निर्यातजन्य वस्तु खासगरी चिया, कफी, खाद्य वस्तु, अलैंची, अदुवा, जडीबुटी, सुन्तला जातका फलफूल र तरकारीको प्रयोगशाला परीक्षण, शत्रुजीव जोखिम विश्लेषण र स्थान पहिचान जस्ता विषयमा विश्लेषण गर्नु आवश्यक रहेको
- अन्तर्राष्ट्रिय असल अभ्यास बमोजिम समरूपता परीक्षण गरी प्रणाली माथिको विश्वास बढाउनु जरुरी रहेको र अन्तर्राष्ट्रिय मान्यताप्राप्त नेपाल प्रत्यायन केन्द्र स्थापना गरी प्रयोगशालालाई प्रत्यायन गर्नु आवश्यक रहेको
- खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले विकास गरेका खाद्य पदार्थका मापदण्ड कोडेक्स मापदण्ड अनुरुप भएको भनिए तापनि केही हानिकारक रसायन र विकार समावेश नगरिएको हुँदा यस्ता रसायन र विकार भएका वस्तु सहजै आयात हुनसक्ने भएकाले त्यस्ता हानिकारक तत्वलाई मापदण्डमा समावेश गर्नुपर्ने
- अधिकांश प्राथमिक उत्पादक र निर्यातकर्ताले स्वच्छता तथा बिरुवा स्वास्थ्य र गुणस्तर सम्बन्धी आवश्यकता पुरा गर्न नसकेका एवम् यस सम्बन्धी ज्ञान तथा महत्वको जानकारीको कमी भएकाले सरोकारवालालाई विधि, महत्व र यस सम्बन्धी निकायका बारेमा सचेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने
- प्रदेश सरकारले स्वच्छता तथा बिरुवा स्वास्थ्यबारे निर्वाह गर्नुपर्ने भूमिका पहिचान गर्नुपर्ने र प्रादेशिक तहको प्रयोगशाला प्रवर्द्धन गर्न सहयोग गर्नुपर्ने एवम् बिरुवा तथा पशु रोग, शत्रुजीव निदान तथा परीक्षण गर्ने अधिकार दिनुपर्ने
- नेपाली वस्तु निर्यात हुने मुलुकसँग परस्पर पहिचान सम्झौता गरी निर्यात सहज बनाउने
- निर्यातयोग्य वस्तुको गुणस्तरयुक्त उत्पादन गर्न किसानको क्षमता अभिवृद्धि गर्नुपर्ने
- पशु वधशाला र मासु जाँच ऐन, २०५५ को पूर्ण कार्यान्वयनमा जोड दिनुपर्ने

## औद्योगिक वस्तुको गुणस्तर पूर्वाधार, मापदण्ड र कार्यान्वयन

### गुणस्तर पूर्वाधार सम्बन्धी विगतका प्रयास तथा विद्यमान नीति

नेपाल व्यापार एकीकृत रणनीतिको प्रथम चरणदेखि नै औद्योगिक वस्तुको गुणस्तर पूर्वाधारलाई महत्व दिएको पाइन्छ। विगतका प्रयासले वस्तु तथा रसायन परीक्षणको क्षमता बढेको छ। रसायन परीक्षण प्रयोगशालाले ११ वटा वस्तुका ८२ प्रतिमान परिक्षण गर्ने मान्यता पाएको छ। क्यलिब्रेसन प्रयोगशाला मान्यता प्राप्त छ। ११ वस्तुको १३ वटा विधा (स्कोप) प्रमाणित हुने गरेको छ भने ७ वटा विधामा प्रणाली प्रमाणीकरण हुने गरेको छ। सार्वजनिक निजी साझेदारीमा हस्तकला प्रयोगशाला तयार भएको छ। प्रत्यायन ऐन २०७९ पारित भई कार्यान्वयनमा आएको छ। नेपाल गुणस्तर (प्रमाण चिन्ह) २०३७ को परिमार्जन गरी समसामयिक बनाउन नेपाल गुणस्तर तथा नापतौल विभागले विधेयकको मस्यौदा तयार गरिरहेको छ।

औद्योगिक नीति २०६७ ले औद्योगिक वस्तुको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी निर्यात प्रवर्द्धन गर्न गुणस्तर पूर्वाधार सुदृढीकरणमा जोड दिएको छ। नेपाल गुणस्तर तथा नापतौल विभागलाई खाद्य वस्तु र औषधी बाहेकका सामग्रीको गुणस्तर प्रमाणीकरण र अनुगमन गर्न सक्षम निकायको रूपमा विकास गर्न प्राथमिकता दिइएको छ। तर गुणस्तर र त्यसको परीक्षणलाई औद्योगिक क्रियाकलापका सबै पक्षमा महत्व दिन हालसम्म गुणस्तर नीति र प्रयोगशाला नीति तर्जुमा हुन सकेको छैन।

### गुणस्तर सम्बन्धी संस्था तथा सेवाको अवस्था

औद्योगिक वस्तुको गुणस्तर सम्बन्धी नियामक संस्थाको रूपमा नेपाल गुणस्तर तथा नापतौल विभाग रहेको छ। यसको सेवाका तीनवटा आयाम छन्ः गुणस्तर मापदण्ड विकास, समरूपता मूल्यांकन र नापतौल। सन् २०१४ देखि यो विभाग अन्तर्राष्ट्रिय गुणस्तर संस्थाको सदस्य राष्ट्रिय गुणस्तर संस्थाको रूपमा रहेको छ। सन् २००१ देखि यो विभाग अन्तर्राष्ट्रिय विद्युतीय-प्रविधि आयोगको सदस्य र सन् २००९ देखि दक्षिण एसियाली क्षेत्रीय गुणस्तर संगठनको सदस्य रहेको छ। यो विभाग राष्ट्रिय नापतौल संस्था समेत रहेको र सन् १९८२ देखि एसिया प्यासिफिक मेट्रोलोजी कार्यक्रम र अन्तर्राष्ट्रिय कानूनी नापतौल संगठनको सदस्य रहेको छ। विभागले करिब १ हजार राष्ट्रिय गुणस्तर मापदण्ड तयार गरेको छ। विभागले वस्तु, उत्पादन विधि र केही सीमित व्यवस्थापनका विषयको प्रमाणीकरण गर्छ। तर व्यक्तिको क्षमताको प्रमाणीकरण भने गर्दैन। विभागले थप गुणस्तर मापदण्ड निर्माण गर्नुपर्ने तथा प्रमाणीकरणको दायरा विस्तार गर्नुपर्ने छ।

नेपाल गुणस्तर तथा नापतौल विभाग अन्तर्राष्ट्रिय गुणस्तर संगठनका १० वटा प्राविधिक समितिमा सहभागी वा पर्यवेक्षक सदस्य रहेको छ र दक्षिण एसियाली क्षेत्रीय गुणस्तर संस्थाको मापदण्ड विकासमा सहभागी हुने गरेको छ। विभागका ९ वटा परीक्षण प्रयोगशाला रहेका र निर्माण सामग्री, रसायन तथा खाद्य पदार्थ, माइक्रोबायोलोजी, विद्युतीय, पाइप, कपडा, छाला, यान्त्रिक र नापतौलको परीक्षण हुने गरेको छ। यी वस्तुमा विभागसँग पहिले ८२ प्रतिमानको परीक्षण मान्यता रहेकोमा हाल ७६ प्रतिमानको मान्यता रहेको छ। विभागसँग तौल, आयतन र तापक्रम नापतौल गर्ने मान्यता समेत छ। यो विभाग राष्ट्रिय नापतौल संस्था समेत भएकोले कानूनी, औद्योगिक र वैज्ञानिक नापतौल प्रमाणीकरणको कार्य गर्दछ। तर यो विभागसँग अन्तर्राष्ट्रिय व्यापारको लागि आवश्यक समरूपता मूल्यांकन गर्ने औद्योगिक नापतौल क्षमता भने छैन।

खाद्य वस्तुको गुणस्तर अनुगमन गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग छ। तीन दशकदेखि यो विभाग कोडेक्सको नेपाल सम्पर्क विन्दुको रूपमा समेत रहेको छ। औषधी व्यवस्था विभाग मुलुकको राष्ट्रिय औषधी नियमन निकाय हो। यसले औषधी र औषधीय-पौष्टिक पदार्थको नियमन गर्दछ। विभागको प्रयोगशाला प्रमाणीकरण भइसकेको छैन। वनस्पति विभागले जडीबुटी तथा बिरुवाको परीक्षण गर्दछ र यससँग ९ वटा प्रतिमानको पहिचान र प्रमाणीकरण गर्ने मान्यताप्राप्त प्रयोगशाला रहेको छ।

### गुणस्तर पूर्वाधार सम्बन्धी अन्य मुलुकसँगको तुलना

अन्तर्राष्ट्रिय स्तरमा नापतौल सम्बन्धी काम दुई भिन्न निकायले गरेको पाइन्छ। मिटर महासन्धि बमोजिम अन्तर्राष्ट्रिय वैट्स एण्ड मेजर्स ब्युरो स्थापना भएको छ। अन्तर्राष्ट्रिय व्यापारको लागि आवश्यक कानूनी नापतौल विधिको लागि सन् १९५५ मा अन्तर्राष्ट्रिय लिगल मेट्रोलोजी संगठन स्थापना भएको थियो। भारत र संयुक्त राज्य अमेरिकामा गुणस्तर नीति रहेको छ। सो नीति अन्तर्गत गुणस्तर पूर्वाधार खडा गरिएका छन्। अमेरिकामा ४ वटा गुणस्तर निकाय छन्। अमेरिकन न्यासनल स्टायण्डर्डस् इन्स्टिच्युट निजी गैरसरकारी संस्था रहेको छ र यसले अन्तर्राष्ट्रिय संस्था आइएसओमा अमेरिकी सरकारको आधिकारिक प्रतिनिधित्व गर्दछ। अमेरिकन सोसाइटी फर टेस्टिङ एण्ड मटेरियल्सले विभिन्न वस्तु प्रणाली र सेवाको गुणस्तर निर्धारण गर्दछ। वाणिज्य विभाग अन्तर्गतको न्यासनल इन्स्टिच्युट अफ साइन्स एण्ड टेक्नोलोजीले

वैज्ञानिक, कानूनी नापतौल, प्रमाणीकरण र मापदण्डको काम गर्छ । नेशनल स्टायण्डर्डस् सिस्टम नेटवर्कले प्राविधिक मापदण्ड विकास, उत्पादन, वितरण र यसको प्रयोग गर्ने संस्थालाई विद्युतीय नेटवर्कमा आबद्ध गर्दछ ।

भारतमा भारतीय मानक ब्युरो मुख्य सरकारी निकाय हो । यसको अतिरिक्त विभिन्न मन्त्रालय अन्तर्गत मापदण्ड विकास गर्ने निकाय रहेका छन् । नापतौलको लागि राष्ट्रिय भौतिक प्रयोगशाला रहेको छ । भारत एटोमिक रिसर्च केन्द्रले रेडिएसन सम्बन्धी विषय हेर्दछ । प्रमाणीकरणको कार्य भारतीय गुणवत्ता परिषद्ले गर्दछ र यस अन्तर्गत ५ वटा स्वायत्त बोर्ड रहेका छन् । भारतीय मानक ब्युरोले समरूपता मूल्यांकन गर्दछ । भारत र अमेरिकामा जस्तै युरोपियन युनियन र चीनमा समेत गुणस्तर नीति रहेको छ । सो नीति अनुरूप गुणस्तर र नापतौलको नियमन गर्ने संस्था छन् ।

प्रभावकारी गुणस्तर पूर्वाधारको लागि अन्तर्राष्ट्रिय अभ्यासको समीक्षा गर्दा निम्न अवयव अनिवार्य देखिन्छ ।

- राष्ट्रिय गुणस्तर नीति र यसको कार्यान्वयन
- प्राविधिक नियमन प्रणाली निर्माण र यसको कार्यान्वयन
- प्रमाणीकरण
- स्तरीकरण
- नापतौल
- समरूपता मूल्यांकन
- गुणस्तर प्रवर्द्धन र प्रयोग

नेपालमा गुणस्तर नीति नै बनेको छैन । प्राविधिक नियमन प्रणालीको लागि अन्तर्राष्ट्रिय गुणस्तर संगठनको सदस्यको रूपमा नेपाल गुणस्तर तथा नापतौल विभाग रहेको छ । मापदण्ड निर्माण र नियमन गर्ने दुवै कार्य यस विभागले गर्दछ । मापदण्ड निर्माण र नियमनको लागि अलग अलग निकाय हुनु आवश्यक छ । गैरमहसुलजन्य व्यापारिक अवरोध र स्वच्छता तथा बिरुवा स्वास्थ्य सम्बन्धी सम्झौता अनुरूप नियमन संरचना तयार गर्न कानूनमा संशोधन गर्नुपर्ने देखिन्छ । प्रत्यायनको लागि हालसालै प्रत्यायन ऐन २०७९ जारी भएको छ । ऐनमा व्यवस्था भए अनुरूप नेपाल प्रत्यायन केन्द्र स्थापना गर्नुपर्ने छ । अन्तर्राष्ट्रिय व्यापारको लागि स्वैच्छिक अन्तर्राष्ट्रिय मापदण्डको परिपालना अत्यावश्यक हुन्छ ।

नापतौलका सबै विधाको लागि गुणस्तर तथा नापतौल विभाग जिम्मेवार रहेको छ । औद्योगिक नापतौलको क्षेत्रमा धेरै काम गर्न बाँकी छ । आइएसओ/आइइसी १७००० बमोजिम वस्तु, विधि, प्रणाली व्यक्ति वा निकायले निर्धारित आवश्यकता पूरा गरेको परीक्षण गर्ने समरूपता मूल्यांकन कमजोर रहेको छ । आइइसी जस्तो अन्तर्राष्ट्रिय निकायको समरूपता मूल्यांकन सम्बन्धी काम नेपालमा हुन सकेको छैन ।

धेरै मुलुकमा गुणस्तर प्रवर्द्धन, चेतना अभिवृद्धि र तालिमको लागि आवश्यक संस्थागत व्यवस्था भएको हुन्छ । नेपालले पनि सबै सरोकारवालालाई गुणस्तर सम्बन्धी चेतना बढाउने राष्ट्रिय अभियान सञ्चालन गर्नु आवश्यक छ । गुणस्तरको लागि राष्ट्रिय प्रतिबद्धताले व्यापारिक साझेदार मुलुकको विश्वास जित्न सकिन्छ ।

**गुणस्तर पूर्वाधारको क्षमता विश्लेषण**

नेपालको गुणस्तर पूर्वधारको सबल पक्ष, कमजोरी, अवसर तथा चुनौती तल प्रस्तुत गरिएको छ ।

| सबल पक्ष | कमजोरी |
|---|---|
| ♦ नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७ र नियमावली, २०४०<br>♦ स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ र नियमावली, २०२७<br>♦ प्रत्यायन ऐन, २०७९<br>♦ प्राविधिक पेशाविद्को समूह<br>♦ ७६ वटा रसायनको प्रतिमान र १३ वटा वस्तुको लागि मान्यताप्राप्त प्रयोगशाला<br>♦ आइएसओ ९००१:२०१५ अनुरूपको मान्यताप्राप्त गुणस्तर व्यवस्थापन प्रणाली प्रमाणीकरण सुविधा<br>♦ स्थूल, आयतन र तापक्रमको मान्यताप्राप्त क्येलिब्रेसन सेवाको उपलब्धता<br>♦ ५२ वटा स्वैच्छिक मापदण्डको एनएस चिन्ह सहित प्रमाणीकरण<br>♦ १५ वटा अनिवार्य मापदण्डको नियमन<br>♦ खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागसँग १०१ वटा खाद्य प्रतिमान परीक्षण गर्ने मान्यताप्राप्त<br>♦ औषधी व्यवस्था विभागको प्रयोगशाला मान्यता प्राप्त हुने क्रममा रहेको<br>♦ वनस्पति विभागको प्रयोगशाला ९ वटा जडीबुटीको प्रतिमान परीक्षण गर्न मान्यताप्राप्त | ♦ गुणस्तर नीति र नेपाल प्रत्यायन केन्द्रको अभाव<br>♦ गुणस्तर पूर्वाधार सम्बन्धी कानून अद्यावधिक नहुनु<br>♦ सीमित राष्ट्रिय मापदण्ड<br>♦ नापतौल सम्बन्धी सीमित सेवा र परीक्षण सुविधा<br>♦ सीमित परीक्षण प्रतिमान र व्यवस्थापन प्रणालीको लागि मान्यताप्राप्त परीक्षण र प्रमाणीकरण सुविधा<br>♦ सार्वजनिक निकाय, निजी क्षेत्र र उपभोक्तामा गुणस्तरबारे चेतनाको कमी<br>♦ मापदण्ड विकास र नियमन गर्ने एउटै निकाय<br>♦ निर्यात सम्भावना भएका वस्तुलाई सहयोग गर्न विभिन्न सरकारी निकायबीच समन्वय र तादात्म्यको कमी<br>♦ सरकारी प्रयोगशालामा मानवस्रोत तथा भौतिक सुविधाको कमी<br>♦ प्रयोगशाला सेवाको लागि सरकारी निकायहरूबीच कार्यालय समयमा एकरूपमता नहुनु<br>♦ भौगोलिक क्षेत्रगत आधारमा खास वस्तुको परीक्षणको लागि पूर्वाधारको कमी (जस्तै पूर्वी नेपालमा चिया, भैरहवामा दलहन) |
| **अवसर** | **चुनौती** |
| ♦ निर्यात प्रवर्द्धनको लागि व्यापारमा प्राविधिक अवरोधका प्रबन्ध अन्तर्गत गुणस्तर पूर्वाधार सेवा तथा संस्था सुदृढ हुनु<br>♦ अन्तर्राष्ट्रिय बजारमा पहुँच बढ्नु<br>♦ केही व्यापारिक साझेदार मुलुकसँग समरूपता परीक्षण (confirmity assessment) हुनु<br>♦ व्यापार साझेदारसँग मापदण्ड र प्राविधिक नियमको प्रयोग गर्न सक्नु<br>♦ वस्तुको मूल्य श्रृंखलामा राष्ट्रिय गुणस्तर पूर्वाधारले योगदान गर्न सक्नु | ♦ बहुपक्षीय व्यापार सम्झौतामा गरेका प्रतिबद्धता पूरा गर्न नसक्नु<br>♦ समरूपता परीक्षणको नतिजा स्वीकार्य नहुनु<br>♦ अनुभवी र क्षमतावान् कर्मचारिको छिटो छिटो सरुवा हुनु<br>♦ परीक्षण, निरीक्षण, प्रमाणीकरण र क्यलिब्रेसनमा हासिल समरूपता परीक्षणको सफलता कायम राख्नु<br>♦ राष्ट्रिय गुणस्तर पूर्वाधारको स्तरोन्नति गर्न थप लगानी गर्नु |

**औद्योगिक वस्तुको गुणस्तर, पूर्वाधार र मापदण्ड सम्बन्धी गर्नुपर्ने कार्यहरू**

(१) गुणस्तर प्रवर्द्धन गर्न सार्वजनिक निजी साझेदारी वृद्धि गर्न राष्ट्रिय गुणस्तर नीति निर्माण गर्नु आवश्यक रहेको,

(२) अन्तर्राष्ट्रिय व्यापारमा सहयोग पुग्ने गरी नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७ मा संशोधन गर्नु आवश्यक रहेको,

(३) स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ लाई समसामयिक परिमार्जन गरेर नयाँ ऐन जारी गर्न आवश्यक भएको,

(४) प्रत्यायन ऐन जारी भएको सन्दर्भमा नेपाल प्रत्यायन केन्द्र यथाशीघ्र स्थापना गर्नुपर्ने,

(५) अन्तर्राष्ट्रिय व्यापार हुने वस्तुको गुणस्तर, लेबलिङ, प्याकेजिङ, भण्डारण र ढुवानी समेट्ने गरी स्तरीकरण र कार्यान्वयनको कार्य अगाडि बढाउनुपर्ने,

(६) अन्तर्राष्ट्रिय व्यापार सहजीकरणको लागि राष्ट्रिय गुणस्तर पूर्वाधारमा स्वैच्छिक दिगोपना मापदण्ड समाहित गर्नुपर्ने,

(७) मापदण्ड र गुणस्तर व्यवस्थापन सम्बन्धी जनचेतना र सार्वजनिक निजी क्षेत्रको क्षमता बढाउन तालिम केन्द्र स्थापना गर्नुपर्ने,

(८) उत्पादक तथा व्यापारीलाई निर्यात बजारको गैरभन्सारजन्य अवरोध तथा बजार र वस्तु विशेषको आवश्यकता लगायतका विषयमा जानकारी दिन सूचना तथा सहजीकरण केन्द्र स्थापना गर्नुपर्ने,

(९) विद्यमान स्टायण्डर्ड म्याप, ट्रेड म्याप, बजार विश्लेषण विधि, ल्याबनेट जस्ता माध्यम प्रयोग गरी उत्पादक तथा व्यापारीलाई नियमित रूपमा सचेतना अभिवृद्धि तथा तालिम कार्यक्रम सञ्चालन गर्नुपर्ने,

(१०) गुणस्तर पूर्वाधार सम्बन्धी विद्यमान संरचना अन्तर्राष्ट्रिय व्यापार अनुकूल नभएको हुँदा मापदण्ड जारी र नियमन गर्ने निकाय एउटै निकायमा रहेको सन्दर्भमा अन्तर्राष्ट्रिय अभ्यासका आधारमा सुधार गर्नुपर्ने,

(११) समरूपता परीक्षणको नतिजा आयात गर्ने मुलुकमा स्वीकार्यताको लागि प्रयास गर्नुपर्ने एवम् द्विपक्षीय तथा क्षेत्रीय तहमा परस्पर पहिचानको सम्झौता गर्न प्रयत्न गर्नुपर्ने,

(१२) नियामक निकाय, उद्योग व्यवसायले विभिन्न क्षेत्रका व्यक्तिको प्रमाणीकरणको माग गरेको हुँदा लेखा परीक्षक, वातावरणीय निरीक्षक, खाद्य निरीक्षक, परिपालना व्यवस्थापक, ऊर्जा व्यवस्थापक, स्वास्थ्य तथा सुरक्षा इन्जिनियर, सिकर्मी, बिजुलीका कामदार, सौन्दर्य विज्ञ, नर्स, परामर्शदाता, प्रशिक्षक, सवारीसाधन निरीक्षक, मेकानिक लगायतका पेशामा आइएसओ १७०२४ अनुरूप आश्वस्त पार्नसक्ने गरी सीप/क्षमताको प्रमाणीकरणको व्यवस्था हुनुपर्ने ।



# ७. लगानीको लागि सहयोगी नियामकीय वातावरण

अन्तर्राष्ट्रिय व्यापारमा पहुँचको लागि वैदेशिक पुँजी र प्रविधिको आवश्यता हुन्छ। प्रत्यक्ष वैदेशिक लगानी र अन्तर्राष्ट्रिय व्यापारबीच बलियो अन्तरसम्बन्ध भएको कुरा ६६ वटा मुलुकको तीन दशकको अध्ययनबाट प्रमाणित भएको छ। असल समष्टिगत आर्थिक नीति र संस्थागत स्थायित्व भएमा वैदेशिक लगानी आप्रवाहमा वृद्धि हुन्छ र दीर्घकालमा लगानी भित्र्याउने मुलुकलाई फाइदा पुग्दछ।

नेपालले वैदेशिक लगानीको महत्व स्वीकारेको र सो अनुसार प्रशस्त सुधार गरेर लगानीमैत्री वातावरण निर्माण गर्ने प्रयत्न गरेको छ। संयुक्त राष्ट्र संघीय एक निकायले गरेको अध्ययनले सुधारको अझै गुन्जायस रहेको देखिए तापनि आन्तरिक तथा बाह्य लगानी वृद्धि गर्न लगानी सम्बन्धी कानूनमा गरेको परिमार्जन, प्रशासनिक प्रक्रिया सरलीकरण, लगानी प्रवर्द्धन गर्ने संस्थाको सुदृढीकरण, वित्त र वैदेशिक मुद्रामा पहुँच, कर प्रणाली सरलीकरण र विशेष आर्थिक क्षेत्रको स्थापना जस्ता विषय सकारात्मक भएको निष्कर्ष निकालेको छ।

विश्व लगानी प्रतिवेदन, २०२१ बमोजिम सन् २०२० मा मूलतः कोभिड-१९ को महामारीको कारण वैदेशिक लगानी ३५ प्रतिशतले कमी आएको छ। सन् २०२१ मा भने लगानीको परिमाण बढेको देखिन्छ। तर विकासशील राष्ट्रमा आउने लगानीको वृद्धिदर भने न्यून रहेको छ। अतिकम विकसित राष्ट्रमा आउने लगानीको रकम अत्यन्त कम छ। नेपालमा वैदेशिक लगानीको लागि प्रतिबद्धता जनाइएको रकमभन्दा यथार्थमा आउने रकम उल्लेख्य रूपमा न्यून रहेको छ। नेपालमा बढी मात्रामा उत्पादनमूलक उद्योग, खानी र जलविद्युत् आयोजनामा बढी वैदेशिक लगानी भएको देखिन्छ। अधिकांश वैदेशिक लगानी बागमती प्रदेशमा रहेको तथा कर्णाली र सुदूरपश्चिम प्रदेशमा न्यून रहेको छ।

नेपाल सन् २०२६ मा विकासशील राष्ट्रमा स्तरोन्नति भएपछि अन्तर्राष्ट्रिय व्यापारमा पाएका कतिपय सहुलियत तथा छुट सुविधा हट्ने हुँदा वैदेशिक लगानी प्रवर्द्धन गर्न जोड दिनु वाञ्छनीय हुन्छ। त्यसैगरी दिगो विकास लक्ष्य हासिल गर्न आवश्यक पर्ने वित्तीय स्रोतको लागि समेत वैदेशिक लगानी आवश्यक छ।

## वैदेशिक लगानी प्रवर्द्धनको लागि गर्नुपर्ने सुधार

विगतमा गरिएका सुधार निश्चय पनि प्रशंसनीय छन्। तल उल्लेखित थप सुधार गरेमा लगानीको वातावरण अझ राम्रो बनाउन सकिन्छ। लगानी वृद्धि भएमा विप्रेषणमाथिको निर्भरता घटाउन र विकासशील राष्ट्रमा स्तरोन्नति भएपछि गुम्ने सहुलियत तथा छुटको सट्टा बढी अन्तर्राष्ट्रिय व्यापारबाट लाभ लिन सकिन्छ।

(१) **वैदेशिक लगानीको न्यूनतम सीमा**: वैदेशिक लगानीको न्यूनतमा सीमा रु ५ करोड रुपैयाँ हुनुपर्ने यसअघिको प्रावधानलाई घटाएर आ. व. २०७९/८० देखि रु २ करोड रुपैयाँ बनाइएको छ। तर कतिपय यस्ता महत्वपूर्ण वैदेशिक लगानी हुन्छन्, जसमा लगानीको रकमभन्दा प्रविधि, व्यवस्थापन र अन्तर्राष्ट्रिय बजार सञ्जालबाट प्राप्त लाभ महत्वपूर्ण हुन्छ। त्यसकारण वैदेशिक लगानीप्रति खुला सोच लिई यो सीमामा आवश्यकता अनुसार पुनरावलोकन हुनु आवश्यक छ।

(२) **लगानीकर्ताको प्रवेश**: वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ ले दरखास्त परेको सात दिनभित्र वैदेशिक लगानीको स्वीकृति दिने व्यवस्था गरेको छ। तर यसको पालना कमै मात्र हुने गरेको छ। उद्योग विभाग र नेपाल राष्ट्र बैंकमा प्रशासनिक सुधार र विद्युतीय माध्यम प्रयोग गरेर कानूनमा व्यवस्था भए बमोजिमको स्वचालित प्रक्रियाबाट लगानी स्वीकृति हुनु आवश्यक छ।

(३) **लगानीकर्ताको बहिर्गमन**: विद्यमान कानूनमा आन्तरिक लगानीकर्ताले आफ्नो स्वामित्व बेचेर व्यवसायबाट अलग हुन सरल बनाइएको छ। तर वैदेशिक लगानीकर्ताको लागि बहिर्गमन सजिलो छैन। सम्पत्ति बिक्रीको रकम बाहिर लैजान मात्र होइन लाभांश लैजान समेत स्वीकृतिको लामो प्रक्रिया छ। वैदेशिक मुद्रामा एकै पटक चाप पर्न सक्ने विषयलाई ध्यान दिनुपर्ने भए तापनि निश्चित रकमको सीमासम्म औचित्य सहितको कागजात पेश गरेपछि स्वचालित प्रक्रियाबाट लाभांश लैजान दिँदा लगानीको वातावरण राम्रो बन्छ।

(४) **स्वचालित मार्ग**: वैदेशिक लगानी गर्न पाइने क्षेत्रमा विद्यमान कानून बमोजिम सम्बन्धित सरकारी निकायबाट अनिवार्य पूर्वस्वीकृति लिनुपर्छ। ऐनले खास खास वैदेशिक लगानी र कम्पनी तथा उद्योग दर्ताको लागि स्वचालित मार्ग उपलब्ध हुने व्यवस्था गरे तापनि व्यवहारमा यो कार्यान्वयन हुन सकेको छैन। नियमावली र कार्यविधिमा उपयुक्त संशोधन गरी स्वीकृतिको स्वचालित मार्गबाट कम्पनी तथा उद्योग दर्ता गर्न पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था हटाउन आवश्यक छ।

© हुवासिन सिमेन्ट



हुवासिन सिमेन्ट, नारायणी



श्वेत गंगा जलविद्युत्, ओखलढुंगा

(५) **डिजिटाइजेसनको अभावः** अनलाइन दरखास्त पेश गर्न सकिने व्यवस्था कतिपय निकायले शुरू त गरेका छन् तर सँगसँगै भौतिक रूपमा कागजात बुझाउनुपर्ने बाध्यता समेत छ। तसर्थ, लगानीसँग सम्बन्धित सबै निकायको पूर्ण डिजिटाइजेसन गर्न आवश्यक छ।

(६) **वैदेशिक लगानी ल्याउने निर्धारित समय सीमाः** वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ ले वैदेशिक लगानीको स्वीकृति पाएपछि रकम भित्र्याउने समयतालिकाको व्यवस्था गरेको छ। रकम अनुसारको किस्ता कायम गरिएको छ। यो व्यवस्था लगानीकर्ताको आफ्नो कार्यतालिकासँग मेल खाँदैन। तसर्थ, कम्पनीको पुँजी आवश्यकता अनुसार कम्पनी आफैले तय गरेको समयतालिका बमोजिम रकम भित्र्याउन दिनु उपयुक्त हुन्छ।

(७) **पुनर्लगानी स्वीकृतिः** वैदेशिक लगानी तथा प्रविधी हस्तान्तरण ऐन, २०७५ को दफा १५(३) ले वैदेशिक लगानीको कम्पनीले कमाएको नाफाको रकम सोही उद्योग वा व्यवसायको क्षमता विस्तारमा लगानी गर्न वा निषेधित सूचीमा परेका व्यवसाय बाहेकको अन्य नयाँ व्यवसायमा लगानी गर्न वैदेशिक लगानीको पुनः स्वीकृति नचाहिने व्यवस्था गरेको छ। तर व्यवहारमा उद्योग विभागले वैदेशिक लगानीको स्वीकृति माग्ने गरेको छ। तसर्थ, कानून र व्यवहारमा समानता हुनु आवश्यक छ।

(८) **बहुल कानून लागू हुनेः** लगानी प्रवर्द्धन सम्बन्धी विभिन्न कानूनमा सामञ्जस्यता छैन। वैदेशिक लगानीको स्वीकृतिको लागि पनि कुनै अवस्थामा उद्योग विभाग र अर्को अवस्थामा लगानी बोर्ड जानुपर्दछ। लगानी सम्बन्धी सरकारी सेवा छरिएर प्रदान गर्नुभन्दा एकल निकायबाट वैदेशिक लगानीकर्ताको सबै काम हुने व्यवस्था गर्नु उपयुक्त हुन्छ।

(९) **गैरआवासीय नेपालीको लगानीः** वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐनले गैरआवासीय नेपालीलाई विदेशी लगानीकर्तासरह व्यवहार गर्दछ। जुन प्रक्रियाबाट वैदेशिक लगानी भित्र्याइन्छ सोही प्रक्रिया गैरआवासीय नेपालीले पनि पालना गर्नुपर्ने प्रावधान छ। गैरआवासीय नेपालीलाई लगानीको सीमा तोक्नु उपयुक्त होइन। गैरआवासीय नेपालीले नेपालमै रहेको आफ्नो सम्पत्तिबाट लगानी गर्ने सम्बन्धमा कानूनी अस्पष्टता रहेको छ।

(१०) **वैदेशिक ऋणबाट गर्ने लगानीको सीमाः** वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन र नेपाल राष्ट्र बैंकको वैदेशिक लगानी सम्बन्धी विनियमावलीमा केही अन्तरविरोध र अस्पष्टता रहेका छन्। ऐनले कम्पनीले लिने वैदेशिक ऋण र आयोजना ऋणबारे उल्लेख गरेको छ तर स्पष्टता छैन। त्यसैले स्वीकृत आयोजनाको लागि लिइने वैदेशिक ऋण र आयोजना वित्त बाहेकको अन्य वैदेशिक ऋण मात्र नेपाल राष्ट्र बैंकको नियमनको दायरामा राख्दा उपयुक्त हुन्छ।

(११) **वैदेशिक लगानी फिर्ता लैजानेः** वैदेशिक लगानीकर्ताले नेपालमा लिएको ऋणको दायित्व चुक्ता गरेपछि र कालोसूचीमा नपरेको भए मात्र वैदेशिक ऋणको दायित्व चुक्ता गर्न रकम बाहिर पठाउन पाउँछ। यसो गर्दा विदेशबाट ऋण दिने निकाय वा बैंकको अग्राधिकार रहँदैन। विदेशी लगानीकर्ताले विदेशी बैंकबाट लिएको ऋणको हकमा ऋण सम्झौताको शर्त बमोजिम भुक्तानी गर्न अनुमति दिँदा असल व्यवसायिक वातावरण बन्न सक्छ।

(१२) **उच्च धितो शुल्कः** वैदेशिक ऋणको धितो दर्ता गर्न लिइने शुल्क स्थानीय बैंकबाट ऋण लिँदा तिर्नुपर्ने धितो दर्ता शुल्कभन्दा धेरै बढी छ। तसर्थ, यो घटाउन उपयुक्त हुन्छ।

(१३) **हदबन्दीभन्दा बढी जमिनको धितोकरणः** कुनै उद्योगलाई हदबन्दीभन्दा बढी जमिन खरिद र प्रयोग गर्न स्वीकृति दिइएको रहेछ भने त्यस्तो उद्योगले जुन आयोजनाको लागि बढी जमिन राख्ने स्वीकृति पाएको हो त्यही धितो राखेर ऋण लिन औद्योगिक व्यवसाय ऐनले बन्देज लगाएको छ। यसले गर्दा उद्योगले आवश्यक पर्ने वित्त जुटाउन गाह्रो पर्न सक्छ। त्यसैले धितो राख्न पाउने विषयमा उपयुक्त विकल्प पहिचान गर्नु आवश्यक छ।

## निर्यात प्रवर्द्धनको लागि बौद्धिक सम्पत्ति

बौद्धिक सम्पत्तिको संरक्षण भएन भने यसले अन्तर्राष्ट्रिय व्यापारमा समेत असर पर्दछ। नेपालमा बौद्धिक सम्पत्तिको समुचित संरक्षण हुन नसक्दा यस्तो सम्पत्तिमा आधारित उद्योग व्यवसाय फस्टाउने मौका पाएका छैनन्। नवीनतम प्रविधि प्रयोग गरेर उत्पादन गर्ने मुलुकको पंक्तिमा नेपाल १३२ मध्ये १११औं स्थानमा रहेको छ। बजारमा नक्कली वस्तु प्रशस्त रहेको गुनासो सुन्ने गरिन्छ। कतिपय अवस्थामा बौद्धिक सम्पत्तिको दुरुपयोग भएका व्यवसायी वा संस्थाले न्याय समेत पाउन सकेका छैनन्। अतिकम विकसित राष्ट्र भएको कारणले बौद्धिक सम्पत्ति सम्बन्धी सम्झौता बमोजिम नेपाललाई केही सहुलियत प्राप्त भएकोमा स्तरोन्नति भएपछि यस्ता सहुलियत हट्दै जानेछन्। औद्योगिक बौद्धिक सम्पत्ति संरक्षणको लागि मूलतः पेटेन्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ कार्यान्वयनमा रहेको छ। यो ऐन ज्यादै पुरानो भएकोले बौद्धिक सम्पत्ति सम्बन्धी नयाँ विधेयक तयार भए तापनि नयाँ ऐन निर्माण हुन सकेको छैन।

बौद्धिक सम्पत्तिको संरक्षण हुने वातावरण निर्माण गरेर अन्तर्राष्ट्रिय व्यापारमा सबल हुन मूलतः निम्न काम गर्नुपर्ने देखिन्छ।

(१) बौद्धिक सम्पत्तिको परिभाषामा निम्न विषय समावेश गर्नेः

(क) कपीराइट

(ख) पेटेन्ट

(ग) ट्रेडमार्क, सेवामार्क, संयुक्त मार्क

(घ) औद्योगिक डिजाइन

(ङ) औद्योगिक गोपनीयता

(च) व्यापारिक आवरण (प्याकेजिङ वा वस्तु चिनाउने विशिष्ट आवरण)

(छ) पारम्परागत ज्ञान

(२) पहिचानको अन्तर्राष्ट्रिय दर्ताको लागि नेपालले म्याड्रिड प्रणाली र यस अन्तर्गतको सम्झौता अनुमोदन गर्नु आवश्यक छ। यसबाट एउटै दरखास्त र एक पटक शुल्क तिरेर १२३ देशमा बौद्धिक सम्पत्तिको संरक्षण प्राप्त गर्न सकिन्छ।

(३) पेटेन्ट कोअपरेसन सन्धिमा सहभागी हुन आवश्यक छ। हाल १५६ देश यो सन्धिका सदस्य रहेका छन्। यो सन्धिमा प्रवेश गरेपछि नेपाली व्यवसायीले एक ठाउँमा पेटेन्ट दर्ता गरेर १५६ देशमा संरक्षण पाउन सक्नेछन्।

(४) निर्यातकर्तालाई विदेशमा पेटेन्ट लगायतका बौद्धिक सम्पत्तिको संरक्षण दिलाउन सरकारले प्रयत्न गर्नु आवश्यक छ।

(५) बौद्धिक सम्पत्ति सम्बन्धी विधेयकको मस्यौदामा धेरै राम्रा कुरा समेटिएको भए तापनि यसमा थप परिमार्जन गरेर देहायका विषय सम्बोधन गर्दा उपयुक्त हुन्छ।

(क) पेटेन्ट र डिजाइनको डिजिटल भण्डार निर्माण गर्ने विषयमा विधेयक मौन भएकाले पेटेन्ट र डिजाइनको डिजिटल डेटाबेस भएमा खोजी गर्न सजिलो हुने भएकोले यो प्रावधान राख्नु उपयुक्त हुने

(ख) पेटेन्ट लिन नपाइने विषयमा थप स्पष्ट गरेर "थाहा भइरहेको कुनै वस्तुको प्रयोग गर्ने फरक तरिका वा वस्तुको क्षमतामा खासै सुधार नगरी नयाँ स्वरूपमा प्रस्तुत गर्नुलाई" पेटेन्ट दिइने छैन भन्ने उल्लेख हुनु उपयुक्त हुने

(ग) ट्रेडमार्क अस्वीकार गर्न सकिने व्यवस्थालाई वर्गीकरण गरेर अस्वीकार गरिने निरपेक्ष अवस्था र सापेक्षिक अवस्था भनेर राख्दा कार्यान्वयन गर्न सजिलो हुनसक्ने

(घ) विधेयकमा कसैले बौद्धिक सम्पत्तिको प्रावधान विपरीत काम गरेमा क्षतिपूर्ति भराउने व्यवस्था रहेकोमा पटक पटक कानून उल्लंघन गर्नेले क्षतिपूर्ति तिरेर उन्मुक्ति पाउने भएकाले यस्तो व्यक्ति वा व्यवसायलाई निषेध नै गर्न सकिने प्रावधान राख्दा उपयुक्त हुने

(ङ) विधेयकमा उल्लेखित बौद्धिक सम्पत्ति पुनरावलोकन समितिको व्यवस्था न्यायसम्मत नभएकाले हटाउन उपयुक्त हुने

(च) बौद्धिक सम्पत्ति दर्ताको लागि प्रस्तावित समय तालिका लामो भई बौद्धिक सम्पत्ति दर्ता निरुत्साहन हुनसक्ने भएकाले यसलाई छोटो बनाउन उपयुक्त हुने।

# ८. चौथो र पाँचौं पुस्ताको औद्योगिक अवधारणाको प्रयोग

उत्पादन पद्धतिमा चौथो पुस्ताको उद्योगमा अन्तरसञ्जाल, रोबोट, कृतिम बौद्धिकता र तथ्यांकको तत्काल उपलब्धता जस्ता विषयको व्यापक प्रयोग हुन्छ। यस्तो पद्धतिले उत्पादन लागत कम हुन सक्छ, कार्यकुशलता बढ्छ, उत्पादित सामानको समान गुणस्तर कायम गर्न सकिन्छ र ग्राहकले मागेको समयमा माग अनुसारको सामान उपलब्ध गराउन सकिन्छ। जसले गर्दा भण्डारणको लागत शून्यप्राय हुन्छ र उत्पादन क्षति कम गर्न सकिन्छ। यस पद्धतिमा प्रशस्त तथ्यांक संकलन र संकलित तथ्यांकको विश्लेषण निरन्तर रूपमा गरिन्छ। मानिस र यन्त्रले सँगसँगै मिलेर काम गर्छन्, उत्पादन आवश्यकता अनुसार लचिलो हुन्छ र बौद्धिक सम्पत्तिको अत्यधिक प्रयोग हुन्छ।

चौथो पुस्ताको औद्योगिक प्रविधि (इन्डस्ट्रि ४.०) अवलम्बन गर्न मूलतः ६ वटा विषयमा ध्यान दिनु आवश्यक हुन्छ। वस्तुको इन्टरनेट (इन्टरनेट अफ थिङ्गस) एकआपसमा समन्वय र सहकार्य गर्न सक्ने हुनुपर्छ। सेन्सर र तथ्यांकको प्रयोग गरेर धेरै कुरा अभौतिक (भर्चुअल) हुन्छन्। खास उत्पादनका निर्णय विकेन्द्रित र स्वचालित हुन्छन्। हरेक कुरा रियल टाइम हुन्छन्। सम्पूर्ण प्रक्रियामा सेवाको दृष्टिकोण रहन्छ। कारखानाको क्षमता आवश्यकता अनुसार तत्काल बढाउन वा घटाउन सकिने हुन्छ।

पाँचौं पुस्ताको उद्योग (इन्डस्ट्रि ५.०) को अवधारणा विकसित हुँदैछ। कतिपय नयाँ उद्योग पाँचौं पुस्ताको औद्योगिक प्रविधिबाट सञ्चालित हुन थालिसकेका छन्। पाँचौं पुस्ताको औद्योगिक प्रविधिमा कार्यकुशलता र उत्पादकत्वलाई जोड दिइन्छ, जसको लागि कृतिम बौद्धिकता सहितका यन्त्र र मानवको सहकार्य हुन्छ।

नेपालको औद्योगिक जगत अझै पनि प्रथम र दोस्रो पुस्ताका औद्योगिक प्रविधिमा आधारित छ। केही उद्योगले मात्र मुस्किलले तेस्रो पुस्ताको प्रविधि भित्र्याएका छन्। केही उद्योगको सर्वेक्षण गर्दा चौथो पुस्ताको औद्योगिक प्रविधिमा जाने चाहना भएको पाइन्छ। तर पर्याप्त पुँजी र पूर्वाधार निर्माणको प्राविधिक सेवा सजिलै उपलब्ध नहुँदा धेरै उद्योगले सहजै उद्योग ४.० मा जान नसकेको अवस्था छ।

नयाँ स्टार्टअप व्यवसायलाई प्रोत्साहन गर्ने हो भने औद्योगिक प्रविधिमा नयाँपन आउँछ र उद्योग ४.० वा ५.० को दिशामा प्रगति हुन सक्छ। यसको लागि स्टार्टअपलाई बढावा दिने तथा "चुनौती कोष" जस्ता कोष स्थापना गरेर नवीन उद्यम शुरू गर्न प्रोत्साहन दिने सरकारी नीति रहेको छ। तर यसको प्रभावकारी कार्यान्वयन हुन नसकेकोले अरू मुलुकमा जस्तो स्टार्टअप व्यवसाय नेपालमा फस्टाउन सकेका छैन।

चौथो र पाँचौं पुस्ताको औद्योगिक प्रविधिको निमित्त सूचना प्रविधिको पूर्वाधार र सेवा स्तरीय हुनु आवश्यक छ। यो एक किसिमको पूर्वशर्त नै हो। सूचना प्रविधिको क्षेत्रमा नेपालले निःसन्देह उल्लेख्य प्रगति गरेको छ। तर उद्योग ४.० वा ५.० लाई चाहिने किसिमको बृहत् तथ्यांक (बिग डाटा) सञ्जाल र अन्तरआबद्ध तथा परस्पर मानव-हस्तक्षेप-मुक्त यान्त्रिक संवाद गर्नसक्ने प्रणाली विकास हुनसकेको छैन। सबैभन्दा महत्वपूर्ण कुरा साइबर-सुरक्षाको बलियो कानूनी र संरचनागत पूर्वाधार छैन।

### चौथो र पाँचौं पुस्ताको औद्योगीकरणको आवश्यकता

नेपालले अहिलेको अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी भएर निर्यात वृद्धि गर्ने हो भने वर्तमान सन्दर्भ र क्षमताको आधारमा निर्यात सम्भावना भएका वस्तु र सेवाले समेत चौथो र पाँचौं पुस्ताको औद्योगिक प्रविधि अवलम्बन गर्ने दिशामा काम गर्नु अनिवार्य छ। नयाँ वस्तु र सेवाले नवीनतम प्रविधिमा नगईकन अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी हुनसक्ने सम्भावना देखिँदैन। यसको अतिरिक्त मूलतः निम्न कारणले चौथो र पाँचौं पुस्ताको औद्योगीकरणमा जोड दिनु आवश्यक देखिन्छ।

- **विद्युतीय व्यापारको प्रवर्द्धन र विकास**: व्यवसाय देखि व्यवसाय (बिटुबी), व्यवसायदेखि उपभोक्ता (बिटुसी), उपभोक्तादेखि उपभोक्ता (सीटुसी) र उपभोक्ता देखि व्यवसाय (सीटुबी) सम्बन्धी खरिदबिक्रीको काम मितव्ययी र प्रभावकारी बनाउन विद्युतीय व्यापार उपयुक्त विधि हो। विद्युतीय व्यापारको प्रवर्द्धनबाट नेपाली वस्तु तथा सेवा अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन सजिलो हुन्छ। विद्युतीय व्यापारबाट खरिद बिक्रीको कारोबार हुनुअघि नै लक्षित बजारमा सूचना सम्प्रेषण गर्ने सामर्थ्य विकास हुन्छ। नेपालले विद्युतीय व्यापारमा केही प्रगति गरेको छ। तर अझै पनि समस्या र अवरोध कायमै छन्। विद्युतीय व्यापार सम्बन्धी विधेयक तयार भएको भए तापनि कानून निर्माणको कार्य हुन सकेको छैन। खासगरी, कारोबारपूर्वको अवरोध, विश्वसनीय इन्टरनेटको पहुँच, सूचना प्रविधिजन्य पूर्वाधार, सूचना प्रविधिको दक्षता, कारोबारका क्रममा सिर्जित अवरोध, भुक्तानी प्रणाली, वित्तीय कारोबारको मान्यता सम्बन्धी कानून, कारोबार पश्चात्को अवरोध, डेलिभरी पूर्वाधार र डेलिभरी सेवा अवरोधको रूपमा रहेका छन्।

- **आपूर्ति श्रृंखला व्यवस्थापन:** आपूर्ति श्रृंखलाको व्यवस्थापन नै चौथो र पाँचौ पुस्ताको औद्योगीकरणको मूल मर्म हो। कुशल सूचना प्रविधिको माध्यमबाट अन्तरआवद्ध प्रणालीले आपूर्ति श्रृंखलाको समष्टिगत खर्च घटाउँछ र ग्राहकले चाहेको समयमा चाहेको वस्तु चाहे जस्तो गरी प्राप्त गर्न सक्छ। स्मार्ट लजिस्टिक्स र सम्बर्धित वास्तविकता (अग्मेन्टेड रियालिटी) सहितको स्वचालित गोदाम व्यवस्था आपूर्ति श्रृंखलाका महत्वपूर्ण पक्ष हुन्। यसैगरी ग्लोबल पोजिसनिङ प्रणाली, स्वचालित पहिचान विधि, स्मार्ट सेन्सर, भेहिकल टेलेम्याटिक्स प्रणाली, रेडियो फ्रिक्वेन्सी पहिचान जस्ता प्रविधि र उपकरणको प्रयोग आधुनिक आपूर्ति श्रृंखला व्यवस्थापनका आवश्यक तत्व हुन्।
- **सूचना प्रविधि सम्बन्धी कानूनमा संशोधन:** हाल कार्यान्वयनमा रहेको विद्युतीय कारोबार ऐन, २०६३ ले सूचना प्रविधिमा आएका नयाँ परिवर्तनलाई आत्मसात् गरी सूचना प्रविधिको माध्यमबाट हुने कामकारबाही र सेवाप्रवाहलाई स्वचालित, विश्वसनीय, भरपर्दो बनाउनका लागि उक्त ऐनलाई प्रतिस्थापन गर्न सूचना प्रविधि सम्बन्धी नयाँ विधेयक संसद्मा पेश गरिएको छ। यो विधेयक संसद्मा पेश भएको लामो समय हुँदा पनि यसले कानूनी स्वरूप लिन सकेको छैन। यो प्रस्तावित ऐन चौथो र पाँचौं पुस्ताको औद्योगीकरणका लागि महत्वपूर्ण कानूनी दस्तावेज हुनेछ।

## चौथो पुस्ताको औद्योगीकरणको दिशामा नेपालको क्षमता विश्लेषण

नेपालको चौथो पुस्ताको औद्योगीकरण सम्बन्धी संक्षिप्त क्षमता विश्लेषण तल प्रस्तुत गरिएको छ।

| सबल पक्ष | कमजोरी |
|---|---|
| ♦ सही दिशा निर्देशित नीतिगत सोच<br>♦ मेहनती, सुलभ र अंग्रेजी बुझ्ने मानव स्रोत<br>♦ उच्च गतिको डेटा सञ्चार योजना<br>♦ उपयुक्त हावापानी<br>♦ साइबर कानून (विद्युतीय कारोबार ऐन, २०६३)<br>♦ डिजिटल नेपाल फ्रेमवर्क २०७६<br>♦ राष्ट्रिय सूचना प्रविधि नीति २०७२<br>♦ इकमर्स राष्ट्रिय रणनीति २०७६<br>♦ भू-उपग्रह नीति २०७७ | ♦ कमजोर पूर्वाधार र मापदण्डको अभाव<br>♦ कामदारमा डिजिटल दक्षताको कमी<br>♦ आर्थिक लाभबारे बुझाइको कमी<br>♦ संगठनमा आन्तरिक डिजिटल संस्कृति र तालिमको अभाव<br>♦ विदेशी मुद्रामा भुक्तानी प्राप्त गर्न कठिनाइ<br>♦ सरकारी स्तरमा सूचना प्रविधि सम्बन्धी अनुसन्धानको अभाव<br>♦ कमजोर साइवर सुरक्षा तथा तथ्यांक व्यवस्थापन<br>♦ आर्थिक स्रोत र साझेदारीको कमी |
| **अवसर** | **चुनौती** |
| ♦ इन्टरनेट अफ थिङ्गसले वस्तुको प्रयोग र प्रयोग पश्चात्को अवस्था अनुगमन तथा पुनः प्रयोग गर्न सकिने अवस्था<br>♦ उपकरणको अवस्थाको अनुगमन र पूर्वानुमानमा आधारित मर्मतसम्भार भई उपकरणको आयु लामो हुने सम्भावना<br>♦ वस्तुको उपयोगिता वृद्धि गर्न डिजाइन सम्बन्धी तथ्यमा आधारित निर्णय गर्न सकिने अवस्था<br>♦ चौथो पुस्ताको औद्योगीकरण कार्यान्वयनमा वैदेशिक लगानीको सम्भावना<br>♦ छरितो (स्मार्ट) र दिगो मूल्य/आपूर्ति श्रृंखला विकासको सम्भावना | ♦ तथ्यांकको गुणस्तरीयता कायम गर्ने<br>♦ काममा आमूल परिवर्तन हुने भएकोले परिवर्तन व्यवस्थापन<br>♦ बौद्धिक सम्पत्तिको मूल्यांकन गर्ने स्थापित विधिको अभाव |

**चौथो र पाँचौं पुस्ताको औद्योगीकरणको प्रवर्द्धन र विकासको लागि गर्नुपर्ने कार्य**

(१) **कानूनमा परिमार्जन:** चौथो र पाँचौं पुस्ताको औद्योगीकरणलाई गति दिन सूचना प्रविधि ऐन तर्जुमा गर्नुपर्ने र उक्त ऐन आउनु अगाडि विद्यमान विद्युतीय कारोबार ऐन, २०६३ मा देहाय बमोजिम संशोधन गर्न वा स्पष्ट बनाउन आवश्यक रहेको छ।

(क) विद्युतीय कारोबार ऐनको दफा २३ मा उल्लेखित सम्बन्धित व्यक्तिको मन्जुरी लिई सूचना संकलन गर्न सकिने व्यवस्थामा "मन्जुरी" को स्पष्टता र मन्जुरीका शर्त खुलाउनु आवश्यक रहेको

(ख) वैयक्तिक तथ्यांक दुरुपयोग भएको अवस्थामा सम्बन्धित व्यक्तिलाई जनाउ दिनुपर्ने समयसीमा तोक्नुपर्ने

(ग) तथ्यांकको स्थानीयकरण अर्थात् संकलन गरिएको वैयक्तिक सूचना स्थानीय सर्भरमा राख्न अनिवार्य गरिनुपर्ने र बाहिर राख्नुपर्ने भएमा नियामक निकायको स्वीकृतिमा मात्र राख्न सकिने व्यवस्था हुनुपर्ने

(घ) ऐनमा सार्वजनिक निकायमा रहेको वैयक्तिक सूचना सच्याउन सकिने प्रावधान भए तापनि निजी संस्थामा रहेको प्रयोगकर्ताको सूचना आफूले हेर्न, सच्याउन र आफ्नो सूचना प्रणालीबाट हटाउन मिल्ने कानूनी व्यवस्था नभएकोले सो व्यवस्था हुनुपर्ने

(ङ) सूचनाको सुरक्षा र नियमनका अन्तर्राष्ट्रिय असल अभ्यास अनुसार प्राविधिक परीक्षण र सूचना संरक्षण अधिकृतको व्यवस्था गर्नुपर्ने

(च) नियामक निकायले सूचना नियन्त्रक र प्रशोधनकर्ताबीचको फरक छुट्याउने एवम् कतिपय अवस्थामा संयुक्त नियन्त्रण आवश्यक भएकाले स्पष्ट गर्नुपर्ने

(छ) डिजिटल हस्ताक्षर प्रमाणीकरणको लागि डकसाइन, हेल्लोसाइन लगायतका सरल तर भरपर्दा प्रविधि उपलब्ध भएको हुँदा डिजिटल हस्ताक्षरबारेको बुझाइमा स्पष्टता ल्याउँदै डिजिटल हस्ताक्षरको विद्यमान कानूनी प्रक्रिया सरलीकरण गर्नुपर्ने

(२) उद्योग ४.० सम्बन्धी रणनीति तर्जुमा गरी कार्यान्वयन गर्ने

(३) सबै प्रदेशमा उद्योग ४.० सम्बन्धी लगानी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने

(४) उद्योग ४.० प्रविधि तथा अन्वेषण व्यवस्थापन सम्बन्धी कार्यक्रम विकास तथा कार्यान्वयन गर्ने

(५) राष्ट्रिय तथा स्थानीय तथ्यांक डिपोजिटरी तथा प्रतिवेदन केन्द्रहरू निर्माण गर्ने

(६) उद्योग ४.० र ५.० को लागि अनुसन्धान तथा विकास केन्द्र विकास गर्ने

(७) उद्योग ४.० सँग सम्बन्धित प्रणालीहरू विकास गर्ने र केन्द्रीय प्रणालीसँग अन्तरआबद्धता (Interface) कायम गर्ने

(८) डिजिटल मोडेलिङ प्रणाली विकास गर्ने

(९) उद्योग ४.० सम्बन्धी आवश्यक उपकरण र प्रणाली खरिद गर्ने

(१०) राष्ट्रिय पेमेन्ट गेटवे विकास गर्ने

(११) राष्ट्रिय तथा अन्तरदेशीय सूचना आदानप्रदान प्रणाली विकास गर्ने

(१२) उद्योग प्रशासनसँग सम्बन्धित सेवा स्वचालित प्रणालीबाट प्रदान गर्ने

(१३) सूचना प्रविधि समाधान केन्द्र तथा प्रणाली विकास गरी सूचना प्रविधि विभागको सुदृढीकरण गर्ने

(१४) उद्योग ४.० सम्बन्धी तथ्यांक विश्लेषण तथा उपयोग गर्ने प्रणाली विकास गर्ने

(१५) उद्योग ४.० तथा ५.० सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गर्ने

(१६) स्टार्टअप व्यवसायको सहज विकास र असल व्यावसायिक वातावरणको लागि कानून तथा नीतिमा सुधार गर्ने ।



© शमित श्रेष्ठ

**बेन्ट्रे टैक्नोलोजी**

# ९. निर्यात प्राथमिकताका वस्तुको विकास

## निर्यात भएका प्रमुख वस्तु

नेपालको कुल व्यापार उच्च दरले बढ्दै गएको छ। कुल व्यापार उच्च दरले बढ्नाको प्रमुख कारण आयातमा भएको उच्च वृद्धि हो। नेपालको प्रतिस्पर्धात्मक क्षमता समेत निरन्तर ओह्रालो लागिरहेको छ। नेपालबाट निर्यात हुने वस्तुमा सन् १९८० अघि प्राथमिक वस्तुको बाहुल्य रहन्थ्यो। आर्थिक उदारीकरणपछि औद्योगिक उत्पादनका वस्तु समेत निर्यात हुन थाले। यो निर्यात सामान्यतया भारत र केही दक्षिण एसियाली मुलुकमा हुने गरेको थियो। पछिल्ला वर्षमा साना तथा मझौला उद्योगले उत्पादन गरेका कृषि तथा वन स्रोतका कच्चा पदार्थबाट प्रशोधित औद्योगिक वस्तुको निर्यात पश्चिमा मुलुकमा बढ्दै गएको छ। जडीबुटीको अधिकांश हिस्सा प्राथमिक स्वरूपमै भारतमा निर्यात हुने गरेको छ। मल्टि-फाइबर सम्झौता बहाल रहुन्जेल तयारी पोशाक ठूलो निर्यातको वस्तु थियो। गलैंचाको निर्यात एक समय उच्च दरले बढ्यो। तर कतिपय कमजोरीले गर्दा यसको वृद्धिले निरन्तरता पाउन सकेन। कहिलेकाहीं महसुल लाभको प्रयोग हुनसक्ने वस्तुको निर्यात ह्वात्तै बढेको छ र महसुल लाभ गुम्दा त्यस्तो निर्यात खुम्चिएको छ।

विगत ४५ वर्षको निर्यातको प्रवृत्ति तल प्रस्तुत गरिएको छ।

*रकम रुपैयाँ दश लाखमा*

| वस्तु समूह | सन् १९७४/७५ | सन् १९८४/८५ | सन् १९९४/९५ | सन् २००४/०५ | सन् २०१४/१५ | सन् २०१९/२० | सन् २०२०/२१ |
|---|---|---|---|---|---|---|---|
| खाद्य तथा जीवित पशु | ५१७.५ (५८.१७) | ९९२.१ (३६.२) | १५६२.७ (८.८६) | ६९९३.५ (११.९१) | २०२०९.० (२३.६९) | १६८७८.८ (१७.२७) | २४२०८.६ (१७.१५) |
| सुर्ती तथा पेय पदार्थ | ०.४ (०.०४) | ५.० (०.१८) | ११.३ (०.०६) | ३१.६ (०.०५) | २३४६.७ (२.७५) | १८४.८ (०.१९) | २४८.३ (०.१८) |
| अखाद्य तथा कच्चा सामग्री | २१३.३ (२३.९८) | ४८६.८ (१७.७६) | ४८५.५ (२.७५) | ८८१.६ (१.५) | ३२७४.२ (३.८४) | ३४५९.६ (३.५४) | ४४४७.७ (३.१५) |
| खनिज, इन्धन र लुब्रिकेन्टस् | १.५ (०.१७) | १ (०.०४) | ० (०) | ४.२ (०.०१) | ०.१ (०) | ० (०) | ० (०) |
| पशु र वनस्पति तेल तथा बोसो | २.४ (०.२७) | ५७.१ (२.०८) | २१४.१ (१.२१) | ४०७०.३ (८.६४) | १११.२ (०.१३) | ३११९६.९ (३१.९३) | ५५९५९.१ (३९.६५) |
| रसायन तथा औषधी | ०.९ (०.१) | १.२ (०.०४) | ३०२.३ (१.७१) | ३६७७.६ (६.२६) | ४८७२.६ (५.७१) | ४०१८.७ (४.११) | ५८८०.९ (४.१७) |
| वर्गीकृत उत्पादित सामान | २८.१ (३.१६) | ६४९.१ (२३.६८) | ९२६०.३ (५२.५) | २८५९०.६ (४८.७) | ४१०७८.४ (४८.१५) | ३१०२५.९ (३१.७५) | ३७२५८.९ (२६.४) |
| यन्त्र तथा यातायातका उपकरण | २.१ (०.२४) | ३३.७ (१.२३) | ३७.१ (०.२१) | २०७.६ (०.३५) | ३८६.२ (०.४५) | ९३७.२ (०.९६) | ८४२.४ (०.६) |
| विविध उत्पादित सामग्री | १११.३ (१२.५१) | ५१३.४ (१८.७३) | ५७६५.८ (३२.६९) | १३२३९.६ (२२.५५) | १३०४०.५ (१५.२८) | १०००७.३ (१०.२४) | १२२७६.९ (८.७) |
| प्रकृतिको हिसाबले वर्गीकरण नगरिएका वस्तु तथा कारोबार | १२.१ (१.३६) | १२.१ (०.०४) | ०.१ (०) | ९.१ (०.०२) | ० (०) | ० (०) | १.३६ (०) |
| **जम्मा** | **८८९.६ (१००)** | **२७४०.६ (१००)** | **१७६३९.२ (१००)** | **५८७०५.७ (१००)** | **८५३१९.०८ (१००)** | **९७७०९.११ (१००)** | **१४११२४.०८ (१००)** |

नोटः कोष्ठका अंकले प्रतिशत जनाउँछ

स्रोतः नेपाल राष्ट्र बैंक, २०७९

## मुख्य व्यापार साझेदार

अन्तर्राष्ट्रिय व्यापारमा नेपालको मुख्य साझेदार र ती देशसँगको हिस्सामा आएको परिवर्तन तल प्रस्तुत गरिएको छ। आर्थिक उदारीकरण गरेपछिको ५-६ वर्षमा भारतको हिस्सा घटेर २०.४ प्रतिशतसम्म पुगेको थियो भने त्यसपछि बढेर अहिले ६९ प्रतिशतको हाराहारीमा छ। यस अवधिमा विकसित मुलुकसँगको व्यापारको हिस्सा घटेको छ। यसो हुनुका प्रमुख कारण नवीन प्रविधि प्रयोग हुन नसकेकोले विकसित बजार गुमाउँदै जानु र भारतसँग गरिएको व्यापार सन्धिले व्यापार गर्न सहज हुनु रहेको देखिन्छ।

*हिस्सा प्रतिशतमा*

| मुख्य व्यापार साझेदार | सन् १९९६ | सन् २०२० |
|---|---|---|
| भारत | २०.४० | ६८.७३ |
| संयुक्त राज्य अमेरिका | २९.०८ | १०.२५ |
| जर्मनी | ३४.६१ | २.९५ |
| संयुक्त अधिराज्य | १.४८ | २.३१ |
| फ्रान्स | ०.९० | १.२६ |
| जापान | ०.४० | ०.९७ |
| चीन | ०.०० | १.९८ |
| अन्य | १३.१२ | ११.६४ |
| जम्मा | १००.०० | १००.०० |
| निर्यात सघनता सूचक | ०.२६ | ०.५० |

स्रोतः व्यापार नक्सा, आइटीसी

## केही वस्तुको निर्यात सघनता सूचक

उच्च निर्यात सघनता सूचकमा नेपालका विशेष कृषिजन्य उत्पादन देखिएका छन्। यी वस्तुको एकमात्र गन्तव्य भारत वा बंगलादेश रहेको छ।

| हार्मोनाइज्ड कोड (४ अंक) | वस्तु | निर्यात सघनता सूचक |
|---|---|---|
| ५५०९ | सिन्थेटिक धागो | ०.६४ |
| ५७०१ | गलैंचा तथा अन्य भुइँमा ओछ्याउने सामग्री | ०.३२ |
| ०९०८ | अलैंची | ०.९९ |
| ०९०२ | चिया | ०.८३ |
| ५३१० | जुटबाट बनेका सामान | १.० |
| २००९ | फलफूलको जूस | १.० |
| १४०४ | तरकारी | ०.८४ |
| ५७०२ | गलैंचा तथा भुइँमा ओछ्याउने बुनिएका सामग्री | ०.५४ |
| | सबै वस्तु | ०.५४ |

स्रोतः व्यापार नक्सा, आइटीसी

## निर्यात सम्भावनाका वस्तुको पहिचान

पहिचान गरेका निर्यात सम्भावनाका वस्तुको बजार प्रवर्द्धन गर्नुपर्छ। सम्भावनाका वस्तु पहिचान गर्नको लागि निर्यात सम्भावना सूचक (एक्सपोर्ट पोटेन्सियल इन्डेक्स) को प्रयोग गरिएको छ। यो सूचक गणना गर्दा आइटीसीको व्यापार नक्सामा उपलब्ध ६ अंकको एचएस कोडका वस्तुको निर्यात स्थितिलाई आधार लिइएको छ। विश्व माग सूचकलाई ०.३५ र निर्यात कार्यसम्पादन सूचकलाई ०.६५ भार दिइएको छ। समग्र भारको वितरण यस प्रकार छ।

| सूचक | विश्व माग सूचक र निर्यात कार्यसम्पादन सूचक गणना गर्न दिएको भार | निर्यात कार्यसम्पादन सूचक गणना गर्न दिएको भार |
|---|---|---|
| विश्व माग सूचक | | ०.३५ |
| विश्व मागमा हिस्सा | ०.५ | |
| विश्व मागको हिस्सामा परिवर्तन | ०.५ | |
| निर्यात कार्यसम्पादन सूचक | | ०.६५ |
| निर्यातको परिमाण | ०.१६६६ | |
| निर्यात वृद्धिदर | ०.१६६६ | |
| व्यापार सन्तुलन | ०.१६६६ | |
| व्यापार सन्तुलनमा परिवर्तन | ०.१६६६ | |
| महसुस गरिएको तुलनात्मक लाभ (RCA) | ०.१६६६ | |
| तुलनात्मक लाभ (RCA) मा वृद्धि | ०.१६६६ | |

## निर्यात सम्भावना देखिएका वस्तु

माथि उल्लेख गरिएको सूचकको आधारमा ५० वटा उच्च अंक प्राप्त गर्ने वस्तुको पहिचान गरी सूचीमा पर्न गएका धातुको स्क्र्याप, पिना र खाद्य उद्योगको खेर गएका सामग्रीलाई हटाएर सम्भावना भएका अहिलेका वस्तु, उदीयमान वस्तु र पछि बढ्न सक्ने वस्तुको सूची तल प्रस्तुत छ। सूची तयार गर्दा ६ अंकको एचएस कोड प्रयोग गरिएको छ र नीतिगत तथा कार्यक्रमगत सुझाव प्रस्तुत गर्न वस्तु चार वर्गमा राखिएको छ।

| वर्तमान वस्तुहरू | |
|---|---|
| **कृषि क्षेत्रको** | |
| अलैंची | ०९०८३१ |
| अदुवा | ०९१०११ |
| दलहन | ०७१३४० |
| जुट | ५३१०९०, ६३०५१० |
| चिया | ०९०२२०, ०९०२४० |
| **वन क्षेत्रको** | |
| जडीबुटी तथा सुगन्धित वनस्पति | १२११९० |
| लोक्ताबाट बनेको हाते कागज | ४८०२१० |
| रोजिन र टर्पेन्टाइन | ३८०६१०, ३८०५१० |
| **ठूला उद्योगको** | |
| फलाम तथा स्टिल* | ७२, ७३ |
| धागो तथा कपडा | ५४०७२०, ५५०९२१, ५५०९३२, ५५०९५१, ५५१०१२ |
| जुत्ता | ६४०४१९ |
| तयारी पोशाक | ६११६१०, ६२०४४२, ६२०४६२, ६२०४३२, ६२०५२० |
| **साना तथा घरेलु उद्योगको** | |
| गलैंचा | ५७०११०, ५७०२४२ |
| गहना | ७११३११, ७११३१९, ७११३२० |
| पश्मिना | ६११०१२, ६२१४२० |
| पास्ता | १९०२१९, १९०२३० |
| उनबाट बनेका सामान (फेल्ट सहित) | ५६०२, ६११०११, ६२०४३१, ६२०४४१, ६४०५२०, ६५०५००, ९५०५१० |

* यसमा दुई अंकको एचएस कोड प्रयोग गरिएको

| उदीयमान वस्तुहरू तथा भविष्यमा सम्भावना हुन सक्ने वस्तुहरू | |
|---|---|
| उदीयमान वस्तुहरू | सुगन्धित तेल, हिमालयन स्प्रिंग वाटर, तरकारी, फलफूल र तिनका प्रशोधित सामग्री, मसलाहरू (दालचिनी, बेसार, लसुन, केसर, जीरा, मरिच र तेजपात), हस्तकला, लामा रेशाका कपडाहरू (अल्लो र हेम्पका रेशाहरू), कफी, पिपिसी सिमेन्ट, छुर्पी, मह |
| नयाँ तथा भविष्यमा सम्भावना हुन सक्ने | हाइड्रोजन ऊर्जा; बहुमूल्य पत्थर; स्वीकृत वातावरणीय प्रभाव मुल्यांकनको परिधिभित्र रही स्थानीय वातावरण र जनजीवनमा प्रतिकुल असर नपर्ने गरी खानीजन्य, नदीजन्य र वनजन्य श्रोतबाट प्राप्त हुने ढुंगा तथा ढुंगाजन्य अन्य उत्पादनहरु; सरोकारवालाहरुसँगको समन्वयमा आवश्यक नीतिगत तथा कानुनी परिमार्जन गरी हेम्प वा हेम्पजस्तै वनस्पति एवम सो बाट बनेका औषधीय गुण भएका वा सुगन्धित वस्तुहरु |

नोटः यो सूची सरोकारवालासंगको परामर्श र अध्ययनबाट तयार गरिएको ।

विद्यमान र उदीयमान निर्यात वस्तुहरूको विश्व बजारमा माग, नेपालमा उत्पादनको अवस्था, निर्यात वृद्धिको प्रवृत्ति, नेपालको व्यापार सन्तुलनमा पार्न सक्ने प्रभाव, दिगो आपूर्तिका लागि उपलब्ध प्राकृतिक सम्पदा, दक्ष मनावस्रोतको उपलब्धता तथा नवीनतम प्रविधिको प्रयोग र आवश्यक लगानीको दृष्टिकोणहरूबाट मूल्यांकन गर्दा निम्न अवस्था देखा पर्दछ ।

| वस्तु | विश्व बजारको मागको अवस्था | नेपालको उत्पादन | नेपालको निर्यात वृद्धि | नेपालको व्यापार सन्तुलन | प्राकृतिक सम्पदा | दक्ष मनावस्रोत र प्रविधिमा नवीनता | लगानी |
|---|---|---|---|---|---|---|---|
| **विद्यमान** | | | | | | | |
| **कृषि** | | | | | | | |
| अलैंची | उच्च | मध्यम | मध्यम | सकारात्मक | उच्च | मध्यम | न्यून |
| अदुवा | उच्च | उच्च | मध्यम | सकारात्मक | उच्च | मध्यम | न्यून |
| दलहन | उच्च | मध्यम | मध्यम | सकारात्मक | उच्च | मध्यम | न्यून |
| जुट | उच्च | मध्यम | मध्यम | सकारात्मक | उच्च | मध्यम | न्यून |
| चिया | उच्च | उच्च | न्यून | सकारात्मक | उच्च | मध्यम | न्यून |
| वन | | | | | | | |
| जडीबुटी तथा सुगन्धित वनस्पति | उच्च | मध्यम | उच्च | सकारात्मक | उच्च | मध्यम | न्यून |
| लोक्ताबाट बनेको हाते कागज | मध्यम | मध्यम | मध्यम | सकारात्मक | उच्च | मध्यम | न्यून |
| रोजिन र टर्पेन्टाइन | उच्च | मध्यम | मध्यम | सकारात्मक | उच्च | मध्यम | न्यून |
| **ठूला उद्योग** | | | | | | | |
| फलाम तथा स्टिल | मध्यम | मध्यम | न्यून | नकारात्मक | न्यून | उच्च | उच्च |
| धागो तथा कपडा | मध्यम | मध्यम | मध्यम | नकारात्मक | न्यून | न्यून | मध्यम |
| जुत्ता | मध्यम | मध्यम | न्यून | नकारात्मक | न्यून | मध्यम | मध्यम |
| तयारी पोशाक | उच्च | मध्यम | न्यून | नकारात्मक | मध्यम | मध्यम | मध्यम |
| **साना तथा मझौला व्यवसाय** | | | | | | | |
| गलैंचा | मध्यम | मध्यम | मध्यम | सकारात्मक | मध्यम | मध्यम | उच्च |
| गहना | मध्यम | मध्यम | उच्च | नकारात्मक | न्यून | मध्यम | मध्यम |
| पश्मिना | मध्यम | मध्यम | मध्यम | सकारात्मक | मध्यम | मध्यम | मध्यम |
| पास्ता | मध्यम | मध्यम | उच्च | नकारात्मक | मध्यम | मध्यम | मध्यम |
| ऊनबाट बनेका सामान (फेल्ट समेत) | उच्च | मध्यम | उच्च | सकारात्मक | मध्यम | मध्यम | मध्यम |

| वस्तु | विश्व बजारको मागको अवस्था | नेपालको उत्पादन | नेपालको निर्यात वृद्धि | नेपालको व्यापार सन्तुलन | प्राकृतिक सम्पदा | दक्ष मनावस्रोत र प्रविधिमा नवीनता | लगानी |
|---|---|---|---|---|---|---|---|
| **उदीयमान** | | | | | | | |
| **कृषि क्षेत्र** | | | | | | | |
| तरकारी, फलफूल र तिनका प्रशोधित सामग्री | मध्यम | मध्यम | न्यून | नकारात्मक | उच्च | मध्यम | मध्यम |
| मसला | उच्च | न्यून | न्यून | नकारात्मक | उच्च | मध्यम | न्यून |
| कफी | उच्च | न्यून | न्यून | नकारात्मक | उच्च | मध्यम | मध्यम |
| **वन क्षेत्र** | | | | | | | |
| सुगन्धित तेल | मध्यम | न्यून | न्यून | सकारात्मक | उच्च | न्यून | न्यून |
| लामो रेशाका कपडा | उच्च | न्यून | न्यून | नकारात्मक | उच्च | न्यून | न्यून |
| **ठूला उद्योग** | | | | | | | |
| पीपीसी सिमेन्ट | उच्च | मध्यम | न्यून | नकारात्मक | उच्च | मध्यम | उच्च |
| **साना तथा मझौला व्यवसायहरू** | | | | | | | |
| हिमालयन स्प्रिंग वाटर | उच्च | न्यून | न्यून | सकारात्मक | उच्च | मध्यम | न्यून |
| मह | उच्च | न्यून | मध्यम | नकारात्मक | मध्यम | मध्यम | न्यून |
| छुर्पी | उच्च | मध्यम | मध्यम | सकारात्मक | उच्च | मध्यम | न्यून |

## वस्तुगत समूहको आधारमा क्षमता विश्लेषण

निर्यात वृद्धि र समष्टिगत रूपमा व्यापार प्रवर्द्धन गर्नको लागि वस्तुगत समूह (क्लस्टर) को आधारमा आवश्यक नीति तथा कार्यक्रमको सुझाव पेश गर्न विद्यमान निर्यात पोर्टफोलियोका वस्तु र उदीयमान वस्तुको क्षमता विश्लेषण देहाय बमोजिम प्रस्तुत गरिएको छ।

## कृषि क्षेत्रका वस्तुको क्षमता विश्लेषण

ऐतिहासिक रूपमा नेपालको प्रमुख निर्यात वस्तु प्राथमिक कृषि उत्पादन हो। विभिन्न कालखण्डमा यी वस्तुको पोर्टफोलियो परिवर्तन भएको छ। कुनै बेला खाद्यान्न प्रमुख निर्यात वस्तु थियो भने पछिल्ला वर्षमा नगदे बालीको निर्यात प्रमुख छ। केही नगदे बाली मुलुकको हावापानीको कारण विश्वमै विशिष्ट विशेषता भएका वस्तु अन्तर्गत पर्दछन्। तर स्वच्छता मापदण्ड पालना गर्न नसकेको, गुणस्तरमा निरन्तरता नहुने र मान्यताप्राप्त प्रयोगशाला नभएको कारण कृषि वस्तुको निर्यात मुख्यतया भारतमा हुने गरेको छ। पछिल्लो वर्षमा तरकारी, फलफूल, मसला, कफी जस्ता उत्पादन समेत केही मूल्य अभिवृद्धि सहित अन्तर्राष्ट्रिय बजारमा निर्यात हुन थालेको देखिन्छ।

| वस्तु | सबल पक्ष | कमजोरी | अवसर | चुनौती |
|---|---|---|---|---|
| **अलैंची** | ♦ ठूलो निर्यातकर्ता मुलुक<br>♦ विश्वक बजारमा बढ्दो माग<br>♦ उच्च मूल्यको नगदे बाली<br>♦ साना किसान तथा सीमान्तकृत समूहको आम्दानीको स्रोत<br>♦ पहाडी जिल्ला खेतीको लागि उपयुक्त<br>♦ महिला कामदार धेरै हुने भएकोले लाभमा महिलाको अधिक हिस्सा<br>♦ भूक्षय नियन्त्रणमा योगदान | ♦ सीमित दक्ष जनशक्ति<br>♦ एकै मुलुकमा केन्द्रित (९० प्रतिशत) निर्यात<br>♦ जमिनको खस्किँदो स्तर र ढुसी तथा भाइरल आक्रमणले उत्पादनमा ह्रास<br>♦ आधुनिक भण्डारण तथा प्रशोधनको अभाव र न्यून मूल्य अभिवृद्धि<br>♦ आयातित उन्नत बीउ तथा बिरुवाको न्यून उपलब्धता<br>♦ कमजोर खेती व्यवस्थापन र घट्दो उत्पादकत्व | ♦ कोशी प्रदेश बाहेकका अन्य पहाडी क्षेत्रमा समेत खेती विस्तारको सम्भावना<br>♦ उन्नत बीउ, मल र सिँचाइ उपलब्ध भएमा उत्पादन वृद्धिको सम्भावना<br>♦ प्रशोधन सुविधा विस्तार गरी मूल्य अभिवृद्धि गर्ने सम्भावना<br>♦ भारत बाहेकका मुलुकमा समेत निर्यात बजार | ♦ बिरुवामा लाग्ने रोगको अनुसन्धानमा कमी<br>♦ सुक्खा र बिग्रँदो वातावरणको कारण ढुसी रोगको प्रकोप<br>♦ विश्वो बजारमा हुने मूल्यको उतार चढाव<br>♦ व्यावसायिक खेती गर्न किसानबीच सहयोगको कमी<br>♦ कमजोर यातायात सुविधा<br>♦ प्राविधिक जनशक्तिको अभाव<br>♦ प्रशोधन सुविधा र बजार पूर्वाधारको कमी |

| वस्तु | सबल पक्ष | कमजोरी | अवसर | चुनौती |
|---|---|---|---|---|
| **अदुवा** | ♦ साना किसानको लागि रोजगारी र आम्दानीको राम्रो स्रोत<br>♦ विश्वरकै चौथो ठूलो उत्पादक<br>♦ अन्य बालीसँग मिसाएर बाली लगाउन सकिने<br>♦ खेतीको लागि उपयुक्त पहाडी जलवायु<br>♦ नेपाली अदुवा विश्वर बजारमा राम्रो गुणस्तरको मानिएको | ♦ गुणस्तरयुक्त बीउको अभाव<br>♦ रोग लागेर बालीको उच्च क्षति<br>♦ भण्डारण र प्रशोधन सुविधामा कमी<br>♦ अन्तर्राष्ट्रिय मान्यता प्राप्तत प्रयोगशाला र सबै प्रतिमानको परीक्षणको अभाव<br>♦ दक्ष जनशक्तिको अभाव | ♦ विश्वो बजारमा बढ्दो माग<br>♦ उत्पादकत्व बढाउने र खेती जग्गा बढाउने सम्भावना<br>♦ तेल र ओलिओरेजिनको मात्रा बढी हुनाले मूल्य अभिवृद्धिको उच्च सम्भावना<br>♦ आयुर्वेद औषधी र अन्य प्रयोगको लागि बढ्दो माग | ♦ राइजोम रट र राइजोम फ्लाई जातिका शत्रुजीवको आक्रमण<br>♦ मूल्य घटबढको उच्च सम्भावना<br>♦ छिमेकी मुलुकले सस्तोमा उत्पादन गर्ने हुनाले बजार हिस्सा घट्ने जोखिम |
| **दलहन** | ♦ नेपाली दलहनको दक्षिण एसियाली र मध्यपूर्वका मुलुकमा राम्रो ख्याति<br>♦ रङ पहिचान, डिटोनर आदिको लागि आधुनिक प्रविधि प्रयोग<br>♦ निर्यातको लामो अनुभव<br>♦ दश जिल्लामा राष्ट्रिय उत्पादनको ८० प्रतिशत र संकलनमा सहजता<br>♦ भारतको भन्दा उच्च उत्पादकत्व<br>♦ धान बालीपछि लगाउन सकिने भएकोले खनजोत, मल र सिँचाइमा थोरै खर्च लाग्ने<br>♦ साना किसानको लागि लाभदायक | ♦ दक्ष प्राविधिकको अभाव<br>♦ श्रमशक्तिको अभाव<br>♦ गुणस्तरयुक्त बीउको अभाव<br>♦ कमजोर सडक पहुँच<br>♦ सीपमेन्टको लागि कन्टेनरको सहज र सुलभ उपलब्धताको अभाव<br>♦ व्यवस्थित आन्तरिक बजारको अभाव | ♦ उदीयमान र ठूला बजारसँगको भौगोलिक निकटता<br>♦ साधारण प्रविधि प्रयोग गरेर उत्पादकत्व बढाउन सकिने सम्भावना | ♦ उच्च श्रम लागत<br>♦ शत्रुजीव र रोगको उच्च आक्रमण<br>♦ आन्तरिक बजारको मागको पूर्ति गरी निर्यातको लागि आवश्यक परिमाणको कमी<br>♦ दक्षिण एसियाली बजारमा क्यानडा र अष्ट्रेलियाका उत्पादनसँग प्रतिस्पर्धा<br>♦ गन्तव्य बजारमा खाद्य स्वच्छता तथा बिरुवा स्वास्थ्यका मानदण्ड पूरा गर्नुपर्ने |
| **जुट** | ♦ खेतीको लागि उपयुक्त तराईको जलवायु<br>♦ नेपालको पहिलो आधुनिक उद्योग जुट उद्योग भएकाले ऐतिहासिक वस्तु<br>♦ जैविक प्याकेजिङ सामग्री<br>♦ प्रशोधित सामग्रीको भारतीय बजारमा सहज पहुँच | ♦ कृषि सामग्रीको सीमित आपूर्ति<br>♦ दक्ष कामदारको अभाव र प्राविधिक विकासको अभाव<br>♦ सिँचाइको कमी<br>♦ छिमेकी मुलुकको तुलनामा न्यून उत्पादकत्व<br>♦ भारत बाहेक अन्तर्राष्ट्रिय बजारको बारेमा कम ध्यान गएको<br>♦ सबैभन्दा पुरानो नगदे बाली भए तापनि बजार प्रवर्द्धनमा कमी | ♦ भारत लगायत दक्षिण एसियाली मुलुकमा बढ्दो माग<br>♦ वातावरणमैत्री प्याकेजिङको रूपमा अन्य मुलुकमा प्रयोगको सम्भावना<br>♦ तराईका किसानको आम्दानीको राम्रो स्रोत | ♦ आत्मनिर्भर भारत अन्तर्गत भारतले आफ्नो उत्पादन क्षमता बढाउँदा नेपालको बजार खुम्चने सम्भावना<br>♦ खेती बढ्दै गएमा खाद्यान्न उत्पादनमा कमी आउने सम्भावना |
| चिया | ♦ चिया खेतीको लागि उपयुक्त भूगोल र जलवायु<br>♦ क्रियाशी कृषक समूह तथा सहकारी<br>♦ जैविक चिया उत्पादन र मूल्य अभिवृद्धिमा जोड<br>♦ चिया खेती विकासको लागि संगठित निकायको उपस्थिति<br>♦ चिया विकासको लागि छुट्टै सरकारी नीति र संस्थागत संरचना<br>♦ कोशी प्रदेशको ग्रामीण भेग र महिलाको लागि रोजगारीको भरपर्दो स्रोत | ♦ विश्वर बजारमा विशिष्ट ब्रान्ड पहिचानको कमी<br>♦ कमजोर प्रचार र बजारीकरण<br>♦ अन्तर्राष्ट्रिय मान्यताप्राप्तअ प्रयोगशालाको अभाव<br>♦ सीमित अनुसन्धान र प्राविधिक स्कूल तथा तालिम केन्द्र<br>♦ हरियो चियाको मूल्य निर्धारणमा अपारदर्शिता<br>♦ खरिदकर्ताको माग अनुसार गुणस्तरको सुनिश्चिकतता र निरन्तरताको कमी | ♦ उत्पादन क्षेत्र विस्तारको सम्भावना<br>♦ उच्च रोजगारी सिर्जना<br>♦ विश्व बजारमा नेपाली चियाको बढ्दो माग<br>♦ जैविक प्रमाणित क्षेत्रको विस्तार<br>♦ विश्व बजारमा जैविक चियाको आकर्षक मूल्य<br>♦ वस्तु विविधीकरण गरी खास खास बजारमा प्रिमियम मूल्यमा बेच्न सकिने सम्भावना | ♦ चीन, भारत र श्रीलंकासँग प्रतिष्पर्धा गर्नुपर्ने<br>♦ मूल्य घटबढ भइरहने सम्भावना<br>♦ गुणस्तर र अधिकतम अवशेष सीमा (MRL) जस्ता गन्तव्य बजारका आवश्यकता र माग बमोजिम आपूर्तिमा कठिनाइ<br>♦ श्रम सम्बन्धी समस्या<br>♦ भारत केन्द्रित निर्यात भएकाले बजारको जोखिम |

## उदीयमान कृषि वस्तुको क्षमता विश्लेषण

| वस्तु | सबल पक्ष | कमजोरी | अवसर | चुनौती |
|---|---|---|---|---|
| तरकारी | ♦ सानो शुरूवाती लगानी<br>♦ थोरै जग्गामा पनि व्यावसायिक खेती गर्न सकिने अवस्था<br>♦ गैरमौसमी तरकारीको लागि उपयुक्त हावापानी<br>♦ किसानमा तरकारी खेतीबाट हुने फाइदाबारे बढ्दो चेतना<br>♦ ग्रेडिङ गर्ने प्रविधिको शुरूवात<br>♦ कृषक सहकारीको बजारीकरणमा अग्रसरता | ♦ कृषि सामग्रीको नियमित आपूर्तिको कमी<br>♦ दक्ष श्रमिकको कमी र प्राविधिक अन्वेषणको अभाव<br>♦ सिँचाइको कमी<br>♦ मौसम अनुसार मूल्यमा घटबढ<br>♦ उचित भण्डारणको अभाव<br>♦ गुणस्तर नियन्त्रणमा कमी | ♦ आयस्तर, जीवनस्तर र पोषण सम्बन्धी चेतना वृद्धिसँगै दक्षिण एसियामा तरकारीको खपतमा वृद्धि<br>♦ साना किसानको आम्दानीमा वृद्धि<br>♦ आतिथ्य उद्योग तथा खाद्य प्रशोधन उद्योगसँग फरवार्ड लिङ्केजको सम्भावना<br>♦ छिमेकी मुलुक र खाडी मुलुकमा निर्यातको सम्भावना | ♦ अत्यधिक तरकारी खेतीबाट खाद्यान्न उत्पादन प्रभावित हुनसक्ने सम्भावना<br>♦ अनुदान र उच्च उत्पादकत्वका कारण सस्तो भारतीय तरकारीसँगको प्रतिस्पर्धा |
| फलफूल | ♦ नेपालमा सबै प्रकारको हावापानिको विद्यमानता र भौगोलिक बनावटको कारण प्राय सबै प्रकारका फलफूल उत्पादन हुने<br>♦ किसानमा फलफूल खेतीबाट हुने फाइदाबारे बढ्दो चेतना<br>♦ पहाडी तथा हिमाली भेगमा सडक सञ्जालको विस्तार तथा भण्डारण गृहको निर्माण भएबाट बजारीकरण सहज भएको | ♦ अझै पनि पर्याप्त चिस्यान गृहको अभावमा हिमाली भेगमा उत्पादित फलफूल बिग्रने अवस्था<br>♦ आन्तरिक यातायात महँगो तथा भरपर्दो नभएको<br>♦ खेती गर्ने किसानमा सीप तथा प्राविधिक ज्ञानको कमी<br>♦ सिँचाइ सुविधाको कमी<br>♦ कमजोर गुणस्तर नियन्त्रण | ♦ नेपाल तथा दक्षिण एसियमा जीवनस्तर बढेसँगै बढदो बजार<br>♦ स्वास्थ्यप्रतिको चासो वृद्धि भएसँगै फलफूलको उपभोग बढदै जानु<br>♦ ग्रामीण भेगमा रोजगारी र जीविकोपार्जनको स्रोत<br>♦ जुस, जाम, कन्फेक्सनरी जस्ता आतिथ्यता उद्योग र प्रोसेसिङ उद्योगसँग अग्रसम्बन्धको सम्भावना | ♦ अत्यधिक फलफूल खेतीबाट खाद्यान्न उत्पादन प्रभावित हुनसक्ने सम्भावना<br>♦ छिमेकी मुलुकका फलफूलसँग मूल्यमा प्रतिस्पर्धा गर्न कठिन |
| कफी | ♦ नेपालको मध्यपहाडी क्षेत्रको जलवायु कफी खेतीको लागि उपयुक्त रहेको<br>♦ नेपाली कफीको ब्रान्डको ख्याति<br>♦ उत्पादक सहकारीको बजारीकरणमा अग्रसरता | ♦ किसानको प्राविधिक क्षमता र उत्प्रेरणा अभिवृद्धि गर्न तालिमको अभाव<br>♦ गुणस्तर नियन्त्रणको कमी<br>♦ युरोप र अमेरिकाको बजार प्रवेशको लागि मुलुकभित्र प्रमाणीकरण सुविधाको अभाव<br>♦ उच्च उत्पादन लागत | ♦ अन्तर्राष्ट्रिय बजारमा कफीको बढ्दो माग<br>♦ ग्रामीण क्षेत्रमा रोजगारीका अवसर सिर्जना हुने | ♦ यसको खेती बढ्दै गएमा खाद्यान्न उत्पादन प्रभावित हुन सक्ने<br>♦ नेपाली कफीमा कम गुणस्तरको आयातित कफी मिसावट भई कफीको ख्याती गुम्ने भय |
| मसला | ♦ विभिन्न थरीका मसलाको लागि उपयुक्त हावापानी<br>♦ मसलाको विश्वव्यापी बढ्दो माग<br>♦ व्यावसायिक खेतीको लागि निजी जग्गा र वन क्षेत्र प्रयोग गर्न सकिने अवस्था | ♦ उन्नत बीउ, मल र वर्षैभरि सिँचाइको अभाव<br>♦ बाली भित्र्याएपछिको भण्डारण, ग्रेडिङ र प्याकेजिङ सुविधाको कमी<br>♦ सीमित प्रशोधन उद्योगको उपस्थिति र भारतीय मसलासँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था | ♦ भारत र दक्षिण एसिया बाहेकका मुलुकमा समेत बजार विस्तारको सम्भावना<br>♦ व्यावसायिक मसला खेतीबाट ग्रामीण क्षेत्रमा वैकल्पिक रोजगारीको अवसर | ♦ व्यावसायिक मसला खेती र बजार प्रवर्द्धनबारे जानकारीको कमी<br>♦ गुणस्तर सम्बन्धी प्राविधिक जानकारीको अभाव<br>♦ अदुवा र अलैंची बाहेक अरू फसलमा सरकारको न्यून ध्यान<br>♦ भारतले मसला खेती र यसको व्यापारमा गरेको प्रयास |



© प्रभाकर घिमिरे



© इन्टरन्यासनल ट्रेड सेन्टर

## विद्यमान तथा उदीयमान वनस्रोतमा आधारित वस्तुको क्षमता विश्लेषण

वनस्रोतका उत्पादन नेपालबाट धेरै अघि देखि निर्यातका प्रमुख वस्तु थिए। औषधी र प्रसाधन सामग्रीमा प्रयोग हुने हिमाली जडीबुटीको प्रमुख गन्तव्य भारत थियो। प्रायः जडीबुटी प्रशोधन नभईकन भारत निर्यात हुन्थ्यो। अहिले पनि जडीबुटीको ठूलो हिस्सा प्रशोधन बिना नै निर्यात हुने गरेको छ। पछिल्ला वर्षमा मुलुकभित्र जडीबुटी प्रशोधन गर्ने साना तथा मझौला उद्योग खुलेका छन्। कतिपय वनस्रोतका कच्चा पदार्थबाट कागज र घरेलु कपडा बनाउने परम्परागत नेपाली उद्यम पछिल्लो समयमा नयाँ डिजाइन र आधुनिक प्रविधि समेत प्रयोग गरेर स्तरीय उत्पादन गर्न सफल भएका छन्। विद्यमान तथा उदीयमान वनस्रोतमा आधारित वस्तुको क्षमता विश्लेषण तल प्रस्तुत गरिएको छ।

| वस्तु | सबल पक्ष | कमजोरी | अवसर | चुनौती |
|---|---|---|---|---|
| जडीबुटी तथा सुगन्धित वनस्पति | ♦ जंगलबाट संकलन गरिने भएकोले पूर्णतः जैविक हुने<br>♦ धेरै प्रजाति हिमाली क्षेत्रका बहुमूल्य र विशिष्ट रहेका<br>♦ जडीबुटीका विविधता<br>♦ दुर्गम क्षेत्रमा रोजगारीको राम्रो अवसर<br>♦ फाइदा र मूल्य श्रृंखलाबारे पर्याप्त अध्ययन भएको | ♦ मुलुकको जैविक सम्पदा संरक्षणका लागि अपर्याप्त कानूनी तथा संस्थागत संरचना<br>♦ असल खेती अभ्यास सम्बन्धी नीति तथा मार्गदर्शनको कमी<br>♦ सम्भावनाको तुलनामा धेरै कम बालीको मात्र खेती<br>♦ भण्डारण र प्रशोधन सुविधाको अभाव<br>♦ निर्यातको लागि छिमेकी राष्ट्रमा मात्र निर्भर<br>♦ भन्सार विन्दुमा मान्यता प्राप्त क्वारेन्टिनको अभाव<br>♦ शत्रुजीव जोखिम विश्लेषण र फ्युमिगेसन सुविधाको अपर्याप्तता | ♦ जडीबुटीको बढ्दो अन्तर्राष्ट्रिय बजार<br>♦ क्षमता विस्तार गर्न सकिने पर्याप्त सम्भावना<br>♦ संकलन, भण्डारण र प्रशोधनमा सुधार गरी वैश्विक मूल्य श्रृंखलाको ठूलो हिस्सा लिन सकिने सम्भावना | ♦ दिगो संकलन विधिबारे ज्ञानको कमी<br>♦ जथाभावी संकलनबाट कतिपय प्रजाति लोप हुने अवस्थामा रहेको<br>♦ बौद्धिक सम्पत्तिको पर्याप्त रक्षा हुन नसक्दा स्थानीय ज्ञानमाथिको अधिकार गुम्न सक्ने खतरा |
| लोक्ताबाट बनेको हाते कागज | ♦ उच्च पहाडी क्षेत्रको लोक्ताको रेशा बलियो हुने गरेकोले नेपाली लोक्ताको विशिष्ट पहिचान रहेको<br>♦ कागज उत्पादन गर्ने परम्परागत प्रविधि अनौठो भएकाले बजारीकरणको लागि सहज हुने<br>♦ कलात्मक काम गरेर लोक्ता कागजमा मूल्य अभिवृद्धि गर्न सकिने<br>♦ कुशल कालीगढ र उद्यमीको उपलब्धता | ♦ क्षमता अभावको कारण ठूला अर्डर लिन नसकिने<br>♦ नयाँ बजारको लागि वस्तु विकास र डिजाइनमा ध्यान पुग्न नसकेको<br>♦ वस्तु विकास तथा डिजाइनको लागि तालिमको अभाव<br>♦ बजार प्रवर्द्धन तथा बजारीकरणको कमी र बजार सूचनाको अभाव<br>♦ घरेलु उद्योगमा व्यवस्थापकीय सीपको अभाव | ♦ लोक्ता कागजको लागि उच्च आन्तरिक माग<br>♦ विदेशी बजारमा मूल्य अभिवृद्धि गरिएका कागजका सामानको माग | ♦ चीन भारत र थाइल्याण्डका समान प्रकृतिका वस्तुसँग मूल्य प्रतिस्पर्धा<br>♦ उत्पादनको डिजाइनको सुरक्षा नभएकोले नक्कली सामानको जोखिम |
| सुगन्धित तेल | ♦ नेपालमा विविध जडीबुटी र औषधीय वनस्पतिको उपलब्धता<br>♦ उच्च हिमाली क्षेत्रका जडीबुटीमा शतप्रतिशत शुद्धता सहितको औषधीय गुण<br>♦ सुगन्धित तेलको उत्पादन परम्परागत विधिबाट गरिने हुँदा ग्राहकको आकर्षण<br>♦ अन्य मुलुकको तुलनामा कम मूल्यमा अन्तर्राष्ट्रिय बजारमा पठाउन सकिने | ♦ कतिपय खेतीयोग्य जडीबुटीको लागि असल गुणस्तरको बीउ प्राप्त गर्न कठिन<br>♦ दक्ष जनशक्तिको अभाव<br>♦ समुद्रपार बजार सम्पर्क विकासको अभाव<br>♦ गुणस्तरको सुनिश्चितता र अन्य कारणले निर्यात प्रारम्भिक चरणमा मात्र रहेको<br>♦ आपूर्ति श्रृंखलामा अत्यधिक बिचौलिया | ♦ नेपाली परम्परा र संस्कृतिमा सुगन्धित तेलको प्रयोग र त्यसको महत्वबारे विदेशमा समेत बढ्दो चासो<br>♦ चीनमा तीव्र गतिले बढेको मध्यमवर्गीय परिवारमा प्रशाधन सामग्रीको बढ्दो प्रयोग र नयाँ सम्भावना<br>♦ महिला र फरक क्षमता भएका व्यक्तिको लागि समेत ग्रामीण क्षेत्रमा दिगो रोजगारीको स्रोत<br>♦ पश्चिमा मुलुक र चीनमा नेपाली जडीबुटी र सुगन्धित तेलबारे बढ्दो जानकारी<br>♦ नेपाली सौन्दर्य प्रसाधन सामग्रीमा स्वदेशी सुगन्धित तेल प्रयोग | ♦ विकसित बजारमा बजार पहुँचको लागि स्वच्छता र मापदण्ड पूरा गर्नुपर्ने<br>♦ भारतीय कम्पनीले हिमालयन सुगन्धित तेल भनेर बजारीकरण गरेकाले नेपाली कम्पनीलाई कठिनाइ<br>♦ विकसित बजारमा चीन, भारत, इन्डोनेसिया, श्रीलंका, भियतनाम जस्ता मुलुकसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था<br>♦ प्राकृतिक स्रोतको कमी हुँदै गएको तथा रसायन प्रयोग गरी सस्तोमा सिन्थेटिक सुगन्ध निकाल्न सकिने भएकाले सोसँगको प्रतिस्पर्धा |

| वस्तु | सबल पक्ष | कमजोरी | अवसर | चुनौती |
|---|---|---|---|---|
| रोजिन तथा टर्पेन्टाइन | ♦ नेपालको वनमा पाइने<br>♦ कागज, रङ र अन्य रसायन उत्पादनमा रोजिन टर्पेन्टाइनको औद्योगिक प्रयोग बढ्दो<br>♦ पहाडी क्षेत्रमा लौठ सल्लाको खोटो संकलन स्थानीय बासिन्दाको आम्दानीको राम्रो स्रोत | ♦ विगतमा चीनमा समेत निर्यात भए तापनि हाल भारतमा मात्र सीमित भएको<br>♦ अन्तर्राष्ट्रिय बजारमा नेपाल पनि उत्पादक हो भन्ने पहिचान बनाउन नसकिएको<br>♦ उत्पादित वस्तुको गुणस्तर नियन्त्रणमा कठिनाइ | ♦ जंगलको घनत्व बढ्दै गएकाले उत्पादन क्षमता बढाउन सकिने<br>♦ बजार प्रवर्द्धनद्वारा वैश्विक मूल्य श्रृंखलामा बढी हिस्सा पाउने सम्भावना<br>♦ कार्बन अफसेट भुक्तानी पाउन सकिने उत्पादन | ♦ औद्योगिक उत्पादनको ५० वर्षको इतिहास भए पनि बजार विस्तारमा कमी<br>♦ आधुनिक बोरहोल पद्धति अवलम्बनको आवश्यकता<br>♦ अन्य एसियाली मुलुकले उन्नत प्रविधि प्रयोग गरी संकलनमा सिर्जना गरेको चुनौती |
| वनस्रोतका लामो रेशाका कपडा | ♦ वनस्रोतका लामो रेशा प्रयोग गरी पोशाक बुन्ने परम्परागत ज्ञान र सीप रहेको<br>♦ रेशा निकाल्न पर्याप्त कच्चा पदार्थ पाइने<br>♦ वातावरणमैत्री रेशा रहेको<br>♦ ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्न सकिने | ♦ ग्रामीण क्षेत्रमा स्थानीय प्रयोगको लागि पोशाक उत्पादन गरिने तर बजार सम्बन्धी जानकारीको अभाव<br>♦ स्थानीय उत्पादकमा उत्पादित वस्तुको मूल्य अभिवृद्धि गर्ने नवीनतम सीपको कमी<br>♦ परम्परागत प्रविधिको कारण लागत घटाउन र गुणस्तर कायम गर्न कठिन<br>♦ वस्तु विविधीकरण सम्बन्धी ज्ञानको कमी<br>♦ कच्चा पदार्थ संकलन गर्ने निश्चित मौसम<br>♦ ठूलो परिमाणमा उत्पादन गर्न कच्चा पदार्थको अभाव | ♦ सामुदायिक र निजी वनमा खेती विस्तारको सम्भावना<br>♦ गुणस्तर र डिजाइन सुधारबाट बजार विस्तारको सम्भावना<br>♦ विशिष्ट गुणस्तर भएकोले विशेष बजार निर्माणको सम्भावना | ♦ रेशा उत्पादन गर्न व्यावसायिक खेतीको लागि प्रविधि विकासको अभाव<br>♦ प्रचार प्रसारको कमी<br>♦ अवलम्बन गरिएको प्रविधिको कारण बढी उत्पादन लागत |

## विद्यमान तथा उदीयमान ठूला उद्योगका उत्पादनको क्षमता विश्लेषण

ठूला उद्योगका उत्पादनमा मूलतः धागो तथा कपडा र फलाम तथा स्टिल प्रमुख रहेका छन् । जुत्ता उत्पादन ठूला र मझौला उद्योगले गर्छन् तर जुत्ताको निर्यातमा सामान्यतया ठूला उद्योग नै अग्रणी देखिन्छन् । नयाँ वस्तुमा ठूला उद्योग अझै पनि अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी हुनसक्ने देखिएको छैन । पछिल्ला वर्षमा मुलुकमा सिमेन्ट उद्योग धेरै संख्यामा खुलेका र मुख्य कच्चा पदार्थ मुलुकभित्र प्रशस्त रहेको, खानीसम्मको पूर्वाधार पहुँचमा सुधार भएको र विद्युत् आपूर्तिमा सुधार आउँदै गरेकाले मुलुकको सिमेन्ट उत्पादन क्षमता बढेको छ । आन्तरिक खपत हुनसक्ने परिमाणभन्दा बढी सिमेन्ट उत्पादन क्षमता भएको र उत्तर भारतीय क्षेत्र र बंगलादेशसँग निकटताको लाभ प्रयोग गरी सिमेन्ट निर्यात बढाउन सकिने सम्भावना देखिएको छ। यसैले ठूला उद्योगमा यो उदीयमान वस्तुको रूपमा देखिन्छ। यी वस्तुको क्षमता विश्लेषण तल प्रस्तुत गरिएको छ।

| वस्तु | सबल पक्ष | कमजोरी | अवसर | चुनौती |
|---|---|---|---|---|
| धागो तथा कपडा | ♦ न्यून श्रम लागत<br>♦ उच्च गुणस्तरका मेसिनरीको प्रयोग<br>♦ आयात गर्ने मुलुकसँगको असल सम्बन्ध | ♦ उच्च लागत र उत्पादन पद्धतिको कार्यकुशलतामा कमी<br>♦ सीमित मुलुकमा निर्यात | ♦ न्यून भन्सार दरमा नेपाली धागोको बढ्दो अन्तर्राष्ट्रिय बजार<br>♦ तेस्रो मुलुकमा निर्यात गरी व्यापार विविधीकरण गर्न सकिने | ♦ अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदा गन्तव्य मुलुकमा लाग्ने कर तथा स्थानीय मूल्य अभिवृद्धि बढन जाँदा निर्यात घट्ने सम्भावना |
| फलाम तथा स्टिल | ♦ निजी क्षेत्रको ठूलो लगानी<br>♦ बजारको गुणस्तर सम्बन्धी माग पूरा गर्न नवीनतम प्रविधि प्रयोग<br>♦ उत्पादन र निर्यातमा लामो अनुभव<br>♦ भारत र भुटानको बजारको लागि रणनीतिक अवस्थिति<br>♦ धेरै कारखानाले भारतीय गुणस्तर चिन्ह प्राप्त गरेको अवस्था<br>♦ धेरै कारखाना भारतीय पावर ग्रीड कर्पोरेसनको गुणस्तर स्वीकृति प्राप्त<br>♦ जिंक आपूर्तिको लागि भारतीय जिंक कम्पनीबाट सहयोग<br>♦ कारखानाले समयमै माग बमोजिमको परिमाण उपलब्ध गराउन सक्ने क्षमता<br>♦ भारतमा भन्दा केही न्यून उत्पादन लागत | ♦ ढुवानीको लागि भारतीय कम्पनीमा निर्भरता<br>♦ कमजोर श्रम सम्बन्ध<br>♦ न्यून श्रम उत्पादकत्व | ♦ नेपाल भारत व्यापार सन्धिको कारण भारतीय बजारमा सहज पहुँच<br>♦ भुटान र बंगलादेशले भन्सार महसुल कम गर्दै लगेको अवस्था<br>♦ ठूला पूर्वाधार निर्माण भइरहेकाले भारत, भुटान र दक्षिण एसियाली अन्य मुलुकमा उच्च माग<br>♦ श्रम उत्पादकत्व बढाउन सकिने सम्भावना | ♦ ऊर्जा आपूर्ति नियमितताको समस्या र उच्च ऊर्जा लागत<br>♦ भारतका केही राज्यले औद्योगिक अनुदान, कर छुट र सहुलियत कार्यक्रम लागू गरेकाले भारतीय कम्पनीसँग प्रतिस्पर्धा गर्न कठिन |
| जुत्ता | ♦ जुत्ता उत्पादकको उल्लेख्य संख्या<br>♦ श्रम प्रधान र उच्च रोजगारी सिर्जना<br>♦ न्यून श्रम लागत<br>♦ महिला कामदारमैत्री<br>♦ युवालाई क्षमता विकास र तालिमको अवसर | ♦ अन्तिम वस्तुको तुलनामा केही कच्चा पदार्थमा लाग्ने भन्सार महसुल बढी<br>♦ लगानी थप गर्नुपर्ने भएकोले हाइटेक मेसिनरीको प्रयोगको कमी<br>♦ गुणस्तर र प्रयोगशाला सम्बन्धी कामको लागि उद्योगलाई साझा सुविधा उपलब्धताको कमी | ♦ विश्व बजारमा बढ्दो माग<br>♦ विविध प्रकारको जुत्ताका बढ्दो प्रयोग<br>♦ आन्तरिक बजारमा विस्तार<br>♦ नेपाली उपभोक्ताबीच नेपाली जुत्ताबारे जानकारी र गुणस्तरको विश्वसनीयतामा वृद्धि<br>♦ कच्चा पदार्थ प्राप्त गर्न सजिलो (करिब २० प्रतिशत आन्तरिक तथा ८० प्रतिशत भारत र चीनबाट आउने) | ♦ मूल्य, गुणस्तर र परिमाणको आधारमा भारत र चीनका उत्पादकसँगको प्रतिस्पर्धा<br>♦ नक्कली ब्रान्डको आयात नियन्त्रण<br>♦ तालिमप्राप्त कामदारको अभाव<br>♦ कच्चा पदार्थको लागि आयातमा अधिक निर्भरता |
| पिपिसि सिमेन्ट | ♦ मुलुकभित्र उच्च माग र बढ्ने सम्भावाना<br>♦ अदक्ष र अर्धदक्ष श्रमशक्तिको उपलब्धता र न्यून श्रम लागत<br>♦ भारतीय बजारमा प्रवेश पाउने अवस्था | ♦ कमजोर गुणस्तर नियन्त्रण<br>♦ उत्पादनमा दिगोपना कायम गर्न कठिन<br>♦ कमजोर यातायात पूर्वाधार<br>♦ दक्ष कामदारको अभाव<br>♦ ऊर्जा आपूर्तिमा समस्या | ♦ प्रिकास्ट निर्माण सामाग्री उत्पादन उद्योग विकासको सम्भावना | ♦ अस्वस्थ मूल्य प्रतिस्पर्धा<br>♦ मजदुर संगठनको हस्तक्षेप<br>♦ ठूला ग्राहकको मूल्यमा बढी मोलतोल<br>♦ ऊर्जाको नियमित आपूर्ति |
| तयारी पोशाक | ♦ लामो समयदेखि नेपाली निर्यातमा महत्वपूर्ण स्थान<br>♦ श्रमप्रधान र तुलनात्मक रूपमा न्यून लगानीमा उत्पादन गर्न सकिने भएकाले उच्च सम्भावनायुक्त क्षेत्र<br>♦ निर्यातको ठूलो हिस्सा छिमेकी मुलुक बाहेकका अन्य मुलुकमा रहनु | ♦ नवीनतम प्रविधि अवलम्बनको कमी<br>♦ उद्योगहरूलाई पर्याप्त प्रोत्साहनको कमी<br>♦ विदेशी कच्चा पदार्थमा भर पर्नुपर्ने अवस्था | ♦ सदावहार रूपमा माग हुने क्षेत्र र फेसनको बढ्दो क्रेजका कारण बढ्दो माग<br>♦ नेपाली उत्पादनप्रति उपभोक्तामा रहेको विश्वास<br>♦ अतिकम विकसित मुलुकको रूपमा प्राप्त हुने सुविधा | ♦ बंगलादेश र भारत जस्ता ठूला निर्यातकर्तासँगको उच्च प्रतिस्पर्धा<br>♦ विकासशील मुलुकमा स्तरोन्नसति पश्चात् गन्तव्य मुलुकमा बजार प्रवेशका लागि तिर्नुपर्ने कर तथा उत्पत्तिको नियम कडा हुँदा निर्यात घट्ने सम्भावना |

## विद्यमान एवम् उदीयमान साना तथा मझौला उद्योगका उत्पादनको क्षमता विश्लेषण

साना तथा मझौला उद्योगले उत्पादन गर्ने गलैंचा, पश्मिनाले विगतदेखि नै अन्तर्राष्ट्रिय बजारमा पहिचान बनाएका छन् । पछिल्ला वर्षहरूमा पास्ता र ऊनबाट बनेका विविध सामग्रीको निर्यात समेत बढ्न थालेको छ । यस बाहेक साना तथा मझौला उद्योगले स्वच्छ पिउने पानी, हिमालयन स्प्रिङ वाटर र सुन तथा चाँदीका गहना उत्पादन र निर्यातमा क्षमता विस्तार गर्दै लगेको देखिएको छ । यी वस्तुको क्षमता विश्लेषण तल प्रस्तुत गरिएको छ ।


| वस्तु | सबल पक्ष | कमजोरी | अवसर | चुनौती |
|---|---|---|---|---|
| गलैंचा | ♦ राम्रो आर्थिक सामाजिक प्रभाव<br>♦ अन्तर्राष्ट्रिय बजारमा नेपालको राम्रो छवि<br>♦ अन्य मुलुकमा १५० नटभन्दा माथिका गलैंचा प्रायः नबन्ने भएकाले नेपाली गलैंचाको गुणस्तर राम्रो मानिएको<br>♦ नेपाली डिजाइनको विश्वभर रुचि<br>♦ मुलुकभित्रै गलैंचा डिजाइन गर्ने कम्प्युटर प्रविधिको उपलब्धता<br>♦ अर्डर अनुसारको उत्पादनमा सहजता | ♦ प्रतिस्पर्धी मुलुकको तुलनामा नेपाली गलैंचा महँगो<br>♦ परीक्षण र प्रमाणीकरण सुविधाको अभाव<br>♦ प्रतिस्पर्धीको तुलनामा नेपालबाट आपूर्ति हुन बढी समय लाग्ने अवस्था<br>♦ न्यून श्रम उत्पादकत्व<br>♦ बजार विविधीकरणको कमी<br>♦ आयातित कच्चा पदार्थको मूल्यमा उतारचढाव | ♦ नयाँ बजारको रूपमा मध्यपूर्व र एसियाली मुलुक विकास गर्ने सम्भावना<br>♦ सामूहिक ट्रेडमार्क भएमा नेपाली ब्रान्डको दुरुपयोग रोक्न सकिने सम्भावना<br>♦ श्रम उत्पादकत्व वृद्धि गर्ने सम्भावना<br>♦ अल्लो, गाँजाको रेशा जस्ता रेशा नेपालमा उपलब्ध हुने हुँदा विशिष्ट प्रकृतिका गलैंचा बनाउन सकिने सम्भावना<br>♦ बजार पहुँचमा अतिकम विकसित राष्ट्रको रूपमा प्राप्त सुविधा | ♦ सस्तो मूल्यका वैकल्पिक उत्पादन<br>♦ अन्य मुलुकका उत्पादकबाट नेपाली ब्रान्डको दुरुपयोग<br>♦ अतिकम विकसित मुलुकबाट स्तरोन्नति पश्चात् व्यापारजन्य सुविधा गुम्न जाँदा निर्यात घटने सम्भावना |
| पश्मिना | ♦ नेपाली च्याङ्ग्रा पश्मिनाको सामूहिक ट्रेडमार्क तयार भई गन्तव्य बजारमा ब्राण्डिङ<br>♦ परम्परागत उत्पादन प्रणाली, राम्रो गुणस्तर र डिजाइनका कारण विशेष बजारमा अलग्गै पहिचान<br>♦ हिमाली भेगमा च्याङ्ग्रा पालन वृद्धि गरी स्वदेशी धागो बढाउन सकिने सम्भावना<br>♦ उच्च मूल्यका पश्मिना माग पूरा गर्ने सामर्थ्य<br>♦ हिमाली भेगका किसान, प्रोसेसिङ उद्योग, उत्पादक, निर्यातकर्ता सबै पक्षले फाइदा लिनसक्ने अवस्था | ♦ वस्तु विविधीकरण गर्न आधुनिक धागो रङ्गाउने प्लान्ट र सुविधाको अभाव<br>♦ परम्परागत प्रविधिको कारण बजारको माग बमोजिम तुरुन्त परिवर्तन गर्न कठिनाइ<br>♦ मुलुकभित्रै कच्चा ऊन तगा प्रशोधन उद्योगको अभावले बढी मूल्यमा ऊन आयात गर्नुपर्ने अवस्था<br>♦ नयाँ बजारमा प्रवेश गर्न अन्तर्राष्ट्रिय बजारमा बलियो नेटवर्कको कमी | ♦ उत्पादन बढाउन र नयाँ बजारमा प्रवेश गर्न पर्याप्त उत्पादन क्षमता र सम्भावना<br>♦ हिमाली भेगमा च्याङ्ग्रा पालन विस्तार गरी धागोको आन्तरिक उत्पादन बढाउन सकिने सम्भावना<br>♦ पश्मिनाका सल र लामो स्कार्फको साथै विविध उत्पादनको बढ्दो माग | ♦ भारत र चीनसँगको मूल्य प्रतिस्पर्धा<br>♦ नक्कली सामानको बिगबिगी |
| पास्ता | ♦ दक्ष जनशक्ति उपलब्धता<br>♦ उन्नत प्रविधि र पर्याप्त लगानी रहेकोले पर्याप्त उत्पादन क्षमता<br>♦ विकसित आन्तरिक आपूर्ति श्रृंखला | ♦ नयाँ बजारमा पहुँच बढाउने क्षमता<br>♦ भारतबाट प्रत्येक कन्साइन्मेन्टमा गुणस्तर प्रमाणपत्र माग्ने गरेको अवस्था<br>♦ मैदा, पाम आयल र सिजनिङको उपलब्धतामा कठिनाइ<br>♦ अरब तथा इस्लामिक मुलुकमा निर्यातको लागि हलाल प्रमाणपत्रको अभाव | ♦ सीमावर्ती भारतीय बजार र तेस्रो मुलुकमा बढ्दो बजार<br>♦ बढ्दो आन्तरिक बजार | ♦ आन्तरिक बजारमा उच्च प्रतिस्पर्धा<br>♦ खाद्य मिसावट नियन्त्रण गर्न कठिनाइ |

| वस्तु | सबल पक्ष | कमजोरी | अवसर | चुनौती |
|---|---|---|---|---|
| ऊनबाट बनेका सामान | • राम्रो पूर्वाधार र पर्याप्त लगानी भएको कुशल डिजाइन र गुणस्तरयुक्त उत्पादन<br>• समयमै डेलीभरी दिन सक्षम<br>• स्थापित ग्राहक र विश्व बजार खासगरी संयुक्त राज्य अमेरिकामा राम्रो सम्भावना | • अत्याधुनिक प्रविधि सम्बन्धी जानकारीको अभाव<br>• मौसमी व्यवसाय<br>• गुणस्तर र ग्रेडको लागि ऊन आयातकर्तामाथिको निर्भरता<br>• बजारीकरणको ज्ञान र सूचना प्रविधिमा आधारित बजार सूचना तथा नेटवर्कको अभाव<br>• उच्च ढुवानी लागत<br>• मुलुकभित्र उन्नत जातको भेडापालनको अभाव | • संयुक्त राज्य अमेरिका र नेदरल्याण्डमा थप ग्राहक पहिचान तथा जापानमा थप सम्भावना<br>• प्राकृतिक रेशाबाट उत्पादित सामानको बढ्दो माग | • फेसनमा आउने निरन्तर परिवर्तनको कारण वस्तु विकास तथा डिजाइन निरन्तर गर्नुपर्ने अवस्था<br>• चीन, इक्वेडर, कोलम्बिया, पेरू जस्ता मुलुकसँग अमेरिकी बजारमा प्रतिस्पर्धा गर्नुपर्ने अवस्था<br>• डिजाइनको अधिकार रक्षा |
| हिमालयन स्प्रिङ वाटर | • सफा प्राकृतिक पानीको पर्याप्त मुहान<br>• वातावरणीय रूपमा सुरक्षित पानी | • शुद्ध पानी (फ्रेस वाटर) प्रशोधन गर्ने कमजोर प्राविधिक क्षमता<br>• शुद्ध पानीको व्यापारबारे सीमित जानकारी | • कतिपय मुलुकमा शुद्ध पानीको बढ्दो अभाव<br>• खाडी मुलुकमा नेपाली शुद्ध पानीमा बढ्दो रुचि | • कतै कतै पर्यावरणीय असन्तुलन हुनसक्ने सम्भावना<br>• सस्तो विकल्पको रूपमा सामुद्रिक पानी वा अन्य स्रोतका पानीको उपलब्धता |
| मह | • मौरीको लागि हिमाली क्षेत्र एवम् जडीबुटीजन्य चरन क्षेत्रको बाहुल्यता<br>• चिउरी लगायतका मौलिक जातबाट उत्पादन र ब्रान्डिडको सम्भावना<br>• मौरी प्रवर्द्धन नीति, २०७३ लगायतका नीति मार्फत सरकारको प्रवर्द्धनकारी नीति | • व्यावसायिक रूपमा मौरीपालनको व्यापकता नहुनु<br>• ग्रामीण क्षेत्रमा आधुनिक प्रविधि विस्तारको कमी<br>• मह उत्पादन सम्बन्धी व्यवस्थित र विश्वसनीय तथ्यांकको अभाव | • विश्व बजारमा महको मागमा वृद्धि<br>• केही युरोपेली मुलुकको नेपाली महप्रति उच्च चासो | • आयातकर्ता मुलुकको मापदण्ड पूरा गर्ने गरी प्रयोगशाला लगायतका पूर्वाधार एवम् अन्य तयारीको कमी<br>• विश्व बजारमा प्रमुख निर्यातकर्ताको रूपमा रहेका छिमेकी मुलुकसँग सामना गर्नुपर्ने उच्च प्रतिस्पर्धा |
| छुर्पी | • लामो समयदेखि उत्पादन हुँदै आएको मौलिक वस्तु<br>• स्वदेशी कच्चा पदार्थमा आधारित<br>• चिसो हावापानीका पशुको दूधबाट बन्ने भएकोले उच्च गुणस्तर | • सीमित उत्पादन<br>• उत्पादनमा नयाँ प्रविधिको कमी | • अमेरिका, क्यानडा, युरोपेली मुलुक लगायतमा उच्च माग<br>• निरन्तर उच्च तहको निर्यात वृद्धि<br>• अन्य वस्तुको तुलनामा कम प्रतिस्पर्धा<br>• नेपाली ब्रान्डको रूपमा मुलुक चिनाउने उच्च सम्भावना | • बजारको माग अनुसार आपूर्ति व्यवस्थापन<br>• गुणस्तर कायम राख्दै आयातकर्ता मुलुकको मापदण्ड परिपालना |
| गहना | • आयातित सुन, चाँदी र बहुमुल्य पत्थरको सहज उपलब्धता<br>• दक्ष र कुशल कारिगरको उपलब्धता<br>• अनौठा कलात्मक डिजाइन गर्न सक्ने दक्षता<br>• उच्च मूल्य अभिवृद्धि (४० देखि ५० प्रतिशतसम्म)<br>• अन्तर्राष्ट्रिय बजारमा विकसित पहिचान<br>• ग्राहकसँग मिलेर संयुक्त डिजाइन विकास<br>• स्थापित बजार, जस्तै चाँदीका गहनाको लागि जापान<br>• वस्तु विशिष्टीकरण तथा डिजाइनमा नियमित विकास | • अत्याधुनिक नयाँ यन्त्र र प्रविधि जस्तै सोल्जरिंगको लागि लेजर मेसिन र क्याडको अभाव<br>• वस्तु तथा डिजाइन विकासमा सहयोगको अभाव<br>• महँगो आयातित कच्चा पदार्थ र प्याकेजिङ सामग्री<br>• बजार सम्पर्क स्थापना गर्न उच्च लागत<br>• प्रतिस्पर्धात्मक क्षमता निर्माण गर्न नीतिगत तथा संस्थागत सहयोगको अभाव<br>• उत्पादित वस्तुको आधिकारिकता प्रमाणित गर्ने संस्थाको अभाव | • नयाँ डिजाइनको लागि युरोपियन युनियनको बजारको उच्च सम्भावना<br>• रूस, दक्षिण कोरिया र दक्षिण अफ्रिकामा समेत बजार विस्तारको सम्भावना<br>• जापानी बजार लक्षित खास वस्तु उत्पादन र बढ्दो बजार<br>• तालिम प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्ने सम्भावना | • आवश्यक धातुको मूल्य वृद्धि<br>• भारत, थाइल्याण्ड, इन्डोनेसिया, मेक्सिको जस्ता मुलुकसँगको प्रतिस्पर्धा<br>• नेपाली डिजाइनको विदेशी कम्पनीले नक्कल निकाल्ने जोखिम<br>• व्यापारको आकार सानो भएकाले उच्च बजारीकरण खर्च<br>• चाँदीमा क्याडमियम मिसावट भएका घटनाले विश्व बजारमा नेपालको ख्यातिमा असर |

## सेवा व्यापार


**निर्यातमा सेवा व्यापारको प्रवृत्ति**

नेपालको निर्यातमा सेवा व्यापारको महत्वपूर्ण भूमिका रहेको छ। आ.व. २०६९/७० देखि नेपालको वस्तु निर्यातको तुलनामा सेवा निर्यातको रकम प्रत्येक वर्ष उच्च रहेको थियो। तर आ.व. २०७७/७८ मा कोभिड-१९ को महामारीका कारण पर्यटन क्षेत्रबाट प्राप्त हुने वैदेशिक मुद्रा घट्न गई सेवा निर्यातको रकम न्यून हुन पुग्यो।




स्रोतः नेपाल राष्ट्र बैंक

विगत तीन वर्षमा सेवा क्षेत्रबाट निर्यातमा योगदान दिएका सेवाको स्थिति विश्लेषण गर्दा मूलतः पर्यटन, सूचना प्रविधिमा आधारित सेवा र निर्माण सेवा रहेका छन्।




स्रोतः नेपाल राष्ट्र बैंक


सम्भावनाको तुलनामा नेपालको पर्यटन व्यवसायको आकार निकै सानो रहेको छ। तथापि, वैदेशिक मुद्रा आर्जनको प्रमुख स्रोतको रूपमा पर्यटन क्षेत्रको योगदान उल्लेख्य छ। सन् २०१९ सम्म बढ्दै गएको पर्यटक आगमन कोभिड-१९ को महामारीले सन् २०२० मा थला पऱ्यो। दुई वर्षपछि अहिले यसमा केही सुधार आएको छ। अन्तर्राष्ट्रिय आगमनको लागि भैरहवा तथा पोखरामा दुई नयाँ विमानस्थल सञ्चालनमा आएका, पर्यटकीय पूर्वाधारमा निजी लगानी बढेको र पर्यटकीय गन्तव्य तथा आकर्षण थपिएको हुँदा आगामी पाँच वर्षमा पर्यटकको आगमन उल्लेख्य रूपमा बढ्न जाने अपेक्षा गरिएको छ।

सूचना प्रविधि र इन्टरनेटमा आधारित सेवा र बिजनेस प्रोसेस आउटसोर्सिङ सेवा निर्यातको रूपमा स्थापित छन् । तर कतिपय अवरोधको कारण नेपालबाट उत्पत्ति भएका सेवाको भुक्तानी बाहिर नै रहने, कतिपय व्यवसायको काम नेपालबाट भए पनि बिलिङ बाह्य केन्द्रको नाममा हुने गरेकाले नेपालको सेवा आयमा यस्तो निर्यातबाट प्राप्त रकम कम रहेको देखिन्छ । उपयुक्त वातावरण निर्माण र केही वित्तीय प्रोत्साहन प्रदान गर्न सकिएमा सूचना प्रविधिमा आधारित सेवाको निर्यात सर्वाधिक निर्यात हुने सेवाको रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।

भारतीय बजारमा विद्युतीय ऊर्जा निर्यात सहज हुँदै गएको, अन्तर्देशीय प्रसारण लाइनको क्षमता विस्तार भएको र आन्तरिक खपतभन्दा बढी जलविद्युत् उत्पादन हुन थालेकोले नेपाल विद्युतीय ऊर्जाको खुद आयातकर्ता मुलुकबाट खुद निर्यातकर्ता हुन थालेको छ । जलविद्युत् आयोजनाको जडित क्षमता अहिले २,४१० मेगाबाट छ । करिब ८,५०० मेगाबाट क्षमताका २२७ आयोजना निर्माणको विभिन्न चरणमा छन् । आगामी पाँच वर्षको अवधिमा आन्तरिक मागभन्दा विद्युत् उत्पादन क्षमता निकै बढी हुने देखिन्छ । यसकारण सूचना प्रविधिमा आधारित सेवाको निर्यातकै हाराहारीमा आगामी पाँच वर्षमा जलविद्युत्को निर्यात हुन सक्छ ।

विगत दुई दशकमा नेपालमा निर्माण व्यवसायको विकास तीव्र गतिले भएको छ । कुल गार्हस्थ उत्पादनमा यसको योगदानमा भएको वृद्धिले यसलाई पुष्टि गर्छ । मुलुकभित्र निर्माणाधीन आयोजनाको अवस्था दृष्टिगत गर्दा समष्टिगत रूपमा निर्माण व्यवसायीको क्षमता कमजोर रहेको निष्कर्ष निकाल्न सकिन्छ तर कतिपय निर्माणको विधामा नेपाली निर्माण व्यवसायीले दक्षता र संस्थागत क्षमता बढाउँदै लगेको देखिन्छ । परिमाण सानो भए तापनि नेपाली निर्माण व्यवसायी अन्तर्राष्ट्रिय निर्माण ठेक्कामा प्रतिस्पर्धाबाट छानिएर काम गरिरहेका छन् । निर्माण क्षेत्रमा दक्ष श्रमिक र प्राविधिकको उपलब्धता राम्रो छ । यसको लाभ लिँदै निर्माण सेवा निर्यात प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ ।

**विप्रेषण (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा प्रतिशत)**




स्रोतः नेपाल राष्ट्र बैंक

विप्रेषण नेपाली अर्थतन्त्रको ऐतिहासिक विशेषता हो । आ.व. २०५६/५७ सम्म कुल गार्हस्थ उत्पादनको अनुपातमा करिब १.५ प्रतिशत रहेको विप्रेषण त्यसपछिका वर्षमा बढ्दै गयो र आ.व. २०७१/७२ मा सर्वाधिक उच्च २५.५ प्रतिशत पुगेको देखिन्छ । त्यसपछिका वर्ष विप्रेषण आप्रवाहको रकम प्रत्येक वर्ष बढ्दै गएको भए तापनि कुल गार्हस्थ उत्पादनको अनुपातमा घट्दै गएर आ.व. २०७७/७८ मा २०.८ प्रतिशत रहेको देखिन्छ । अर्धदक्ष र दक्ष श्रम सेवा निर्यात गरिएको मानेर यसअघिको नेपाल व्यापार एकीकृत रणनीतिले विप्रेषण सेवा निर्यातको रूपमा यसलाई प्राथमिकतामा राखेको थियो । मुलुकको दीर्घकालीन रणनीति निश्चित रूपमा श्रमको निर्यात कम गरेर युवा जनशक्तिको उपयोग आफ्नै अर्थतन्त्रको विस्तारको लागि लगाउने हुनुपर्दछ । मुलुकभित्र आर्थिक क्रियाकलाप र रोजगारी जति वृद्धि हुँदै जान्छ, वैदेशिक रोजगारीमा जानेको संख्या र विप्रेषण त्यति नै घट्दै जान्छ । पछिल्ला केही वर्षले त्यही प्रवृत्ति देखाएको हुँदा कुल गार्हस्थ उत्पादन बढ्दै गयो, वैदेशिक रोजगारीमा जानेको संख्यात्मक वृद्धि दर घट्दै गयो र विप्रेषणको रकम वृद्धि हुँदाहुँदै पनि विप्रेषणको कुल गार्हस्थ उत्पादनसँगको अनुपात घट्दै गएको छ । मुलुकभित्र उद्योगको विकास, कृषिको व्यवसायीकरण र उत्पादन क्षेत्रमा अपेक्षित लगानी बढ्न नसकेको कारण रोजगारी वा अवसरको खोजीमा बाहिर जाने र त्यसले विप्रेषण आइरहने अवस्था आगामी केही वर्षसम्म निरन्तर रहने देखिन्छ । तसर्थ, प्रस्तुत रणनीतिको तर्जुमा गर्दा स्वदेशमा काम गर्न प्रोत्साहन गर्दै सीप तथा दक्षता अभिवृद्धि सम्बन्धी तालिम दिएर र उच्च आय हुने गन्तव्य खोजी गरी विप्रेषणलाई प्रभावकारी बनाउने दृष्टिकोण अवलम्बन गरिएको छ ।

**निर्यात सम्भावनाका सेवा**

माथि प्रस्तुत गरिएको विश्लेषणको आधारमा निर्यातको लागि निम्न सेवालाई प्राथमिकता दिनुपर्ने देखिन्छ।

(क) पर्यटन

(ख) सूचना प्रविधि र इन्टरनेटमा आधारित सेवा

(ग) जलविद्युत्

(घ) निर्माण सेवा

(ङ) दक्ष तथा अर्धदक्ष श्रम सेवा (विप्रेषण आउने सेवा)







© इन्टरन्यासनल ट्रेड सेन्टर



© इन्टरन्यासनल ट्रेड सेन्टर

# १०. नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयन, अनुगमन तथा मूल्यांकन

## रणनीति कार्यान्वयनको लागि संस्थागत संरचना

प्रस्तुत रणनीति कार्यान्वयनको लागि संस्थागत संरचनामा ठूलो परिवर्तन गर्न उपयुक्त हुँदैन भन्ने मान्यता लिइएको छ। ठूलो परिवर्तन संस्थागत भई क्रियाशील हुन लामो समय लाग्न सक्ने र असफलता हुने जोखिम रहने हुँदा सामान्य तर प्रभावकारी परिवर्तनको दृष्टिकोण राखेर संस्थागत संरचना प्रस्ताव गरिएको छ।

वाणिज्य सम्बन्धी विषय हेर्ने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा दुईवटा महाशाखा रहेका छन्, (क) बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखा र (ख) द्विपक्षीय तथा क्षेत्रीय व्यापार महाशाखा। अहिलेको संरचनामा नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयन गर्ने जिम्मेवारी बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखाको रहेको छ। यो महाशाखा व्यापारसँग सम्बन्धित नीति, रणनीति तर्जुमा र कार्यान्वयन, विश्व व्यापार संगठन सम्बन्धी कार्य र बहुपक्षीय व्यापार तथा व्यापार सहायता परिचालनमा केन्द्रित छ।

अहिलेको संरचनामा खट्किएको प्रमुख विषय सेवा निर्यातको प्रवर्द्धनको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा कुनै प्रबन्ध नहुनु हो। क्षेत्रगत रूपमा पर्यटन, जलस्रोत, सञ्चार तथा सूचना प्रविधि र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आआफ्ना क्षेत्रका सेवा निर्यातको कार्य गर्नुपर्ने अवस्था छ। सेवा क्षेत्रका यी विषयहरू आर्थिक कूटनीतिका विषयवस्तु भएकाले परराष्ट्र मन्त्रालयले समेत केही हदसम्म काम गरेको देखिन्छ। निकट भविष्यमा वस्तु निर्यातभन्दा सेवा निर्यातको वृद्धिदर उच्च हुने र सेवा निर्यात तुलनात्मक रूपमा दिगो हुने सम्भावना रहेको सन्दर्भमा सेवा निर्यात प्रवर्द्धन गर्न सक्ने संस्थागत संरचना निर्माण गर्नु आवश्यक छ। साथै नेपाल व्यापार एकीकृत रणनीतिमा उल्लेखित क्रियाकलापहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न व्यापारमा क्षेत्रगत अवधारणा (Trade SWAp) अवलम्बन गर्ने प्रस्ताव गरिएको छ। यसका लागि बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखा अन्तर्गतका विद्यमान दुईवटा शाखा र कार्यरत जनशक्ति अपर्याप्त हुने देखिन्छ।

यस पृष्ठभूमिमा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मौजुदा दरबन्दीभित्रै रही विद्यमान संगठन संरचनामा सामान्य फेरबदल गरी बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखा अन्तर्गत नेपाल व्यापार एकीकृत रणनीतिको प्रभावकारी कार्यान्वयन, वस्तु तथा सेवा निर्यात प्रवर्द्धन तथा व्यापार सहजीकरणका लागि एउटा शाखा थप गर्न उपयुक्त देखिन्छ। उक्त शाखाको नाम बजार विद्वता तथा निर्यात प्रवर्द्धन (Market Inteligence and Export Pormotion) शाखा राख्न उपयुक्त देखिन्छ। यस शाखामा प्रशासन समूहको एकजना उपसचिव, दुईजना शाखा अधिकृत र एकजना तथ्यांक अधिकृतको दरबन्दी राख्न उपयुक्त हुन्छ।

बहुपक्षीय व्यापार तथा व्यापापार सहायता महाशाखा अन्तर्गत व्यापार विद्वता तथा निर्यात प्रवर्द्धन शाखा गठन गरे पश्चात् हाल महाशाखाले गर्दै आएको कार्यको अतिरिक्त देहायका कार्य जिम्मेवारी समेत थप गर्नु उपयुक्त हुन्छ।

(क) निर्यात प्रवर्द्धनका लागि नीतिगत समन्वय गर्ने

(ख) निर्यात सम्भावना भएका नयाँ वस्तु तथा सेवाको विकासमा सहयोग गर्ने

(ग) निर्यातकर्तालाई उत्पत्तिको नियम, मापदण्ड, गुणस्तर, स्वच्छता सम्बन्धी प्रावधान पालना गर्न सहयोग गर्ने

(घ) निर्यात कार्यविधिको स्तरीकरण र सरलीकरण गर्ने

(ङ) वस्तु र सेवाको निर्यातको लागि आन्तरिक मूल्य श्रृंखला विकास गर्ने

(च) वस्तु तथा सेवा निर्यातमा सहजीकरण गर्ने

(छ) विश्व व्यापार संगठन अन्तर्गतको व्यापार सहजीकरण सम्झौता कार्यान्वयन लगायत व्यापार सहजीकरण र समन्वय गर्ने

(ज) द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय व्यापार, पारवहन, लगानी र दोहोरो कर उन्मुक्ति सम्झौता सम्बन्धी अध्ययन गरी आवश्यकता अनुसार मन्त्रालयलाई राय सुझाव उपलब्ध गराउने

(झ) भन्सार महसुल, गैरभन्सार महसुल र व्यापारका प्राविधिक अवरोधको अध्ययन गरी वाणिज्य सम्बन्धी वार्ताको लागि राय सुझाव उपलब्ध गराउने

(ञ) वस्तु तथा सेवाको आयात र निर्यात सम्बन्धी नियमित सूचना/तथ्यांक संकलन, अध्ययन, विश्लेषण गरी आयात व्यवस्थापन तथा निर्यात प्रवर्द्धनका लागि व्यापार तथा बजार विद्धता (Trade and Market Intelligence) सम्बन्धी कार्य गर्ने ।

(ट) विदेशस्थित नेपाली कूटनीतिक नियोगहरु, विदेशस्थित अवैतनिक वाणिज्यदूत र नेपालमा रहेका विदेशी अवैतनिक वाणिज्यदूतसँग समन्वय र सहजीकरण गर्ने

(ठ) निर्यात प्रवर्द्धनको लागि वस्तुगत व्यापार संगठन र राष्ट्रिय स्तरका उद्योग, वाणिज्य तथा व्यापार संघ संगठनसँग समन्वय गर्ने

(ड) निर्यात प्रवर्द्धन सम्बन्धी नीति, रणनीतिको कार्यान्यवन तथा कार्यक्रम सञ्चालन गर्ने गराउने

## राष्ट्रिय निर्देशक समिति

नेपाल व्यापार एकीकृत रणनीतिको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, समन्वय तथा मार्गदर्शन गर्न देहाय बमोजिमको राष्ट्रिय निर्देशक समितिको प्रस्ताव गरिएको छ। यो समितिको मुख्य कार्य निम्नानुसार हुनेछ।

(क) नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयनको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने

(ख) स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट संशोधन गर्ने

(ग) नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयनको प्रगति समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र मार्गदर्शन दिने

(घ) नेपाल सरकारले समय समयमा तोकेका अन्य कार्य गर्ने

राष्ट्रिय निर्देशक समितिको गठन निम्नानुसार हुनेछ।

| | | |
|---|---|---|
| (क) | मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अध्यक्ष |
| (ख) | राज्य वा सहायक मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| (ग) | मुख्य सचिव, नेपाल सरकार | सदस्य |
| (घ) | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (ङ) | सचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
| (च) | सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सदस्य |
| (छ) | सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सदस्य |
| (ज) | सचिव, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | सदस्य |
| (झ) | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| (ञ) | सचिव, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (ट) | सचिव (उद्योग), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| (ठ) | सचिव (वाणिज्य तथा आपूर्ति), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| (ड) | सचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| (ढ) | डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक | सदस्य |
| (ण) | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| (त) | अध्यक्ष, नेपाल उद्योग परिसंघ | सदस्य |

| | | |
|---|---|---|
| (थ) | अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स | सदस्य |
| (द) | अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ | सदस्य |
| (ध) | अध्यक्ष, महिला उद्यमी महासंघ | सदस्य |
| (न) | विकास साझेदारको प्रतिनिधि | सदस्य |
| (प) | सहसचिव, बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखा | सदस्य-सचिव |

राष्ट्रिय निर्देशक समितिको बैठक वर्षको दुई पटक वा आवश्यकता अनुसार सोभन्दा बढी बस्नेछ। अध्यक्षको निर्देशन बमोजिम सदस्य सचिवले बैठक बोलाउनेछ। व्यापार क्षेत्रगत अवधारणामा समावेश भएका विकास साझेदारहरुको समूहले यस समितिमा एकजना प्रतिनिधि चयन गर्नेछन। समितिको बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ। बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखाले समितिको सचिवालयको काम गर्नेछ।

## राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाई

नेपाल व्यापार एकीकृत रणनीतिको कार्यान्वयन र समन्वय गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाई गठन गर्न प्रस्ताव गरिएको छ। मन्त्रालयको बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखाका सहसचिव यसको संयोजक हुनेछ। इकाईको बैठक आवश्यकता अनुसार बस्नेछ र यसको काम देहाय बमोजिम हुनेछ।

(क) प्राप्त बजेट सीमाको आधारमा वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्ने

(ख) वार्षिक कार्ययोजना तयार गर्ने र प्रत्येक कार्यान्वयन निकायलाई अख्तियारी दिनुपर्ने रकमको निर्णय गर्ने

(ग) रणनीति कार्यान्वयनको प्रगति अनुगमन गर्ने र त्रैमासिक तथा वार्षिक प्रगति विवरण तयार गर्ने

(घ) कार्यान्वयनको क्रममा देखिएका समस्याको बारेमा छलफल गर्ने, समाधान खोज्ने र कार्यान्वयन गर्ने निकायलाई सहयोग गर्ने

(ङ) साझेदार निकायसँग समन्वय गर्ने

(च) राष्ट्रिय निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने।

यो इकाईमा रणनीतिमा उल्लेख भएका कार्यसँग सम्बन्धित सरकारी वा सार्वजनिक निकायका उपसचिव स्तरका सम्पर्क व्यक्ति सदस्य रहनेछन्।

## कार्यक्रमको बजेट तथा कार्यान्वयन विधि

यो रणनीति व्यापारमा क्षेत्रगत अवधारणा (SWAp) अनुरूप कार्यान्वयन हुनेछ। नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयन गर्न छुट्टै बजेट उपशीर्षकको व्यवस्था गर्न प्रस्ताव गरिएको छ। उक्त उपशिर्षकमा नेपाल सरकार तथा विकास साझेदारबाट प्राप्त हुने बजेट विनियोजन गरिनेछ। रणनीतिको आधारमा तयार गरिएको वार्षिक कार्यक्रमको लागि यसै उपशीर्षकमा बजेट प्रबन्ध गर्ने र बजेटको अख्तियारी राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाईलाई दिने व्यवस्था गर्न प्रस्ताव गरिएको छ। इकाईले सम्बन्धित कार्य कार्यान्वयनको लागि जिम्मेवार निकायलाई स्वीकृत कार्यक्रम अनुसार बजेटको अख्तियारी पठाउनेछ।

बजेट तर्जुमा गर्दा रणनीति कार्यान्वयन गर्न प्राप्त बजेट सीमाको आधारमा राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाईले सम्बन्धित निकायलाई बजेट सीमा सहित कार्यक्रम प्रस्ताव गर्न अनुरोध गर्नेछ। सम्बन्धित निकायबाट प्राप्त प्रस्तावको आधारमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी राष्ट्रिय निर्देशक समितिबाट स्वीकृत गराई अर्थ मन्त्रालय तथा राष्ट्रिय योजना आयोगमा कार्यक्रम तथा बजेट प्रस्ताव गरिनेछ। रणनीतिको कार्यक्रम तथा बजेट सम्बन्धी छलफलमा राष्ट्रिय कार्यक्रम कार्यान्वयन इकाई सहभागी हुनेछ।

## अनुगमन तथा मूल्यांकन

नेपाल व्यापार एकीकृत रणनीति अन्तर्गका कार्यक्रम कार्यान्वयन गर्ने सबै निकायले आफ्नो निकायबाट भएको कामको अनुगमन तथा मूल्यांकन गर्नेछन् । साथै सबै निकायले बजेट कार्यान्वयनको प्रगति प्रतिवेदन निर्धारित ढाँचामा प्रत्येक त्रैमासिक अवधि समाप्त भएको सात दिनभित्र र वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको १० दिनभित्र कार्यान्वयन इकाईमा पठाउनु पर्नेछ ।

यसरी कार्यक्रमको प्रगति प्राप्त भए पश्चात् राष्ट्रिय निर्देशक समिति तथा कार्यक्रम कार्यान्वयन इकाईले आवश्यकता अनुसार प्रगति समीक्षा गर्नेछ ।

राष्ट्रिय योजना आयोग तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समेत आवश्यकता अनुसार नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयनको अनुगमन तथा मूल्यांकन गर्न सक्नेछन् ।

रणनीति कार्यान्वयनको तीन वर्ष अवधि पूरा भएपछि मध्यावधि मूल्यांकन गरिनेछ । मूल्यांकनबाट प्राप्त निष्कर्ष तथा सीफारिसको आधारमा रणनीतिमा समायोजन गर्न सकिनेछ । साथै रणनीति कार्यान्वयनको पाँच वर्षपछि अन्तिम मूल्यांकन स्वतन्त्र विज्ञबाट हुनेछ ।

## सहयोगी निकायको भूमिका प्रभावकारी बनाउने

यो रणनीति कार्यान्वयन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत रहेका स्वायत्त संस्था, निजी क्षेत्रका छाता संस्था तथा मातहतका निकायहरू, विषयगत मन्त्रालय तथा निकायहरू, विदेशस्थित नेपाली कूटनीतिक नियोगहरू, अवैतनिक वाणिज्यदूत र नेपालस्थित विदेशी मुलुकका अवैतनिक वाणिज्यदूत, विकास साझेदारबीचको सहकार्य, सहयोग र समन्वयलाई प्रभावकारी बनाउन आवश्यक छ । खासगरी निम्न विषयमा ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ ।

(क) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत रहेका व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्र, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड, नेपाल इन्टरमोडल यातायात विकास समिति, विशेष आर्थिक क्षेत्र प्राधिकरण जस्ता संस्थालाई निर्यात प्रवर्द्धन, आन्तरिक मूल्य श्रृंखला विकास र व्यापार सहजीकरणमा केन्द्रित हुनेगरी भूमिका परिभाषित गर्नु आवश्यक छ । अन्तर्राष्ट्रिय बजारमा विकास हुँदै गरेको प्रवृत्तिको सूक्ष्म निगरानी गरी वस्तु तथा सेवा निर्यात गर्ने कम्पनीलाई गुणस्तरीय बजार सूचना उपलब्ध गराउन व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रको संस्थागत क्षमता विकास गर्नु आवश्यक छ ।

(ख) राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रले व्यापारमा क्षमता अभिवृद्धि गर्न उत्पादकत्वमा देखिएका अवरोध पहिचान गरी समाधानका उपायको निरन्तर अनुसन्धान र विकास गरिएको नयाँ ज्ञान प्रचार प्रसार गर्नु आवश्यक छ । अन्य निकायको कार्यकुशलतामा सुधार गरी वस्तु निर्यात मात्र होइन सेवा निर्यातलाई समेत सहयोग पुग्ने काम गर्नु आवश्यक छ ।

(ग) निजी क्षेत्रका विभिन्न वस्तुगत संघ संगठन, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स जस्ता संगठनसँग निरन्तर संवादमा रहेर समस्या उत्पन्न हुने बित्तिकै समाधानको खोजी र कार्यान्वयन गर्ने पद्धति स्थापित गर्नु आवश्यक छ ।

(घ) प्रत्येक वर्ष कम्तीमा दुई पटक विदेश स्थित नेपाली महावाणिज्यदूत, अवैतनिक वाणिज्यदूतसँग सम्बन्धित मुलुकमा निर्यात प्रवर्द्धनको अवसर र अवस्थाका बारेमा छलफल गर्नु आवश्यक छ ।

(ङ) विदेशी मुलुकका नेपालस्थित वाणिज्यदूत तथा अवैतनिक वाणिज्यदूतसँग समेत वर्षको कम्तीमा दुई पटक अन्तरक्रिया गर्ने र निर्यात प्रवर्द्धनको अवसर र अवस्थाका बारेमा छलफल गर्नु आवश्यक छ ।

(च) व्यापारको क्षेत्रमा नेपालमा कार्यरत विकास साझेदारहरूसँग आवश्यकता अनुसार बैठक तथा छलफल आयोजना गरी रणनीति कार्यान्यनमा विकास साझेदारबाट थप आर्थिक तथा प्राविधिक सहयोग परिचालन गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले पहल गर्नुपर्ने देखिन्छ ।

# ११. नेपाल व्यापार एकीकृत रणनीति, २०८० को रणनीतिक खाका

| | | |
|---|---|---|
| सोच (Vision) | ♦ सुदृढ बाह्य क्षेत्र स्थायित्व | यस रणनीतिको सोच आर्थिक वृद्धि, रोजगारी सिर्जना र वैदेशिक मुद्राको बलियो स्रोत निर्माण गर्न सफल तथा प्रतिस्पर्धी निर्यात आधार तयार गर्ने रहेको छ। सबल र संकट-प्रतिरोधी (resilient) निर्यात आधारले आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धि, आयात न्यूनीकरण र निर्यात प्रवर्द्धन गर्न सहयोग गर्दछ।<br><br>व्यवस्थापन गर्न सकिने सीमाभन्दा बढीको चालु खाता घाटा र त्यसबाट सिर्जना हुने विदेशी विनिमय जोखिमले व्यापार र लगानीको वातावरण कमजोर बनाउँछ। त्यसकारण धान्न सकिने चालु खाता घाटा र विनिमय दरको स्थिरता रहेको बाह्य क्षेत्र स्थायित्व व्यापार लगानीको असल वातावरणका लागि अनिवार्य हुन्छ। यस्तो स्थिरताले उच्च र दिगो उत्पादन वृद्धिको आधार तयार गर्दछ। |
| ध्येय (Mission) | ♦ वस्तु विकास तथा व्यापारको लागि उत्तम पारिस्थितिकीय प्रणाली निर्माण गर्ने | व्यापार आर्थिक वृद्धिको इन्जिन भएकाले सबल व्यापार क्षमताको लागि सबै विकास नीतिबीच तादात्म्यता र सम्बद्ध निकायबीच समन्वय हुनुपर्छ। निर्यातमा आधारित आर्थिक वृद्धि हासिल गर्ने मुलुकहरूले उत्पादकत्व वृद्धि तथा प्रतिस्पर्धात्मक क्षमता विकासको लागि मौद्रिक, वित्त, श्रम, पूर्वाधार, प्राकृतिक स्रोत, कृषि, लगायतका समष्टिगत तथा विकास नीति अवलम्बन गरेको देखिन्छ। |
| | ♦ प्रतिस्पर्धात्मक क्षमताको निरन्तर सुधार गर्ने | प्रविधिको विकास, बजारको प्रवृतिमा परिवर्तन, नियामकीय वातावरणमा परिवर्तन लगायतका कारणले एक पटक हासिल भएको प्रतिस्पर्धात्मक क्षमताको क्षय हुनसक्छ। तसर्थ, प्रतिस्पर्धात्मक क्षमताको निरन्तर मूल्यांकन र सुधार गर्नुपर्छ। |
| | ♦ आर्थिक संकट झेल्न सक्ने गरी बजार विविधीकरण गर्ने | विश्व व्यापारमा आवधिक रूपमा आउनसक्ने संकटबाट सिर्जना हुनसक्ने क्षति न्यून गर्न र स्थायित्व हासिल गर्न वस्तु तथा बजारको विविधीकरण गर्न आवश्यक हुन्छ। |
| मान्यता (Core Values) | उत्पादन तथा व्यापारमा संलग्न सबै संस्था तथा साझेदारले आफ्ना नीति, कामकारबाही र उत्पादनमा देहायका मूल्य तथा मान्यताको परिपालन गर्नेछन्। नेपाल व्यापार एकीकृत रणनीति तर्जुमा गर्दा यी मूल्यलाई ध्यान दिइएको छ। | |
| | ♦ गुणस्तर (Quality) | गुणस्तर भन्नाले वस्तुको विकास, डिजाइन, उत्पादन, वितरण, प्रस्तुतीकरण र व्यापारिक पारिस्थितिकीय प्रणालीका सबै पक्षको हरेक चरणमा सम्पूर्ण गुणस्तर कायम गर्ने बुझिन्छ। |
| | ♦ लागत-प्रभावी (Cost-effectiveness) | लागत-प्रभावी भन्नाले प्रस्तावित रणनीतिक क्रियाकलापको कार्यान्वयन गर्दा बाह्य बजारमा उपलब्ध हुने वस्तुको लागतको तुलनामा प्राप्त हुने मूल्य लाभ बढी हुनुलाई बुझिन्छ। |
| | ♦ निरन्तरता (Consistency) | निरन्तरता भन्नाले असल नीति र कार्यक्रमको निरन्तरता हो। साथै, यसले बजारमा पठाइने वस्तु तथा सेवाको गुणस्तर, परिमाण र समय पालना समेत बुझिन्छ। |
| | ♦ नवप्रवर्तन (Innovation) | उत्पादन तथा व्यापारमा प्रतिस्पर्धात्मक क्षमता कायम गर्न नवप्रवर्तन आवश्यक छ। |
| | ♦ सामयिकता | सामयिकता भन्नाले बजारको माग र विकसित नयाँ अवस्थाको तत्काल सम्बोधन गर्नसक्ने सामर्थ्य हो। |
| | ♦ वातावरण संरक्षणप्रतिको प्रतिबद्धता (Commitment to environment protection) | यो वस्तु तथा सेवा उत्पादन र वितरणका प्रत्येक चरणमा मात्र नभई रणनीतिक क्रियाकलाप सञ्चालन गर्दा समेत ध्यान दिनुपर्ने विषय हो। |
| | ♦ लैंगिक तथा सामाजिक समावेशिता (Gender and Social Inclusion) | लैंगिक तथा सामाजिक समावेशीकरणका मुद्दालाई सम्बोधन गर्नेगरी व्यापारसँग सम्बन्धित नीति, रणनीति र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने विषय यस अन्तर्गत पर्दछ। |
| रणनीतिक स्तम्भ (Strategic Pillars) | १. व्यापारको लागि सहयोगी वातावरण निर्माण<br>२. व्यापार-सहयोगी पूर्वाधार, संरचना, प्रक्रिया र नियामकीय वातावरण तथा व्यापार सुशासनमा सुधार<br>३. प्रतिस्पर्धी वस्तु तथा सेवाको विकास र निर्यात बजार विस्तार | |

| | | |
|---|---|---|
| रणनीति (Strategic) | (१) व्यापारको लागि सहयोगी वातावरण निर्माण | (१) पूर्वानुमानयोग्य र तादात्म्यता सहितको व्यापार सहयोगी समष्टिगत आर्थिक तथा विकास नीतिहरू तर्जुमा गर्ने<br>(२) व्यापारमैत्री वातावरण निर्माणमा प्रदेश तथा स्थानीय तहलाई सहभागी बनाउने<br>(३) विकासशील राष्ट्रमा स्तरोन्नति पश्चात्का अवसरको बढोत्तरी र सम्भावित क्षतिको न्यूनीकरण गर्ने<br>(४) आर्थिक कूटनीति सुदृढ तुल्याउने तथा व्यापार प्रवर्द्धनको लागि बहुपक्षीय तथा द्विपक्षीय सन्धि-सम्झौता पुनरावलोकन तथा विस्तार गर्ने<br>(५) श्रम उत्प्रेरणा र उत्पादकत्व अभिवृद्धि गर्ने<br>(६) व्यापारको लाभ बाँडफाँटमा अर्थपूर्ण महिला सशक्तीकरण तथा सामाजिक समावेशिता सुनिश्चित गर्ने |
| | (२) व्यापार-सहयोगी पूर्वाधार, संरचना, प्रक्रिया र नियामकीय वातावरण तथा व्यापार सुशासनमा सुधार | (७) एकीकृत व्यापार लजिस्टिक्स पूर्वाधार विकास गर्ने र व्यापार सहजीकरणमा सुधार गर्ने<br>(८) खाद्य गुणस्तर र बाली स्वास्थ्य मापदण्ड सुदृढ तुल्याउने<br>(९) गुणस्तर पूर्वाधार सुधार र औद्योगिक उत्पादनको गुणस्तर मापदण्ड लागू गर्ने<br>(१०) लगानीको वातावरण सुधार गर्ने<br>(११) उत्पादन प्रक्रियामा चौथो र पाँचौं पुस्ताका उद्योग (Industry 4.0 and 5.0) को उन्नत अवधारणा एकीकृत गर्ने |
| | (३) प्रतिस्पर्धी वस्तु तथा सेवाको विकास र निर्यात बजार विस्तार | (१२) वस्तु निर्यात क्षमता विस्तार गर्ने<br>(१३) सेवा निर्यात सुदृढ तुल्याउने |
| परिमाणात्मक लक्ष्य (Major Targets) | व्यापार र कुल गार्हस्थ्य उत्पादनको अनुपात | आधार वर्ष आ.व. २०७८/७९ को ४८.१ प्रतिशतबाट २०८४/८५ मा ५५ प्रतिशत पुगेको हुने |
| | वस्तु तथा सेवाको निर्यात र कुल गार्हस्थ्य उत्पादनको अनुपात | आधार वर्ष आ.व. २०७८/७९ को ६.३ प्रतिशतबाट २०८४/८५ मा २० प्रतिशत पुगेको हुने |

# १२. नेपाल व्यापार एकीकृत रणनीति, २०८० को कार्यान्वयन खाका

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| **रणनीतिक स्तम्भ १: व्यापारको लागि सहयोगी वातावरण निर्माण** | | | | | |
| **रणनीति १: पूर्वानुमानयोग्य र तादात्म्यता सहितको व्यापार सहयोगी समष्टिगत आर्थिक तथा विकास नीतिहरू तर्जुमा गर्ने।** | | | | | |
| १. | अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन र विकासको लागि क्षेत्रगत कार्यक्रम तर्जुमा गरी sector-wide approach (SWAp) अवलम्बन गर्ने | व्यापार क्षेत्रमा SWAp अहिले नभएको | व्यापार सम्बद्ध कार्यक्रम SWAp अन्तर्गत परिचालन भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>अर्थ मन्त्रालय | लागत नपर्ने |
| २. | निर्यात वित्तको लागि विशेष व्यवस्था गर्ने | वाणिज्य बैंकहरूबाट सीमित प्रबन्ध रहेको | निर्यात वित्तको लागि नवीन उपकरणको प्रयोगमा विस्तार भएको हुने | नेपाल राष्ट्र बैंक | लागत नपर्ने |
| ३. | चीनसँगको बैंकिङ कारोबार विस्तार गर्ने | नेपालमा चिनियाँ बैंकका शाखा वा अन्य माध्यमबाट उपस्थिति नभएकाले चीनसँग गरिएको व्यापारको भुक्तानी पाउन गाह्रो हुने गरेको | केही चिनियाँ बैंकको नेपालमा कार्यगत उपस्थिति भएको हुने | नेपाल राष्ट्र बैंक | लागत नपर्ने |
| ४. | व्यापार पूर्वाधार विकास गरी निर्यात सम्भाव्य वस्तुको उत्पादन तथा निर्यात वृद्धि गर्ने | ♦ सिमरा र भैरहवामा विशेष आर्थिक क्षेत्र स्थापना भई आंशिक रूपमा सञ्चालनमा आएको<br>♦ १५ वटा औद्योगिक क्षेत्र सञ्चालनमा रहेका र १३५ वटा औद्योगिक ग्राम स्थापना भई सञ्चालनको चरणमा रहेका<br>♦ विराटनगर र वीरगंजमा एकीकृत जाँच चौकी रहेका र ६ वटा आन्तरिक कन्टेनर डिपो सञ्चानलनमा रहेका | ♦ औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्राममा निर्यात सम्भाव्य वस्तुको उत्पादन तथा निर्यात गर्ने उद्योगहरू सञ्चालनमा आएका हुने<br>♦ थप २ वटा एकीकृत जाँच चौकी र ४ वटा आन्तरिक कन्टेनर डिपो सञ्चानलनमा आई अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>अर्थ मन्त्रालय | २,००० |
| ५. | निर्यात हुने प्रमुख वस्तु, सूचना प्रविधिमा आधारित वस्तु तथा सेवा र निर्माण सेवाको निर्यातमा नगद प्रोत्साहन दिने | वस्तु निर्यातमा अनुदान रहेको तर सेवा निर्यातमा नरहेको | निर्यात हुने प्रमुख वस्तुको साथै सूचना प्रविधिमा आधारित वस्तु तथा सेवा र निर्माण सेवाको निर्यातमा नगद प्रोत्साहन दिइएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>अर्थ मन्त्रालय | ४०,००० |
| ६. | Information Technology Equipment/Business Process Outsourcing (ITE/BPO) सेवा, पर्यटन र निर्यातमुखी व्यवसायले एकमुष्ट औद्योगिक कच्चा पदार्थ र मेसिनरी-औजार आयात गर्दा पछि भुक्तानी गर्ने सुविधा (deferred payment arrangements) दिने | व्यवस्था नभएको | निर्यातमुखी व्यवसायलाई पछि भुक्तानी गर्ने सुविधा प्रदान भएको हुने | नेपाल राष्ट्र बैंक | लागत नपर्ने |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| ७. | सम्बन्धित नियामक निकायको सीफारिसमा ITE/BPO सेवा निर्यात गर्ने व्यवसायलाई तेस्रो मुलुकमा जडान गर्ने उपकरण तथा सफ्टवेयर आयात गर्नको लागि सटही सुविधा उपलब्ध गराउने | व्यवस्था नभएको | उपकरण तथा सफ्टवेयरको अफशोर जडानको लागि विदेशी मुद्रा उपलब्ध गराउन नेपाल राष्ट्र बैंकको विदेशी विनिमय सम्बन्धी एकीकृत निर्देशिकामा संशोधन भएको हुने | नेपाल राष्ट्र बैंक | लागत नपर्ने |
| ८. | स्वदेशी कच्चा पदार्थ उत्पादनमा आधारित उदीयमान निर्यात हुने वस्तुलाई नगद प्रोत्साहन दिने | ३६ वटा कृषि तथा औद्योगिक वस्तुलाई अधिकतम ८ प्रतिशतसम्म निर्यातमा नगद प्रोत्साहनको व्यवस्था भएको | प्रत्येक वर्ष नगद प्रोत्साहन पाउने वस्तुको पुनरावलोकन गरी नयाँ वस्तु थपिएका हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>अर्थ मन्त्रालय | बुँदा नं. ५ मा उल्लेख गरिएको |
| ९. | औद्योगिक कच्चा पदार्थ र तयारी वस्तुको आयातमा लाग्ने भन्सार दरमा कम्तीमा एकतह फरक राख्नेस | एक तहको फरक राख्ने नीतिगत समझदारी रहेको तर व्यवहारमा लागू हुन नसकेको | औद्योगिक कच्चा पदार्थ र तयारी वस्तुको आयातमा लाग्ने भन्सार दरमा कम्तीमा एकतह फरक राख्नी व्यवस्थाको पूर्ण परिपालन भएको हुने | अर्थ मन्त्रालय | लागत नपर्ने |
| १०. | निर्यातकर्तालाई निर्धारित दरमा करफिर्ता प्रणाली (flat rate duty drawback system) लागू गर्ने र करफिर्ता भुक्तानी निर्यातकर्ताको बैंकबाट दावी गर्न पाउने व्यवस्था गर्ने | नीतिगत व्यवस्था भएको तर कार्यान्वयन नभएको | निर्धारित दरमा करफिर्ता प्रणाली पूर्ण रूपमा लागू भएको हुने | अर्थ मन्त्रालय | लागत नपर्ने |
| ११. | मदिरा र सुर्तीजन्य वस्तु बाहेकका अन्य वस्तुमा अन्तःशुल्क क्रमशः हटाउँदै लैजाने | अन्तःशुल्कका १,३९३ दरबन्दी रहेका | अन्तःशुल्कका दरबन्दी संख्या घटेको हुने | अर्थ मन्त्रालय | लागत नपर्ने |
| १२. | सीमा सुरक्षा सबल तुल्याउने र भन्सार विन्दुमा सरोकारवाला नियमनकारी निकायहरूको उपस्थिति सुनिश्चिथत गरी भन्सार चेकजाँच गर्ने | • आन्तरिक उत्पादन हुने जुत्ता, कपडा र उपभोग्य वस्तुको बजारलाई चोरी पैठारी र कम मूल्यमा पैठारी हुने सामानले प्रभावित गरेको<br>• कानूनी प्रक्रिया बिना नै कतिपय कृषि, खाद्य तथा पशुजन्य वस्तु पैठारी हुने गरेको<br>• नाकामा रहेका कार्यालयहरूको कार्यालय समयमा एकरूपता नभएको | • जुत्ता, कपडा र उपभोग्य वस्तु उत्पादन गर्ने कारखानाहरूले क्षमताको कम्तीमा ७० प्रतिशत उत्पादन गरेका हुने<br>• स्थानीय उत्पादनको प्रतिस्पर्धी क्षमतामा सुधार भई बजारको उपलब्धता भएको हुने<br>• नाकामा रहेका सबै सरोकारवाला कार्यालयहरूको कार्यालय समयमा एकरूपता भएको हुने<br>• भन्सार विन्दुमा सरोकारवाला नियमनकारी निकायहरूको उपस्थिति सुनिश्चिकत भएको हुने | गृह मन्त्रालय<br>अर्थ मन्त्रालय<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>कृषि तथा पशुपन्छी विकास मन्त्रालय | लागत नपर्ने |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| **रणनीति २: व्यापारमैत्री वातावरण निर्माणमा प्रदेश तथा स्थानीय तहलाई सहभागी बनाउने।** | | | | | |
| १३. | प्रत्येक प्रदेशमा मुख्य उत्पादनहरूको आपूर्ति तथा मूल्य श्रृंखला निर्माण गर्न आवश्यक पूर्वाधार निर्माण र सहजीकरण गर्ने | ♦ मुख्य व्यावसायिक उत्पादन जस्तै चिया, अलैंची, अदुवा, जडीबुटी, तरकारी, कफी, फलफूल, दूध तथा दूधजन्य पदार्थ, मासु तथा मासुजन्य पदार्थ, माछा, अण्डा, छुर्पी आदिको सहज आपूर्ति/मूल्य श्रृंखला नभएको<br>♦ उल्लिखित वस्तुको लागि व्यवस्थित प्याकेजिङ हाउस नभएको | ♦ प्रत्येक प्रदेशको मुख्य उत्पादनको उत्पादनस्थलदेखि अन्तिम बजारस्थल वा निर्यात विन्दुसम्मको कुशल मूल्य श्रृंखलाको लागि आवश्यक पूर्वाधार र प्रक्रियाको बारेमा अध्ययन भएको हुने<br>♦ बिरुवा स्वस्थताका अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप हुनेगरी कम्तीमा २ वटा प्याकेजिङ हाउस निर्माण भएको हुने<br>♦ उत्पादनका प्राथमिक चरणमा उत्पादन स्वच्छता तथा बिरुवा स्वस्थता (SPS) सम्बन्धी अध्ययनले पहिचान गरेका पूर्वाधार निर्माण र प्रक्रियागत सुधार गरिएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>प्रदेश सरकार | १०० |
| १४. | प्रत्येक प्रदेशमा कृषि तथा वनजन्य उत्पादनको थोक बजारस्थल निर्माण र सञ्चालन गर्ने | हालका थोक बजार अपर्याप्त रहेका | ♦ हाल निर्माण/सञ्चालनमा भएका बजारहरू व्यवस्थित तथा सुदृढ भएको हुने<br>♦ प्रत्येक प्रदेशमा कृषि तथा वनजन्य उपजहरूको थोक बजारस्थल निर्माण भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>प्रदेश सरकार<br>स्थानीय तह | २५० |
| १५. | स्थानीय तहलाई उत्पादनमा विशिष्टीकृत हुन "एक स्थानीय तह एक उत्पादन" कार्यक्रमलाई प्रोत्साहन दिने | केही स्थानीय तहले यस्ता कार्यक्रम घोषणा गरेका तर परिणाममुखी हुन नसकेका | प्रत्येक प्रदेशका कम्तीमा १० स्थानीय तहमा "एक स्थानीय तह एक उत्पादन" कार्यक्रम सञ्चालन भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>प्रदेश सरकार<br>स्थानीय तह | ५०० |
| १६. | उत्पादनको प्राथमिक चरणमा स्वच्छ तथा गुणस्तरीय कृषि एवम् पशुजन्य उत्पादनको लागि असल कृषि अभ्यास (Good Agriculture Practice–GAP), असल पशुपालन अभ्यास (Good Husbandry Practice – GHP) र खाद्य प्रशोधन उद्योगहरूमा असल उत्पादन अभ्यास (Good Manufacturing Practice – GMP) प्रणाली अवलम्बन गर्ने | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा मातहतका कार्यालयबाट NEPALGAP प्रमाणीकरण कार्य भइरहेको | १५० वटा उद्योगमा उत्पादन स्वच्छता गुणस्तर तथा असल उत्पादन अभ्यास (GMP) र ५० वटा व्यावसायिक कृषि फर्ममा NEPALGAP/GHP लागू भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>प्रदेश सरकार<br>स्थानीय तह | ५०० |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| १७. | रेष्टुराँ तथा खाद्य प्रशोधन लगायतका खाद्य व्यवसायलाई स्वच्छता कायम गर्न क्षमता अभिवृद्धि र नियमन गर्ने | ♦ खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा मातहतका कार्यालय/ प्रदेश/ स्थानीय तहले अनुगमन गर्ने गरेको तर पर्याप्त नभएको<br>♦ रेष्टुराँ तथा खाद्य प्रशोधन व्यवसायको खाद्य स्वच्छता सम्बन्धी ज्ञान तथा सीपको कमी भएको | ♦ तालिम, सचेतना, कार्यशाला गोष्ठी जस्ता कार्यक्रम सञ्चागलन गरी रेष्टुराँ तथा खाद्य प्रशोधन उद्योग व्यवसायको क्षमता अभिवृद्धि भएको हुने<br>♦ नियमन गर्ने निकायबाट प्रभावकारी अनुगमन भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा मातहतका कार्यालय<br>प्रदेश सरकार<br>स्थानीय तह | १० |
| १८. | संसारभरिका शत्रुजीवहरूको तथ्यांक उपलब्ध हुने Mega data digital library सँग आबद्ध भएको अनलाइन PRA सफ्टवेयरमा नेपालको दिगो पहुँच स्थापित गर्न आवश्यक व्यवस्था गर्ने | CABI बाट अल्पकालको लागि उपलब्ध गराइएको पहुँचको माध्यमबाट PRA कार्य भइरहेको | CABI को सदस्यता प्राप्त गरी अनलाइन PRA टुलको दिगो पहुँच स्थापना भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | |
| **रणनीति ३: विकासशील राष्ट्रमा स्तरोन्नति पश्चातका अवसरको बढोत्तरी र सम्भावित क्षतिको न्यूनीकरण गर्ने।** | | | | | |
| १९. | ♦ अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं.८७ हस्ताक्षर र अनुमोदन गर्ने<br>♦ जैविक सुरक्षा सम्बन्धी कार्टाजेना प्रोटोकल अनुमोदन गर्ने<br>♦ अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. ८१ स्वीकार गर्ने सम्भावनाको अध्ययन गरी उपयुक्त देखिए अनुमोदन गर्ने | ♦ विद्यमान प्रावधान अनुसार नेपालले युरोपियन युनियन बजारमा सौविध्य प्रवेशको लागि २७ वटा महासन्धिलाई अनुमोदन गर्नु पर्नेमा २५ वटा अनुमोदन गरिसकेको र एउटामा हस्ताक्षर गरे पनि अनुमोदन नभएको<br>♦ सन् २०२४-२०३४ अवधिको सौविध्य प्रवेश (GSP±) को लागि प्रस्तावित ३२ महासन्धिमध्ये थप एउटा महासन्धिमा हस्ताक्षर तथा अनुमोदन गर्न बाँकी रहेको | युरोपियन युनियन, तुर्किए र संयुक्त अधिराज्यसँग GSP+ र GSP Enhanced Framework schemes सुविधाको लागि वार्ता गरी आवश्यक सन्धिमा हस्ताक्षर र अनुमोदन भएको हुने | वन तथा वातावरण मन्त्रालय<br>श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>परराष्ट्र मन्त्रालय | १.८ |
| २०. | ♦ संयुक्त राज्य अमेरिका, चीन, अष्ट्रेलिया, जापान लगायतका प्रमुख गन्तव्य मुलुकसँग द्विपक्षीय स्वतन्त्र व्यापार क्षेत्र सम्बन्धी सम्झौता गर्ने<br>♦ क्षेत्रीय विस्तृत आर्थिक साझेदारी (Regional Comprenhensive Economic Partnership (RCEP) को सदस्यता लिन उपयुक्त हुने नहुने विषयमा विस्तृत अध्ययन गर्ने | ♦ संयुक्त राज्य अमेरिकासँग Trade and Investment Framework Agreement (TIFA) भएको<br>♦ भुटान, बंगलादेश, अष्ट्रेलिया लगायतका केही मुलुकसँग द्विपक्षीय व्यापार वार्ता भइरहेको | ♦ संयुक्त राज्य अमेरिका लगायतका मुलुकहरूसँग सहुलियतपूर्ण सुविधा र प्राथमिकता पाउने गरी द्विपक्षीय स्वतन्त्र व्यापार सम्झौता भएको हुने<br>♦ अध्ययन पश्चात् उपयुक्त देखिएमा नेपालले RCEP को सदस्यता प्राप्त गरेको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>परराष्ट्र मन्त्रालय<br>अर्थ मन्त्रालय | |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| २१. | SAFTA र BIMSTEC स्वतन्त्र व्यापार क्षेत्र सम्बन्धी सम्झौतामा बंगलादेश र भुटानसँग सहकार्य गरी अतिकम विकसित राष्ट्रले पाए सरहको सुविधा निरन्तरता दिलाउन अग्रसरता लिने | SAFTA र BIMSTEC स्वतन्त्र व्यापार क्षेत्र सम्बन्धी सम्झौतामा स्तरोन्नति भएपछि पनि अतिकम विकसित राष्ट्रको हैसियतले पाइआएको सुविधा निरन्तरता दिने प्रावधान नरहे तापनि माल्दिभ्सले SAFTA मा यस्तो सुविधा लिएको | SAFTA र BIMSTEC स्वतन्त्र व्यापार क्षेत्र सम्बन्धी सम्झौतामा स्तरोन्नति पछि निश्चितत वर्षसम्म अतिकम विकसित राष्ट्रले पाए सरहको व्यापार सुविधा रहने गरी संशोधन भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>परराष्ट्र मन्त्रालय | लागत नपर्ने |
| २२. | • स्तरोन्नति हुने अतिकम विकसित राष्ट्रको हित रक्षा गर्न विश्व व्यापार संगठनमा गरिएका विभिन्न अनुरोधका बारेमा अतिकम विकसित राष्ट्र समूहसँग निरन्तर सहकार्यमा रहने<br>• युरोपियन युनियन, तुर्किए र संयुक्त अधिराज्यलाई GSP± and GSP Enhanced Framework मा गार्हस्थ्य मूल्य अभिवृद्धिको सीमा बिस्तारै बढाउन अतिकम विकसित राष्ट्रको समूहसँग मिलेर सहमत गराउने | • नेपाल विश्व व्यापार संगठनको अतिकम विकसित राष्ट्र समूहसँग निरन्तर संवादमा रहेको र केही अनुरोध गरिएको<br>• युरोपियन युनियन, तुर्किए र संयुक्त अधिराज्यलाई GSP± and GSP Enhanced Framework मा गार्हस्थ्य मूल्य अभिवृद्धिको सीमालाई पुनर्विचार गर्न लगाउन खासै प्रयास नभएको | युरोपियन युनियन, तुर्किए र संयुक्त अधिराज्यसँग GSP± and GSP Enhanced Framework मा स्थानीय मूल्य अभिवृद्धिको सीमालाई पुनर्विचार गर्न वार्ता भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | लागत नपर्ने |
| २३. | अतिकम विकसित राष्ट्रका खास खास मुद्दामा चेतना अभिवृद्धि गर्न निर्यातकर्ता तथा अन्य सरोकारवालासँग क्षेत्रगत रूपमा नियमित अन्तरक्रिया गर्ने | • अधिकांश निर्यातकर्ता र खासगरी साना तथा मझौला व्यवसायलाई अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति भएपछि पर्ने प्रभाव र आवश्यक तयारीको जानकारी नभएको | • अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति भएपछि हुनसक्ने व्यापार सहुलियतमा ह्रास, भन्सार दरमा वृद्धि, उत्पत्तिको नियम सम्बन्धी व्यवस्था आदिमा हुनसक्ने परिवर्तन जस्ता विषयमा जानकारी भएको हुने<br>• निर्यातयोग्य वस्तुको प्रतिस्पर्धात्मक क्षमता बढेको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १.५ |
| **रणनीति ४: आर्थिक कूटनीति सुदृढ तुल्याउने तथा व्यापार प्रवर्द्धनको लागि बहुपक्षीय र द्विपक्षीय सन्धि-सम्झौता पुनरावलोकन तथा विस्तार गर्ने।** | | | | | |
| २४. | आर्थिक कूटनीतिको छुट्टै रणनीतिक दस्तावेज तयार गर्ने र आवधिक रूपमा अद्यावधिक गर्ने | आर्थिक कूटनीतिको लागि छुट्टै रणनीति नरहेको | नियमित रूपमा अद्यावधिक गरिएको आर्थिक कूटनीति रणनीति तयार भएको हुने र सो बमोजिम सबै कूटनीतिक निकायले आर्थिक कूटनीति सञ्चालन गरेका हुने | परराष्ट्र मन्त्रालय | ९ |
| २५. | देशगत आर्थिक कूटनीति सम्बन्धी रणनीति आवश्यकता अनुसार पुनर्लेखन वा परिमार्जन गर्ने र सरोकारवालालाई उपलब्ध गराउने | देशगत आर्थिक रणनीति तयार भएका भए तापनि यी रणनीति पुराना, संक्षिप्त र सतही रहेका तथा कार्यान्वयनसमेत हुन नसकेका | आर्थिक कूटनीति सम्बन्धी देशगत रणनीतिहरू अद्यावधिक भई सो बमोजिम कूटनीतिक नियोगहरूले काम गरेका हुने | परराष्ट्र मन्त्रालय<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ५ |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| २६. | सम्बन्धित कूटनीतिक नियोगले आर्थिक कूटनीति रणनीति बमोजिम काम गरे नगरेको नियमित अनुगमन तथा मूल्यांकन गर्ने प्रणाली स्थापित गर्ने | आर्थिक कूटनीति रणनीति नहुँदा मूल्यांकन प्रणाली नभएको | आर्थिक कूटनीति रणनीति बमोजिम कूटनीतिक नियोगहरूको कार्यसम्पादन अनुगमन र मूल्यांकन गर्ने प्रणाली स्थापित भएको हुने | परराष्ट्र मन्त्रालय | १ |
| २७. | आर्थिक कूटनीतिका विषयमा सम्बन्धित सरोकारवाला निकायसँग नियमित छलफल र अनुगमन गर्ने स्थायी संयन्त्र गठन गर्ने | आर्थिक कूटनीति सञ्चालन गर्ने निकायबीच पर्याप्त समन्वय नभएको | आर्थिक कूटनीति सञ्चालन गर्ने सार्वजनिक तथा निजी क्षेत्रका निकायबीच आर्थिक कूटनीतिको रणनीति र क्रियाकलापमा समन्वय भएको हुने | परराष्ट्र मन्त्रालय | ५ |
| २८. | विदेशस्थित सबै कूटनीतिक नियोगले परराष्ट्र मन्त्रालयको साथै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई व्यापार र पर्यटनको विषयमा समानान्तर रूपमा जानकारी दिनुपर्ने प्रतिवेदन पठाउन अनिवार्य गर्ने | सबै निकायले एकैपटक प्रतिवेदन प्राप्त गर्नसक्ने प्रबन्ध नभएको | व्यापार तथा पर्यटन सम्बन्धी विषयको जानकारी कूटनीतिक नियोगले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई समानान्तर रूपमा उपलव्ध गराएका हुने | परराष्ट्र मन्त्रालय | २ |
| २९. | नेपालमा रहेका विदेशी मुलुकका अवैतनिक दूत र विदेशमा रहेका नेपाली अवैतनिक दूतहरूसँग वर्षमा कम्तीमा दुई पटक अन्तरक्रिया गर्ने | यस्तो व्यवस्था र अभ्यास नभएको | ♦ अवैतनिक दूतहरूसँग नियमित अन्तरक्रिया भएको हुने<br>♦ दौत्य सम्बन्ध भएका सबै मुलुकको व्यापार तथा पर्यटन सम्बन्धी विषयमा जानकारी भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>परराष्ट्र मन्त्रालय | २.५ |
| ३०. | लगानी, व्यापार र पर्यटनको दृष्टिले महत्वपूर्ण मुलुकमा रहेका नेपाली दूतावासमा लगानी, व्यापार तथा पर्यटन विषयको छुट्टै डेस्क खडा गर्ने | कूटनीतिक नियोगका अधिकारीमा लगानी, व्यापार तथा पर्यटन विषयको जिम्मेवारी तथा उत्तरदायित्वको कमी रहेको र केही नियोगहरूमा निश्चिहत सम्पर्क विन्दुको प्रबन्ध भए पनि अपेक्षा अनुरूप कार्य हुन नसकेको | ♦ विदेश स्थित नेपाली नियोगहरूमा निर्यात सम्भावना भएका वस्तु तथा पर्यटकीय आकर्षणको प्रदर्शनी भएको हुने<br>♦ लगानी, व्यापार तथा पर्यटन मामिलामा नेपाली व्यवसायी तथा सम्बन्धित संस्थालाई सहयोग पुगेको हुने | परराष्ट्र मन्त्रालय<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २.२ |
| ३१. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा व्यापार तथा आर्थिक मामिलामा जानकार कर्मचारी खटाउने र पाँच वर्ष नपुगी मन्त्रालयबाट अन्यत्र सरुवा नगर्ने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा अधिकृतको पदस्थापन/सरुवा गर्दा व्यापार तथा अर्थशास्त्रको बारेमा ज्ञान तथा अनुभवलाई आधार बनाउने नगरिएको र छिटो सरुवा हुने गरेको | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पदस्थापन भएका कर्मचारीलाई कम्तीमा पाँच वर्ष निरन्तरता दिइएको हुने | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लागत नपर्ने |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| ३२. | क्षेत्रीय स्वतन्त्र व्यापार सम्झौता जस्तै RCEP मा सहभागिता सम्बन्धी विस्तृत अध्ययन गर्ने र आजको बहुध्रुवीय विश्वोमा विश्व् शक्तिहरूसँग मिलेर लाभ हासिल गर्ने दृष्टिकोण अवलम्बन गर्ने | नेपाल भारत द्विपक्षीय व्यापार तथा पारवहन सन्धि जस्ता द्विपक्षीय सम्झौता, SAFTA तथा BIMSTEC जस्ता क्षेत्रीय सम्झौता र विश्व व्यापार संगठन अन्तर्गतको बहुपक्षीय व्यापार सम्झौता कार्यान्वयनमा रहेका | नयाँ तथा उदीयमान मुलक तथा क्षेत्रसँगका स्वतन्त्र व्यापार सम्झौता (FTAs) मा नेपालको सहभागिताको लागि विस्तृत अध्ययन भएको हुने र उपयुक्त देखिएको खण्डमा नयाँ FTA मा सहभागी भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय परराष्ट्र मन्त्रालय | ९ |
| ३३. | व्यापार तथा आर्थिक मामिलाका विषयमा परराष्ट्र मन्त्रालयका कर्मचारीलाई दिइने तालिम तथा अभिमुखीकरणको अवधि बढाउने | परराष्ट्र मन्त्रालयका अधिकारीलाई दिइने तालिम अन्तर्राष्ट्रिय मामिलामा केन्द्रित भएको र व्यापार तथा आर्थिक मामिलाले कम भार पाएको | परराष्ट्र मन्त्रालयका अधिकृतहरूलाई दिइने तालिममा व्यापार तथा आर्थिक विषयले बढी भार पाएको हुने | परराष्ट्र मन्त्रालय | ५ |
| ३४. | वैदेशिक नियोगमा खटिएर जानुअघि सम्बन्धित मुलुकसँगको व्यापार तथा आर्थिक सम्बन्धका बारेमा विस्तृत अभिमुखीकरण दिने | विदेशस्थित नेपालका नियोगहरूमा पदस्थापन भएका अधिकारीमा सम्बन्धित मुलुकको व्यापार तथा अर्थतन्त्रबारे पर्याप्त जानकारीको कमी देखिएको | विदेशस्थित नेपालका नियोगहरूमा पदस्थापन भएका अधिकारीमा सम्बन्धित मुलुकको व्यापार, अर्थतन्त्र र त्यस मुलुकमा नेपालको निर्यात वृद्धि सम्भावनाबारे पूर्ण जानकारी भएको हुने | परराष्ट्र मन्त्रालय | १० |
| ३५. | निर्यात प्रवर्द्धनको प्रगतिलाई आधार बनाई राजदूत, महावाणिज्यदूत तथा अवैतनिक वाणिज्यदूतको कार्यसम्पादन मूल्यांकन हुने प्रणाली स्थापित गर्ने | राजदूतहरूले परराष्ट्र मन्त्रालयलाई पठाउने प्रतिवेदनको ढाँचा तयार गरिएको तर कार्यान्वयन नभएको | कूटनीतिक कर्मचारीको मूल्यांकनको आधार निर्यात प्रवर्द्धनसमेत भएको हुने | परराष्ट्र मन्त्रालय | १ |
| ३६. | कूटनीतिक नियोगले गरेको प्रवर्द्धनात्मक गतिविधिका कारण भएको निर्यात वृद्धिलाई आधार बनाई कूटनीतिक नियोगलाई आर्थिक कूटनीति सम्बन्धी गतिविधि गर्न बजेट विनियोजन गर्ने | निर्यात बढाउन कूटनीतिज्ञले गरेको प्रयत्नको मूल्यांकन हुने, निरन्तर पृष्ठपोषण गर्ने र दण्ड तथा पुरस्कार दिने प्रणाली नभएको | नियोगको प्रवर्द्धनात्मक क्रियाकलापबाट निर्यात वृद्धि भएको अनुपातमा थप बजेट उपलब्ध भएको हुने | परराष्ट्र मन्त्रालय | ३,५०० |
| ३७. | प्रमुख व्यापार साझेदार मुलुकसँग लगानी प्रवर्द्धन गर्ने उद्देश्यले द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता गरी बलियो आर्थिक सम्बन्ध कायम गर्ने | फिनल्याण्ड, फ्रान्स, जर्मनी, भारत, मरिसस र संयुक्त अधिराज्यसँग द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता भएको | अष्ट्रेलिया, बंगलादेश, क्यानडा, चीन, जापान, नर्वे, रूसी महासंघ, दक्षिण कोरिया, स्विजरल्याण्ड, थाइल्याण्ड, संयुक्त अरब इमिरेट्स र संयुक्त राज्य अमेरिका जस्ता प्रमुख व्यापार साझेदार मुलुकसँग द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौताको वार्ता र सम्झौता भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय परराष्ट्र मन्त्रालय | १२ |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| ३८. | लगानी तथा व्यापारिक कारोवारको सघनता हेरी विभिन्न मुलुकसँग दोहोरो कर उन्मुक्ति सम्झौता गर्ने | नर्वे, थाइल्याण्ड, श्रीलंका, मरिसस, अस्ट्रिया, पाकिस्तान, चीन, दक्षिण कोरिया, कतार, भारत र बंगलादेशसँग दोहोरो कर उन्मुक्ति सम्झौता भएको | अष्ट्रेलिया, क्यानडा, फ्रान्स, फिनल्याण्ड, जर्मनी, जापान, रूसी महासंघ, स्विजरल्याण्ड, संयुक्त अरब इमिरेट्स, संयुक्त अधिराज्य र संयुक्त राज्य अमेरिकासँग दोहोरो कर उन्मुक्ति सम्झौताको वार्ता र सम्झौता भएको हुने | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>अर्थ मन्त्रालय<br>परराष्ट्र मन्त्रालय | १२ |
| ३९. | निजी क्षेत्रसँगको साझेदारी र सहकार्यमा अन्तर्राष्ट्रिय व्यापार प्रदर्शनी तथा मेलामा भाग लिने लगायतका निर्यात प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय एवम् व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले निजी क्षेत्रसँग सहकार्य गरी केही मात्रामा अन्तर्राष्ट्रिय व्यापार मेला तथा प्रदर्शनीमा सहभागिता जनाउने गरेको | विदेशस्थित कूटनीतिक नियोग, गैरआवासीय नेपाली संघ तथा निजी क्षेत्रका द्विपक्षीय च्याम्बरबाट नेपाली वस्तुको व्यापार मेला, महोत्सव, सम्मेलन लगायतका प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>परराष्ट्र मन्त्रालय र विदेशस्थित कूटनीतिक नियोगहरू<br>व्यापार निकासी तथा प्रवर्द्धन केन्द्र<br>गैरआवासीय नेपाली संघ निजी क्षेत्र | १०० |
| **रणनीति ५: श्रम उत्प्रेरणा र उत्पादकत्व अभिवृद्धि गर्ने।** | | | | | |
| ४०. | व्यावसायिक शिक्षा, तालिम र सीप विकास सम्बन्धी पाठ्यक्रमलाई बजारको माग अनुरूप परिमार्जन गर्ने | सीपको माग र आपूर्तिबीच तालमेल नरहेको | • सम्भाव्य रोजगारदातासँगको परामर्शमा व्यावसायिक शिक्षा तथा तालिमको पाठ्यक्रम परिमार्जन गरिएको हुने<br>• बजारको माग बमोजिम सीपको आपूर्ति भएको हुने | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | २ |
| ४१. | सीप परीक्षण प्रणाली सुदृढ तुल्याउने र राष्ट्रिय सीप परीक्षण बोर्डलाई आइएसओ प्रमाणीकरण गराउने | राष्ट्रिय सीप परीक्षण बोर्डले दिने गरेको राष्ट्रिय सीप प्रमाणपत्रको तेस्रो पक्षद्वारा समरूपता (कन्फर्मिटी) परीक्षण हुने नगरेको | राष्ट्रिय सीप परीक्षण बोर्ड आइएसओ १७०२४ प्रमाणित भएको हुने | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | १.५ |
| ४२. | • रोजगार व्यवस्थापन सूचना प्रणालीलाई पूर्ण क्रियाशील बनाउने कामलाई गति दिने<br>• सीपयुक्त श्रमिकको माग सम्बन्धी बजार तथ्यांक नियमित रूपमा अद्यावधिक गर्ने | • रोजगार व्यवस्थापन सूचना प्रणाली आंशिक रूपमा क्रियाशील रहेको<br>• श्रमिक आवश्यकता पोर्टल निर्माणाधीन रहेको | • राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली पूर्ण क्रियाशील भएको हुने<br>• सो प्रणाली रोजगारदाता, तालिम प्रदायक, श्रमिक र अन्य सरोकारवालाबीच सूचना आदानप्रदानको प्रभावकारी माध्यम बनेको हुने | श्रम विभाग | २ |
| ४३. | कृषि, गैरकृषि र सेवा क्षेत्रमा आधुनिक प्रविधिको उपयोग गर्न सहजीकरण गर्ने तथा प्रोत्साहन प्रदान गर्ने | प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्न कृषि उपजको लागि शीत भण्डार स्थापना गर्न नगद अनुदान, औद्योगिक मेसिनरी यन्त्र आयातमा भन्सार छुट लगायतका केही प्रोत्साहन दिइएको | उपयुक्त आधुनिक प्रविधि, चौथो पुस्ताको प्रौद्योगिकी जस्तै ब्लकचेन, इन्टरनेट सम्बन्धी वस्तु (IoT), थ्रीडी प्रिन्टिङ जस्ता उपयुक्त उत्पादन विधिको खरिद र प्रयोग बढाउन अनुदान, म्याचिङ ग्रान्ट, कर छुट प्रदान गरिएको हुने | अर्थ मन्त्रालय | ५०० |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| ४४. | अनौपचारिक रोजगारीलाई क्रमशः औपचारिक रोजगारीमा रूपान्तरण गरी कुल रोजगारीमा औपचारिक रोजगारीको हिस्सा बढाउने | कुल रोजगारीमा अनौपचारिक रोजगारीको हिस्सा अत्यधिक रहेको | कुल रोजगारीमा औपचारिक रोजगारीको हिस्सा २० प्रतिशतले बढेको हुने | श्रम विभाग | ५ |
| ४५. | युरोपियन युनियन, तुर्किए र संयुक्त अधिराज्यको GSP± र GSP Enhanced Framework योजनामा सामेल हुन आवश्यक श्रम सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको नेपाल पक्ष राष्ट्र बन्न सक्ने सम्भावनाको विस्तृत अध्ययन गर्ने | अन्तर्राष्ट्रिय श्रम संगठनको सभामा भाग लिन पाउने स्वतन्त्रता तथा संगठित हुन पाउने अधिकार सम्बन्धी महासन्धि नं ८७ र श्रम निरीक्षण सम्बन्धी महासन्धि नं. ८१ मा नेपालले हस्ताक्षर नगरेको | महासन्धि हस्ताक्षर गरेपछि हुने फाइदा र बेफाइदाको विस्तृत अध्ययन र तदनुरूप निर्णय भएको हुने | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १.८ |
| **रणनीति ६: व्यापारको लाभ बाँडफाँटमा अर्थपूर्ण महिला सशक्तीकरण तथा सामाजिक समावेशिता सुनिश्चित गर्ने।** | | | | | |
| ४६. | व्यापार तथा लगानी सम्बन्धी सामाजिक आर्थिक नीतिहरूको अन्तरसम्बन्ध र तिनले विभेदमा परेका वर्गलाई पारेको प्रभावको बारेमा अध्ययन गर्ने | सामाजिक-आर्थिक नीतिहरूको अन्तरसम्बन्धका बारेमा बृहत्तर समझदारीको अभाव रहेको | ♦ व्यापार तथा लगानी सम्बन्धी सामाजिक आर्थिक नीतिहरूको अन्तरसम्बन्ध र तिनले विभेदमा परेका वर्गलाई पारेको प्रभावको बारेमा अध्ययन भएको हुने<br>♦ महिला सशक्तीकरण तथा सामाजिक समावेशीकरण हुने गरी व्यापार तथा लगानीका क्रियाकलाप सञ्चाकलन भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>निजी क्षेत्र | १३.४ |
| ४७. | व्यापार-पोर्टल तथा क्षमता अभिवृद्धि कार्यक्रमबाट महिला तथा सीमान्तीकृत वर्गलाई व्यापार सम्बन्धी सूचना सर्वसुलभ गराउने | व्यापार सम्बन्धी सूचना प्रसारको कमजोरीका कारण सूचनामा पहुँच सीमित रहेको | व्यापार पोर्टल र स्थानीय सञ्चार माध्यममा सचित्र र सरलीकृत भाषामा सूचना उपलब्ध भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>प्रदेश सरकार<br>व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | ३.५ |
| | | | सबै प्रदेशमा २,१०० लघु साना तथा मझौला उद्यमलाई व्यापार सूचनाका बारेमा अभिमुखीकरण दिइएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>नेपाल उद्योग वाणिज्य महासंघ<br>नेपाल उद्योग परिसंघ<br>नेपाल चेम्बर अफ कमर्स<br>नेपाल साना तथा घरेलु उद्योग महासंघ<br>महिला उद्यमी महासंघ | १३.६ |
| ४८. | लैंगिक तथा सामाजिक समावेशिताको वर्गीकृत तथ्यांक प्रकाशन गर्न सम्बन्धित सबै सरकारी निकाय तथा अनुसन्धान केन्द्रलाई उत्प्रेरित गर्ने | व्यापार सम्बन्धी तथ्यांक लघु, साना तथा मझौला उद्यमसम्म मात्र सीमित रहेको | निर्यात, भन्सार, विद्युतीय व्यापार आदिमा लैंगिक तथा सामाजिक समावेशिताको वर्गीकृत तथ्यांक उपलब्ध भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>भन्सार विभाग<br>राष्ट्रिय तथ्यांक कार्यालय अनुसन्धान संस्था तथा व्यापार सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय संगठन | २.५ |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| ४९. | नेपाल व्यापार एकीकृत रणनीतिका कम्तीमा दुई प्राथमिकताका क्षेत्रमा प्रत्येक वर्ष लैंगिक समानता तथा सामाजिक समावेशिता सम्बन्धी परीक्षण गर्ने | नेपाल व्यापार एकीकृत रणनीतिका प्राथमिकताका क्षेत्रमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई कम ध्यान दिइएको | १० वटा लैंगिक समानता तथा सामाजिक समावेशी मूल्यांकन भएको हुने र १० वटा प्राथमिकताका क्षेत्रमा व्यवसाय विकास, व्यापार र क्षमता अभिवृद्धिमा महिला तथा सीमान्तीकृत समुदायलाई एकीकृत गर्ने कार्ययोजना तर्जुमा भई लागू भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>क्षेत्रगत निकाय<br>अनुसन्धान संस्था<br>विकास साझेदार | ५ |
| | | | सीमान्तीकृत समुदाय संलग्न भएका प्राथमिकता प्राप्त ५ क्षेत्रका वार्षिक १०० वटा लघु, साना तथा मझौला व्यवसायलाई तालिम दिइएको हुने | | ५.१ |
| | वस्तु तथा सेवा व्यापारमा सहभागी महिला तथा सीमान्तीकृत वर्गको क्षमता अभिवृद्धि गर्न विकास साझेदारको सहयोग परिचालन गर्ने | | निर्यातमा संलग्न लघु, साना तथा मझौला व्यवसायीको उद्यमशीलता विकास, प्रविधि हस्तान्तरण, बजार सूचना तथा मूल्य श्रृंखलामा आबद्धता सम्बन्धी क्षमता विकास भएको हुने | | लागत नपर्ने |
| ५०. | नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयन इकाईमा लैंगिक तथा सामाजिक समावेशिता डेस्क स्थापना गरी प्रभावकारी कार्यान्वयन गर्ने | व्यवस्था नभएको | लैंगिक तथा सामाजिक समावेशितालाई ध्यान दिन व्यापार-लैंगिक तथा सामाजिक समावेशिता डेस्क स्थापना भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ३.१ |
| **रणनीतिक स्तम्भ २: व्यापार–सहयोगी पूर्वाधार, संरचना, प्रक्रिया र नियामकीय वातावरण तथा व्यापार सुशासनमा सुधार** | | | | | |
| **रणनीति ७: एकीकृत व्यापार लजिस्टिक्स पूर्वाधार विकास गर्ने र व्यापार सहजीकरणमा सुधार गर्ने।** | | | | | |
| ५१. | निर्यात प्रवर्द्धनको लागि सामान ओसारपसार सहज बनाउन व्यापार लजिस्टिक्स गुरुयोजना तयार गर्ने | व्यापार लजिस्टिक्स गुरुयोजना नभएको | व्यापार लजिस्टिक्स गुरुयोजना तयार भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २० |
| ५२. | व्यापार पूर्वाधारको मापदण्ड विकास गर्ने | मापदण्ड नभएको | व्यापार पूर्वाधार मापदण्ड तयार भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ३ |
| ५३. | गैरयातायातजन्य व्यापार पूर्वाधार सम्बन्धी प्रावधानमा सामञ्जस्यता कायम गर्ने र एकीकृत गर्ने | सामञ्जस्यता नभएको | गैरयातायातजन्य व्यापार पूर्वाधारको सम्बन्धी प्रावधानमा सामञ्जस्यता कायम भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>अर्थ मन्त्रालय<br>सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>नेपाल राष्ट्र बैंक | ५ |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| ५४. | ♦ भन्सार विन्दु तथा अन्तर्राष्ट्रिय विमानस्थलमा सेनेटरी तथा फाइटोसेनेटरी (SPS) पालना हुने गरी बिरुवाजन्य, पशुजन्य तथा खाद्य उपज (छिट्टै बिग्रिने वस्तु) को कार्गो भण्डारण तथा ढुवानीको लागि डेडिकेटेड कोरिडोर तथा अन्य आवश्यक पूर्वाधार विकास गर्ने<br>♦ अन्तर्राष्ट्रिय विमानस्थलमा प्रवेश गर्ने यात्रुले अनिवार्य रूपमा क्वारेन्टाइन सम्बन्धी Onboard Self Declearation गर्ने व्यवस्था गर्ने | व्यवस्था नरहेको | ♦ बिरुवाजन्य, पशुजन्य तथा खाद्य उपज (छिट्टै बिग्रिने वस्तु) को सेनेटरी तथा फाइटोसेनेटरी पालना हुनेगरी कार्गो भण्डारण तथा ढुवानीको लागि डेडिकेटेड कोरिडोर निर्माण भई सञ्चालन भएको हुने<br>♦ अनिवार्य रूपमा Onboard Self Declearation गर्ने व्यवस्था लागू भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>भन्सार विभाग<br>नेपाल नागरिक उड्डयन प्राधिकरण<br>नेपाल इन्टरमोडल यातायात विकास समिति | १०००० |
| ५५. | अन्तर्राष्ट्रिय बजारमा साना तथा घरेलु उद्योगका वस्तुहरूको पहुँच विस्तार गर्न तथा तोकिएको समयमा गुणस्तरीय वस्तु निर्यातमा सहयोग पुऱ्याउन व्यापार सम्बद्ध समाहित सुविधा (Consolidation Facilities) विकास गर्ने तथा निर्देशिका तर्जुमा गर्ने | व्यापार सम्बद्ध समाहित सुविधाहरू र निर्देशिका नभएको | समाहित सुविधाको लागि पूर्वाधार विकास भएको हुने र निर्देशिका तयार भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>निजी क्षेत्र | १५०० |
| ५६. | साना तथा घरेलु उद्योगका वस्तु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा सहज रूपमा पठाउन विद्युतीय व्यापार (इ-कमर्स) को लागि हुलाक सेवाको विकास गर्ने | हुलाक सेवा विभागले विद्युतीय व्यापार (इ-कमर्स) को लागि हुलाक सेवाको उपयोगको सम्भावना बारे प्रारम्भिक अध्ययन गरेको | ♦ हुलाक सेवा नियमावलीमा संशोधन गरी यस्तो सेवा सञ्चालन गर्न कानूनी मान्यता पाएको हुने<br>♦ हुलाक सेवा विभागमा इ-कमर्सको कार्य गर्न पूर्वाधार विकास भएको हुने<br>♦ हुलाक सेवा विभागले इ-कमर्सको कार्य गरेको हुने | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>हुलाक सेवा विभाग<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | १००० |
| ५७. | व्यापार पूर्वाधार सम्बन्धी सूचनासमेत समावेश गरी व्यापार सूचना पोर्टल (Trade Information Portal) विकास गर्ने | व्यापार सूचना पोर्टलमा व्यापार लजिस्टिक्स सम्बन्धी थोरै मात्र सूचना रहेको | व्यापार सूचना पोर्टल अद्यावधिक भई सञ्चालनमा आएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | ५०० |
| ५८. | भन्सार विन्दुहरूमा कागज रहित सामान छोड्ने (Paperless clearance) प्रणाली विकास गर्ने | प्रमुख भन्सार विन्दुहरूमा विद्युतीय प्रणालीबाट सामान छोड्ने प्रणाली प्रारम्भ भएको | सबै भन्सार विन्दुमा विद्युतीय प्रणालीबाट समान छोड्ने प्रणाली कार्यान्वयनमा आएको हुने | भन्सार विभाग | २०० |
| ५९. | व्यापार लजिस्टिक्स सेवा प्रदायक र नियामक निकायहरूको क्षमता तथा सीप अभिवृद्धि गर्ने | व्यापार लजिस्टिक्स सेवा प्रदायक र नियमनकारी निकायहरूको लागि तालिमको व्यवस्था नभएको | व्यापार लजिस्टिक्स सेवा प्रदायक र नियमनकारी निकायहरूको क्षमता विकास भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २० |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| ६०. | व्यापार सम्बद्ध नियमहरू तथा मार्गदर्शनहरू निर्यात सहजीकरण हुने गरी परिमार्जन गर्ने | व्यापार सम्बद्ध नियमहरू तथा मार्गदर्शनहरूबीच सामञ्जस्य नभएको | व्यापार सम्बद्ध नियमहरू तथा मार्गदर्शनहरूबीच सामञ्जस्य भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>वन तथा वातावरण मन्त्रालय<br>अर्थ मन्त्रालय | ३० |
| ६१. | व्यापार प्रवर्द्धन र विकासमा सहयोग गर्न अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रको स्थापना गर्ने | नेपाल सरकारको वार्षिक बजेट वक्तव्य तथा व्यापार घाटा न्यूनीकरण गर्ने रणनीतिमा यस्ता पूर्वाधार निर्माण गर्ने उल्लेख भएको तर कार्यान्वयन हुन नसकेको | ♦ काठमाडौंको चोभार तथा कोशी प्रदेश तथा सुदूरपश्चिम प्रदेशमा अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र निर्माणको कार्य थालनी भएको हुने<br>♦ प्रदर्शनी स्थल निर्माण सम्पन्न भए पश्चात् मुलुकका विभिन्न स्थानमा अन्तर्राष्ट्रिय व्यापार महोत्सव सञ्चालन भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | ६००० |
| ६२. | निर्यातजन्य वस्तु उत्पादन गर्ने लघु, घरेलु तथा साना उत्पादक र उक्त उत्पादनसँग सम्बन्धित कच्चा पदार्थ संकलन गर्ने संकलकलाई समेत एकै थलोमा संलग्न गराई निजी सरकारी लागत साझेदारीमा देशका विभिन्न भागमा विभिन्न वस्तुहरूसँग सम्बद्ध सामूहिक सुविधा केन्द्र (Common Facility Center) निर्माण गर्ने | सामूहिक सुविधा केन्द्र नभएको | नेपालमा उपलब्ध कच्चा पदार्थहरूमा आधारित लघु, घरेलु तथा साना उद्योगहरूले उत्पादन गर्ने निर्यातजन्य वस्तुहरूको प्रवर्द्धन गर्न ६ वटा सामूहिक सुविधा केन्द्र निर्माण र सञ्चालन भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | १८० |
| ६३. | परम्परागत हस्तकलाजन्य वस्तु उत्पादन सम्बन्धी सीपको अभिलेखीकरण, हस्तान्तरण र पुस्तान्तरण मार्फत अन्तर्राष्ट्रिय बजारको माग अनुरूप निर्यातजन्य वस्तु उत्पादन गर्न निजी क्षेत्रका प्रतिनिधिमूलक संघ, संस्थासँग लागत साझेदारीमा सीप विकास तालिम र निर्यात प्रवर्द्धन गर्न समझदारी गर्ने | परम्परागत हस्तकलाजन्य वस्तुहरू (बहुमूल्य धातुका गरगहना, काठजन्य, धातुजन्य, माटोजन्य, प्रस्तरजन्य र ललितकला आदि) निर्माण सम्बन्धी सीपको अभिलेखीकरण, हस्तान्तरण र पुस्तान्तरण सीमित मात्रामा भएको | ♦ ५ वटा सीप विकास तालिम मार्फत निर्यात तथा रोजगारी प्रवर्द्धन भएको हुने<br>♦ सीपको अभिलेखीकरण, हस्तान्तरण र पुस्तान्तरण संस्थागत भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र<br>प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | १०० |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| ६४. | ♦ विपद्को समयमा समेत निकासीजन्य वस्तु तथा तिनका कच्चा पदार्थको ढुवानीलाई प्राथमिकतामा राखी उच्च सुरक्षा प्रदान गर्ने<br>♦ उक्त वस्तुहरूको भन्सार जाँचपाससमेत उच्च प्राथमिकताका साथ गर्ने व्यवस्था मिलाउने | यस्तो व्यवस्थाको अभावमा विपद्को समयमा निर्यातलाई निरन्तरता दिन नसकिएको | विपद्को समयमा समेत निर्यात व्यापारले निरन्तरता पाएको हुने | गृह मन्त्रालय<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | लागत नपर्ने |
| **रणनीति ८: खाद्य गुणस्तर र बाली स्वास्थ्य मापदण्ड सुदृढ तुल्याउने।** | | | | | |
| ६५. | बिरुवा क्वारेन्टाइन तथा संरक्षण, विषादी व्यवस्थापन, पशु स्वास्थ्य, पशु आहारा, पशु वधशाला, खाद्यान्न र बीउबिजन सम्बन्धी कानून परिमार्जन तथा निर्माण गर्ने | बिरुवा क्वारेन्टाइन तथा संरक्षण (पहिलो संशोधन) ऐन, २०६४ जारी भइसकेको र बीउविजन ऐन, २०४५, पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५, पशु बधशाला तथा मासु जाँच ऐन, २०५५, जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६, जारी भएको | ♦ पशु स्वास्थ्य तथा पशु सेवा ऐन, पशु दाना ऐन, पशु वधशाला तथा मासु जाँच ऐन परिमार्जन भई जारी भएको हुने<br>♦ बिरुवा क्वारेन्टाइन तथा संरक्षण र बिउबिजन नियामवाली संशोधन भएको हुने<br>♦ शत्रु जीव विश्लेषण निर्देशिका निर्माण गरिएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ४.० |
| | क. अनुवंश परिवर्तित जीव/जीवित परिमार्जित जीव (Genetically Modified Organism – GMO/Living Modified Organism) को पैठारी नियमन सम्बन्धी कानून निर्माण गर्ने | अनुसन्धान प्रयोजनको लागि बाहेक अन्य प्रयोजनको लागि यस्ता जीवहरूको पैठारी बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐनद्वारा निषेध गरिएको, अन्य कानूनी व्यवस्था नरहेको | ♦ कानून निर्माण गरी पैठारी नियमन भएको तथा जैविक विविधता संरक्षणमा योगदान पुगेको हुने<br>♦ बाली संरक्षण तथा प्लान्ट क्वारेन्टाइन सेवा चुस्त र प्रभावकारी बनाउन नेपाल कृषि सेवा, बाली संरक्षण समूह अन्तर्गत हुनेगरी बाली उपचार तथा विषादी व्यवस्थापन उपसमूह, प्लान्ट क्वारेन्टाइन उपसमूह र प्रयोगशाला सेवा उपसमूहमा दरबन्दी सिर्जना गरी कर्मचारी भर्ना गर्न आवश्यक व्यवस्था भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | |
| | ख. सेनेटरी तथा फाइटोसेनेटरी बोर्डर कन्ट्रोलको लागि डेडिकेटेड सुरक्षा सुविधा उपलब्ध गराउन सुरक्षा निकायलाई यस सम्बन्धी तालिमको व्यवस्था गर्ने | व्यवस्था नभएको | सेनेटरी तथा फाइटोसेनेटरी बोर्डर कन्ट्रोलको लागि डेडिकेटेड सुरक्षा सुविधा उपलब्ध गर्न सुरक्षा निकायहरूलाई सो सम्बन्धी तालिम प्रदान तथा कार्यसम्पादन भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| | ग. अन्तर्राष्ट्रिय व्यापारमा चौबीसै घण्टा सेनेटरी तथा फाइटोसेनेटरी सम्बन्धी सेवा प्रवाह गर्न सम्बन्धित नियमनकारी निकायमा भन्सार कार्यालयसरह कार्यालय समय/बिदा लगायतका सुविधामा एकरूपता कायम गर्ने | अत्यावश्यक सेवामा सूचीकृत नहुँदा सरकारी कार्यालय समय बाहिर काम गर्न कठिनाइ भएको | सीमा नाकामा कार्यरत सेनेटरी तथा फाइटोसेनेटरी सम्बन्धी सेवा अत्यावश्यक सेवामा सूचीकृत भएको हुने तथा उस्तै प्रकृतिका अन्य निकायसँग विद्यमान कार्यालय समय/बिदा लगायतका सुविधामा एकरूपता कायम भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>अर्थ मन्त्रालय | |
| | घ. सर्भे सर्भिलेन्स तथा Pest Risk Analysis (PRA) सेवालाई कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीमा आबद्ध गर्न कार्यसम्पादन मापदण्ड तयार गर्ने | व्यवस्था नभएको | सर्भे सर्भिलेन्स तथा PRA सेवालाई कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीमा आबद्ध गर्न कार्यसम्पादन मापदण्ड तयार भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | |
| | ङ. नाकाहरूबाट भइरहेको निर्यात तथ्यांकको आधार लिई सीमापार छिमेकी भारत तथा चीनमा समेत मिरर चेकपोस्ट रहेका स्थानमा मात्र भन्सार कार्यालय तथा क्वारेन्टाइन कार्यालय रहने गरी प्रशासनिक संरचना व्यवस्थापन गर्ने, आयात मात्र हुने तर निर्यात नहुने नाका क्रमशः हटाउने | ♦ भन्सार विभाग अन्तर्गत १७५ प्रवेश विन्दु रहेको तर प्लान्ट क्वारेन्टाइन अन्तर्गतका जम्मा ७ वटा सीमावर्ती नाकाबाट निकासी व्यापार सम्भव रहेको<br>♦ सीमानाकामा समकक्षी कार्यालयको अभावमा पैठारी व्यापार मात्र भइरहेको | सीमानाकाहरूको पुनरावलोकन गरी आवश्यक संख्यामा मात्र सम्बन्धित कार्यालयहरूको उपस्थिति सुनिश्चित भएको तथा पैठारी व्यापार मात्र हुने नाकामा कमी आएको हुने र निकासी तथा पैठारी व्यापार हुने नाका मात्र सञ्चालनमा रहेका हुने | अर्थ मन्त्रालय<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>कृषि तथा पशुपन्छी विकास मन्त्रालय | |
| | च. निर्धारित मापदण्ड तथा गुणस्तर पालना नगर्ने वस्तुको आयात नियन्त्रण गर्न तोकिएका वस्तु तोकिएका नाकाबाट मात्र प्रवेश हुने व्यवस्था गर्ने। पैठारी तथ्यांक र आन्तरिक मागको आधारमा मौसमी कर (Seasonal Tax) प्रणाली सुरुआत गर्ने। | व्यवस्था नभएको | ♦ तोकिएका वस्तु तोकिएको नाकाबाट मात्र पैठारी भएको हुने<br>♦ मौसमी कर प्रणालीको सुरुआत भएको हुने | अर्थ मन्त्रालय<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>कृषि तथा पशुपन्छी विकास मन्त्रालय | |
| ६६. | केन्द्रीय बिरुवा स्वस्थता तथा निदान प्रयोगशालामा कार्यरत कर्मचारीको दरबन्दी एवम् पदपूर्ति सुनिश्चिएत गरी प्रयोगशाला सञ्चालनमा ल्याउने | कार्यबोझ अनुसार जनशक्ति नहुँदा प्रयोगशाला पूर्ण रूपमा सञ्चालन गर्न नसकिएको | केन्द्रीय बिरुवा स्वस्थता तथा निदान प्रयोगशालाको संगठन संरचना तथा दरबन्दी स्वीकृत भई प्रयोगशाला सुचारु भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ०.५ |
| ६७. | खाद्य स्वच्छता तथा गुणस्तर (Food Safety and Quality) सम्बन्धी कानून निर्माण गर्ने | खाद्य ऐन, २०२३ कार्यान्वयनमा रहेको | खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी कानून पारित भई लागू भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २.० |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| ६८. | जडीबुटी लगायत गैरकाष्ठ वनजन्य उत्पादन सम्बन्धी नियमावली तर्जुमा गर्ने | नियमावली नभएको | जडीबुटी लगायत गैरकाष्ठ वनजन्य उत्पादन सम्बन्धी नियमावली जारी भएको हुने | वन तथा वातावरण मन्त्रालय | १.० |
| ६९. | सेनेटरी तथा फाइटोसेनेटरीसँग सम्बन्धित खाद्य स्वच्छता, बिरुवा स्वस्थता तथा पशुपन्छी स्वस्थता सम्बन्धी रिफरेन्स तथा अन्य प्रयोगशालाहरू सुदृढीकरण गर्ने, तोक्ने तथा मान्यता प्रदान गर्ने | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला (NFFRL) रहेको | निर्यातयोग्य कृषि उत्पादनको परीक्षण कार्यको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग अन्तरगतका कम्तीमा ४ वटा प्रयोगशाला अन्तर्राष्ट्रिय स्तरको भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | १५ |
| ७०. | सेनेटरी तथा फाइटोसेनेटरी विधि र मापदण्ड, खासगरी Codex standards (Codex MRLs/MCLs and national standards) मा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। चिया, कफी, तरकारी तथा फलफूल सम्बन्धमा आचारसंहिता र असल कृषि अभ्यासको जानकारी प्रदान गर्ने<br>♦ किसान, खाद्य प्रशोधन तथा प्याकेजिङकर्तालाई तालिम<br>♦ मूल्य श्रृंखलाका सरोकारवालालाई वस्तु उदगमस्थल-पहिचान (Traceability) तालिम<br>♦ जोखिम मूल्यांकन तथा व्यवस्थापन निरीक्षण तालिम<br>♦ शत्रु-जीव, weeds species र GMOs को जोखिम विश्लेषण | ♦ केही अल्पकालीन तालिम दिइएको<br>♦ जोखिम मूल्यांकन तथा निरीक्षण प्रक्रिया कमजोर रहेको | ♦ निर्यात गरिएका वस्तुको प्रमाणीकरण गर्न र मुलुकमा सुरक्षा मापदण्डको परिपालन सुनिश्चिपत गर्न नेपाल असल कृषि अभ्यास, असल उत्पादन अभ्यास, Hazard Analysis and Critical Control Points र अन्य असल अभ्यास कार्यान्वयन गर्न सक्षम तुल्याउन तालिम सञ्चाालन भएको हुने<br>♦ निर्यातमुखी व्यवसायमा वस्तु उद्गमस्थल पहिचान गर्ने प्रणाली कार्यान्वयन गर्न तालिम तथा मार्गदर्शन दिइएको हुने<br>♦ उच्च मूल्यका नगदे बालीको खाद्य स्वच्छता सम्बन्धी आचारसंहिता तथा असल कृषि अभ्यास विकास र कार्यान्वयन गर्न सम्बन्धित किसानलाई सहयोग गरिएको हुने<br>♦ सीमाक्षेत्रका कार्यस्थलका कर्मचारी तथा निरीक्षकलाई तालिम दिइएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | १४.७ |
| ७१. | नेपाल असल कृषि अभ्यास (NepalGAP) को प्रवर्द्धन/ प्रमाणीकरण गरी कार्यान्वयन गर्ने | नेपाल असल कृषि अभ्यास विकास गरिएको र प्रमाणीकरणको जिम्मेवारी खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा रहेको | ७ वटै प्रदेशमा रहेका कम्तीमा २१ वटा व्यावसायिक कृषि फर्ममा NepalGAP प्रमाणीकरण गरिएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | १० |
| ७२. | निर्यातजन्य कृषि तथा पशुपन्छी उपजमा ट्रेसाबिलिटी प्रणाली विकास गरी लागू गर्ने | प्रणाली नरहेको एवम् युरोपियन युनियन, चीन, अमेरिका र अन्य विकसित मुलुकमा कृषि उत्पादन आयात गर्दा यस्तो सूचना अनिवार्य खोजिने गरेको | कम्तीमा ५ वटा प्रमुख बाली/खाद्य पदार्थ र पशुजन्य उत्पादनमा ट्रेसाबिलिटी प्रणाली कार्यान्वयन भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग<br>प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र<br>पशु सेवा विभाग | २.५ |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| ७३. | विभिन्न सरोकारवालालाई सेनेटरी तथा फाइटोसेनेटरी सम्बन्धी सूचनाको उपलब्धता र प्रयोगको बारेमा चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन तथा परिचालन गर्ने | किसान तथा व्यापारीलाई सेनेटरी तथा फाइटोसेनेटरी विधिको बारेमा ज्ञानको अभाव रहेको | तालिम, कार्यशाला गोष्ठी तथा अध्ययन भ्रमण सञ्चालन भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>कृषि विभाग<br>खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग<br>प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र<br>पशु सेवा विभाग | १.५ |
| ७४. | सेनेटरी तथा फाइटोसेनेटरीका विषयगत तालिमको लागि सम्बन्धित तालिम केन्द्रको क्षमता अभिवृद्धि गरी निर्यातजन्य कृषि उत्पादन/व्यवसाय गर्ने उत्पादक/व्यवसायीको लागि सेनेटरी तथा फाइटोसेनेटरी सम्बन्धी तालिमको व्यवस्था गर्ने | विभागहरूमा सेनेटरी तथा फाइटोसेनेटरीका विषयगत तालिमको लागि मातहतमा महाशाखा/तालिम केन्द्रहरू रहेका | सरकारी कर्मचारी र निजी क्षेत्रका व्यवसायीलाई सेनेटरी तथा फाइटोसेनेटरीका विषयमा तालिम दिने केन्द्र स्थापना भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>कृषि विभाग<br>खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग<br>प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र<br>पशु सेवा विभाग | १० |
| ७५. | राष्ट्रिय सेनेटरी तथा फाइटोसेनेटरी कार्यविधि तर्जुमा गर्ने | ३१ वटा राष्ट्रिय सेनेटरी तथा फाइटोसेनेटरी मेजर र आन्तरिक कार्यविधि तयार भएको | थप २४ वटा राष्ट्रिय सेनेटरी तथा फाइटोसेनेटरी कार्यविधि तयार भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>कृषि विभाग<br>खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग<br>प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र<br>पशु सेवा विभाग | ५ |
| ७६. | निर्यातजन्य कृषि तथा पशुपन्छी उत्पादनको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्न उत्पादन तथा प्रशोधनका चरणमा असल उत्पादन अभ्यास प्रणाली लागू गर्ने | निर्यातजन्य कृषि तथा पशुपन्छी उत्पादनको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्न छुट्टै असल उत्पादन अभ्यास प्रणाली (GAP, GVP, GMP) नभएको | • निर्यातजन्य कृषि तथा पशुपन्छी उत्पादनका उद्यमीहरूको क्षमता अभिवृद्धि एवम् निर्यात प्रवर्द्धनको लागि निर्देशिका एवम् कार्यविधिहरू विकास, स्वीकृति तथा लागू भएको हुने<br>• प्रमाणीकरण पद्दति विकास भई लागू भएको हुने<br>• निरीक्षण अनुगमन कार्यमा साधनस्रोत प्राप्ति सहित क्षमता अभिवृद्धि गरी जोखिममा आधारित नियमनको व्यवस्था भएको हुने<br>• खाद्य स्वच्छता एवम् गुणस्तर परीक्षण गर्ने प्रयोगशालाको क्षमता अभिवृद्धि भई अन्तर्राष्ट्रिय मान्यता (एक्रेडिटेसन) प्राप्त सेवा प्रवाह भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>कृषि विभाग<br>खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग<br>पशु सेवा विभाग | १ |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| ७७. | सर्वे, निगरानी तथा निरीक्षण कार्यक्रम सुदृढ तुल्याउने | • केही बालीको निगरानी प्रणाली रहेको<br>• पाँचवटा जडीबुटीको निगरानी गरिएको | प्राथमिकताका सबै बालीमा शत्रु-जीव तथा रोगको वार्षिक रूपमा सूचना सर्वेक्षण गर्ने कार्यक्रम सञ्चालन भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>वन तथा वातावरण मन्त्रालय,<br>प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र | ३० |
| ७८. | निर्यातजन्य खाद्य पदार्थहरूको मापदण्डहरू अन्तर्राष्ट्रिय मापदण्डसँग समतुल्य हुनेगरी निर्माण एवम् अद्यावधिक गर्ने | खाद्य ऐन नियम बमोजिम खाद्य पदार्थहरूको मापदण्ड रहेका | अन्तर्राष्ट्रिय खाद्य मापदण्ड तय गर्ने कोडेक्स बैठकमा नियमित सहभागी भएको हुने<br>अन्तर्राष्ट्रिय मापदण्डसँग समतुल्य हुनेगरी निर्यातजन्य खाद्य पदार्थको मापदण्ड निर्माण एवम् अद्यावधिक भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | ०.५ |
| ७९. | बालीमा लाग्ने शत्रुजीव निदान प्रोटोकल (Diagnostic Protocols for pests) विकास गर्ने | शत्रुजीव निदान प्रोटोकल नभएको | कम्तीमा १० वटा शत्रुजीवको निदान प्रोटोकल तयार भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र | ०.५ |
| ८०. | सेनेटरी तथा फाइटोसेनेटरी सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गर्न विधि र प्रक्रिया निर्माण गर्ने | • कार्यविधि धेरै पुरानो रहेको<br>• सेनेटरी तथा फाइटोसेनेटरी समन्वय समितिको मार्गदर्शन नरहेको | सेनेटरी तथा फाइटोसेनेटरी सम्बन्धी सरोकारवाला निकायसँग समन्वय गर्न विधि र प्रक्रिया निर्माण भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ०.५ |
| ८१. | ePhyto प्रणालीको सुदृढीकरण गर्ने | नेपाल राष्ट्रिय एकद्वार प्रणाली मार्फत यो प्रणाली सञ्चालनमा रहेको र केही सवाल सम्बोधन हुन बाँकी रहेको | ePhyto प्रणाली सुदृढ भई पूर्ण रूपमा कार्यान्वयन भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र | १.५ |
| ८२. | पाँचवटा भन्सार विन्दुमा बिरुवा स्वस्थता सम्बन्धमा पोस्ट-इन्ट्री सुविधा (Post entry Quarantine facilities) स्थापना गर्ने | सुविधा नरहेको | नेपालगन्ज, भैरहवा, वीरगन्ज, विराटनगर र काकडभिट्टामा पोस्ट-इन्ट्री सुविधा स्थापना भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र | ५.० |
| ८३. | निर्यात गरिने छानिएका वस्तु उत्पादन हुने क्षेत्रमा प्रणाली अवधारणा (Systems Approach) बाट शत्रुजीव व्यवस्थापन गरी स्वस्थ बाली उत्पादन गर्ने | स्याङ्जा र सिन्धुली जिल्लाका सुन्तला बगानमा Fruit fly नियन्त्रणको लागि सर्विलेन्स कार्य गरिएको | प्रणाली अवधारणा अवलम्बन गरी स्याङ्जा र सिन्धुली जिल्लामा उत्पादित सुन्तला जातका फलफूल तथा चितवन लगायतका स्थानबाट उत्पादित हेलेज र मासु निर्यात भएका हुने र अन्य वस्तुमा समेत सोही प्रक्रिया अवलम्बन भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २.५ |
| ८४. | सेनेटरी तथा फाइटोसेनेटरी परिपालनाको रणनीतिक मोडेल तयार गर्ने | रणनीतिक योजना तयार गर्ने प्रक्रिया अगाडि बढेको | स्वच्छता तथा बिरुवा स्वस्थता परिपालनाको रणनीतिक योजना लागू भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग<br>प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र<br>पशु सेवा विभाग | १.० |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| ८५. | जोखिममा आधारित निरीक्षण प्रणाली स्थापना गरी सीमापार रोग व्यवस्थापन गर्ने | जोखिममा आधारित प्रणाली नरहेको | सेनेटरी तथा फाइटोसेनेटरी क्रियाकलाप कार्यान्वयन गर्न जोखिममा आधारित प्रणाली स्थापना भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग<br>प्लान्ट क्वारेन्टाइन एवम् विषादी व्यवस्थापन केन्द्र<br>पशु सेवा विभाग | १.० |
| ८६. | पशु स्वास्थ्यको सूचना व्यवस्थापन प्रणाली तर्जुमा गर्ने | प्रणाली नरहेको | सूचना व्यवस्थापन प्रणाली विकास भई लागू भएको हुने | पशु सेवा विभाग | ०.१ |
| ८७. | पशु क्वारेन्टिनको लागि होल्डिङ यार्ड निर्माण गर्ने | भौतिक सुविधा नरहेको | ५ वटा होल्डिङ यार्ड तयार भएको हुने | पशु सेवा विभाग | ०.७ |
| ८८. | कृषि जैविक विविधता संरक्षण तथा समुचित उपयोगको लागि कृषि जैविक विविधता सम्बन्धी कानून तर्जुमा गर्ने | जैविक विविधता, वातावरण र मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्ने जोखिम भएका GMO तथा त्यसका उत्पादनलाई आवश्यकता अनुसार नियन्त्रण तथा निषेध गर्ने नीति रहेको भए पनि कानून नभएकोले पूर्ण कार्यान्वयन हुन नसकेको | कृषि जैविक विविधता सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने आवश्यकता अनुसार कृषि जैविक विविधतामा सम्भावित असर पुऱ्याउन सक्ने GMO लगायतका वस्तुको नियमनको लागि कानून तर्जुमा भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | |
| **रणनीति ९: गुणस्तर पूर्वाधार सुधार र औद्योगिक उत्पादनको गुणस्तर मापदण्ड लागू गर्ने।** | | | | | |
| ८९. | गुणस्तर नीति र प्रयोगशाला नीति तर्जुमा तथा प्रत्यायन निकाय स्थापना गर्ने | सम्बन्धित नीति र निकाय नरहेको | गुणस्तर नीति र प्रयोगशाला नीति तर्जुमा भएको हुने<br>प्रत्यायन निकाय स्थापना भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १२.५ |
| ९०. | निर्यात गरिने मुलुकमा रहेको बजार पहुँच आवश्यकता सम्बन्धी सबै सूचना निर्यातकर्ताले थाहा पाउन सक्नेगरी सूचना केन्द्र स्थापना गर्ने | नेपाल गुणस्तर तथा नापतौल विभाग र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रमा रहेको व्यापारमा प्राविधिक अवरोध (Technical Barriers to Trade) सोधपुछ कक्षबाट आंशिक रूपमा सूचना प्राप्त हुने गरेको | सूचना केन्द्र स्थापना भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>नेपाल गुणस्तर तथा नापतौल विभाग<br>व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | २.५ |
| ९१. | आयात गर्ने मुलुकका निजी क्षेत्रबाट वस्तु, वस्तुका समूह, भूगोल, अन्तरनिहित प्रकृति जस्ता विषयमा निरन्तर माग हुने स्वैच्छिक दिगोपना सम्बन्धी मापदण्ड जस्ता गैरकर अवरोधको डेटाबेस तयार गर्ने | राष्ट्रिय स्तरमा स्वैच्छिक दिगोपना सम्बन्धी मापदण्डहरूको डेटाबेसको अभाव रहेको | स्वैच्छिक दिगोपना सम्बन्धी मापदण्ड जस्ता गैरकर अवरोधको डेटाबेस तयार भएको हुने | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | ७.५ |
| ९२. | अन्तर्राष्ट्रिय व्यापारमा दिगोपना तथा निजी मापदण्डको कारणले हुने गैरकर अवरोध खोजी गर्ने र तिनलाई सम्बोधन गर्न सोही अनुरूपको राष्ट्रिय मापदण्ड निर्माण गर्ने | जैविक तथा हलाल वस्तुको बजार पहुँचको लागि केही मापदण्ड विकासको चरणमा रहेका | जैविक तथा हलाल मापदण्ड विकास भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>नेपाल गुणस्तर तथा नापतौल विभाग | १० |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| ९३. | निर्यात सम्भावना भएका वस्तुको उत्पादन, भण्डारण, ढुवानी, प्याकेजिङ, लेबलिङ जस्ता विषयलाई स्तरीकरण गर्ने | केही मापदण्ड रहेका र केही विकासको क्रममा रहेका | निर्यात सम्भावना भएका सबै वस्तुको मापदण्ड विकास भएको हुने | नेपाल गुणस्तर तथा नापतौल विभाग | १२.५ |
| ९४. | उत्पादक, व्यापारी र निर्यातकर्तालाई अन्तर्राष्ट्रिय व्यापार केन्द्रको स्टान्डर्ड म्याप, व्यापार नक्सा, बजार पहुँच नक्सा, बजार विश्लेवषण उपकरण (Standards map, trade map, market access map, market analysis tools) जस्ता सामग्री प्रयोग गर्न, United Nations Industrial Development Organization को ल्याबनेट (LABNET) उपयोग गर्न र उत्पादित वस्तुको गुणस्तर तथा अन्य विशेषता कायम राख्न प्रशोधन, प्याकेजिङ र ढुवानीमा ध्यान दिनुपर्ने विषयमा तालिम दिने | मूल्य श्रृंखलाका विभिन्न चरणमा रहेका व्यवसायीलाई सुसूचित निर्णय गर्न, दिगोपना अग्रसरताको अवस्थाबारे थाहा पाउन र उस्तै खालका व्यावसायिक साझेदारसँग आबद्ध हुन आवश्यक ज्ञान तथा अनलाइन प्रविधिसम्म पहुँचको अभाव रहेको | ७० वटा तालिम सम्पन्न भएको हुने | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | ३५ |
| ९५. | उत्पादक, व्यापारी र निर्यातकर्तालाई वस्तु, भौगोलिक पहिचान, दिगोपना मापदण्ड र तिनको कार्यान्वयन विधिका स्वैच्छिक मापदण्डको बारेमा विद्यमान प्रमाणीकरण प्रक्रियाको जानकारीमूलक तालिम सञ्चालन गर्ने | योजनाबद्ध र संगठित तरिकाले तालिमको प्रबन्ध नभएको | ७० वटा तालिम सम्पन्न भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>नेपाल गुणस्तर तथा नापतौल विभाग | ३५ |
| ९६. | साना तथा मझौला व्यवसाय, घरेलु उद्योग तथा हस्तकला उत्पादकलाई गुणस्तर सम्बन्धमा जानकारी तथा उत्प्रेरणा जगाउन सचेतना कार्यक्रम सञ्चाालन गर्ने | ♦ तत्कालीन घरेलु तथा साना उद्योग विभागले करिब ३५ वटा गुणस्तरसँग सम्बन्धित तालिम दिएकोमा यो जिम्मेवारी प्रदेशमा हस्तान्तरण भएको तर काम सुरु नभएको<br>♦ निजी क्षेत्रको प्रयासमा निजी परामर्शदाता संस्थाले केही तालिम सञ्चालन गरिरहेका | ♦ ७० वटा तालिम, कार्यशाला तथा गोष्ठी सञ्चालन भएको हुने<br>♦ १७५ उद्योगलाई गुणस्तर सुधार कार्यक्रम गर्न प्रोत्साहन दिइएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>नेपाल गुणस्तर तथा नापतौल विभाग<br>खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग<br>प्रदेश सरकार | ८५ |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| ९७. | स्थानीय रूपमा गरिएको समरूपता परीक्षण (conformity assessment) लाई आयात गर्ने मुलुकमा पनि स्वीकार्य गराउन प्रत्यायनको व्यवस्था गर्ने र सरकार-सरकार बीच परस्पर पहिचान सम्झौता गर्ने | • Bureau of Indian Standards / Bangladesh Standards and Testing Institution सँग केही विषयमा समझदारी भएको<br>• क्षेत्रीय तहमा बहुपक्षीय प्रबन्ध गर्ने पहल भएको<br>• केही वस्तु र प्रतिमानको समरूपता प्रत्यायन दिइएको<br>• परस्पर पहिचान सम्झौता र दुई सरकारबीच सम्झौता नभएको | • कम्तीमा १० वटा वस्तुको परीक्षण, निरीक्षण र प्रमाणीकरणको प्रत्यायन भएको हुने<br>• कम्तीमा ६ वटा सरकार-सरकारबीच परस्पर पहिचान सम्झौता भएको हुने | गुणस्तर पूर्वाधार सम्बन्धी संस्थाहरू (नेपाल गुणस्तर तथा नापतौल विभाग, खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग, वनस्पति विभाग, औषधी व्यवस्था विभाग, सार्वजनिक र निजी क्षेत्रका प्रयोगशाला) | ५० |
| ९८. | भौतिक तथा मानव स्रोतको स्तरोन्नति गरी नेपाल गुणस्तर तथा नापतौल विभागलाई गुणस्तर पूर्वाधारको प्राथमिक सेवा प्रदायकको रूपमा सुदृढ तुल्याउने | गुणस्तर पूर्वाधार सेवाको लागि मानव तथा भौतिक स्रोतको कमी रहेको | गुणस्तर सम्बन्धी प्रयोगशाला, उपकरण र मानव स्रोतको पर्याप्त उपलब्धता भएको हुने | नेपाल गुणस्तर तथा नापतौल विभाग | १.५०० |
| ९९. | निर्यात सम्भावना भएका वस्तुको परीक्षण र प्रमाणीकरण गर्ने सुविधा निर्माण गर्ने। | सीमित वस्तुको प्रतिमानहरू (Parameters) उपलब्ध रहेको तर निर्यात सम्भावना भएका वस्तुलाई पूर्ण रूपमा समेट्न नसकेको | • परीक्षण उपकरण जडान भएको हुने<br>• परीक्षण गरिने प्रतिमानहरूले मान्यता पाएका हुने | नेपाल गुणस्तर तथा नापतौल विभाग<br>कृषि तथा पशुपन्छी विकास मन्त्रालय | १,००० |
| १००. | आइएसओ १७०२४ बाट व्यक्तिको प्रमाणीकरण गर्न प्रारम्भ गर्ने | सेवा तथा औद्योगिक क्षेत्रमा कार्यरत दक्ष तथा अर्धदक्ष श्रमिकले उचित पारिश्रमिक र पहिचान नपाएका | सीपका आधारमा व्यक्तिको प्रमाणीकरण गर्ने प्रणाली स्थापना भएको हुने | नेपाल गुणस्तर तथा नापतौल विभाग<br>प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | २० |
| **रणनीति १०: लगानीको वातावरण सुधार गर्ने।** | | | | | |
| १०१. | क्षेत्रगत विश्लेषणका आधारमा विदेशी लगानीको सीमा पुनरावलोकन गर्ने | सबै प्रकारका वैदेशिक लगानीको न्यूनतम सीमा रु. दुई करोड रहेको | वैदेशिक लगानीको न्यूनतम सीमा क्षेत्रगत रूपमा पुनरावलोकन भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>अर्थ मन्त्रालय | ०.५ |
| १०२. | कागजात सरलीकरण र प्रक्रिया डिजिटाइज गरी वैदेशिक लगानी स्वीकृति निश्चित समयमा दिने व्यवस्था लागू गर्ने | उद्योग विभागले २०७९ असारदेखि अनलाइन सेवा दिन थालेको | सबै वैदेशिक लगानीको स्वीकृति दरखास्त परेको ७ दिनभित्र भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>नेपाल राष्ट्र बैंक | २.० |
| १०३. | लगानी गर्ने कार्यविधि निर्धारण गरी वैदेशिक लगानी खुला भएका क्षेत्रमा स्वचालित मार्ग प्रदान गर्ने | आ.व. २०७९/८० को बजेटमा दश करोडसम्मको वैदेशिक लगानी स्वचालित मार्गबाट दिइने उल्लेख भएको | • वैदेशिक लगानी खुला रहेका क्षेत्रमा स्वचालित मार्गबाट स्वीकृति दिइएको हुने<br>• वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा संशोधन गरी स्वचालित मार्गको विधि स्पष्ट पारिएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ०.५ |
| १०४. | कम्पनी ऐन र आयकर ऐनका प्रावधान पालना गरिएको आधारमा वैदेशिक लगानीको लाभांश लैजान पूर्वस्वीकृति नचाहिने स्वचालित प्रक्रिया लागू गर्ने | उद्योग विभाग र नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृति पश्चात् मात्र लाभांश लैजान पाउने व्यवस्था रहेको | वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन र नेपाल राष्ट्र बैंकको विनियामवाली बमोजिम सूचना जारी गरी लाभांश स्वचालित ढंगले लैजान पाउने व्यवस्था लागू भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>नेपाल राष्ट्र बैंक | ०.५ |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| १०५. | पर्याप्त पूर्वाधार र जाँच सहित भौतिक रूपमा कागजात बुझाउने र परीक्षण गर्ने कामलाई प्रतिस्थापन गरी अनलाइन कागजात बुझाउने र परीक्षण गर्ने प्रणाली स्थापित गरी कम्पनी तथा उद्योग प्रशासन सेवालाई डिजिटाइज गर्ने | उद्योग विभागले २०७९ असार १५ देखि अनलाइन सेवा परीक्षणका रूपमा प्रारम्भ गरेको तर कागजात भौतिक रूपमा बुझाउनुपर्ने अवस्था रहेको | कम्पनी तथा उद्योग प्रशासन सम्बन्धी सेवा पूर्ण रूपमा अनलाइन मार्फत प्रवाह भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २.० |
| १०६. | विदेशी लगानी भित्र्याउनको लागि तोकिएको समयसीमाको बन्देज हटाउने | वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण नियमावलीले विदेशी लगानी स्वीकृति पश्चात् लगानी भित्र्याउने समयसीमाको व्यवस्था गरेको | आयोजनाको पुँजी आवश्यकता बमोजिम लगानीकर्ताले विदेशी लगानी ल्याउन पाएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ०.५ |
| १०७. | प्रत्यक्ष वैदेशिक लगानी सम्बन्धमा कानूनी अन्तर्विरोध हटाउन वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, औद्योगिक व्यवसाय ऐन, विदेशी विनिमय नियमन गर्ने ऐन र अन्य ऐनका प्रावधानमा सामञ्जस्य कायम गर्ने | यी ऐनहरूमा विभिन्न अन्तरविरोध रहेको | वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, औद्योगिक व्यवसाय ऐन र विदेशी विनिमय नियमन गर्ने ऐन संशोधन भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>लगानी बोर्डको कार्यालय<br>नेपाल राष्ट्र बैंक | १.५ |
| १०८. | गैरआवासीय नेपालीको लगानी आकर्षण गर्न गैरआवासीय नेपाली ऐन र वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा सामञ्जस्य कायम गर्ने | आ.व. २०७९/८० को बजेटले गैरआवासीय नेपालीको लगानी आकर्षण गर्न कानून र प्रक्रियामा सुधार गर्ने, धितोपत्र बजारमा लगानी खुला गर्ने र धितोपत्रको प्रथम निष्कासनको १० प्रतिशत वैदेशिक रोजगारीमा रहेका नेपालीले खरिद गर्न पाउने व्यवस्था गर्ने प्रस्ताव गरेको | गैरआवासीय नेपालीलाई विदेशी लगानीको सीमा आवश्यक नपर्ने व्यवस्था लागू भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>परराष्ट्र मन्त्रालय | ०.१२ |
| १०९. | निजी क्षेत्रले लिने सबै वैदेशिक ऋण नेपाल राष्ट्र बैंकको विदेशी लगानी विनियमावली बमोजिम हुने व्यवस्था गर्ने | नेपाल राष्ट्र बैंकको वैदेशिक लगानी सम्बन्धी विनियमावलीले आयोजना वित्त लगायत वैदेशिक ऋण विभिन्न वर्गमा वर्गीकृत गरेको | सबै वैदेशिक ऋणको प्रशासन नेपाल राष्ट्र बैंकको विनियमावलीबाट व्यवस्थित भएको हुने | नेपाल राष्ट्र बैंक | ०.५ |
| ११०. | वैदेशिक ऋणदाताले अचल सम्पत्तिमा धितो दर्ता गर्दा लाग्ने शुल्क घटाउने | व्यवस्था नरहेको | विदेशी ऋणदाताले तिर्नुपर्ने धितो शुल्क घटेको हुने | अर्थ मन्त्रालय<br>प्रदेश सरकार | १.४ |
| १११. | औद्योगिक व्यवसाय ऐनको दफा ३२(६) संशोधन गरी हदबन्दीभन्दा बढीको जग्गालाई आयोजना कर्जाको रूपमा धितो राख्न नपाइने व्यवस्था हटाउने | आ.व. २०७९/८० को बजेटले कुनै उद्योग वा व्यवसायले हदबन्दीभन्दा बढी जग्गा स्वीकृत पाएको अवस्थामा त्यस्तो जग्गाको धितोमा ऋण लिन पाउने, ऋण वा कर भुक्तानी गर्न जग्गा बिक्री गर्न पाउने व्यवस्था गरेको | स्वामित्वमा रहेको जमिन धितोमा राख्न नपाइने व्यवस्थाको अन्त्य भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ०.५ |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| ११२. | बौद्धिक सम्पत्ति सम्बन्धी निम्न अन्तर्राष्ट्रिय अभिसन्धिहरू अनुमोदन गरेर विभिन्न मुलुकहरूमा सजिलै र कम खर्चमा बौद्धिक सम्पत्ति दर्ता गर्न सहज गराउने:<br>♦ चिन्ह (Marks) को अन्तर्राष्ट्रिय दर्ताको म्याड्रिड प्रणाली (Madrid Treaty)<br>♦ पेटेन्ट सहकार्य सन्धि (Patent Cooperation Treaty – PCT) | बौद्धिक सम्पत्ति सम्बन्धी विभिन्न अभिसन्धि जस्तै, १८८३ को औद्योगिक सम्पत्ति संरक्षण सम्बन्धी पेरिस महासन्धि, व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति संरक्षण सम्झौता १९९५ र साहित्यिक वा कलात्मक कार्यको संरक्षण सम्बन्धी बर्न महासन्धि १८८६ को पक्ष राष्ट्र बनेको तथा विश्व बौद्धिक सम्पत्ति संगठनको सदस्य रहेको | म्याड्रिड सन्धि र पेटेन्ट सहकार्य सन्धि अनुमोदन भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>परराष्ट्र मन्त्रालय | ३.० |
| ११३. | निम्न विशेषता सहितको नयाँ बौद्धिक सम्पत्ति ऐन जारी गर्ने:<br>♦ बौद्धिक सम्पत्तिको विवादको द्रुत निरूपण हुने समयतालिका निश्चित गर्ने<br>♦ बौद्धिक सम्पत्ति दर्ता गर्न लाग्ने समय छोट्याउने<br>♦ बौद्धिक सम्पत्ति पुनरावलोकन समितिको प्रबन्ध हटाउने<br>♦ पटक पटक अवहेलना गर्ने व्यवसायीबाट क्षतिपूर्ति तिराउने प्रावधान राख्ने<br>♦ सजिलै भेटिन सक्ने गरी बौद्धिक सम्पत्तिको डिजिटल अभिलेख राख्ने | बौद्धिक सम्पत्ति सम्बन्धी विधेयक तर्जुमाको क्रममा रहेको | बौद्धिक सम्पत्ति ऐन जारी भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १.२ |
| ११४. | व्यापारिक गोपनीयता, भौगोलिक पहिचान जस्ता बौद्धिक सम्पत्ति विधेयकमा समाहित नयाँ विषय कार्यान्वयन गर्न आवश्यक कार्यविधि तर्जुमा गर्ने | व्यवस्था नभएको | सबै किसिमका नयाँ बौद्धिक सम्पत्तिको दर्ता र कायम राख्ने विधिबारे आवश्यक कार्यविधि निर्माण भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ०.५ |
| ११५. | उद्योग व्यवसायलाई एकीकृत र सहज रूपमा सेवा उपलब्ध गराउन स्थापित एकल विन्दु सेवा केन्द्र (OSSC) लाई सुदृढीकरण गर्ने | उद्योग विभागमा रहेको एकल विन्दु सेवा केन्द्रमा प्रतिनिधित्व गर्ने सबै निकायबाट प्रभावकारी रूपमा सेवा प्रवाह गर्न नसकिएको | एकल विन्दु सेवा केन्द्रबाट प्रभावकारी सेवा प्रवाह भई लगानी तथा व्यावसायिक वातावरण प्रवर्द्धन भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>सरोकारवाला अन्य सबै निकाय | १०० |
| **रणनीति ११: उत्पादन प्रक्रियामा चौथो र पाँचौं पुस्ता (Industry 4=0 and 5=0) का उन्नत अवधारणा एकीकृत गर्ने।** | | | | | |
| ११६. | उद्योग ४.० सम्बन्धी रणनीति तर्जुमा गरी कार्यान्वयन गर्ने | व्यवस्था नभएको | ♦ उद्योग ४.० को रणनीति तयार भई कार्यान्वयन भएको हुने<br>♦ कम्पनीहरूलाई उच्च ब्यान्डविथको इन्टरनेट सेवा किफायती दरमा उपलब्ध भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ४५० |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| ११७. | सबै प्रदेशमा उद्योग ४.० सम्बन्धी लगानी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने | योजना नभएको | प्रत्येक प्रदेशमा निश्चित क्षेत्रहरूमा उद्योग ४.० मा लगानी भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>प्रदेश सरकार | १,४०० |
| ११८. | उद्योग ४.० प्रविधि तथा अन्वेषण व्यवस्थापन सम्बन्धी कार्यक्रम विकास तथा कार्यान्वयन गर्ने | कार्यक्रम नभएको | उद्योग ४.० प्रविधि तथा अन्वेषण व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १४० |
| ११९. | राष्ट्रिय तथा स्थानीय तथ्यांक डिपोजिटरी तथा प्रतिवेदन केन्द्रहरू निर्माण गर्ने | व्यवस्था नभएको | मुलुकभर सामुदायिक डेटा सेन्टर स्थापना भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,<br>सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>राष्ट्रिय तथ्यांक कार्यालय | २०० |
| १२०. | उद्योग ४.० र ५.० को लागि अनुसन्धान तथा विकास केन्द्र विकास गर्ने | व्यवस्था नभएको | उद्योग ४.० र ५.० सम्बन्धी राष्ट्रिय अनुसन्धान तथा विकास केन्द्र स्थापना भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २०० |
| १२१. | उद्योग ४.० सँग सम्बन्धित प्रणालीहरू विकास गर्ने र केन्द्रीय प्रणालीसँग अन्तरआबद्धता (Interface) कायम गर्ने | फरक फरक प्रणाली रहेका तर अन्तरआबद्धता नभएको वा कमजोर भएको | परस्पर अन्तरआबद्धता कायम गर्ने गरी प्रणालीहरू विकास भएको हुने | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | १७ |
| १२२. | डिजिटल मोडेलिङ प्रणाली विकास गर्ने | व्यवस्था नभएको | डिजिटल मोडेलिङ प्रणाली विकास भई प्रयोग भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | १३०० |
| १२३. | उद्योग ४.० सम्बन्धी आवश्यक उपकरण तथा प्रणाली खरिद गर्ने | विद्यमान उपकरण तथा प्रणाली पर्याप्त नभएको | प्रणाली ड्राइभर, सञ्चायर उपकरण प्राप्ति र अन्तरसामञ्जस्यता (Interoperability) विकास भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | १० |
| १२४. | राष्ट्रिय पेमेन्ट गेटवे विकास गर्ने | पेमेन्ट गेटवे प्रणाली नभएको | राष्ट्रिय पेमेन्ट गेटवे विकास भई अन्तर्राष्ट्रिय भुक्तानी सेवा समेत प्रयोगमा आएको हुने | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>अर्थ मन्त्रालय<br>नेपाल राष्ट्र बैंक | |
| १२५. | राष्ट्रिय तथा अन्तरदेशीय सूचना आदानप्रदान प्रणाली विकास गर्ने | प्रणाली नभएको | आन्तरिक तथा बाह्य एकीकृत सूचना आदानप्रदान प्रणालीको विकास भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>गृह मन्त्रालय, अर्थ मन्त्रालय<br>परराष्ट्र मन्त्रालय | १०० |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| १२६. | उद्योग प्रशासनसँग सम्बन्धित सेवा स्वचालित प्रणालीबाट प्रदान गर्ने | उद्योग विभागमा स्वचालित कार्य प्रणालीको पूर्वाधार विकास भई परीक्षणको क्रममा रहेको | उद्योग प्रशासनसँग सम्बन्धित सेवा स्वचालित प्रणाली मार्फत प्रवाह भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सञ्चार तथा सूचना प्रविधि मन्त्रालय उद्योग विभाग, प्रदेश सरकार | १० |
| १२७. | सूचना प्रविधि समाधान केन्द्र तथा प्रणाली विकास गरी सूचना प्रविधि विभागको सुदृढीकरण गर्ने | सूचना प्रविधि समाधान केन्द्र तथा प्रणाली विकास नभएको | सूचना प्रविधि विभागमा सूचना प्रविधि समाधान केन्द्र सञ्चालनमा आएको हुने | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | |
| १२८. | उद्योग ४.० सम्बन्धी तथ्यांक विश्लेषण तथा उपयोग गर्ने प्रणाली विकास गर्ने | राष्ट्रिय प्रणाली नरहेको | तथ्यांक विश्लेषण तथा उपयोग गर्ने प्रणाली विकास भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय राष्ट्रिय तथ्यांक कार्यालय | ५ |
| १२९. | उद्योग ४.० तथा ५.० सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गर्ने | कार्यक्रम नरहेको | उद्योग ४.० तथा ५.० सम्बन्धी क्षमता विकास तालिम सञ्चालन भएको हुने | सूचना तथा सञ्चार प्रविधि मन्त्रालय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १०० |
| १३०. | स्टार्टअप व्यवसायको सहज विकास र असल व्यावसायिक वातावरणको लागि कानून तथा नीतिमा सुधार गर्ने | औद्योगिक व्यवसाय ऐनमा स्टार्टअप सम्बन्धी व्यवस्था नभएको | ♦ स्टार्टअप व्यवसायको लागि उपयुक्त कानूनी व्यवस्था भएको हुने<br>♦ इन्कुबेटर केन्द्र, एक्सलेरेटर जस्ता सहयोगी संस्था निर्माण भएको हुने<br>♦ नवीनतम वित्तीय सेवा संयन्त्र जस्तैः च्यालेन्ज फण्ड, भेन्चर क्यापिटल, प्राइभेट इक्विटी फण्ड जस्ता कोष सञ्चालनमा आएका हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ५०० |
| **रणनीतिक स्तम्भ ३: प्रतिस्पर्धी वस्तु तथा सेवाको विकास र निर्यात बजारको विस्तार** | | | | | |
| **रणनीति १२ : वस्तु निर्यातमा क्षमता विस्तार गर्ने** | | | | | |
| बजार पहुँच | | | | | |
| १३१. | संयुक्त राज्य अमेरिकासँग रहेको व्यापार सौविध्य सुविधा सन् २०२५ पछि पनि उपलब्ध हुने गरी वार्ता गर्ने र नेपालको निर्यात क्षमता भएको तयारी पोशाकलाई पनि समावेश गर्ने | सन् २०१७ देखि लागू भएको संयुक्त राज्य अमेरिकासँगको व्यापार सौविध्य व्यवस्थाको कोभिड-१९ महामारीका कारण नेपालले अधिकतम उपयोग गर्न नसकेको | संयुक्त राज्य अमेरिकासँग रहेको व्यापार सौविध्य सम्झौताको अवधि पाँच वर्ष थपिएको हुने र व्यापार सुविधामा तयारी पोशाक समावेश भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय परराष्ट्र मन्त्रालय | लागत नपर्ने |
| १३२. | नेपालका प्राथमिक वस्तु आयातमा भारतले लगाएको अतिरिक्त शुल्क र आयात नियन्त्रण तथा अन्य अवरोध हटाउन भारत लगायत अन्य मित्र राष्ट्रहरूसँग वार्ता गर्ने | भारतले नेपालबाट आयात गर्ने प्राथमिक वस्तुमा ४ प्रतिशत थप शुल्क लिने गरेको | भारतले लगाएको आयात प्रतिबन्ध र थप शुल्क हटेको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | लागत नपर्ने |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| १३३. | निर्यात सम्भावना भएका मुलुकमा नेपाली वस्तुको बजार प्रवेशको लागि निरन्तर व्यापार तथा बजार सम्बन्धी सूचना तथा जानकारी (Trade and Market Intelligence) उपलब्ध गराउन संस्थागत क्षमता विकास गर्ने | बजार प्रवेश सम्बन्धी सूचना प्रदान गर्न सक्ने संस्थागत क्षमताको अभाव रहेको | नेपाली वस्तुको निर्यात प्रवर्द्धनको लागि आवश्यक सूचना तथा जानकारी उपलब्ध गराउने संस्थागत क्षमता विकास भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | ५० |
| **अन्तर-सम्बन्धित विषयहरू** | | | | | |
| १३४. | निर्यातजन्य वस्तुको अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय व्यापार मेला तथा प्रदर्शनीमा सहभागिता बढाउने | अन्तर्राष्ट्रिय व्यापार मेला तथा प्रदर्शनीमा पर्याप्त सहभागिता हुन नसकेको | ४० वटा अन्तर्राष्ट्रिय व्यापार मेला तथा प्रदर्शनीमा सहभागी भई निर्यात प्रवर्द्धन भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | २०० |
| १३५. | अन्तःशुल्क वृद्धि गरिएका निर्यात सम्भावना भएका वस्तुलाई मूल्य सहयोग (Price Support) प्रदान गर्ने | उदीयमान निर्यातजन्य वस्तुहरू जस्तैः साइट्रस फलफूल, टमाटर, काँक्रो र मिनरल वाटरमा अन्तःशुल्क बढाइएको | निर्यातकर्ताले मूल्य सहयोग प्राप्त गरेका हुने | अर्थ मन्त्रालय<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २,६५० |
| १३६. | प्रमुख व्यापार साझेदार मुलुकसँग विस्तृत आर्थिक साझेदारी सम्झौता गर्ने | केही प्रमुख व्यापार साझेदार मुलुकसँग मात्र व्यापार सन्धि भएको | निर्यातमा आधारित वैदेशिक लगानी वृद्धि भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | लागत नपर्ने |
| १३७. | सेफगार्डस्, एन्टिडम्पिङ तथा काउन्टरभेलिङ कानून कार्यान्वयन गर्ने | सेफगार्डस्, एन्टिडम्पिङ तथा काउन्टरभेलिङ ऐन, २०७६ को प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको | मुख्य एन्टिडम्पिङका घटना पत्ता लागेको तथा छानबिन भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | लागत नपर्ने |
| **कृषि क्षेत्र** | | | | | |
| १३८. | मलखादको आपूर्ति नियमित गर्न संस्थागत क्षमता सुदृढ एवम् नीतिगत सुधार गरी खरिद ऐनमा आवश्यक संशोधन गर्ने | आवश्यक परिमाणको ४० प्रतिशत मात्र रासायनिक मल आयात भइरहेको र खरिद प्रक्रिया लामो भएको | संस्थागत क्षमता सुदृढ एवम् नीतिगत सुधार भई खरिद ऐन संशोधन भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>अर्थ मन्त्रालय | ४.८ |
| १३९. | • मुलुकभित्रै रासायनिक तथा जैविक मलको उत्पादन गर्ने क्षमता विकास गर्ने<br>• रासायनिक मल कारखाना स्थापना तथा सञ्चानलन गर्ने | • वार्षिक एक लाख टन जैविक मल उत्पादन हुने गरेको<br>• रासायनिक मल कारखाना नरहेको | • वार्षिक दुई लाख टन जैविक मल उत्पादन भएको हुने<br>• रासायनिक मल कारखाना स्थापना भई रासायनिक मलको आपूर्ति सहज भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>लगानी बोर्डको कार्यालय कृषि विभाग<br>प्रदेश सरकार | १०,००० |
| १४०. | सिँचित क्षेत्र विस्तार गर्ने | १५.३१ लाख हेक्टर (खेतीयोग्य जमिनको ४० प्रतिशत) जमिनमा मात्र सिँचाइ सुविधा पुगेको | १७.६६ लाख हेक्टर (खेतीयोग्य जमिनको ५० प्रतिशत) जमिनमा सिँचाइ सुविधा उपलब्ध भएको हुने | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | १७२,००० |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| १४१. | कृषि बजार विकास, पोस्ट हार्भेस्ट ह्यान्डलिङ, भण्डारण र ढुवानीमा हुने क्षति कम गर्न स्थानीय सरकारको क्षमता विकास गर्ने | प्रायः स्थानीय सरकारले कृषि सडकमा रकम विनियोजन गरेका | ♦ स्थानीय सरकारहरूले कृषि बजेटको कम्तीमा ५० प्रतिशत रकम पोस्ट-हार्भेष्ट क्षति नियन्त्रण र बजार प्रवर्द्धनमा विनियोजन भएको हुने<br>♦ प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा फसल संकलन केन्द्र र एउटा भण्डार गृह निर्माण भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>प्रदेश सरकार<br>स्थानीय तह | १९,००० |
| १४२. | कृषिउपजको उत्पादनपछिको ह्यान्डलिङ, भण्डारण र ढुवानी क्षमता विकास गर्ने | पोस्ट-हार्भेष्ट ह्यान्डलिङ, भण्डारण तथा ढुवानी प्रविधि कमजोर रहेको | भण्डारण, ढुवानी, ग्रेडिङ, सफाइ र उपयुक्त प्याकेजिङ गरी उत्पादन पश्चात्को क्षति आधा कम भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>प्रदेश सरकार | १,५०० |
| १४३. | कृषि प्रशोधन उद्योगलाई प्रोत्साहन दिने | कृषि प्रशोधन उद्योगहरूको वार्षिक वृद्धिदर १९ प्रतिशत मात्र रहेको | कृषि प्रशोधन उद्योगहरूको वार्षिक वृद्धिदर २५ प्रतिशत भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>कृषि तथा पशुपन्छी विकास मन्त्रालय | १,५०० |
| १४४. | कृषि बजार ऐन जारी गर्ने | कृषि बजार नियमन गर्ने कानूनी प्रबन्ध कमजोर रहेको | कृषि बजार ऐन जारी भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २ |
| १४५. | खेतीमा प्रयोग हुने रसायन कम गर्दै खाद्य स्वच्छता कायम गर्न बाली स्वास्थ्य रणनीतिको अवलम्बन तथा अनुगमन गर्ने | जीवनाशक विषादी व्यवस्थापन ऐन, खाद्य ऐन, बिरुवा स्वस्थता ऐन एवम् असल कृषि अभ्यासबाट खेतीमा प्रयोग हुने जीवनाशक विषादी एवम् अन्य रसायनको नियमन भइरहेको, खाद्य ऐनबाट खाद्य वस्तुमा भएको जीवनाशक विषादी/पशुपन्छी सम्बन्धी औषधीको अवशेष मात्रा नियमन भइरहेको र औषधी ऐनबाट पशुपन्छीमा प्रयोग गरिने औषधीको नियमन भइरहेको | बाली स्वास्थ्य रणनीतिको अवलम्बन भई बाली तथा पशुपन्छी पालनमा कृषि रसायनको प्रयोगमा कमी आएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | १,५०० |
| १४६. | अलैंची सुकाउने आधुनिक प्रविधि सहितको प्लान्ट स्थापना गर्ने | अधिकांश किसानले परम्परागत भट्टीमा अलैंची सुकाउने गरेका | कम्तीमा दुईवटा अलैंची सुकाउने आधुनिक प्लान्ट स्थापना भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २० |
| १४७. | मसला, फलफूल, तरकारी र जुटको निर्यात बजार अभिवृद्धि गर्न व्यावसायिक खेतीलाई प्रोत्साहन गर्ने | ♦ अलैंची र अदुवा बाहेक अन्य मसलाको निर्यात नगन्य रहेको<br>♦ अलैंची र अदुवाको निर्यातको ९० प्रतिशत र जुट तथा त्यसबाट बनेका सामानको निर्यातको ८५ प्रतिशत हिस्सा भारत रहेको<br>♦ दक्षिण एसिया बाहेकका मुलुकमा फलफूल र तरकारीको निर्यात ५ प्रतिशत मात्र रहेको | ♦ मसला, फलफूल, तरकारी र जुटको उत्पादन दोहोरो अंकमा वृद्धि भएको हुने<br>♦ यी वस्तुको वार्षिक ३० प्रतिशतको दरमा तेस्रो मुलुकमा निर्यात बढेको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>अर्थ मन्त्रालय | ५०० |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| १४८. | अन्तर्राष्ट्रिय बजारमा प्रवेशको लागि आवश्यक शर्त पूरा गर्न तरकारी, फलफूल, जुट, चिया, कफी, छुर्पी, पश्मिना, छाला आदिको निर्यात सम्बन्धी पूर्वाधारको व्यवस्था सहित क्षमता अभिवृद्धि गर्ने | अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रयोगशाला नभएको | विशेष कृषिउपजको लागि अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रयोगशाला सञ्चालन भएको हुने | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ५०० |
| | **वन क्षेत्र** | | | | |
| १४९. | जडीबुटीको व्यावसायिक खेती गर्न र बजार विस्तार गर्न आवश्यक उपाय अवलम्बन गर्ने | ♦ साधारणत जडीबुटी वनबाट संकलन भई बिना प्रशोधन मूलतः भारत निर्यात हुने गरेको<br>♦ व्यावसायिक जडीबुटी खेती हुन नसकेको | ♦ जडीबुटीको व्यावसायिक उत्पादन दोहोरो अंकमा वृद्धि भएको हुने<br>♦ तेस्रो मुलुकमा यी वस्तुको निर्यात वार्षिक ३० प्रतिशतले बढेको हुने | वन तथा वातावरण मन्त्रालय वन विभाग<br>वनस्पति विभाग<br>सामुदायिक वन उपभोक्ता महासंघ | १,००० |
| १५०. | जडीबुटी तथा त्यसका उत्पादनको अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रमाणपत्र जारी गर्न वनस्पति विभागलाई सक्षम तुल्याउने र जडीबुटी उत्पादक तथा निर्यातकर्तालाई अन्तर्राष्ट्रिय बजारमा प्रवेशको आवश्यक शर्त पूरा गर्न क्षमता अभिवृद्धि गर्ने | ♦ वनस्पति विभागमा उच्च गुणस्तरका उपकरण जडान भएका<br>♦ भारतको राष्ट्रिय सन्दर्भ प्रयोगशालाबाट विभिन्न ६ वटा प्रतिमानको लागि वनस्पति विभाग प्रमाणित भएको<br>♦ बाँकेमा क्रोमोटोग्राफी मास स्पेक्टोमेट्रि यन्त्र जडान गरिएको | वनजन्य सबै उत्पादनको लागि अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रयोगशाला स्थापना भएको हुने | वन तथा वातावरण मन्त्रालय<br>कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>वन विभाग<br>वनस्पति विभाग | १,००० |
| १५१. | जडीबुटीको संकलन र प्राथमिक भण्डारण गर्ने संस्थागत क्षमता सुदृढ गर्ने | ♦ वनबाट जडीबुटी संकलन गर्ने विधि परम्परागत रहेको<br>♦ उत्पादनस्थलदेखि मुख्य विन्दुमा उपयुक्त भण्डार सुविधा नरहेको | ♦ संकलनमा आधुनिक प्रविधि प्रयोग भएको हुने<br>♦ भण्डारणमा हुने क्षति आधा कम भएको हुने<br>♦ ढुवानी समय घटेको हुने र ग्रेडिङ, सफाइ तथा प्याकेजिङमा सुधार आएको हुने | वनस्पति विभाग | १,००० |
| १५२. | जडीबुटी तथा सुगन्धित तेल प्रशोधन क्षमता विस्तार गर्ने | उपलब्ध जडीबुटीको ५ प्रतिशत मात्र सुगन्धित तेल बनाउन प्रयोग भई बाँकी जडीबुटी कच्चा स्वरूपमा नै निर्यात हुने गरेको | जडीबुटी प्रशोधन उद्योगमा लगानी वृद्धि दोब्बर भएको हुने र वार्षिक जडीबुटी संकलनको ३० प्रतिशत अंश प्रशोधन उद्योगले प्रयोग गरेका हुने | वन तथा वातावरण मन्त्रालय | १,००० |
| १५३. | हाते कागज र वनस्रोतमा आधारित रेशाबाट बन्ने कपडा उत्पादन क्षमता वृद्धि गर्न र अन्तर्राष्ट्रिय बजारमा प्रवेश गर्ने शर्त पूरा गर्न सक्षम तुल्याउने | लोक्ता कागज तथा वनस्रोतबाट निर्मित कपडाको उपयुक्त व्यवस्थापन नभएको | लोक्ता र वनस्रोतमा आधारित रेशाका कपडाको उत्पादन दुई अंकले बढेको हुने र तेस्रो मुलुकमा निर्यात वार्षिक ४० प्रतिशतले बढेको हुने | वन तथा वातावरण मन्त्रालय | १,००० |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| **औद्योगिक क्षेत्र** | | | | | |
| १५४. | सम्भाव्य उद्योगका श्रमिकलाई औपचारिक शिक्षा र व्यावसायिक तालिमको अवसर दिने | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा पहुँचको कमीका कारण औद्योगिक श्रमिकको उत्पादकत्व कम रहेको | नेपाली श्रमको उत्पादकत्व दक्षिण एसियाली औसत तहमा पुगेको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १,२०० |
| १५५. | न्यूनतम ज्यालादरभन्दा माथि प्रतिस्पर्धी ज्यालादर कायम गर्न प्रोत्साहन गर्ने | न्यूनतम ज्यालादर मासिक रु. १५ हजार रहेको | न्यूनतम ज्यालादर दक्षिण एसियाली औसत तहमा पुगेको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | लागत नपर्ने |
| १५६. | औद्योगिक उत्पादन क्षमताको उच्च उपयोग गर्न र बजार विस्तार गर्न विद्यमान अवरोध न्यूनीकरण तथा सहजीकरण गर्ने | • औद्योगिक क्षमताको ५७ प्रतिशत मात्र उपयोग भएको<br>• खानी उत्खनन र प्राकृतिक स्रोतको संकलनमा अवरोध भइरहने र कच्चा पदार्थको आयातमा समस्या रहेको<br>• गलैंचा र हातले बुनेका ऊनी सामान बाहेक अन्य औद्योगिक उत्पादनको निर्यात ३० प्रतिशतभन्दा कम रहेको | औद्योगिक लगानी वार्षिक २५ प्रतिशतले वृद्धि, क्षमता उपयोग ८० प्रतिशत र औद्योगिक उत्पादनको ४० प्रतिशत तेस्रो मुलुकमा निर्यात भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १,५०० |
| १५७. | प्रौद्योगिक नवप्रवर्तन आकर्षण गर्न प्रोत्साहित गर्ने | निर्यात गरिने औद्योगिक वस्तुमा उन्नत प्रविधिको अंश १९.६ प्रतिशत मात्र रहेको | मध्यम तथा उच्च प्रौद्योगिकी प्रयोग गर्ने व्यवसायहरूको संख्यामा वार्षिक दोहोरो अंकको वृद्धि भएको हुने र उन्नत प्रविधि प्रयोग गर्ने व्यवसाय ५० प्रतिशत पुगेको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १,५०० |
| १५८. | औद्योगिक उत्पादनहरूको अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रमाणपत्र जारी गर्न आवश्यक प्रबन्ध गर्ने र अन्तर्राष्ट्रिय बजार प्रवेशको लागि आवश्यक पर्ने शर्त पूरा गर्न सक्षम तुल्याउने | प्राविधिक क्षमता सीमित रहेको | निर्यातयोग्य औद्योगिक वस्तुको गुणस्तर परीक्षण गर्न अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रयोगशाला सञ्चालन भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>नेपाल गुणस्तर तथा नापतौल विभाग | १,००० |
| १५९. | नक्कली वस्तुको कारोबार नियन्त्रण गर्न कडा निगरानी गर्ने | विभिन्न औद्योगिक वस्तुको नक्कली उत्पादन बजारमा रहेको, जुत्तामा यो प्रशस्त देखिने गरेको तर नियन्त्रण संयन्त्र प्रभावकारी नभएको | नक्कली वस्तु कारोबारमा ५० प्रतिशतले कमी आएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | ५ |
| १६०. | आयातित कच्चा पदार्थको गुणस्तर अनुगमन प्रभावकारी तुल्याउने | खाद्य, कृषि तथा पशुजन्य वस्तुको बाहेक अनुगमन संयन्त्र नरहेको | वस्तुमा मिसावटको संख्यामा ५० प्रतिशतले कमी आएको हुने | नेपाल गुणस्तर तथा नापतौल विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | ५ |
| **साना तथा मझौला व्यवसाय** | | | | | |
| १६१. | साना तथा मझौला व्यवसायहरूको सिधै निर्यात बजारमा सम्पर्क गर्ने संस्थागत क्षमता सुदृढ तुल्याउने | निर्यात गर्ने ६६ प्रतिशत साना तथा मझौला व्यवसायले अप्रत्यक्ष माध्यम प्रयोग गरेर निर्यात गर्ने गरेका | आफै निर्यात गर्ने साना तथा मझौला व्यवसायको संख्या वार्षिक दोहोरो अंकमा वृद्धि भएको हुने र यस्ता व्यवसायको हिस्सा ६० प्रतिशत पुगेको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १,५०० |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| १६२. | साना तथा मझौला उद्योगहरूलाई सहुलियतयुक्त कर्जा प्रदान गर्ने | ६० प्रतिशत लघु तथा साना व्यवसाय तथा ४७ प्रतिशत मझौला व्यवसायमा कर्जा पहुँच नरहेको | कम्तीमा ६० प्रतिशत लघु, साना र मझौला व्यवसायले सहुलियतयुक्त कर्जामा पहुँच पाएका हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>अर्थ मन्त्रालय<br>नेपाल राष्ट्र बैंक | ६५,००० |
| १६३. | औद्योगिक वस्तुको करार उत्पादन गर्न कानूनमा संशोधन गर्ने | औद्योगिक व्यवसाय ऐन, २०७६ मा उद्योगले आफ्नो उत्पादनको मुख्य उत्पादन बाहेक करार वा उपकरार गरी उत्पादन गर्न सक्ने व्यवस्था रहेको | उद्योगले आफ्नो उत्पादनको मुख्य उत्पादन समेत करार वा उपकरार गरी उत्पादन गर्न सक्ने गरी कानून संशोधन भएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | लागत नपर्ने |
| **रणनीति १३: सेवा निर्यात सुदृढ तुल्याउने।** | | | | | |
| १६४. | वैदेशिक लगानीको प्रक्रिया सरलीकरण गर्ने | • स्वचालित स्वीकृति प्रणाली नरहेको<br>• ITE/BPO सेवामा समेत वैदेशिक लगानीको प्रक्रिया अन्य क्षेत्रको जस्तै रहेको<br>• गैरआवासीय नेपालीले गर्ने लगानीको लागि विशेष सुविधा नभएको | • वैदेशिक लगानी निषेध गरिएका सेवा क्षेत्र बाहेक अरू सेवामा भित्रिने वैदेशिक लगानी स्वतः स्वीकृत हुने गरी वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन संशोधन भएको हुने<br>• सूचना प्रविधिमा आउने वैदेशिक लगानीको न्यूनतम सीमा घटाइएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २ |
| १६५. | नवप्रवर्तन र स्टार्ट-अप व्यवसायलाई सहयोग गर्ने | संघीय तथा प्रादेशिक तहमा सेवा क्षेत्रका स्टार्ट-अप व्यवसायलाई कुनै सहयोगको प्रबन्ध नरहेको | संघीय तथा प्रादेशिक तहमा सेवा क्षेत्रका नवप्रवर्तन तथा स्टार्ट-अप व्यवसायलाई सहयोग गर्ने रणनीति कार्यान्वयन गरिएको हुने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>प्रदेश सरकार | ३,५०० |
| १६६. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको गुणस्तर अभिवृद्धि गर्ने र बजारको माग अनुरूप जनशक्ति विकास गर्ने | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको संस्थागत व्यवस्था संघीय संरचना अनुरूप र बजारमुखी नभएको | • प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ऐन लागू भएको हुने<br>• राष्ट्रिय व्यावसायिक योग्यता फ्रेमवर्क ऐन लागू भएको हुने<br>• सीप विकासमा तीनै तहका सरकारको भूमिका स्पष्ट भएको हुने र प्रदेश तथा स्थानीय तहले संघीय सरकारबाट समुचित सहयोग पाएका हुने | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>प्रदेश सरकार<br>स्थानीय तह | २ |
| १६७. | व्यावसायिक तालिम प्रदायक निकाय र उद्योगबीच सहकार्य तथा समन्वय विकास गर्ने | तालिम प्रदायक निकाय र उद्योगबीच अन्तरक्रिया तथा सहकार्य न्यून रहेको | • निजी क्षेत्रको सहभागितामा प्रमुख क्षेत्रको लागि क्षेत्रगत सीप परिषद् गठन भएको हुने<br>• क्षेत्रगत सीप परिषद्को कार्य जिम्मेवारी विकास भएको हुने | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>प्राविधिक तथा व्यावसायिक शिक्षा परिषद्<br>निजी क्षेत्र | लागत नपर्ने |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| १६८. | वैदेशिक रोजगारीमा जानेहरूको आम्दानी वृद्धि गर्ने | नेपाली श्रमिक मूलतः न्यून आय हुने गन्तव्य र काममा संलग्न रहेका | ♦ उच्च आयको सम्भावना भएका ५ गन्तव्यको पहिचान गरेर द्विपक्षीय समझदारी भएको हुने<br>♦ पहिलो पटक वैदेशिक रोजगारीमा जानेलाई सीप तालिम अनिवार्य भएको हुने<br>♦ खाडी मुलुक, मलेसिया, कोरिया आदिसँग नेपाली सीप प्रमाणपत्रलाई मान्यता दिन सम्झौता भएको हुने | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १ |
| १६९. | वैदेशिक रोजगारीमा जानेको सीप अभिवृद्धि गर्ने | वैदेशिक रोजगारीमा गएका श्रमिकको सीपको स्तर कमजोर रहेको | ♦ वैदेशिक रोजगारीमा जानेको सीपको आवश्यकता परिभाषित गरी प्राविधिक तथा व्यावसायिक शिक्षा परिषद्/ राष्ट्रिय सीप परीक्षण बोर्डले सो बमोजिम सीप स्तरोन्नति गरेका हुने<br>♦ वैदेशिक रोजगारीमा जाने श्रमिकको लागि शिक्षा तथा सीपको एकीकृत रणनीति विकास र कार्यान्वयन भएको हुने | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २ |
| १७०. | ITE/BPO क्षेत्रको लागि आवश्यक मानवस्रोत उत्पादन गर्ने | ITE/BPO क्षेत्र लक्षित मानव स्रोत विकास हुन नसकेको | ♦ निजी क्षेत्रको सहभागितामा ITE/BPO क्षेत्र सीप परिषद् गठन भई बजारमुखी तालिम प्रदान भएको हुने<br>♦ सूचना प्रविधि/सूचना प्रविधिमा आधारित सेवा र BPO क्षेत्रको एकीकृत शिक्षा तथा तालिम रणनीति तयार भएको हुने | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २ |
| १७१. | नेपाली ITE/BPO क्षेत्रको कुशलता तथा प्रतिस्पर्धी क्षमतामा सुधार ल्याउने | नेपाली ITE/BPO क्षेत्रका बारेमा सार्वजनिक जानकारी न्यून रहेको | ♦ ITE/BPO क्षेत्रको नियमित सर्वेक्षण गरिएको हुने<br>♦ डिजिटल नेपाल खाका २०१९ कार्यान्वयन भएको हुने | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | १० |
| १७२. | औपचारिक माध्यमबाट निर्यात आम्दानी भित्र्याएको आधारमा कम्पनी तथा स्वतन्त्र सेवा प्रदायकलाई नगद प्रोत्साहन दिने | ITE/BPO क्षेत्रको यथार्थ आम्दानीको सानो अंश मात्र औपचारिक रूपमा नेपाल भित्रिने गरेको | ITE/BPO कम्पनी तथा स्वतन्त्र सेवा प्रदायकलाई निर्यात आम्दानीको आधारमा नगद प्रोत्साहन प्रदान गरिएको हुने | अर्थ मन्त्रालय | क्र.सं. ५ मा प्रस्ताव गरिएको |
| १७३. | नेपाली पर्यटन क्षेत्रको संकटमा टिक्ने क्षमता (resilience) मा सुधार ल्याउने | नेपाली पर्यटन क्षेत्र कोभिड-१९ र बाह्य संकटले प्रभावित भएको | ♦ कोभिड-१९ को प्रभावबाट पर्यटन क्षेत्रलाई माथि उठाउने रणनीति तयार भएको हुने<br>♦ आन्तरिक पर्यटन वृद्धि गर्न योजना कार्यान्वयन भएको हुने | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ३ |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| १७४. | पर्यटन बजारीकरणको कुशलतामा सुधार गर्ने | पर्यटन बजारीकरण प्रयासको प्रभावकारिता कमजोर रहेको | ♦ भारत, चीन र बंगलादेश लक्षित बजार रणनीति कार्यान्वयन भएको हुने<br>♦ SAARC तथा BIMSTEC जस्ता क्षेत्रीय मञ्चसँग समन्वय गरी क्षेत्रीय पर्यटन प्रवर्द्धन गरिएको हुने | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>नेपाल पर्यटन बोर्ड | १० |
| १७५. | पर्यटन प्रवर्द्धनमा सरकारी निकाय, विदेशस्थित कूटनीतिक नियोग, गैरआवासीय नेपाली संघ तथा निजी क्षेत्रबीच सहकार्य र साझेदारी बढाउने | पर्यटन प्रवर्द्धनमा संलग्न संस्थाबीच पर्याप्त सहकार्य र साझेदारी हुन नसकेको | पर्यटनसँग सम्बन्धित सरकारी तथा निजी क्षेत्रका सरोकारवालाबीच सहकार्य र साझेदारी विस्तार भई पर्यटक आगमनमा वृद्धि भएको हुने | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>कूटनीतिक नियोग<br>नेपाल पर्यटन बोर्ड<br>गैरआवासीय नेपाली संघ<br>निजी क्षेत्र | १० |
| १७६. | पर्यटन पूर्वाधार सुधार गर्ने | पर्यटन पूर्वाधारको स्तर कमजोर रहेको र सरकारले पर्याप्त लगानी गर्न नसकेको | ♦ पोखरा तथा भैरहवा विमानस्थलको व्यवस्थापनको जिम्मा निजी क्षेत्रलाई दिइएको हुने<br>♦ मुख्य पर्यटकीयस्थल जोड्न (काठमाडौं-चितवन, काठमाडौं-पोखरा, पोखरा-लुम्बिनी, चितवन-लुम्बिनी र भैरहवा-बर्दिया) कम्तीमा चार लेनका राजमार्ग निर्माण भएको हुने<br>♦ पर्यटकीय सम्भावना भएका पहाडी क्षेत्रका विमानस्थल सुधार भएको हुने<br>♦ आन्तरिक तथा अन्तर्राष्ट्रिय विमानस्थलमा सरसफाइ तथा स्वच्छता कायम गरिएको हुने<br>♦ सार्वजनिक यातायातमा कार्टेलिङ तोडिएको हुने | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १००,००० |
| १७७. | नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान, विकास तथा प्रचारप्रसार गर्ने | पर्यटकीय गन्तव्यहरूको पर्याप्त विकास नभएको | ♦ स्थानीय सरकारहरूले पर्यटन पूर्वाधारमा आफै वा सार्वजनिक निजी साझेदारीमा लगानी विस्तार गरेको हुने<br>♦ नयाँ पर्यटकीय गन्तव्यको पहिचान भई पर्यटन प्रवर्द्धन भएको हुने | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>प्रदेश सरकार<br>स्थानीय तह | ५ |
| १७८. | पर्यटन क्षेत्रमा मानवस्रोतको गुणस्तर सुधार गर्ने | पर्यटन क्षेत्रमा मानवस्रोतको गुणस्तर निम्नस्तरको रहेको | ♦ एकीकृत पर्यटन तथा आतिथ्य शिक्षा तथा तालिम रणनीति विकास गरिएको हुने<br>♦ पर्यटन क्षेत्रको बजार लक्षित सीप अभिवृद्धिको लागि निजी क्षेत्रको सहभागितामा "पर्यटन क्षेत्र सीप परिषद्" स्थापना भएको हुने | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २ |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| १७९. | पर्यटन क्षेत्रमा स्वास्थ्य तथा सरसफाइ मापदण्डमा सुधार गर्ने | पर्यटन क्षेत्रमा स्वास्थ्य तथा सरसफाइ लगायतको मापदण्ड कमजोर रहेको | पर्यटन क्षेत्रमा स्वास्थ्य तथा सरसफाइ मापदण्डको कार्यान्वयन भएको हुने | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | ५० |
| १८०. | छिमेकी मित्रराष्ट्रहरूसँग विद्युत् व्यापारको लागि आवश्यक नीतिगत व्यवस्था, वार्ता तथा सम्झौता गर्ने | ♦ सीमापार तथा तेस्रो मुलुकसँग अन्तरदेशीय विद्युत् व्यापारको लागि संस्थागत पूर्वाधार नभएको<br>♦ गैरसरकारी संस्थाले अन्तरदेशीय विद्युत् व्यापार गर्न सक्ने प्रावधान विद्युत् ऐनमा नभएको | ♦ अन्तरदेशीय विद्युत् व्यापारको लागि संस्थागत भूमिका स्पष्ट गरिएको वा नयाँ सयन्त्र निर्माण भएको हुने<br>♦ ४०० केभिए बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माण भएको हुने<br>♦ ४०० केभिए इनरुवा-पूर्णिया र नयाँ लम्की-बरेली प्रसारण लाइन निर्माण भइरहेको हुने<br>♦ विद्युत् व्यापार अनुमतिप्राप्त संस्थाले भारतीय बजारमा भारतीय कम्पनीले जस्तै विद्युत् बिक्री गर्ने प्रबन्ध भएको हुने<br>♦ बचत भएको विद्युत्को बजार सुनिश्चितताको लागि भारत तथा बंगलादेश लगायतका मुलुकसँग अन्तरदेशीय सम्झौता तथा दीर्घकालीन विद्युत् खरिद सम्झौता भएको हुने<br>♦ विद्युत् ऐन संशोधन भएको हुने तथा अन्तरदेशीय विद्युत् व्यापारको लागि कार्यविधि/निर्देशिका तयार भएको हुने। | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ३० |
| १८१. | नियमित तथा गुणस्तरीय विद्युत् प्रवाहको सुनिश्चितता गर्ने | गुणस्तरीय विद्युत् सेवा प्रदान हुन नसकेको | जलाशययुक्त आयोजनाको विकासमा निजी क्षेत्रलाई प्राथमिकता दिन सम्भाव्यता न्यून परिपूरक कोष (Viability Gap Funding) को कार्यविधि तयार भई लागू भएको हुने | अर्थ मन्त्रालय<br>ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ३ |
| १८२. | विदेशमा निर्माण ठेक्का पाउने निर्माण व्यवसायी कम्पनीलाई निर्माण कार्य प्रारम्भ गर्न आवश्यक विदेशी मुद्रा लैजान सहज गराउने | विदेशमा निर्माण ठेक्का पाउने निर्माण व्यवसायी कम्पनीलाई नेपालबाट विदेशी मुद्रा लैजान सहज नभएको | ♦ विदेशमा निर्माण ठेक्का पाउने निर्माण व्यवसायी कम्पनीहरूलाई ठेक्का मूल्यको १० प्रतिशतसम्म विदेशी मुद्रा उपलब्ध हुने तथा विदेशमा ठेक्का सम्बन्धी ऋण लिँदा नेपाली बैंकले जमानत दिनसक्ने व्यवस्था भएको हुने | अर्थ मन्त्रालय<br>नेपाल राष्ट्र बैंक | लागत नपर्ने |

| क्र.सं. | मुख्य कार्य | आधार सूचक (२०७८/७९) | हासिल गर्ने सूचक (२०८४/८५) | जिम्मेवारी | अनुमानित लागत (रु. दश लाख) |
|---|---|---|---|---|---|
| १८३. | नेपाली निर्माण व्यवसायी कम्पनीलाई विदेशमा निर्माण ठेक्का पाएको ठाउँमा निर्माण यन्त्र-उपकरण लैजान पाउने प्रक्रिया सरलीकरण गर्ने | विदेशमा निर्माण ठेक्का पाएको अवस्थामा निर्माण यन्त्र-उपकरण लैजान कठिनाइ रहेको | सम्बन्धित कानून संशोधन गरी नेपाली निर्माण व्यवसायी कम्पनीहरूलाई विदेशको निर्माण ठेक्का पाएको ठाउँमा निर्माण यन्त्र-उपकरण लैजान सहज भएको हुने | अर्थ मन्त्रालय<br>परराष्ट्र मन्त्रालय | लागत नपर्ने |

नोट : नेपाल व्यापार एकीकृत रणनीति, २०८० कार्यान्वयन गर्न आवश्यक पर्ने कुल अनुमानित लागत रु. ४ खर्ब ६३ अर्ब २५ करोड ७ लाख २० हजार।

नेपाल सरकार
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
सिंहदरबार, काठमाडौं
फोनः +९७७ ०१ ४२११४५५ | इमेलः info@moics.gov.np | वेबसाइटः www.moics.gov.np
मन्त्रालयको पैसा नलाग्ने (टोल फ्री) फोन नं.: १६६०-०१-४२११४